# नेपालको राजनीतिक संस्कार

एसिया रिपोर्ट नं. १९४ — २९ सेप्टेम्बर २०१०

International Crisis Group
WORKING TO PREVENT
CONFLICT WORLDWIDE

# सम्पादकीय टिप्पणी

यो इन्टरन्यासनल क्राइसिस ग्रुपद्वारा प्रकाशित रिपोर्टको नेपाली अनुवाद हो। यसको आधिकारिक संस्करण अङ्ग्रेजीमा प्रकाशित छ। क्राइसिस ग्रुपका नेपालसम्बन्धी सबै रिपोर्टहरू वेबसाइट (www.crisisgroup.org) बाट डाउनलोड गर्न सकिन्छ। नयाँ रिपोर्टका प्रकाशित प्रति प्राप्त गर्न निम्न ठेगानामा सम्पर्क राख्नुहोलाः

इन्टरन्यासनल क्राइसिस ग्रुप
प्रशान्ति कोलोनी, सानेपा, ललितपुर
फोन: ५५४८३२८, फ्याक्सः ५५४८९५८
nepal@crisisgroup.org

# विषयसूची


**सारसङ्क्षेप** ..... i

**१. परिचय** ..... **१**

क. उथलपुथलयुक्त सङ्क्रमण ..... २

ख. ध्रुवीकृत दृष्टिकोण ..... २

१. संस्कृति र सवाल ..... ४

**२. बितेको युद्ध** ..... **५**

क. शान्ति प्रक्रिया ..... ५

१. सहकार्य गर्नुपर्ने बाध्यता ..... ५

२. अधुरो काम ..... ६

ख. संरचनागत रूपान्तरण ..... ७

१. खेलमा सहभागिता ..... ७

२. शङ्कालु आलिङ्गन ..... ८

३. सार र रूप ..... १०

४. बदलिसकेको वा बदलिँदै गरेको? ..... १२

ग. युद्धको पुनरावृत्ति हुने डर ..... १२

**३. अब हुने लडाइँ** ..... **१४**

क. राजनीतिक भूचित्र ..... १५

१. नयाँ देखा परेका पात्रहरू ..... १५

२. माओवादीको सिको ..... १७

३. भर्ना, जोखिम र परिणाम ..... १९

ख. अव्यवस्थाभित्रको व्यवस्था ..... २१

१. पार्टीहरू, संरक्षणको जालो र हिंसाको प्रयोग ..... २२

२. माफिया बजार ..... २३

३. राजनीतिक स्थानका लागि लडाइँ ..... २६

४. विरोधको संस्कार ..... २८

५. नियन्त्रित गडबडी ..... २९

ग. अराजकता कि सांस्कृतिक सामेली ? ..... ३०

**४. दुःख झेल्न सक्ने राज्य** ..... **३२**

क. जनसुरक्षा, प्रहरी परिचालन र राजनीतिकरण ..... ३२

१. पञ्जाबिनाको बाघ ..... ३४

२. पछि हट्ने काम ..... ३७

३. प्रहरी परिचालनको राजनीति ..... ३८

४. अपराधसितको लडाइँ र आफूभित्रको लडाइँ ..... ३९

५. क्यान्सर र उपचार ..... ४०

ख. नभई नहुने घाँडो ..... ४१

१. लकिरको फकिर होइन ..... ४२

२. सार्वभौम या अधीनस्थ ? ..... ४२

३. राज्यको सेवक ..... ४४

४. राजनीतिक पार्टीहरूः हुँदा पनि नहुने, नहुँदा पनि नहुने ..... ४५

५. जनताको, जनताद्वारा र जनताका लागि? ..... ४६

ग. ज्याद्रोपन र प्रतिवाद ..... ४६

१. रूपान्तरणको सम्भावना र यसका लागि दबाब ..... ४६

२. चाहेरै लथालिङ्ग भएको ..... ४७

३. नाजुक होइन लचिलो ..... ४९

**५. निष्कर्षः क्रान्ति, संस्कार** ..... **५०**

**अनुसूचीहरू**


क) नेपालको नक्सा ....................................................................................................................५१

ख) इन्टरन्यासनल क्राइसिस ग्रुपको परिचय ..................................................................................५२

ग) इन्टरन्यासनल क्राइसिस ग्रुपले सन् २००७ देखि तयार पारेका एसियासम्बन्धी प्रतिवेदन र जानकारीहरू...........५३

घ) इन्टरन्यासनल क्राइसिस ग्रुपका कार्यकारी बोर्डका सदस्यहरू.................................................................५५

International Crisis Group
WORKING TO PREVENT CONFLICT WORLDWIDE

**एसिया रिपोर्ट नं. १९४** **२९ सेप्टेम्बर २०१०**

# नेपालको राजनीतिक संस्कार

## सारसङ्क्षेप


युद्धबाट शान्तितर्फको नेपालको सङ्क्रमण बडो गन्जागोले देखिन्छ। धेरै टिप्पणीकारहरूले अराजकता आउन सक्छ भनेर चेतावनी दिएका छन्, उता संस्थापनालाई चाहिँ सामाजिक संरचना भताभुङ्ग होला र राष्ट्र टुक्रिएला भन्ने डर छ। तर यस्तो डर भ्रमपूर्ण छ। नेपाल त्यत्ति खराब अवस्थामा पुगेको छैन। नेपालको सङ्क्रमण काल भद्रगोल र अन्योलपूर्ण अवश्य छ, अराजकतापूर्ण भने छैन। बाहिरियाहरूलाई यो अवस्था रहस्यपूर्ण र वाक्कलाग्दो लागे पनि नेपालको राजनीतिक परिवर्तनले सुर बिराएको छैन। नेपालको राजनीतिक प्रक्रियामा दबाब खप्न सक्ने क्षमता अन्तरनिहित छ जसले आमूल रूपान्तरणलाई थेग्न सक्छ।

यस प्रतिवेदनमा नेपालको राजनीतिक प्रक्रिया र संस्कृतिलाई बुझ्ने प्रयास गरिएको छ। यसका साथै तीन मुख्य प्रश्नहरूलाई पर्गेल्दै शान्ति प्रक्रियाको पुनर्विश्लेषण गर्ने प्रयत्न पनि यसमा गरिएको छ।

के नेपालले माओवादीसितको गृहयुद्धलाई पछाडि छाडिसक्यो? युद्धबाट शान्तितर्फको पाइला एकदमै द्रुत भए पनि यो अझै कतै पुग्न सकेको छैन। तर पनि शान्ति प्रक्रिया देखिएभन्दा निकै दह्रो छ। सन् २००६ को युद्धविरामपछि माओवादी आन्दोलनमा निकै महत्त्वपूर्ण संरचनागत परिवर्तनहरू भएका छन्। उदाहरणार्थ, निर्वाचनको प्रयोजनका लागि माओवादीहरूले लिएका "गुणको सट्टा परिमाण" को नीतिलाई लिन सकिन्छ। यसले माओवादी आन्दोलनलाई फराकिलो त बनायो, तर उसको क्रान्तिकारी चुरोलाई पनि बिटुल्यायो। तथापि, माओवादीहरू अझै पनि अत्यन्त सङ्गठित एवं अनुशासित रहेका छन् र नेपालको सबैभन्दा प्रभावशाली राजनीतिक शक्तिका रूपमा छन्।

राजनीतिक वातावरण पहिलेभन्दा बढी ध्रुवीकृत भएको छ। ठूला पार्टीभित्रका गुटहरू र साना पार्टीहरू शान्ति प्रक्रियामा संशोधन गरिनुपर्छ भनेर खुला रूपमा कराउन थालेका छन्। दुवै पक्ष सजिलैसित फेरि युद्धमा लाग्ने छैनन् तर उनीहरूलाई ठेलेर पुऱ्याउने ठाउँको पनि सीमा छ। अहिलेको अवस्थामा माओवादीहरू युद्धका लागि भन्दा खुला राजनीति गर्नका लागि बढी तत्पर छन्। त्यसो हुँदाहुँदै पनि अनिश्चित कालसम्म उनीहरूलाई पन्छाइ राख्नु उनीहरूका लागि स्वीकार्य हुने छैन। युद्ध पुनः सुरु गराउन सेनालाई उच्च वर्गले उचालिरहेको छ। तर दिल्लीको सहमतिबिना सेनाले त्यसो गर्न सक्ने छैन र माओवादीहरूले अनपेक्षित रूपमा राज्यमाथि कब्जा नगरेसम्म दिल्लीले त्यसो गर्न सहमति दिने सम्भावना पनि छैन।

के अहिले देखा परेका अनेक प्रकारका जटिल र नौला राजनीतिक हिंसा तथा प्रतिस्पर्धाले नयाँ द्वन्द्व जन्माउने खतरा छ? जातीय तथा क्षेत्रीय मागहरू बोकेर अनेकौं पार्टी र समूहहरू उम्रिएका छन्। सङ्गठित अपराध र राजनीतिक हिंसाका घटनाहरूमा वृद्धि भएको छ। धेरैको दृष्टिमा यो माओवादी विद्रोहको प्रत्यक्ष परिणाम हो र उनीहरू अराजकता आउला कि वा देशै टुक्रिएला कि भनेर डराएका छन्।

तर यथार्थ त्यति सरल छैन। अहिलेका कुनै पनि सशस्त्र समूहहरूले राज्यका सामु चुनौती खडा गरेका छैनन् जसरी माओवादीहरूले गरेका थिए। तिनीहरू राजनीतिक व्यवस्थाको अस्तित्व उपर खतराका रूपमा देखिएका छैनन्, अपितु यही व्यवस्थाभित्र क्रियाशील रहने खालका छन्। तिनका कार्यकर्ताहरू कम जोखिम देखेर तत्काल फाइदाका लागि ती समूहमा लागेका छन् र माओवादीमा झैं कट्टर समर्पण भावको उनीहरूमा अभाव छ।

जुन तरिकाले हिंसाको उपयोग भइरहेको छ त्यसलाई राजनीतिक तथा आर्थिक संरचनाले नै निर्देशित र निर्धारित गरिरहेको छ। मूल धारका पार्टीहरू, प्रहरी तथा प्रशासन सबै हिंसामा लागेर त्यसबाट फाइदा लिइरहेछन् र हिंसालाई प्रश्रय दिने यस्तो कार्यले संस्थागत रूप धारण गर्दैछ। पूरै राजनीतिक संस्कार बदलिहालेको त छैन, तर हिंसाको खुला उपयोगप्रति सहिष्णु भने बन्दै गएको छ। त्यसबाट जुन प्रतिमान बलियो हुँदै गएको छ त्यसलाई पछि उखेल्न गाह्रो हुनेछ।

अशान्ति पैदा हुने एउटै कारण सङ्घीयता र कोटा तथा आरक्षण जस्ता राजनीतिक समावेशीकरणका विषय उपर बढ्दै गरेको असन्तुष्टि हुन सक्छ। शक्तिशाली उच्च वर्ग एकात्मक राज्य प्रणालीलाई भत्काउने पक्षमा छैनन् र रोजगारी, पैसा तथा राजनीतिक शक्तिमा भएको आफ्नो पहुँचलाई घटाउने कुरा त उनीहरू सोच्न पनि सक्दैनन्। निकट भविष्यमा यदि कुनै चुनौती आउँछ भने त्यो सङ्घीयतातर्फको सङ्क्रमणबाट आउनेछ र द्वन्द्व बल्झिने खतरा पनि त्यसैबाट उत्पन्न हुनेछ।

सुरक्षा बल, राजनीतिक संस्थाहरू तथा निजामती सेवाका रूपमा मूर्त देखिएको राज्यको नयाँ भूमिका र प्रकृति कस्तो प्रकारको हुनेछ त? राज्यको व्यवहार कस्तो हुनेछ त्यसैमा द्वन्द्व पुनरावृत्तिको सम्भावना घटने वा नघट्ने कुरा भर पर्छ। तत्कालका लागि राज्यले प्रहरी परिचालन र सार्वजनिक सुरक्षामा जोड दिएर अस्थिर परिस्थितिसित मुकाबिला गर्न खोजेको देखिन्छ। तर यी प्रयासहरू रणनीतिक स्पष्टताको अभाव, प्रहरी

परिचालनको राजनीतिकरण र सुरक्षा बलबीचको हानथापका कारण कमजोर बनेका छन्। जे भए पनि, सुरक्षाप्रतिको चुनौतीलाई केवल सुरक्षा क्षेत्रले सह्माल्न सक्तैन। अस्थिरताको मूल जरो राजनीतिक संस्कारमा गाडिएको छ जसलाई राम्रो प्रहरी परिचालन गरेर मात्रै हल्लाउन सकिँदैन। विशेषतः सेनासित यसबारे केही गर्न सक्ने क्षमता नै छैन। द्वन्द्व दोहोरिने खतरालाई दीर्घकालीन रूपमा निमिट्यान्न पार्ने एक मात्र उपाय रचनात्मक सुधार गर्नु नै हो।

विकासविद्हरूको के मान्यता छ भने राज्यको काम सेवा उपलब्ध गराउनु हो र त्यसो गर्न नसकेमा राज्यले वैधानिकताको सङ्कट बेहोर्नुपर्छ। कमजोर तथा असफल हुँदै गएका राष्ट्रहरूको सूचीमा नेपालको स्थान निकै माथि छ। तर राज्य कमजोरभन्दा पनि लचिलो छ। यो टिकिरहन सक्छ। नभन्दै, द्वन्द्वका कारण राज्य सुध्रिएन बरु त्यसबाट अचम्मलाग्दो गरी जोगियो। यसो हुनाको कारण राज्यले नागरिकहरूलाई सेवा दिने आफ्नो कर्तव्य पूरा गरेकाले नभई संरक्षणमुखी प्रथालाई प्रश्रय दिइएकाले र राज्यको ढुकुटी खुला राखेर भ्रष्टाचारलाई हुर्कन दिइएकाले हो। असलमा राज्यलाई जानाजान कूँजो बनाइँदैछ। राज्यले आफूलाई सुधार गर्नेतर्फ जाँगर देखाएको छैन। किनभने यथास्थिति कायम राखिराख्नमै उच्च वर्गको स्वार्थ निहित छ र राज्यलाई सुधार गर्नाका लागि जनदबाब पनि सितिमिति पर्दैन।

नेपालको क्रान्ति परम्परादेखि चल्दै आएको राजनीतिक कर्मकाण्ड बमोजिम नै अघि बढिरहेको छ। पार्टीहरूको व्यवहार मात्र होइन क्रान्तिकारीहरूको व्यवहारसमेत अलिखित र काइते नियमहरूबाट पूरै जकडिएको छ। माओवादीहरू बेलाबखत अरू हेरी बाहिरियाझैं देखिए पनि उनीहरूका राजनीतिक मूल्य प्रणालीसमेत अचम्मैसित अन्य पार्टीहरूसित मिल्दाजुल्दा छन्। तर राजनीतिक संसारमा पुनः प्रवेश पाउने उनीहरूको प्रयास उनीहरूको क्रान्ति जत्तिकै अधुरो रहेको छ।

**काठमाडौं/ब्रसेल्स, २९ सेप्टेम्बर २०१०**

**एसिया रिपोर्ट नं. १९४** **२९ सेप्टेम्बर २०१०**

# नेपालको राजनीतिक संस्कार

## १. परिचय

अप्रिल २००६ जनआन्दोलनले शान्ति, लोकतन्त्र र आमूल परिवर्तनको जुन सुखानुभूति दिएको थियो त्यसको ठाउँ अहिले हिंसाको नयाँ चक्रले लिएको छ। माओवादीहरू सरकारबाट बाहिरिएका छन् र "निर्णायक विद्रोह" गर्ने धम्कीसाथ सडकमा ओर्लिएका छन्। संसदको झिनो बहुमत पाएर बनेको सरकार माओवादीहरूको आन्दोलन झेल्नु परेकाले अप्रिल २०१० मा आफूलाई जोगाउन सेना बोलाउन तयार भएको थियो। शान्ति प्रक्रिया लथालिङ्ग छ र यसका हस्ताक्षरकर्ताहरू नै यसको उपयोगिता र सान्दर्भिकता उपर प्रश्न उठाइरहेछन्। मुख्य ठूला पार्टीका युवा समूहहरूबीच दिनहुँजसो भिडन्त हुने गर्दछ। माओवादीहरूले आफ्ना विरोधी र आलोचकहरूको ज्यान लिन छाडेका छैनन्। नेपाली काङ्ग्रेसका कार्यकर्ताहरूले एक जना प्रतिद्वन्द्वीलाई मारेका छन् र काठमाडौंको एउटा प्रमुख क्याम्पसका विद्यार्थी नेताहरूले अर्का एक जनाको हातका औंलाहरू काटिदिएका छन्। एमालेको युथ फोर्सका कार्यकर्ताहरू खुकुरी बोकेर हिँड्छन्, आफ्ना नेताहरूको सुरक्षार्थ हतियार प्रयोग गर्छन् र आफ्नो बललाई भाडामा लगाइरहेछन्।

तराईका सशस्त्र समूहहरू अपहरण, हत्या र लुटपाटमा संलग्न छन्। जातीय आन्दोलनकारीहरू स्वशासित राज्य प्राप्त गर्न हतियार उठाउने चेतावनी दिइरहेछन्। धर्म निरपेक्षता, सङ्घीयता र गणतन्त्र विरुद्ध उच्च वर्ग गोलबन्द भइरहेछन्। मे दिवसमा माओवादीहरू काठमाडौंमा अवतरण हुने कुराले राजधानीमा भय र दिक्दारीको वातावरण व्याप्त भएको थियो। युवाहरूको मोह भङ्ग भएको छ। रोजगारीको अवसरभन्दा रोजगार खोज्नेको सङ्ख्या बढी छ, त्यसैले धेरै जना विदेश जाने सपना देख्छन्। नयाँ नेपालको स्वप्न देखाएर अव्यवस्था र गडबडी मात्रै दिने राजनीतिज्ञहरूद्वारा धोखा पाएबाट जनता विस्फोट हुने अवस्थामा पुगेका छन्। कतिपयका लागि माओवादीहरू परिवर्तनका संवाहक हुन् तर आलोचकहरूको भनाइमा उनीहरू अर्को खमेर रुज बन्ने खतरा छ। त्यसका साथै उनीहरू माओवादीहरूलाई उही पुरानै ड्याङका मूला हुन् भनेर आलोचना गर्छन्।

राज्य खुम्चिएको छ, यसले जनतालाई न त सुरक्षा दिन सकेको छ न त कुनै सेवा नै। जनचाहनालाई पूरा गर्न राज्यले पटक्कै सकेको छैन। यो अप्रतिनिधिमूलक छ, असफल छ र अलोकप्रिय छ। यो असफलता र कमजोरीबीच झुन्डिरहेको छ। नयाँ संविधान बनाउने २८ मे २०१० को म्याद पार्टीहरूले गुजारेका छन्। प्रधानमन्त्री नेपालले ३० जून २०१० मा राजीनामा गरे, तर आठौं पटक संसदमा मतदान हुँदा पनि नयाँ प्रधानमन्त्रीको निर्वाचन हुन नसकेकोले नेपाल नै कामचलाउ प्रधानमन्त्री रहेका छन्। राज्य ढल्ने ढल्ने अवस्थामा पुगेको छ।

नेपालका राजनीतिज्ञहरूको अन्तिम समयमा गएर सहमति गर्ने बानी छ। सार्वजनिक रूपमा उनीहरू एकअर्कालाई तथानाम गाली गर्छन् तर निजी तवरमा साझा मूल्य प्रणाली तथा आपसी सम्मानको गहिरो सम्बन्ध-सूत्रद्वारा उनीहरू जोडिएका छन्। उनीहरूका कार्यकर्ता एकअर्कालाई छुरा प्रहार गरिरहेका हुन सक्छन् तर माथ्ला तहका नेताहरू आपसी भेटघाटमा एकअर्कालाई हाँसीहाँसी, हात मिलाएर अँगालो हालिरहेका हुन्छन्।[1] उनीहरू एकअर्काका राजनीतिलाई मन पराउँदैनन् तर बजेट रकम मिलाउने र द्वन्द्वको क्षतिपूर्ति लिनेबारे जिल्ला सदरमुकाम र दूरदराजका गाउँहरूमा भेटेर मन्त्रणा गर्छन्। उनीहरू दुःखी-गरिब जनतालाई केही गन्दैनन्। जनता पनि आफ्ना शासकहरूको यस्तो बानीबेहोरा देखेर उनीहरूलाई पत्याउँदैनन्। जनता र शासकले एकअर्कालाई मन नलागी नलागी सहेका छन्। उनीहरूबीच ठूलो आपसी अविश्वास छ। जिल्लाका एक जना प्रमुख प्रहरी अधिकृतको भनाइमा, "जनताको राज्यप्रति विश्वास छैन र राज्य पनि जनतालाई विश्वास गर्दैन।"[2] तैपनि जनसाधारण युद्ध काल हेरी अहिलेको अवस्था राम्रो भएको र यो अझै सुध्रेला भन्ने विश्वासमा छन्।[3]

नेपाल भताभुङ्ग भएको छैन। अहिलेको सङ्क्रमण कालमा केही गन्जागोल अवश्य उत्पन्न भएको छ, तर त्यसलाई अराजकता भन्न मिल्दैन र सायद त्यस्तो अराजकताको स्थिति कहिल्यै नआउला पनि। सतहबाट हेर्दा घटनाक्रम जथाभाबी भइरहेका देखिन्छन्, तर त्यसको मुन्तिर केही संरचना रहेको पाइन्छ। निकै जटिल राजनीतिक संस्कारले पार्टीको

[1] मोहन वैद्य, माधव नेपाल र ईश्वर पोखरेल अङ्कमाल गरी हाँसिरहेको तस्बिर र उनीहरूबीचको हार्दिक व्यक्तिगत सम्बन्धबारे हेर्नुहोस्: राजेन्द्र फुयाल, "कहिले आरोप, कहिले अँगालो", *कान्तिपुर*, १६ जनवरी २०१०। आआफ्ना पार्टीको उच्च नेतृत्वमा रहेका तीन बाहुनहरूका सम्बन्धमाः हरिबहादुर थापा, गोपाल खनाल र गंगा बि.सी. "३ दल, ३ नेता", *कान्तिपुर*, १० अप्रिल २०१०।

[2] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, लमजुङ, अप्रिल २००९।

[3] सन् २०१० मा हिमाल मिडियाले गरेको सर्वेक्षणमा ३७.३ प्रतिशत उत्तरदाताले मुलुकको अवस्था सुध्रँदै गएको र २०.२ प्रतिशतले अवस्था ठिकै भएको तर क्रमशः सुध्रँदै जान सक्ने बताएका थिए। ६२.२ प्रतिशतले नेपालको शान्ति र सुरक्षामा सुधार भएको बताएका थिए। "जनता परिवर्तन चाहन्छन्", *हिमाल खबरपत्रिका*, २९ अप्रिल २०१०।

व्यवहारलाई निर्धारित गर्दछ। विद्रोहीहरूले यथास्थितिलाई समाप्त पार्न सक्ने खतरा देखिए पनि त्यस राजनीतिक संस्कारले विद्रोहका सीमारेखालाई समेत परिभाषित गर्दछ। यस खेलका केही नियमहरू छन्, ती नियमलाई सम्मान गर्नैपर्ने र टेर्नैपर्ने हुन्छ चाहे तिनको अवज्ञा गर्दा होस् चाहे अनुसरण गर्दा। क्रान्तिसमेत पूर्वनिर्धारित विधिविधानबाटै अगाडि बढ्ने गर्दछ।

## क. उथलपुथलयुक्त सङ्क्रमण

नेपाल अनेक प्रकारका उथलपुथलयुक्त सङ्क्रमणबाट गुज्रिरहेको छ।[४] द्वन्द्वपछिको गत्यात्मक परिस्थितिका कारण युद्ध पुनः हुने कुरा टरेको छ। तर युद्धको अवस्थाबाट शान्ति कालमा आउने गतिक्रम एकदमै द्रुत रहेको छ र यो अपूर्ण छ। माओवादी विद्रोह जन्माउने मूल कारणलाई हेरिएको छैन, विगतका गल्तीको हरजाना दिने काम पनि नगन्य रूपमा भएको छ, त्यस्ता गल्ती दोहोरिन नदिनका लागि चालिनुपर्ने कदम पनि टालटुले किसिमको छ। दस वर्षे युद्ध कालको संरचना बरु सोझो र बुझ्न सकिने खालको थियो, तर त्यसको ठाउँमा अहिले बिल्कुलै नौलो परिदृश्य पैदा भएको छ जसमा नयाँ-नयाँ माग र नयाँ पात्रहरू सामुन्ने देखा परेका छन्। "शान्ति प्रक्रिया" एउटा पत्यारिलो अवधारणा हो, तर यसले सङ्क्रमणकालीन प्रक्रियाका केही पक्षहरूलाई मात्र समेटेको छ। यसले द्वन्द्वबाट स्थायित्वतर्फको कदमलाई मिहिन तरिकाले खुट्याएको छैन। त्यसको सट्टा बरु यसले नयाँ द्वन्द्वलाई जन्माएको छ र राजनीतिक हिंसाको दुष्चक्रलाई झनै बलियो पार्ने काम गरेको छ।

अप्रिल २००६ को जनआन्दोलनपछि दुवै सशस्त्र पक्षले युद्धविरामलाई पूर्णतः पालना गरेका छन्। तैपनि हिंसाको अन्त्य भने भएको छैन। तराईमा हत्याका सयौं घटना भएका छन्, राजधानी र अन्य ठूला सहरमा सनसनीपूर्ण राजनीतिक हत्या भएका छन्, राजनीतिक पार्टीका युवा दस्ताहरूबीच हिंसात्मक झडपहरू बारम्बार भएका छन् र सरकारी तथा निजी क्षेत्रका स्रोतसाधनहरूका लागि उनीहरूबीच मारामार चलेको छ।[५] माओवादी लडाकूहरूको समायोजन र पुनःस्थापन गर्ने काम अझै भएको छैन।

अन्य पार्टीहरूले माओवादीहरूले अर्धसैनिक बलका रूपमा यङ कम्युनिस्ट लिगलाई कायमै राखेको आरोप लगाउँछन्। त्यसको प्रत्युत्तर स्वरूप एमाले र अरू केही पार्टीले पनि आफ्नै लडाकू दस्ता बनाएका छन्। तर घातक हिंसाको सबभन्दा बढी सिकार (कुनै पार्टीसित सम्बद्ध नभएका नागरिकहरूबाहेक) माओवादी कार्यकर्ताहरू भएका छन्। कम्तीमा पनि ७९ माओवादी कार्यकर्ताहरू युद्धविराम कालमा मारिएका छन्।[६] हरेक सरकारले शान्ति सुव्यवस्था कायम गर्ने बाचा गरेका छन्। तर अगस्ट २००९ मा तामझामका साथ "विशेष सुरक्षा नीति" ल्याइएपछि पनि हत्याका सयौं घटनाहरू भएका छन्।[७]

## ख. ध्रुवीकृत दृष्टिकोण

अहिलेको अस्थिरताबारे मानिसहरूका एकदमै फरक-फरक धारणा पाइन्छन्। माओवादीहरू र नयाँ राजनीतिक आन्दोलनहरू द्रुत गतिको

---

[४] नेपालको राजनीतिक सङ्क्रमण सम्बन्धमा क्राइसिस ग्रुपले निकालेको रिपोर्टहरूमा एसिया रिपोर्ट नं. १६३, *नेपालको धर्मराउँदो शान्ति प्रक्रिया*, १९ फेब्रुअरी २००९; एसिया रिपोर्ट नं. १७३, *नेपालको भविष्यः कसको हातमा?*, १३ अगस्ट २००९; र एसिया रिपोर्ट नं. १८४, *नेपालः शान्ति र न्याय*, १४ जनवरी २०१० पर्दछन्। सन् २००७ यताका सम्पूर्ण सबै रिपोर्टहरूको नेपाली अनुवाद www.crisisgroup.org/nepali मा उपलब्ध छन्।

[५] हिंसात्मक घटनाबारेका तथ्याङ्क त्यति पक्का छैनन् र प्रायः परस्पर विरोधी हुने गर्छन्। तैपनि यस तथ्याङ्कले मुलुकमा जुन तहको हिंसा भइरहेछ त्यसबारे तुलनात्मक रूपमा सही चित्रण प्रस्तुत गरेको छ। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) का अनुसार अप्रिल २००६ मा युद्धविराम भएदेखि यता मारिएका मानिसहरूको सङ्ख्या १८८३ र १८९३ को बीचमा रहेको छ। इन्सेकको सन् २००६ देखि २००९ सम्मका मानवअधिकार वर्ष पुस्तकहरू र सन् २०१० को प्रवृत्ति विश्लेषणमा अप्रिल २००६ को युद्धविरामदेखि सन् २०१० को जून महिनासम्ममा (मे महिनादेखि डिसेम्बर २००६ सम्म २५२ जना, सन् २००७ मा ५४५ जना, सन् २००८ मा ५४१ जना, सन् २००९ मा ४७३ जना र सन् २०१० को जनवरीदेखि जूनसम्ममा ७२ जना) जम्माजम्मी १८८३ जनाको मृत्यु भएको देखाइएको छ। सन् २०१० मा मारिएकाहरूबारे सबभन्दा पछिल्लो प्रतिवेदन समेतलाई जोड्ने हो भने त्यस वर्ष पुस्तकमा १,८९३ को सङ्ख्या अनुमान गरिएको छ। (त्यसमा जनवरीदेखि मे २०१० सम्मको तथ्याङ्कमा ८२ जनाको फरक परेको देखिन्छ। सन् २००७ र सन् २००९ को बीचमा ८८६ जना (सन् २००७ मा १९९ जना, सन् २००८ मा ३५७ जना र सन् २००९ मा ३३० जना) मानिसहरू हिंसात्मक मुठभेडमा घाइते भएका थिए। हेर्नुहोस्: सन् २००८ देखि २०१० सम्मको नेपाल मानवअधिकार वर्ष पुस्तक, इन्सेक; सन् २०१० को जनवरीदेखि जूनसम्मको मासिक प्रवृत्ति विश्लेषण इन्सेक; मारिएकाबारेको प्रतिवेदन, जनवरी-मे २०१० इन्सेक। सन् २००८ को मध्य अप्रिलदेखि सन् २००९ को मध्य अप्रिलबीचको अवधिमा ७६८ हडताल र १,०११ पटक सडक बन्द गरिएका थिए। कोशराज कोइराला, "2065 B.S.: A Year of Strikes", myrepublica.com, १४ अप्रिल २००९। त्यसदेखि यता, मे २००९ देखि २०१० जुलाईसम्मको अवधिमा १४० दिन सडक नाकाबन्दी भयो। "Protests, Rallies, Bandhs and Blockades Maps May 2009-July 2010", OCHA, www.un.org.np/maps/mapsubcatlist.php?category =2& subsubcategory =43.

[६] मार्च २०१० मा एउटा माओवादी पत्रिकाले शान्ति सम्झौता भए यता ७२ जना माओवादीहरू मारिएका अनुमान गरेको छ। "शान्ति प्रक्रियापछि ७२ माओवादी कार्यकर्ताको हत्या" *जनादेश*, २ मार्च २०१०। त्यस यता कम्तीमा सात जनाभन्दा धेरै मारिइसकेका छन्। "Report on the killings", इन्सेक, मार्च २०१०-मे २०१० मा www.inseconline.org/ index.php?type=reports &id=2&lang=en; "YCL cadre 'murdered'", Republica, १० जून २०१०; "PLA man found dead", Republica, २७ जून २०१०; "YCL leader shot dead in Bara", *The Kathmandu Post*, ३० जुलाई २०१०।

[७] राज्य अधीनस्थ अखबारका अनुसार १७ अगस्ट २००९ मा गृह मन्त्रालयद्वारा विशेष सुरक्षा योजना (विसुयो) ल्याइएको दिनदेखि मार्च २०१० को सुरुसम्ममा "विभिन्न निहुँ" मा ५८ जना मारिएका थिए। "Special security plan to be bolstered", *The Rising Nepal*, ४ मार्च २०१०। इन्सेकको प्रतिवेदनअनुसार भने त्यसै अवधिमा २२५ जना (सन् २००९ को सेप्टेम्बरदेखि डिसेम्बरसम्ममा १८२ जना र सन् २०१० को जनवरीदेखि फेब्रुअरीसम्ममा ४३ जना) मानिसहरू मारिएका थिए। "नेपाल मानवअधिकार वर्ष पुस्तक २०१०", इन्सेक, फेब्रुअरी २०१०, पृ. ३७१; मासिक प्रवृत्ति विश्लेषण, जनवरी-फेब्रुअरी २०१०, इन्सेक। पादटिप्पणी ५ मा उल्लेख भएअनुसार इन्सेक आफैले देखाएको अङ्कमा फरक पर्न गएकाले विशेष सुरक्षा योजना लागू भएदेखि यता जून २०१० सम्ममा मारिनेहरूको सङ्ख्या २५४ वा २६४ हुन सक्ने देखिन्छ।

सामाजिक रूपान्तरण नै एक मात्र समाधान हो भन्ने मान्यता राख्दछन्। तर अर्का थरीका विचारमा एकाएक र अनियन्त्रित हिसाबले हुने परिवर्तन आफैमा समस्या हुन सक्छ। कोही-कोही भने अहिले नै चाहिएभन्दा बढी प्रजातन्त्र आएको ठान्छन्। अर्थात् आफ्नो हक मात्र जथाभाबी माग्ने अहिलेको परिपाटीले साविकको स्थिर सामाजिक जिम्मेवारीलाई ओझेलमा पारिदिएको छ। अर्का थरीको भनाइमा आफ्नो अधिकार माग्नु समस्या होइन, समस्या त त्यस्ता माग उपर राज्यले ध्यान पुऱ्याउन नसक्नु हो। आधारभूत परिवर्तनका पक्षमा तर्क दिनेहरू अस्थिरतालाई सङ्क्रमणको स्वाभाविक चरित्र मान्दछन्। तर फेरि एक थरीलाई अनुशासन, सामाजिक सङ्गठन र राष्ट्रिय एकता पूर्णतः समाप्त हुने डर छ। यसमा पुराना पार्टीहरू तथा राज्यका उच्चपदस्थ प्रतिनिधिहरूसमेत पर्दछन्।

धेरैको विचारमा माओवादी विद्रोहको परिणामस्वरूप अस्थिरता उत्पन्न भएको हो। विद्रोहले गर्दा राज्यको हैसियत घटाउने काम गऱ्यो र जनतालाई राजनीतिक परिचालनका नाउँमा हिंसा उपयोग गर्ने "माओवादी व्यवहार" को अनुसरण गर्न सिकायो।[८] आन्दोलित अवस्थामा रहेको एउटा जिल्लाका एक जना सामाजिक कार्यकर्ताले भने, "हामीले बडो नराम्रो प्रवृत्तिको सुरुआत गऱ्यौं। मान्छे मारेर राजनीतिमा अघि बढ्न सकिन्छ भने म पनि मान्छे मार्छु।"[९] त्यसै जिल्लाका प्रमुख जिल्ला अधिकारीको भनाइमा, "अहिले हामी द्वन्द्वको परिणाम भोगिरहेछौं। जे रोप्यौं त्यसकै फल खाइरहेछौं।"[१०]

कसै-कसैको दृष्टिमा बढिरहेको जातीय र क्षेत्रीय आन्दोलनले राष्ट्रिय विखण्डनको खतरा ल्याएको छ। माथ्ला तहका एक जना अधिकृतले गुनासो पोख्दै भने, "जातीय आन्दोलनको जोडलाई हेर्नोस्, हरेकलाई अधिकार चाहिएको छ। यो माओवादीले भरेको विष हो।"[११] सङ्गठित राजनीतिक आन्दोलनका कारण मात्र मानिसका मनमा यस किसिमको डर पसेको होइन, तर परम्परागत आदरभाव र ठूलो सानोको सामाजिक मान्यता हराएकोमा पनि मानिसहरूलाई चिन्ता छ। एक जना प्रहरी अधिकृतले सिकायत गर्दै भने, "पूरै सामाजिक नियम-कानुन भताभुङ्ग भइसक्यो। हाम्रा युवाहरूले बोल्ने भाषा सुन्नोस्। आफूभन्दा ठूलाप्रति किञ्चित सम्मान छैन।"[१२]

जातीय र क्षेत्रीय अधिकारका लागि लड्ने समूहहरू तथा माओवादीहरूका लागि भने सामाजिक र राजनीतिक संरचनामा सुस्त गतिको परिवर्तन नै समस्याको जड हो। उनीहरूका भनाइमा सुधार र रूपान्तरणले मात्रै अधिकारको मागलाई न्याय गर्न सक्छ। माग उठ्नाले अशान्ति बढ्ने होइन, तिनलाई सम्बोधन नगर्नाले बढ्ने हो। यस विचारअनुसार वर्तमान सङ्क्रमण लाभदायी साबित हुनेछ। तर राज्य र राजनीतिक मूल पात्रहरूले अझै बढी परिवर्तनको आवश्यकतालाई आत्मसात् नगर्ने हो भने यो सङ्क्रमण ज्यादै दुष्कर हुनेछ। सरकारको नेतृत्वमा रहेर पनि सन् २००९ को प्रजातन्त्र दिवसको समारोहमा माओवादी पार्टीले भाग किन नलिएको भनी सोध्दा जिल्ला तहका एक जना माओवादी नेताले यसो भनेका थिए:

> लोकतन्त्रको हाम्रो आफ्नै परिभाषा छ। अहिलेको लोकतन्त्र अधुरो छ र हामी यसलाई लोकतन्त्र मान्दैनौं। इसाईहरू क्रिसमस र मुस्लिमहरूले इद मनाए जसरी नै हामी पनि हाम्रा मूल्य-मान्यताहरू सुहाउँदो दिवस मनाउछौं। केही मानिसहरूका लागि अहिलेको लोकतन्त्र नै बढ्ता भइसक्यो। केहीलाई भने यति नै पर्याप्त छ। तर हाम्रो विचारमा हामीले अझै धेरै अघि जानु छ। जनताका हक-अधिकार अझै सुरक्षित भइसकेका छैनन्। हामीले हिँड्न मात्र सुरु गरेका छौं, त्यसैले प्रस्ट रूपमा भन्नु पर्दा सम्पूर्ण जनताको पूर्ण अधिकारका लागि हामी अझै सङ्घर्ष गरिरहेका छौं, तर शान्तिपूर्ण तरिकाले।[१३]

राजनीतिक परिवर्तनको घिचघिचे ताल र सहमतिको मार्गमा देखिएका अड्चनहरू अथवा परिणामविहीन परिस्थितिका कारण निराशाले व्यापकता पाएको छ। जनसाधारण प्रहरी र प्रशासनबाट आजित भएका छन्; माओवादीहरू रूपान्तरणको प्रक्रियालाई पूर्णता दिन असफल भएकामा अरू पार्टीहरू उनीहरूसित खिन्न छन्; आफ्ना एजेन्डाप्रति कुठाराघात भएकोमा र सरकारमा आफूहरू फेरि जान नसकेकामा माओवादीहरू रुष्ट छन्; सुरक्षा बलहरू राजनीतिक नेतृत्वको सहयोग नपाएकामा अधिर भएका छन्। सार्वजनिक शान्ति सुरक्षाको स्थिति एकदमै सङ्कटपूर्ण ठाउँमा पुगिसकेको छैन, तर वैधानिकता र विश्वासका प्रश्नहरू उठिरहेका छन्। शान्तिले दुवै थरीका चाहनालाई पूरा गर्न सकेको छैन। पुरानै व्यवस्थालाई कायम गर्न चाहनेहरू पनि यसबाट खुसी छैनन् र आमूल परिवर्तनको आशा राख्नेहरू पनि उत्तिकै बेखुसी छन्।

द्वन्द्व निःसन्देह रक्तपातपूर्ण थियो, तर युद्धविरामपछिको अन्योलपूर्ण वातावरणभन्दा त्यो अवस्था एक किसिमले स्पष्ट थियो। यस्तो सोचाइ राख्नेहरू धेरै छन्। एक जना प्रहरी अधिकृतको भनाइमा, "द्वन्द्व कालमा यथेष्ट शान्ति सुरक्षा थियो।[१४] जनताले आफ्नो अवस्था राम्ररी बुझेका थिए। माओवादीहरूसित मात्रै उनीहरूलाई डर थियो। बाँकी सबै ठीक थियो।"[१५] प्रहरी र सेनाका केही अधिकृतहरूको विचारमा माओवादी वा राज्य जसले जिते पनि लडाइँ एउटा निष्कर्षमा पुगेको भए राम्रो हुने थियो।[१६] माओवादी कार्यकर्ताहरू पनि सशस्त्र सङ्घर्षको बेलाको सम्झना

---

[८] यस्ता खाले तर्कहरू आउने कारण के पनि हुन सक्छ भने माओवादी आन्दोलनपश्चात् उठेका धेरै आन्दोलनका नेताहरू पहिला माओवादी पार्टीमै थिए, उनीहरूमध्ये केहीचाहिँ छोटो समयका लागि मात्र माओवादीसित रहेका थिए। यस कुराको ज्वलन्त उदाहरण तराई सशस्त्र समूहका नेताहरू जयकृष्ण गोइत र ज्वाला सिंह, मधेसी नेता उपेन्द्र यादव र थारू नेता लक्ष्मण थारू हुन्।

[९] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, कलैया, ५ अप्रिल २००९।

[१०] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, कलैया, ५ अप्रिल २००९।

[११] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, लमजुङ, २३ अप्रिल २००९।

[१२] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, अर्घाखाँची, २१ अप्रिल २००९।

[१३] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, लमजुङ, २४ अप्रिल २००९।

[१४] "शान्ति र सुरक्षा" लाई धेरै सन्दर्भमा "कानुन र व्यवस्था" को अर्थमा प्रयोग गर्ने गरिन्छ।

[१५] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, लमजुङ, २३ अप्रिल २००९।

[१६] माओवादीविरुद्ध लडेका एक प्रहरी अधिकृतले भनेः "कहिलेकाहीँ म द्वन्द्वलाई सुखद स्मृतिका रूपमा हेर्छु। कम्तीमा हामीलाई परिस्थितिको राम्रो ज्ञान थियो।

गर्न रुचाउँछन्। उस बेला उनीहरूलाई आफ्ना शत्रु को हुन् भन्ने प्रस्ट थियो र उनीहरूको एक मात्र ध्याउन्ना राजनीतिक-सामरिक युद्ध जित्नु थियो।[१७] टुक्रा-टुक्रामा विभक्त अहिलेको बहुलवादी वातावरणमा शान्तिपूर्वक काम गर्नु पर्दा धेरैलाई अप्ठेरो अनुभव भइरहेको।[१८]

## १. संस्कृति र सवाल

शान्ति प्रक्रियाबारे उठेका धेरै सवालहरू अनुत्तरित छन्। के बाह्र बुँदे सहमति गर्नु गल्ती थियो? के माओवादीहरू कहिल्यै मूलधारमा आउन सक्छन्? युद्धविराम नहुँदो हो त के कुनै एक पक्ष विजयी हुन सक्थ्यो? राजतन्त्रलाई पूरै मिल्काउनु (या कुनै जनमत सङ्ग्रह वा कुनै चुनाव नगरिकन) ठीक थियो? के सङ्घीयताबारे हस्ताक्षर गर्नु गल्ती थियो? आदि आदि।

तर वास्तवमा तीनओटा मुख्य सवालहरू छन्। पहिलो, के माओवादीहरूलाई वर्तमान राजनीतिक व्यवस्थाअन्तर्गत आपसी समझदारीमा ल्याउन सकिन्छ? दोस्रो, परम्परागत राजनीति र राज्य व्यवस्थाप्रतिको अन्य कुनै चुनौतीहरूका कारण खेल फेरिरहने शक्तिहरू बलियो हुन सक्लान्? तेस्रो, राज्यको भूमिका कस्तो हुनुपर्नेछ?

यी प्रश्नका उत्तरका लागि रूपान्तरणका आयामहरू, राजनीतिक सिद्धान्त र संस्थाहरू तथा राजनीतिक संस्कार (जो यस प्रतिवेदनको केन्द्रीय सूत्र हो) लाई नियाल्नु आवश्यक छ। यस प्रतिवेदनको दोस्रो खण्डमा गृहयुद्धको समाधान कुन हदसम्म हुन सकेको छ त्यसबारे चर्चा गरिएको छ। यसको तेस्रो खण्डमा स्थायित्वलाई खल्बल्याउन सक्ने नयाँ खतराहरूको विश्लेषण परेको छ। संस्थाहरू, तिनका सम्बन्ध र प्रक्रियासम्बन्धी प्रश्नहरूबारे तेस्रो खण्डमा छलफल गरिएको छ। राज्यको भूमिका अहम् हुँदाहुँदै पनि यसबारे क्राइसिस ग्रुपको प्रतिवेदन वा अन्यत्र पनि विरलै चर्चा हुने गर्दछ। त्यसैले चौथो खण्डमा राज्यको प्रकृति, यसको स्वार्थ र व्यवहारबारेको आकलनबाट यस असन्तुलनलाई हटाउने प्रयास भएको छ। त्यस खण्डमा द्वन्द्व समाधान तथा अशान्तिको खतरा बढ्नुमा यी कुराहरूको कस्तो प्रभाव पर्दछ त्यसलाई हेर्ने चेष्टा गरिएको छ।

यस प्रतिवेदनले संविधान लेखन अथवा सत्ता साझेदारी जस्ता वर्तमान नेपालका प्राथमिकताहरूलाई आफ्नो विषय बनाएको छैन। यी र सङ्घीयताबारेका वादविवादबारे भविष्यका प्रतिवेदनहरूमा चर्चा गरिनेछ। राजधानी केन्द्रित राजनीतिको लामो अनुभव यस प्रतिवेदनमा झल्किनेछ, तर यो प्रतिवेदन मूलतः जिल्ला जिल्लामा गरिएका अन्तर्वार्ताहरूमा आधारित छ। पाँच विकास क्षेत्रका ७५ ओटा जिल्लामध्ये झन्डै आधाउधि जिल्ला त्यसमा परेका छन्।[१९] यसमा शान्ति प्रक्रिया तथा समग्रमा नेपाली राजनीतिको पुनरावलोकन गर्ने प्रयास गरिएको छ, यसबाट घटनाक्रमको व्याख्या गर्न सहयोग मिल्नेछ। तर यसो गर्दा कुनै सुझाव वा सिफारिस अघि सारिएको छैन। तसर्थ यसलाई एउटा आधारपत्रको अर्थमा लिनु उपयुक्त हुनेछ।

त्यति बेला ज्यादै खतरा थियो, तर प्रस्ट रूपमा दुई पक्ष थिए र हामीले के गर्नुपर्छ भन्ने थाहा थियो। वार कि पारको लडाइँ भएको भए बरु राम्रो हुने थियो। न कसैको जित भयो न कसैको हार, त्यसैले अहिले अन्यौलको स्थितिमा छौं। जसले जिते पनि प्रस्ट नतिजा निक्लिन्थ्यो।" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, पर्सा, अप्रिल २००९।

[१७] क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, माओवादी कार्यकर्ताहरू, सल्यान र बाँके, फेब्रुअरी, २०१०।

[१८] आन्दोलनमा खारिएका माओवादीका एक जना इलाका इन्चार्जले भनेः "हामी एकपक्षीय ढङ्गले अगाडि बढ्न सक्तैनौं। हामीले अरूसँग मिलेर काम गर्नुपरेको छ। त्यसैले अहिलेको परिस्थिति निकै जटिल छ।" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता माओवादी कार्यकर्ताहरू, बाँके, फेब्रुअरी, २०१०।

[१९] क्राइसिस ग्रुपले सबैतिरको प्रतिनिधित्व हुन सकोस् भनेर अनेक जिल्लाहरूमा जाने प्रयत्न नगरेको होइन। तर विभिन्न व्यावहारिक कारणहरूले गर्दा सोचे जसरी जिल्लाहरूको भ्रमण गर्न सकिएन। त्यसैले सुदूरपश्चिमाञ्चल क्षेत्रको प्रतिनिधित्व न्यून हुन गएको छ। केवल कैलाली जिल्लाको दुई पटक अनुसन्धान भ्रमण हुन सक्यो। क्राइसिस ग्रुप महत्त्वपूर्ण वा संवेदनशील जिल्लाहरूमा एक पटकभन्दा बढी गएको छ र कतिपय जिल्लामा दोहोऱ्याई- तेहऱ्याई गएको छ। अनुसन्धान कार्य फेब्रुअरी २००९ देखि मार्च २०१० सम्म चलेको थियो। तर कुनै कुनै अन्तर्वार्ताहरू त्यस अवधिभन्दा अगाडि र पछाडिका पनि परेका छन्।

## २. बितेको युद्ध

### क. शान्ति प्रक्रिया

शान्ति प्रक्रिया हेर्दा जति कमजोर छ यथार्थमा यो धेरै बलियो छ। आफूहरूबीच जतिसुकै मतभेद भए पनि पार्टीहरूले एकअर्कासित सहकार्य नगरी सुखै छैन। त्यही बाध्यताले शान्ति प्रक्रियालाई पूर्णतः धरासायी हुनबाट जोगाएको छ, खासगरी यसको प्रारम्भिक अवस्थामा। त्यसका साथै यस "शान्ति प्रक्रिया" ले हालसालका राजनीतिक परिवर्तनहरूलाई यथेष्ट मात्रामा पर्धेल्न सकेको छैन। जे जति विषयमा सहमति भए ती सबै शान्ति कायम हुनुअघिका विषयहरू हुन्, विशेषतः माओवादीहरूसित भएका वार्ताका शृङ्खलालाई यहाँ स्मरण गर्नु उपयुक्त हुनेछ जसका कारण नोभेम्बर २००५ मा बाह्र बुँदे सम्झौता सम्पन्न हुन सक्यो।[२०]

मे २००६ को युद्धविरामले सामरिक हिसाबले टिकाउ सम्झौताको अवस्था ल्यायो। तर त्यसपछि जति पनि सम्झौता वार्ता भए तिनले सन् २००५ का आधारभूत कुराहरूलाई पुनः जोड दिने वा व्याख्या गर्ने बाहेक केही काम गरेनन्। त्यसपछि चुनाव भयो, देशले गणतन्त्रमा पदार्पण गऱ्यो र सङ्घीयताबारे घोषणा भयो। तर यी विषयमा प्रस्ट र पारदर्शी किसिमको प्रगतिचाहिँ भएन। युद्ध समाप्त भएको छ, तर सिध्याउनुपर्ने धेरै काम बाँकी छन्।

### १. सहकार्य गर्नुपर्ने बाध्यता

शान्ति प्रक्रियामा पुगनुपर्ने जुन बाध्यताहरू थिए, ती मूलभूत प्रकृतिका थिए। सैन्य शक्तिका भरमा जित्न सकिँदैन भन्ने यकिन माओवादीहरूलाई भएपछि मूलधारमा आउनका लागि उनीहरूलाई पार्टीहरूको खाँचो थियो। उता पार्टीहरूका लागि प्रजातन्त्रको पुनःस्थापना निम्ति माओवादीहरूसितको गठबन्धन नै एक मात्र उपाय थियो। राजतन्त्रको उन्मूलनसँगै द्वन्द्वको स्वरूपमा पनि परिवर्तन आयो; माओवादी र राज्यबीचको ध्रुवीकरण फेरि सतहमा देखा पऱ्यो र सन् २००९ को मे महिनामा माओवादीहरूले सरकारबाट राजीनामा दिएपछि त त्यो ध्रुवीकरण झनै चर्को हुन गएको छ। यसले गर्दा प्रतिद्वन्द्विताको भावनालाई फेरि जगाइदिएको छ र साथै पहिलेझैं अहिलेको अवस्थामा पनि युद्ध निर्णायक हुन सक्तैन भन्ने प्रस्ट पारिदिएको छ।

उस बेलाका बाध्यता उपर नयाँ दबाब थपिन गएका छन्। एउटा त हो शान्ति प्रक्रियाले ल्याएको स्रोतसाधनहरूको प्रवाह। शान्ति प्रक्रियाअन्तर्गत भए-गरेका धेरै गतिविधिहरूमा बाह्य सहयोग उपलब्ध भएको छ, जस्तै शिविरमा रहेका जनमुक्ति सेनालाई भत्ता ख्वाउनेदेखि लिएर द्वन्द्व पीडितहरूलाई अन्तरिम राहत दिने कार्यमा उपलब्ध सहयोगलाई लिन सकिन्छ।[२१] दाताहरू नचिढिउन् र उनीहरूबाट आर्थिक सहयोग आइरहोस् भन्ना खातिर पार्टीहरू दाताका कुरा खाइदिन्छन् र केही लक्ष्य पूरा पनि गरिदिन्छन् भलै शान्ति प्रक्रिया वा राजनीतिक सङ्घर्षसित तिनको सोझो सम्बन्ध रहेको नहोस्।

यस्तो राजनीतिक सहयोगको लाभ तुरुन्तै मिल्दछ र देख्न सकिने किसिमको हुन्छ जुन लाभ आफ्ना संरक्षणमूलक सञ्जाललाई कायम राख्नका लागि सबै पार्टीहरूलाई आवश्यक पर्दछ। "सर्वदलीय बैठक कसरी बस्छ?" एक जना जिल्ला शिक्षा अधिकारी प्रश्न गर्दछन् र आफै जवाफ दिन्छन्। उनी भन्छन्, "जाँचमा फेल हुने विद्यार्थीहरू आफूलाई पास गराइदिन प्रिन्सिपललाई दबाब दिन्छन्, प्रिन्सिपल प्रमुख जिल्ला अधिकारीलाई गुहार्न जान्छन्, अनि प्रजिअ समस्या समाधानार्थ सर्वदलीय बैठक बोलाउँछन्। नेका, एमाले र माओवादीहरू विद्यार्थीको सूचीलाई हेरेर 'हाम्रा तीनै पार्टीका तीन-तीन जनालाई पास गराऊँ' भन्छन् र ती

---

[२०] हेर्नुहोस् क्राइसिस ग्रुप एसिया रिपोर्ट नं. १०६, *Nepal's New Alliance*, २८ नोभेम्बर २००५।

[२१] विश्व बैंकको आपतकालीन शान्ति सहयोग परियोजनाले नेपाल सरकारलाई ५ करोड अमेरिकी डलर दिने कबुल गरेको छ। १ करोड ८५ लाख ५ हजार अमेरिकी डलर शिविरमा रहेका माओवादी लडाकूहरूलाई वितरण गर्न तथा द्वन्द्व पीडित र तिनका परिवारलाई सहयोग गर्न भनेर २ करोड ८२ लाख ३ हजार अमेरिकी डलर छुट्ट्याइएको थियो। शिविरमा रहेका माओवादी कार्यकर्ताहरूलाई सहयोग दिइएको रकम दुरुपयोग भएको बुझिएपछि त्यो रकम रोक्का गरियो। अहिले विश्व बैंकले सो रकमलाई द्वन्द्व पीडिततहरूका लागि खर्च गर्ने योजना बनाएको छ। "Restructuring Paper on a Proposed Project Restructuring of Nepal Emergency Peace Support Project", विश्व बैंक, २२ अप्रिल २०१०। नेपाल शान्ति कोषका लागि दाताहरूले करिब ५ करोड ४५ लाख अमेरिकी डलर दिने कबुल गरेका छन्। सो कोषको कुल बजेटको ५४.९४ प्रतिशत रकम शिविर व्यवस्थापन (स्थानीय शिविर व्यवस्थापन समितिमार्फत प्रत्येक लडाकूलाई भरणपोषण बापत दिइने दैनिक रु. ७२-११०को भत्ता रकम समेत) र शिविरको भौतिक पूर्वाधारका लागि छुट्ट्याइएको छ। "चौमासिक प्रगति प्रतिवेदनः विवरण न. ९, शान्ति तथा पुनर्निर्माण मन्त्रालयल, नेपाल सरकार, जुलाई २०१०। उपर्युक्त कोषको पुरकको रूपमा ३ करोड २० लाख १० हजार अमेरिकी डलरको बजेट भएको नेपालका लागि संयुक्त राष्ट्रसङ्घीय शान्ति कोष खडा गरिएको छ। त्यस कोषको बजेटबाट माओवादी लडाकू प्रमाणीकरणका लागि १ करोड २० हजार अमेरिकी डलर, शिविर छाड्ने माओवादी लडाकूहरूको पुनःस्थापना र समायोजनका लागि १ करोड ४० लाख अमेरिकी डलर र द्वन्द्व पीडितका लागि तथा सङ्क्रमणकालीन न्यायसम्बन्धी संस्थाहरूका लागि र १ करोड १० लाख अमेरिकी डलर विनियोजन गरिएको छ। यी रकम संयुक्त राष्ट्रसङ्घीय निकायहरू, विशेषतः संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम, संयुक्त राष्ट्रसङ्घीय बाल कोष र संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयमार्फत खर्च गरिनेछन्।"UN Peace Fund for Nepal Fact Sheet", युएनडीपी, १४ जून २०१०। सबै पार्टीहरूले पीडितहरूलाई दिइने अन्तरिम राहत र क्षतिपूर्तिको रकमबाट फाइदा लिने प्रयत्न गर्दछन्। उदारहणका लागि, नेपाली काङ्ग्रेसले प्रधानमन्त्री नेपाललाई द्वन्द्व कालमा मारिएका १,३२८ जनाको सूची बुझाएर सरकारले उनीहरूलाई शहीद घोषणा गरोस् र उनीहरूका परिवारले क्षतिपूर्ति दिओस् भन्ने माग राखेको थियो। बालकृष्ण अधिकारी, "काङ्ग्रेसद्वारा १३२८ शहीदको नाम प्रस्ताव", *नयाँ पत्रिका*, १९ अप्रिल २०१०। द्वन्द्व पीडितले अन्तरिम राहतस्वरूप एक लाख रुपियाँ पाउँछन् भने सरकारद्वारा शहीद घोषणा गरिएका व्यक्तिको परिवारले रु. १० लाख पाउने व्यवस्था गरिएको छ। त्यसरी नै माओवादीहरूले बेलाबखत आफ्ना समर्थकहरूलाई आन्तरिक विस्थापित व्यक्तिहरूको श्रेणीमा राखियोस् भनी दबाब दिने गर्छन्। उदाहरणका लागि, भोजपुरमा माओवादीहरूले स्थानीय शान्ति समिति बहिष्कार गर्ने एउटा कारण तिनका समर्थकहरूलाई आन्तरिक विस्थापित व्यक्ति तोक्ने कुरामा उठेको खिचलो थियो। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, मानवअधिकारकर्मी, जनवरी २०१०।

पास हुन्छन्"।[२२] शान्ति प्रक्रियाअन्तर्गत गठित केही संस्थाहरू क्रियाशील रहेका कारण यही हो। तिनीहरू यस राजनीतिक प्रक्रियाको हिस्सा बनिसकेका छन्। उदाहरणका रूपमा स्थानीय शान्ति समितिलाई लिन सकिन्छ। कुनै कुनै ठाउँका शान्ति समितिहरू कुन पार्टीले समितिको अध्यक्षता गर्ने वा अन्तरिम राहत रकम कसरी वितरण गर्ने भन्ने विषयमा उत्पन्न विवादका कारण निष्क्रिय रहेका छन् त्यो बेग्लै कुरा हो।[२३] तर धेरैजसो अवस्थामा यस्ता कुरामा सहमति हुने गरेको पाइएको छ र राहत रकमको भुक्तानी पनि दिइएको छ (त्यस्तो भुक्तानी पीडितले नै पाउनुपर्छ भन्ने जरुरी छैन)। अनि स्थानीय शान्ति समितिहरू स्थानीय विषयलाई हेर्ने प्रभावकारी सर्वदलीय निकायका रूपमा सञ्चालित रहेका छन्।[२४]

यस किसिमको राजनीतिकरणका कारण काम गर्न सजिलो हुन्छ भने केही अप्ठेरो पनि हुन्छ। पश्चिम नेपालको एउटा जिल्लामा कार्यरत एक जना उच्च सरकारी अधिकृतले भने, "यस्तो अचम्मलाग्दो अवस्था रहेको साँचो हो, तर समग्रमा ठीकै छ। पार्टीहरू एकअर्काप्रति आक्रमक कुरा गर्छन् तैपनि उनीहरू मिलेरै काम गर्छन्। स्थानीय शान्ति समितिले राम्रोसित काम गरिरहेको छ, त्यो जति सक्रिय भयो उति नै राम्रो हो — उनीहरूले समस्या समाधान गर्छन्।"[२५] अनौपचारिक वितरणको यस प्रणालीले राजनीतिक खिँचातानीका लागि एउटा भरपर्दो ढाँचा प्रदान गर्दछ जसका कारण खेलको नियम उपर कसैले प्रश्न उठाउँदैन।

[२२] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, अप्रिल २००९।

[२३] उदाहरणका लागि, पाल्पामा माओवादीहरूले स्थानीय शान्ति समितिको संयोजक रहेका नेपाली काङ्ग्रेसका नेताले आफ्ना समर्थकहरूलाई स्थानीय शान्ति समितिको कर्मचारी नियुक्त गरेको आरोप लगाएर समितिको बहिष्कार गर्न सुरु गरे। त्यसअघि पनि एमाले नेतृत्वमा बनेको नयाँ सरकारले माओवादी नेतृत्वको सरकारका पालामा नियुक्ति पाएका स्थानीय शान्ति समितिका सचिवहरूलाई तलब दिन रोक्का गर्दा खिचलो भएको थियो। नारायण पगेनी, "काङ्ग्रेस कार्यकर्ता रहेको शान्ति समितिमा चर्को मदभेद", *जनदिशा,* ६ अप्रिल २०१०। नुवाकोटमा दलहरूले स्थानीय शान्ति समिति गठन गर्न नसक्दा रु. ६५०,००० को बजेट रकम फिर्ता पठाउनुपरेको एउटा दुर्लभ घटना भएको थियो। "समिति नबन्दा रकम फिर्ता", *नेपाल समाचारपत्र,* १६ अप्रिल २०१०।

[२४] उदाहरणका लागि, स्याङ्जामा अप्रिल २००९ सम्ममा २१ सदस्यीय स्थानीय शान्ति समिति गठन भएर राम्ररी काम गरिरहेको थियो। एक जना उच्चपदस्थ सरकारी अधिकारीका अनुसार त्यहाँ सबै दलहरूको सहयोगमा समितिले समस्याको छानबिन गरी क्षतिपूर्ति दिलाउन सकेको छ। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, स्याङ्जा, २० अप्रिल २००९। धनकुटामा द्वन्द्व कालमा मारिएका १०३ जनाको नामावली शान्ति तथा पुनर्निर्माण मन्त्रालयलमा बुझाइएको थियो र जनवरी २०१० सम्ममा कम्तीमा ४० जनाले राहत रकम पाइसकेका थिए। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, सरकारी अधिकारी, धनकुटा, जनवरी २०१०। ताप्लेजुङका एक पत्रकारले बताएअनुसार त्यहाँ प्रायः सबै राहत रकम वितरण भइसकेको छ अनि एमाले, काङ्ग्रेस र माओवादी सबैले एक-एक जना गैरपीडितको नाम पनि पीडितहरूको सूचीमा मिसाएका छन्। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, फेब्रुअरी २०१०। अन्तरिम राहत रकमबारे बाँकेका मानवअधिकारकर्मीको भनाइ यस्तो छः "असली पीडितले राहत रकम पाएका छैनन्, तर सबै नक्कली पीडितहरूले भने पाएका छन्।" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, फेब्रुअरी २०१०।

[२५] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता गुल्मी, २१ अप्रिल २००९।

## २. अधुरो काम

युद्धविरामपछि सशस्त्र द्वन्द्व समाप्त भयो, माओवादीहरूले खुला राजनीतिमा प्रवेश गरे र अप्रिल २००८ मा चुनाव सम्पन्न भयो। तर अरू धेरै काम भने हुन बाँकी नै छ। कब्जा गरेका थोरै मात्र सम्पत्ति माओवादीहरूले फिर्ता गरेका छन्।[२६] उनीहरूका कारण विस्थापित मानिसहरू घर फर्कन अझै डराइरहेका छन्।[२७] दुवै पक्षबाट भएका अपराधहरूको पुर्पक्ष गरिएको छैन। अदालतमा एउटा पनि मुद्दा चलाइएको छैन, न त सत्य निरुपण तथा मेलमिलाप आयोग न बेपत्ता मानिसबारे आयोग नै बन्न सकेको छ।[२८] एक जना सरकारी अधिकृतको भनाइमा "हामीकहाँ शान्ति अहिलेसम्म आएकै छैन। द्वन्द्वको मारबाट जोगिएका छौं, तर सामाजिक शान्ति भने पाएका छैनौं। मानिस अझै सुरक्षित महसुस गरिरहेका छैनन्। कुनै पनि बेला केही पनि हुन सक्छ भन्ने डर छ।"[२९] त्यसो भए पनि फेरि युद्ध हुँदैन भन्ने विश्वास छ। उदाहरणका लागि, युद्धको नराम्रो मारमा परेका केही ठाउँहरूमा अहिले गतिलै लगानी भइरहेको पाइन्छ।[३०]

[२६] द्वन्द्व कालमा माओवादीहरूले मध्य र पश्चिम तराई तथा पहाडी भेकमा कब्जा गरेका अधिकांश जग्गाजमिनहरू फिर्ता भएको देखिन्छ। तर मध्य र सुदूरपश्चिम तराईमा भने स्थिति अलि फरक छ। त्यहाँ उनीहरू कब्जा गरिएका धेरैजसो जग्गाजमिन फिर्ता दिने पक्षमा देखिँदैनन्। "Land commitments in Nepal's peace process only partially fulfilled", The Carter Center, जून २०१०।

[२७] आन्तरिक रूपमा विस्थापित व्यक्तिहरूबारे नर्वेको शरणार्थी परिषद्द्वारा सन् २००९ मा गरिएको सर्वेक्षणमा ३८ प्रतिशत उत्तरदाताले सुरक्षा नभएको हुँदा आफ्नो थातथलोमा फर्केर जान नचाहेको बताएका थिए। "Distant from durable solutions: Conflict induced internal displacement in Nepal", Norwegian Refugee Council and the IDP Working Group, जून २००९। मध्यपश्चिमाञ्चल र सुदूरपश्चिमाञ्चल विकास क्षेत्रहरूमा आन्तरिक विस्थापित व्यक्तिहरूसम्बन्धी इन्सेकले सन् २००८ मा तयार पारेको प्रतिवेदनमा उल्लेख भएअनुसार विस्थापितहरू आफ्नो घर-गाँउ फर्कंदाखेरि उनीहरूलाई संविधानसभाको निर्वाचनमा आफूहरूलाई सहयोग नगरेको भनी माओवादीहरूले कुटपिट र हुलहुज्जत गर्ने गरेकाले विस्थापित व्यक्तिहरू घर फर्केर जान नचाहने मुख्य कारण हो। "सशस्त्र द्वन्द्वमा मध्य र सुदूरपश्चिमका आन्तरिक विस्थापित, इन्सेक, सेप्टेम्बर २००८, पृ. १३।

[२८] विस्तृत विवरणका लागि हेर्नुहोस् क्राइसिस ग्रुप रिपोर्ट, *नेपालः शान्ति र न्याय,* माथि उल्लेखित। दुवै विधेयक अप्रिल २०१० मा संसदमा पेस गरिएको थियो। संशोधन प्रस्तावहरू पनि पेस भइसकेका छन् र अब विधेयकहरूमा छलफल हुन बाँकी छ। क्राइसिस ग्रुपले टेलिफोनमा लिएको अन्तर्वार्ता, शान्ति मन्त्रालयका अधिकारी, काठमाडौं, जून २०१०। तर त्यसमा खासै प्रगति भने भएको छैन। सङ्क्रमणकालीन न्यायप्रतिको प्रतिबद्धता ओठेसमर्थन मात्र भएको जनक नेपालले लेखेका छन्: "सङ्क्रमणकालीन न्याय भाषामै सीमित", *कान्तिपुर,* २७ मार्च २०१०।

[२९] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, अर्घाखाँची, २१ अप्रिल २००९।

[३०] दाङमा केही वर्ष यता थुप्रै मध्यमस्तरका नयाँ होटलहरू खुलेका छन् र अग्ला-अग्ला घरहरू बनेका छन्। भवन निर्माणको आवश्यकता पूर्तिका लागि जिल्लाहरूमा तीनओटा नयाँ सिमेन्ट कारखानाहरू खुलेका छन्। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, पत्रकार, दाङ, फेब्रुअरी २०१०। भोजपुरका एक जना होटल मालिकले आफ्नो होटल विस्तारका लागि युद्ध कालमै केही पैसा जम्मा गरेर राखेका थिए, तर शान्ति सम्झौता भएपछि मात्र उनले होटल थपे। किनभने द्वन्द्व कालमा सम्पत्ति देखाउन उनलाई डर थियो। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, भोजपुर, जनवरी

यी विषयहरू उपर ध्यान पुऱ्याउन नसक्नाले द्वन्द्वको धडधडी तन्किएको तन्किएकै छ। सामाजिक अविश्वास र डर गहिरोसित बसेको छ। त्यसलाई जारी हिंसा र धाकधम्कीले झनै बढाउने काम गरेको छ। प्रतिशोधका कारण पनि हत्याका कैयन् घटनाहरू भएका छन्। तिनैमध्येको एउटा ताप्लेजुङको ढुङ्गेसाँघु गाविसमा सन् २००९ मा भएको तीन जना माओवादी कार्यकर्ताहरूको हत्या हो।[३१] अविश्वासको वातावरण प्रस्ट अनुभूत गर्न सकिन्छ। उनीहरूलाई बदला लिने हिसाबले नै मारिएको ठान्छन् ताप्लेजुङबाहिरका माओवादीहरू।[३२] जिल्लाका माओवादीहरू पनि उनीहरूलाई प्रतिकार गर्न उक्स्याएर मारिएको आशङ्का गर्छन्।[३३] सानो निहुँले उग्र रूप लिने र सानातिना झैझगडा पनि बढेर खुकुरी हानाहानमा पुग्ने अवस्थाबाट जनसामान्य थर्कमान रहन्छन्।[३४] एक जना गैसस प्रतिनिधिको भनाइमा, "झगडाको कारण जे भए पनि त्यसले राजनीतिक रूप लिइहाल्छ।"[३५]

यहाँ प्रश्न के उठ्छ भने यी अधुरा विषयहरूको शान्ति प्रक्रियामा कस्तो असर पर्न जानेछ र यिनमध्ये के कुराले द्वन्द्वको पुनरावृत्ति हुन सक्छ? यी विषयहरूलाई सम्बोधन नगरिने पनि कारण छन्, किनभने ती विषयसित सम्बन्धित समूहहरू त्यति बलिया छैनन्। द्वन्द्व पीडितहरूलाई सबै पार्टीहरूले मोलमोलाहीका लागि प्रयोग गरे, तर तिनीहरूको आफ्नै कुनै हैसियत भने छैन। उनीहरूका माग र सिकायतले पार्श्ववर्ती दबाबको काम मात्र गर्दछ र स्थानीय रूपमा हिंसाको सृजना गर्न सक्दछ, तर राष्ट्रिय राजनीतिमा त्यो त्यसै बिलाएर जान्छ। समाधान नभएका कुनै पनि मुद्दा यस्ता छैनन् जसका लागि पार्टीहरू फेरि युद्ध गर्न तयार होऊन् या जसका कारण ठूलो राजनीतिक मुठभेड हुन सकोस्।[३६]

## ख. संरचनागत रूपान्तरण

माओवादीहरूले किन अति महत्त्वको स्थान ओगटेका थिए र ओगटिरहने छन् भने उनीहरूले राज्य र राजनीतिक व्यवस्थाका सामु अस्तित्वको चुनौती प्रस्तुत गरेका थिए। यस्तो किसिमको प्रणालीगत र मूलभूत चुनौती अरू कुनै आन्दोलनले दिन सकेको थिएन। न त त्यो फेरि हुन सक्ने नै देखिन्छ। अरू पार्टीहरू स्वयं नै रूपान्तरित भएका छैनन् र रूपान्तरण गर्ने खालका पनि छैनन्। मधेसी पार्टीहरू पनि यसका अपवाद होइनन्। उनीहरूले नौलो र एकल एजेन्डा अघि सारेका पक्कै हुन्, तर उनीहरूको कार्यशैली अन्य स्थापित पार्टीहरूभन्दा भिन्न छैन। व्यक्तिगत तवरमा राजनीतिज्ञहरू नयाँ विचार अँगाल्न तयार भए पनि साविकका "मूलधारका" पार्टीहरू गतिलो सुधारको पक्षमा छैनन् र त्यस निम्ति तयार पनि छैनन्। उनीहरूले यथास्थितिवादको *प्रतिनिधित्व* गर्दछन् (राजनीतिक संस्कार र कार्यक्रमको हकमा) र धेरै अर्थमा उनीहरू आफै यथास्थिति हुन्। जानेर होस् या परिस्थितिवश होस् उनीहरूले जुन भूमिका निर्वाह गरेका छन् त्यो भनेको परिवर्तन नहुनु हो र नयाँ विचार प्रवाह नगर्नु हो।

यसको तात्पर्य रूपान्तरणका लागि माओवादीहरूले उठाएका माग वैधानिक हो अथवा उनीहरूले निजी र सार्वजनिक तवरमा दाबी गरेझैं त्यसलाई एकदमै बुझेर उठाएका छन् भन्न खोजिएको होइन। उनीहरू मूलतः रूपान्तरणका शक्ति हुन् या उनीहरूभन्दा बढी शक्तिशाली कारकको दबाबका कारण रूपान्तरित भएका शक्ति हुन् अथवा दुवैका खिचडी हुन् यो कुरा सङ्क्रमणको केन्द्रीय प्रश्न हो। यसको उत्तर अहिले प्रस्ट भइसकेको छैन। तर धेरै व्याख्याहरूले स्वीकार नगरेका भए पनि संरचनागत परिवर्तन भइरहेका निकै साक्ष्यहरू भने सामुन्ने आएका छन्।[३७]

### १. खेलमा सहभागिता

माओवादीहरूले मूलधारको राजनीतिमा प्रवेश पाउनाका लागि आफ्ना रणनीतिका साथै संस्थागत संरचनालाई समेत तिलाञ्जली दिए। एकदमै प्रस्टसित देख्न सकिने र पहिलो परिवर्तन भनेको माओवादीको समानान्तर सरकार र जनमुक्ति सेनाका शिविरको "विघटन" थियो। झट्ट हेर्दा यसो

२०१०। दाङ र भोजपुर दुवै ठाउँमा जग्गाको भाउ अकासिएको छ। क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, जनवरी-फेब्रुअरी २०१०।

[३१] द्वन्द्व कालमा ताप्लेजुङमा सबभन्दा पहिला ज्यान गुमाउनेहरूमा बालबालिकाहरू थिए। माओवादीहरूका हातबाट एक जना पन्ध्र वर्षीया बालिकाको ज्यान गएको थियो र एउटा कक्षाकोठाभित्र प्रहरीको गोलीबाट एक जना चौध वर्षीय बालक मारिएको थियो। दुवै जना डिसेम्बर २००१ मा मारिएका थिए। यसले गर्दा चरम हिंसाको चक्र सुरु भयो। सन् २००१ र २००६ को बीचमा ताप्लेजुङमा २०० जनाभन्दा धेरै मानिसहरू मारिए। (१२९ जना सुरक्षाकर्मीहरूबाट र ५० जना माओवादीहरूबाट मारिए।) मारिनेमध्ये ७५ प्रतिशत मानिस गरिबीको रेखामुनि बाँचेका थिए। माओवादीहरूले ३२ जनालाई अपहरण गरी यातना दिएका थिए। केही गाउँका बासिन्दाहरू उनीहरूको तारो बनेका थिए। उदारहरणका लागि, नोभेम्बर २००१ र जनवरी २००३ को बीचमा सुरक्षाकर्मीहरूबाट तापेथोक गाविसको एउटा वडाका चार जना लिम्बू गाउँलेहरू मारिएका थिए। तिनलाई देख्नासाथ सीधै गोली ठोकी मारिएको थियो वा गिराफ्तारीपछि मारिएको थियो। ती चारै जना गरिब थिए र माओवादीहरूसित उनीहरूको कुनै सम्बन्ध थिएन। "दस वर्षे द्वन्द्वमा ताप्लेजुङ", वातावरण संरक्षण तथा विकास मञ्च, ताप्लेजुङ, जुलाई २००९, पृ. १९।

[३२] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, एनेकपा (माओवादी) जिल्ला सचिव, धनकुटा, २४ जनवरी २०१०।

[३३] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, एनेकपा (माओवादी) जिल्ला इन्चार्ज, ताप्लेजुङ, फेब्रुअरी २०१०।

[३४] क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, ढुङ्गेसाँघु, ४ फेब्रुअरी २०१०।

[३५] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, ताप्लेजुङ, फेब्रुअरी २०१०।

[३६] नयाँ समूहहरूद्वारा हुने राजनैतिक हिंसा द्वन्द्व परिणाम हो भन्नेबारे भाग ३ को क.२. मा सविस्तार छलफल गरिएको छ।

[३७] क्राइसिस ग्रुपका दस्तावेजलगायत माओवादीहरूबारे केही समय यता आइरहेका समाचारहरूले संरचनात्मक पक्षलाई भन्दा पनि वैचारिक र नीतिगत मुद्दाहरूमाथि बढी जोड दिने गरेका छन्। उदाहरणका लागि हेर्नुहोस् क्राइसिस ग्रुप एसिया रिर्पोट नं. १३२, *नेपालका माओवादीहरू: विशुद्धतावादी कि व्यवहारवादी?*, १८ मे २००७, कियोको ओगुरा जस्ता संरचना र नीतिहरूमा आइरहेका परिवर्तनहरूलाई नियाल्ने विश्लेषकका लेखहरू, पत्रकारहरूद्वारा लेखिएका विश्लेषणहरू (उदाहरणका लागि आदित्य अधिकारीका लेखहरू) र माओवादीहरू आफैले पत्रपत्रिकामा छपाएका लेखहरू वा उनीहरूले निकालेका किताबहरू।

गरेर माओवादीहरूले निकै कुरा छाडेका देखिन्छ। उनीहरूको यस कदमको केही कोणबाट आलोचना पनि भयो, जस्तै भारतीय माओवादीहरूले यसलाई आत्मसमर्पण भने।[३८] तर यस कदमको व्यावहारिक प्रभाव भने असलमा नगण्य थियो। किनभने "जनसरकार" भन्ने कुरा नाममा मात्र सीमित थियो र शिविरमा रहेको जनमुक्ति सेना युद्धको पुनरावृत्ति हुन नदिने एउटा अड्चन जस्तो थियो। तर यसको सैद्धान्तिक प्रभाव भने निकै गहिरो थियो। यी दुवै कदमको अर्थ समानान्तर वैधानिकताको परित्याग थियो र पुरानो राज्य सत्ताको वैधानिकतालाई व्यवहारमा मान्यता दिनु थियो।

चुनावको राजनीतिमा लागेपछि माओवादीहरूले आफ्नो भर्ती नीतिमा परिवर्तन ल्याउनुपर्‍यो र आफ्ना आधारभूत कार्यनीतिलाई पनि पुनर्परिभाषित गर्नुपर्‍यो। भर्तीको कडिकडाउ नियमबाट निर्देशित र कार्यकर्तामा आधारित उनीहरूको पार्टी "गुणभन्दा परिमाण" का पछि लाग्ने पार्टी बन्यो।[३९] उनीहरूको पहिलेको कार्यनीति "खैलाबैला- युक्त प्रभुत्व" जन्माउने थियो, तर अब उनीहरूले व्यापक रूपमा प्रचारप्रसार गर्न सक्ने स्थायी सङगठनात्मक स्वरूप खडा गर्नुपर्ने भयो।

यस किसिमको व्यापक जनपरिचालनले गर्दा आर्थिक चाप पनि उनीहरूमा पर्न गयो। मुलुकभरिको आफ्नो उपस्थितिलाई उनीहरूले राजनीतिक ठाउँ बनाउन र स्थानीय बजेट तथा अन्य सरकारी स्रोतको हिस्सा प्राप्त गर्न उपयोग गरे। धेरै ठाउँमा उनीहरू अरू पार्टीभन्दा बढी सङ्गठित थिए, त्यसैले उपभोक्ता समिति, वन उपभोक्ता समूह, स्कुल अथवा अस्पताल जस्ता स्थानीय निकायहरूमा पेलेरै आफ्नो ठाउँ बनाए।[४०] त्यसो गरेर उनीहरूले चुनाव जस्तो महँगो उपक्रम तथा विस्तारित पार्टी संरचनालाई धान्नका लागि खर्च मात्र जुटाएनन्, स्थानीय तवरमा सरकारी तथा अर्धसरकारी पदहरूमा आफ्ना कार्यकर्ताहरूलाई नियुक्त गराउन पनि उनीहरू सफल भए।

उनीहरूका हरेक कार्यकर्ताले यस खेलको नयाँ नियम सिक्नुपर्ने भयो। औंलामा गन्न सकिने केही माओवादी नेताहरूलाई मात्र संसदको अनुभव थियो र १ अप्रिलमा अन्तरिम सरकारमा नआउँदासम्म उनीहरूमध्ये कसैलाई पनि सरकार चलाउने अनुभव थिएन। उनीहरूले त्यस्ता प्रतिद्वन्द्वीहरूको सामना गर्नुपर्‍यो जो त्यस विषयमा खली थिए र कर्मचारीतन्त्र उपर बलियो पकड राख्थे। माओवादीहरूले पनि सुरुसुरुमा त्यस्तो सञ्जाल बनाउने प्रयत्न गरे।[४१] उनीहरूले व्यापारिक समुदायतर्फ पनि दोस्तीको हात बढाए र उनीहरूलाई आश्वस्त पार्न खोजे।[४२]

खुला राजनीतिमा प्रवेशका आफ्नै जोखिमहरू थिए। तर उनीहरूको यो रूपान्तरण त्यतिविघ्न क्रान्तिकारी थिएन जस्तो गुरिल्ला योद्धाबाट राजनीतिज्ञमा रूपान्तरित भए भन्ने सुन्दा लाग्छ। सीमित संसदीय अनुभव भए तापनि माओवादीहरूको पार्टी सदैव राजनीतिक पार्टी नै रहेको थियो। युद्ध कालमा समेत उनीहरूको तौरतरिका र सङ्गठनात्मक संरचनाले यस कुरालाई प्रतिबिम्बित गरेको थियो।

## २. शङ्कालु आलिङ्गन

राज्यप्रतिको माओवादीहरूको दृष्टिकोण अरू पार्टीहरूको भन्दा अलग्गै छ। राजनीतिक सिद्धान्तका हिसाबले उनीहरूको पार्टी अझै क्रान्तिकारी रहेको छ। उनीहरूको चाहना "जनता" आफ्ना हकहितलाई बुझेर तिनको रक्षार्थ सक्रिय रहुन् भन्ने छ। त्यसको अर्थ जनता सर्वोपरि हुन्छ र राज्यको भूमिका सहायक हुन्छ भन्ने हो। त्यसले गर्दा संविधान लेखनमा अरू पार्टीहरूसित उनीहरूको सम्बन्ध मुठभेडको छ, खासगरी न्यायपालिकाबारे उनीहरूको दृष्टिकोण र सुरक्षा क्षेत्रको आमूल पुनर्संरचना हुनुपर्छ भन्ने मान्यताका कारण।[४३] धेरै माओवादीहरू दमनको प्रतिकार गर्न व्यापक जनसङ्घर्ष चाहिने र परेमा सशस्त्र सङ्घर्षसमेत वैधानिक माध्यम हुन सक्छ भन्नेमा विश्वास गर्छन्। माओवादी विचारधाराको यो भित्री चुरो उनीहरू शान्ति प्रक्रियामा लागेका भए पनि यथावत् रहेको छ। यसबाट स्वभावतः राज्यप्रतिको उनीहरूको व्यवहार प्रभावित भएको छ। यसै

---

[३८] हेर्नुहोस् क्राइसिस ग्रुप रिपोर्ट, *नेपालको भविष्यः कसको हातमा?*, माथि उल्लेखित पृ. १२। भारतीय कम्युनिस्ट पार्टी (माओवादी) का दिवङ्गत प्रवक्ता आजादले आफ्नो प्रस्तावनालाई दोहोऱ्याउँदै अन्तर्वार्ता दिएका थिए। *दी हिन्दू*, १४ अप्रिल २०१०। त्यो अन्तर्वार्ता www.thehindu.com/ multimedia/archive/ 00103/Edited_text_of_12_2_103996a.pdf मा उपलब्ध छ।

[३९] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, नेपाली काङ्ग्रेसका जिल्ला नेता, मुसिकोट, २२ फेब्रुअरी २०१०।

[४०] दलीय राजनीतिका निम्ति स्थानीय निकायको महत्त्वसम्बन्धी छलफलका लागि खण्ड ३.ख.१. हेर्नुहोस्।

[४१] विशेष गरिकन महत्त्वपूर्ण मन्त्रालयहरूमा आफूलाई विरोध वा समर्थन गर्ने उच्च तहका कर्मचारी हेरी उनीहरूलाई यता-उता सार्ने प्रयत्न गर्छन्। अक्टोबर २००८ मा मात्र, माओवादी नेतृत्वको सरकारले १६ जना सचिवहरूलाई सरुवा गरेको थियो। उदाहरणका लागि, उनीहरूले सामान्य प्रशासन मन्त्रालयका गोविन्द कुसुमलाई गृह सचिव बनाए। सो पदमा पहिलादेखि रहेका उमेश मैनलीलाई तीनचोटि सरुवा गरियो र आखिरमा उनी विज्ञान तथा प्रविधि मन्त्रालयमा पुगे। "लगातारको सरुवा, कर्मचारी सशङ्कित", nijamati.com, २४ डिसेम्बर २००८। कुसुम वामपन्थी झुकाउ भएका मानिन्छन् र गृह सचिवको पदलाई निकै महत्त्वको ठानिन्छ। विज्ञान तथा प्रविधि मन्त्रालयको पदलाई भने कम महत्त्वको ठानिन्छ। क्राइसिस ग्रुपसँग टेलिफोन अन्तर्वार्ता, पत्रकार, अगस्ट २०१०।

[४२] हेर्नुहोस् क्राइसिस ग्रुप रिर्पोट, *नेपालका माओवादीहरूः विशुद्धतावादी कि व्यवहारवादी?*, माथि उल्लेखित, पृ १६।

[४३] उदाहरणका लागि, माओवादीहरूले तयार पारेका संविधान मस्यौदामा संविधानसित कानुनहरूको सामञ्जस्य मिलाउने सङ्घीय सर्वोच्च अदालतको प्रावधानलाई सीधै इन्कार गरिएको छ। "जनताको सङ्घीय गणतन्त्र नेपालको संविधान २०६७", एनेकपा (माओवादी), २९, मे २०१०, धारा १५४(४)। त्यसको ठाउँमा त्यो अधिकार सङ्घीय संसदअन्तर्गतको विशेष न्यायिक समितिमा रहने व्यवस्था गरिएको छ। ऐ.ऐ., धारा १७२(२(क))। त्यस मस्यौदाले सेनालगायतका सुरक्षा क्षेत्रमाथि सङ्घीय विधायिका र कार्यपालिकालाई "पूर्ण असीमित अधिकार" हुने भन्छ। ऐ.ऐ., धारा २४७(२)। राष्ट्रपतिलाई सर्वोच्च सेनापतिको रूपमा परिभाषित गरिएको छ; प्रधानसेनापति मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट नियुक्त गर्ने र कानुन बमोजिम मन्त्रिपरिषद्बाट हटाउने प्रावधान छ। ऐ.ऐ., धारा २४९।

हुनाले माओवादीहरू बहुलवादी मान्यतामा विश्वास गर्दैनन् वा संवैधानिक र संस्थागत प्रणालीअन्तर्गत बस्न चाहँदैनन् भन्ने साँच्चिकै डर अरू पार्टीहरूमा पसेको छ।

त्यति भएर पनि माओवादीहरू अराजकतावादी भने पक्कै होइनन्। अपितु केही संशय हुँदाहुँदै पनि उनीहरूले राज्यलाई अँगालेका छन्, यद्यपि उनीहरू राज्यको पुनर्निर्माण गर्न चाहन्छन्।[४४] उनीहरू प्राधिकार उपर विश्वास राख्दछन् र उनीहरू सरकारमा रहँदा पनि यो कुरा झल्केको थियो। त्यस बखत उनीहरू कायदा कानुन र अनुशासनप्रति जोड दिने गर्थे।[४५] उनीहरू राज्यशक्ति नै अहम् महत्त्वको कुरा हो भन्ने लेनिनको लाइनलाई अनुसरण गर्छन्।[४६] उनीहरू राज्यप्रति अनादर गर्ने नौला-नौला आन्दोलनहरूलाई मन पराउँदैनन्। तर राज्यलाई ठाडै चुनौती दिने हैसियत ती आन्दोलनहरूमा भएमा तिनलाई सके माओवादीहरू आदर पनि गर्लान्।[४७] जे होस्, माओवादीहरू राज्य उपर नियन्त्रण राख्न चाहन्छन्, उनीहरू राज्य नासिएको वा खतम भएको हेर्न चाहँदैनन्।

उनीहरूको अडानमा एउटा ठूलो परिवर्तन भने आएको छ। राज्यलाई ध्वस्त पार्ने आफ्नो अठोट उनीहरूले शान्ति आएका कारण छाडेका छन्। केही सावधानी जताएर भए पनि माओवादीहरूले साविकको राज्यका धेरै कुराहरू स्वीकार गरेका छन्।[४८] युद्धविरामपछाडिको अवधिमा राज्य परिवर्तित भएको छ र राज्यसितको माओवादी सम्बन्धमा पनि परिवर्तन आएको छ। माओवादीहरूले समानान्तर निकायहरू हटाउँदै गएकाले सरकार ग्रामीण इलाकाहरूमा फेरि पुग्न सकेको छ र प्रहरी चौकीहरू पुनःस्थापना भएका छन्। एक जना सहायक प्रजिअको भनाइमा, "माओवादीहरू प्रत्येक प्रशासनिक निर्णयहरूलाई शङ्काको दृष्टिले हेर्न गर्थे, तर अहिले उनीहरूले हाम्रो भूमिका बुझेका छन् र हामीलाई सघाउँछन्।यो धेरै ठूलो परिवर्तन हो।"[४९]

राज्यका साथै सरकारमा हकदाबी गर्ने अवस्थामा पुगेबाट माओवादीहरूको व्यवहार बदलिन गएको छ। उदाहरणका लागि, माओवादीहरू प्रतिपक्षमा रहेका बखतमा भन्दा सरकारमा रहेका बेला उनीहरूबाट बढी जमिन फिर्ता भएको देखिन्छ।[५०] त्यसका साथै यङ कम्युनिस्ट लिगले भने आफ्नै माउ पार्टी सरकारमा रहेका बेला खराब आचरण देखायो।[५१] चुनावमा उनीहरूलाई प्राप्त भएको अनपेक्षित सफलताले बहुलवादी राजनीतितर्फ ध्यान दिने नयाँ अवसरहरू माओवादीलाई उपलब्ध गरायो भने त्यसका कारण केही अन्यौलहरूको पनि बीजारोपण भयो।

केही मानिसले आशा गरे जस्तो माओवादीहरूको तत्काल र पूर्ण रूपान्तरण अवश्य भएनः "हो, द्वन्द्व कालमा भन्दा अहिले परिस्थिति धेरै राम्रो भएको छ, तर हामीले जुन आशा राखेका थियौं त्यो चाहिँ पूरा भएन। माओवादी प्रधानमन्त्री भएपछि उनीहरूको व्यवहारमा जिम्मेवारीपन आउला भन्ने हामीले आशा गरेका थियौं। तर माओवादीहरू अझै धाकधम्की दिने र थर्काउने काम नै गरिरहेछन्।"[५२] त्यति हुँदाहुँदै पनि राज्यप्रतिको माओवादीहरूको धारणामा सम्भवतः फेरि बदलिन नसक्ने परिवर्तन आएको छ। राज्यलाई नै उन्मूलन गर्नेतर्फ उनीहरू फेरि लाग्ने सम्भावना ज्यादै कम छ। राज्यका स्थापित संरचनाहरूभित्रै रहेर वादप्रतिवाद गर्ने काम बढिरहेको छ, संवैधानिक मुद्दाहरूमै पनि अरू पार्टीहरूसितको आधारभूत मतभेद थोरै छन्।[५३]

---

[४४] "हेर्नुहोस्, सेना र अदालतले अझसम्म सरकारका लागि केही काम गरेका छैनन्। अझै यहाँ द्वन्द्वको स्थिति छ। राज्यभन्दा ठूलो कोही हुँदैन र यो सरकार जनादेश प्राप्त निर्वाचित सरकार हो। के हेक्का राख्नुहोस् भने ज्ञानेन्द्रले आफूलाई कानुनभन्दा माथि ठानेकाले सत्ताच्युत हुनुपर्‍यो" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, एनेकपा (माओवादी) जिल्ला सचिव, लमजुङ, २४ अप्रिल २००९।

[४५] उदाहरणका लागि, "अरू दलहरू अस्थिरता चाहन्छन्। उनीहरू हामी सत्तामा रहेको हेर्न चाहन्नन् र हामीले जस पाएको देख्न रुचाउँदैनन्।" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, लमजुङ २४ अप्रिल २००९।

[४६] "सर्वहारा वर्गले राज्यसत्ता लिनु जरुरी छ, शक्तिको केन्द्रीकृत सङ्गठन, हिंसाको सङ्गठन, शोषकहरूको विरोधलाई शमन गर्न र समाजवादी अर्थव्यवस्था सुदृढ गर्ने क्रममा आम जनसमुदाय, किसान, निम्न पुँजीवादी वर्ग, अर्ध-सर्वहाराहरूलाई नेतृत्व प्रदान गर्नका लागि चाहिन्छ।लेनिन, *राज्य र क्रान्ति,* पृ. १४ (जोड थपिएको हो)। www.cym.ie/documents/State_Rev. pdf मा पेकिङको सन् १९७६को संस्करणबाट उद्धृत अंश।साथै "हामीहरूले अल्पमतमा रहुन्जेल उनीहरूको उछितो काढिरहनुपर्छ र गल्तीलाई उदाङ्गो परिदिनुपर्छ र साथसाथै जनताले अनुभवबाट आफ्ना गल्तीहरू सच्याउन सकून् भनेर हामीले सम्पूर्ण राज्यसत्तालाई सोभियत मजदुरका प्रतिनिधिहरूका हातमा हस्तान्तरण गर्नका लागि वकालत गरिरहनुपर्छ।" लेनिन, "वर्तमान क्रान्तिमा सर्वहारा वर्गको जिम्मेवारी" (यसलाई "अप्रिल थेसिस" पनि भन्ने गरिन्छ) ७ अप्रिल १९१७ मा *प्राभदा* मा प्रकाशित। www.marxists.org/archive/lenin/works/1917/apr/04.htm मा उपलब्ध छ।" सम्पूर्ण शक्ति सोभियतहरूलाई!" भन्ने नाराको स्रोत यही हो। यसको अनौठो नेपाली अनुवाद अप्रिल २००६ को जनआन्दोलनपछि तोरणहरूमा प्रयोग भएका देखिए। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, २६ अप्रिल २०१० ।

[४७] क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, माओवादी जिल्ला नेताहरू, जनवरी-फेब्रुअरी २०१०।

[४८] २१ अप्रिल २००९ मा बुटवलमा कार्यकर्ताहरूका अगाडि बाबुराम भट्टराईले "हामी बवन्डर मच्चाइ दिनेछौं" भनेको हुन सक्छ। सुभाष देवकोटा, "एकदलीय शासनको चाहना", *हिमाल खबरपत्रिका,* २० मार्च २००९। उल्लेखनीय कुरा छ भने माओवादीहरू ललकार्दै अरू दलहरूविरुद्ध लडेका त छन्, तर सन् २००६ देखि यता राज्यलाई अस्थिर बनाउने काम भने केही पनि गरेका छैनन्।

[४९] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, अर्घाखाँची, २१ अप्रिल २०१०। एक जना उच्चपदस्थ प्रहरी अधिकृतले उनी पूर्वी पहाडी जिल्लामा खटिँदा त्यहाँ जातीय आन्दोलनकारीहरूले सृजना गरेका अशान्ति र उपद्रोभन्दा रुकुममा तुलनात्मक रूपले निकै शान्त वातावरण भएको र माओवादी कार्यकर्ताहरू अनुशासित रहेका आफूले पाएको बताए।

[५०] कार्टर सेन्टरले माओवादीहरूले तीन बेग्लाबेग्लै समयमा जग्गा फिर्ता गरेका उल्लेख गरेको छः बृहत् शान्ति सम्झौत भए लगत्तै, सन् २००८ मा संविधानसभाको निर्वाचन हुनुभन्दा ठीक अगाडि र उनीहरूले सरकारको नेतृत्व गरिरहेको बखत। "नेपालको शान्ति सम्झौतामा जग्गा फिर्ता गर्ने सम्बन्धमा गरिएको प्रतिबद्धता आंशिक रूपमा मात्र पूरा", माथि उल्लेखित पृ. १०।

[५१] राजनीतिक संरक्षणका निम्ति ठूलो मौका मिलेकाले त्यसो भएको हुन सक्छ। दलहरूबाट हुने हिंसाको प्रयोगबारे खण्ड ३.ख. मा हेर्नुहोस्।

[५२] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, ताप्लेजुङ २३ अप्रिल २००९।

[५३] राज्यको मूलभूत रूपान्तरणबारे माओवादीहरूले अहिलेसम्म सङ्घीयताको विषय मात्रै समातिराखेका छन्, खण्ड ४.ग.१ मा हेर्नुहोस्। माओवादीहरूको वैचारिक

## ३. सार र रूप

खुला राजनीति सुहाउँदो पार्न आफ्नो सङ्गठनलाई पनि माओवादीहरूले कायापलट गरे। उनीहरूले नयाँ सदस्यहरू लिएर तथा भ्रातृ सङ्गठनहरूलाई विस्तार गरेर आफ्नो उपस्थितिलाई बढाए।[५४] यसो गर्दा उनीहरूले यस्ता व्यक्तिहरूलाई पनि लिए जसलाई अरू बेला भए उनीहरूले "सामन्तवादी" वा "असामाजिक तत्त्व" भनेर अस्वीकार गर्ने थिए।[५५] खासगरी माओवादी ट्रेड युनियनहरूले आफ्ना प्रभाव क्षेत्रलाई निकै बढाएका छन्। त्यसका लागि उनीहरूले न्यूनतम वेतन वृद्धि गर्ने, मजदुरका सेवासुविधाहरूलाई नियमित तुल्याउने र होटल तथा रेष्टुराँहरूमा सर्भिस चार्जको व्यवस्था लागू गराउने आदि काम गरेका छन्।[५६] अहिलेको अवस्थामा माओवादीहरूको सङ्गठनात्मक उपस्थिति र सक्रियताको स्तरलाई अरू कुनै पार्टीले भेट्टाउँदैनन्।

यतिविघ्न सङ्गठन विस्तार हुँदाखेरि पनि माओवादीहरूले कायम राख्न सकेको अनुशासनलाई चाहिँ मान्नुपर्छ। यसका पछाडि ठूलो सङ्ख्यामा सङ्गठनात्मक कार्यमा लागेका पूर्णकालीन कार्यकर्ताहरू छन् जसलाई माओवादीहरूले पहिलेझैं अहिले पनि यथावतै राखेका छन्। यस्ता पूर्णकालीन कार्यकर्ताहरूको सङ्ख्या जिल्ला हेरी फरक-फरक छ। धेरैजसो जिल्लाहरूमा तिनीहरू सयौँको सङ्ख्यामा छन्।[५७] यी कार्यकर्ताहरू प्रायःजसो मामुली अवस्थामा काम गर्दछन्, त्यसबाट उनीहरू कति समर्पित छन् त्यो देख्न सकिन्छ।[५८]

त्यसका साथै माओवादीहरूले भित्री वृत्तमा मात्र होइन पूरै सङ्गठनमा उद्देश्यप्रतिको बफादारी र सङ्गठनात्मक एकरूपता पनि कायम राखेका छन्। पार्टी र आन्दोलनभित्रका पदहरूमा एकदमै धेरै विस्तार भएको छ। प्रतिबद्ध कार्यकर्ताहरूले नियमित वेतनका रूपमा थोरैतिनो रकम पाए पनि त्यसले उनीहरूमा केही हौं भन्ने भावना उत्पन्न गराउँछ। त्यसैगरी पार्टीले आयोजना गर्ने नियमित प्रशिक्षण र कार्यक्रमहरूको पनि औधि महत्त्व छ। देशभरिकै माओवादी कार्यकर्ताहरूले आफ्नो पार्टी नीतिबारे निरन्तर छलफल र बहस गर्न पाउँछन्।[५९] माओवादीहरूसित रहेका सक्रिय युवाहरूको ठूलो सङ्ख्यालाई औँल्याउँदै तिनीहरूलाई आकर्षित गर्न आफ्नो पार्टीले केही गर्न नसकेकोमा रुकुमका एक जना काङ्ग्रेसी नेताले यस्तो टिप्पणी गरेका थिए: "हामीसँग पनि युवाहरू नभएका त होइनन्, तर उनीहरूलाई हामीले कुनै काम दिन सकेका छैनौं। तरुण दलमा पनि राजनीतिक बेरोजगारी छ।"[६०]

हिंसा प्रयोग गर्न सक्ने माओवादीहरूको क्षमतामा केही कमी आएको छ र त्यसमा परिवर्तन पनि भएको छ, तर त्यो समाप्त नै भइहालेको छैन। जनमुक्ति सेनालाई शिविरमा थन्क्याउने कामले त्यसको घट्दो सान्दर्भिकता प्रकट गर्दछ। तर त्यसको सँगसँगै माओवादीहरूले यङ कम्युनिस्ट लिग स्थापना गर्ने कार्य सुरु गरे। पहिलेका "जन मिलिसिया" हरूलाई लिएर यसको निर्माण भए पनि उद्देश्य र संरचनाको हकमा यो

---

विचलनको सम्बन्धमा हेर्नुहोस् क्राइसिस ग्रुप रिपोर्ट, *नेपालका माओवादीहरूः विशुद्धतावादी कि व्यवहारवादी?*, माथि उल्लेखित।

[५४] भ्रातृ सङ्गठनहरूको सूचीका लागि हेर्नुहोस् क्राइसिस ग्रुप एसिया रिपोर्ट नं. १०४, *नेपालका माओवादीहरूः तिनका लक्ष्य, संरचना र रणनीति*, २७ अक्टोबर २००५, पृ. ११।

[५५] उदाहरणका लागि, दाङको घोराही नजिकै जग्गाजमिन भएका स्थानीय जमिन्दार (राष्ट्रिय प्रजातन्त्र पार्टीसित नजिक रहेका) अर्का छिमेकी जमिन्दारसँग मिलेर त्यहाँ नजिकै रहेको एक जना भूमिहीन व्यक्तिको घर भत्काउने काममा सहयोग पुग्छ भनेर वाईसीएलमा लागेका थिए। विगत ३४ वर्षदेखि मुद्दा चलिरहेको ऐलानी जग्गामा त्यस भूमिहीन व्यक्तिको घर बनेको थियो। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, भूमि अधिकारवादी, घोराही, १९ फेब्रुअरी २०१०। द्वन्द्वको दौरानमा सहरी क्षेत्रहरूमा माओवादीहरूको पकड कमजोर रहेको थियो र उनीहरू जसरी भए पनि बढीभन्दा बढी मानिसहरूलाई भर्ना गरेर आफ्नो शक्ति बढाउन चाहन्थे। एक जना एमाले युवा नेताले सल्यानको खलङ्गाको उदाहरण दिँदै माओवादीले युद्ध कालमा त्यहाँ केवल एक जना व्यक्तिलाई भर्ना गर्न सकेको बताएका थिए। क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, सल्यान, २०१० फेब्रुअरी नेपाली काङ्ग्रेसका नेता, रुकुम, फेब्रुअरी २०१०।

[५६] माओवादीहरूको अखिल नेपाल ट्रेड युनियन सङ्घ (अनेट्रेयुसं) बाट भएको औद्योगिक कार्बाहीका कारण सम्भवतः अगस्ट २००६ मा न्यूनतम ज्याला वृद्धि हुन गएको थियो। नियुक्तिलाई स्थायी बनाउनुपर्ने माग यस अघि अरू युनियनहरूले पनि नउठाएका होइनन्, तर माओवादीहरूको दबाबबाट त्यो माग पूरा हुन सकेको देखिन्छ। Robert Kyloh, *From Conflict to Cooperation: Labour Market Reforms that can Work in Nepal* (Geneva, २००८), अध्याय ५। अरू ट्रेड युनियनका साथै माओवादी ट्रेड युनियनले सम्झौतावार्ता गरेबाट जनवरी २००७ देखि होटल र रेस्टुरेण्टहरूमा १० प्रतिशत सेवाशुल्क लगाउने चलन थालियो।"Hoteliers agree to 10% TSC", ekantipur.com, १ जनवरी २००७। माओवादी सम्बद्ध अखिल नेपाल होटल मजदुर युनियनले काठमाडौंका होटल मजदुरहरूका तलब सन् २००९ को अन्त्यतिर बढाउन सक्यो। "Hotel workers get raise", *The Kathmandu Post*, १७ डिसेम्बर २००९।

[५७] दाङका एक जना पत्रकारको अनुमानमा दाङमा २०० जना जति वाईसीएलका पूर्णकालीन कार्यकर्ताहरू रहेका छन्। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, घोराही, १९ फेब्रुअरी २०१०। सल्यानका एक जना एमाले युवा नेताले एमालेका आठ जना पूर्णकालीन कार्यकर्ताको तुलनामा माओवादीहरूका २०० देखि २५० जना पूर्णकालीन कार्यकर्ता रहेको बताए। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, सल्यान, २० फेब्रुअरी २०१०। वाईसीएलका नेताहरूका साथै अन्य पार्टीहरूको अड्कलअनुसार त्यहाँ १२० देखि १५० जना वाईसीएलका पूर्णकालीन कार्यकर्ताहरू छन्। क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, भोजपुर, जनवरी २०१०। तर सबै जिल्लामा यति धेरै सङ्ख्यामा वाईसीएल कार्यकर्ताहरू छैनन्। पाँचथर जिल्लामा जम्मा १५ देखि २० जना पूर्णकालीन माओवादी कार्यकर्ताहरू छन्। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, एनेकपा (माओवादी) जिल्ला इन्चार्ज, फिदिम, ३ फेब्रुअरी २०१०।

[५८] उदाहरणका लागि, बाँकेमा देखिएका १२ जना वाईसीएल कार्यकर्ताहरू एउटा गाउँमा भाडामा लिइएको साधारण दुईतले घरमा बसेका थिए। उनीहरू आफ्ना महिला कमान्डरको मातहतमा रहेका देखिन्थे। क्राइसिस ग्रुपको अवलोकन, फत्तेपुर, फेब्रुअरी २०१०।

[५९] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, जनवरी-मार्च २०१०। "माओवादीहरूलाई हेर्नुहोस्, तिनका पूर्णकालीन कार्यकर्ताहरू अझै कैलालीवाट बझाङसम्म पुग्छन्। उनीहरूमा जुझारु भावना अझै छ। उनीहरू विचारमा प्रस्ट छन्। आफ्नो लाइन र रणनीति के हो भन्ने कुरा उनीहरूले बुझेका हुन्छन्। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, मानवअधिकारवादी, नेपालगन्ज, फेब्रुअरी २०१०।

[६०] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, नेपाली काङ्ग्रेसका नेता, रुकुम, फेब्रुअरी २०१०। एक जना माओवादी नेताका अनुसार अञ्चल समितिका सदस्यहरूमा १९१ र सम्बन्धित जिल्लाहरूमा ५०० सदस्यहरू रहेका छन्। "'Maoist can't publicise details of donation'", ekantipur.com, २९ अप्रिल २०१०।

नयाँ सङ्गठन छुट्टै खालको थियो। सुरु-सुरुमा यसले शिविर प्रवेश नगरेका जनमुक्ति सेनाका कमान्डर तथा लडाकूहरूबाट शक्ति प्राप्त गरेको थियो,[६१] तर पछि-पछि जस्तोसुकै राजनीतिक अतीत भएका युवाहरूलाई पनि यसमा प्रवेश दिन थालियो। जनमुक्ति सेनाको झैं यसको उद्देश्य सुरक्षा बलसित लड्नु थिएन, यङ कम्युनिस्ट लिगको उद्देश्य दैनन्दिन राजनीतिमा माओवादीहरूका लागि बाहुबल जुटाउनु थियो। यसको सङ्गठन र सञ्चालन ठाउँ हेरी बेग्लाबेग्लै किसिमको रहने गरेको छ। केही ठाउँहरूमा यङ कम्युनिस्ट लिगका कार्यकर्ताहरू भाडाका घर वा कब्जा गरिएको घरमा बस्दछन् र प्रहरीको समानान्तर भई कार्य गर्दछन्।[६२] तर यङ कम्युनिस्ट लिगलाई अर्ध सैनिक सङ्गठन भन्नु गाह्रो छ। उनीहरू बस्ने क्याम्पहरू फाट्टफुट्ट छन् र धेरै जिल्लाहरूमा यसका कार्यकर्ताहरू त्यतिविघ्न सङ्गठित रहेका छैनन्।[६३]

आफ्ना कार्यकर्ताहरूलाई विभिन्न स्थानीय निकायहरूमा नियुक्ति दिलाउनमा माओवादीहरूले पाएका सफलताबाट नयाँ खालका समस्याहरू पनि पैदा भएका छन्। लाभदायी पद धारण गरेका कार्यकर्ताहरूलाई फेरि युद्धमा फर्काउन गाह्रो हुन्छ। तर सङ्गठनात्मक हिसाबले यसका आफ्नै फाइदा पनि छन्। यस्ता नियुक्तिहरूले मानिसलाई पार्टीसित नजिक ल्याउँछ। खासगरी मातृका यादवको नेपाल कम्युनिस्ट पार्टी (माओवादी) ले पूर्वी र मध्य तराईमा विकल्प प्रस्तुत गरिरहेको अवस्थामा यस्ता नियुक्तिको उपयोगिता निकै छ।[६४]

पूर्णकालीन कार्यकर्ताहरू पाल्नलाई माओवादीहरूमाथि त्यति भार पर्दैन जति अनुमान गर्ने गरिन्छ। यस्ता पूर्णकालीन कार्यकर्ताहरूबाट राजनीतिक नियुक्तिभन्दा पर्तिर राज्यको स्थानीय स्रोतहरूमा कब्जा हुन सक्ने देखिदैन, न त उनीहरू अन्य कुनै आपराधिक क्रियाकलापमा संलग्न हुन सक्ने नै देखिन्छ। पूर्णकालीन माओवादी कार्यकर्ताहरूले भत्तास्वरूप ज्यादै थोरै रकम पाउँछन्। खान, बस्न र लाउने कुरामा उनीहरूको खर्च न्यूनतम छ, किनभने धेरै कार्यकर्ता परिवारसितै बसेका पाइन्छन्।[६५] माओवादीहरूसित द्वन्द्व कालको पैसा र सरकारमा हुँदाको पैसा अझै रहेको बताइन्छ।[६६] त्यसबाहेक उनीहरूसित आम्दानीका अन्य स्रोत पनि छन्। द्वन्द्व कालमा कब्जा गरिएका घरजग्गाबाट पनि उनीहरूलाई स्थानीय तवरमा आम्दानी भइरहेको छ,[६७] अनि स्थानीय बजेटमा पनि उनीहरूको पहुँच रहेको छ।[६८] खास-खास कार्यक्रमहरूका

---

[६१] रुकुमका एक जना नेपाली काङ्ग्रेसका नेताले दाबी गरेअनुसार जिल्ला वाईसीएलका सबै सदस्यहरू पहिलेका जनमुक्ति सेना हुन्। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, फेब्रुअरी २०१०। एक मानवअधिकारकर्मीको भनाइमा चाहिँ युद्धविरामपछि मुसीकोटका स्थानीय गुन्डाहरू जति सबै वाईसीएलमा सम्मिलित भए। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, फेब्रुअरी २०१०। भोजपुरका वाईसीएलका सहायक इन्चार्जले आफूलगायत जिल्लाका १०० जनाभन्दा बढी वाईसीएल सदस्यहरू पहिलेको जनमुक्ति सेनाबाट आएका बताए। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, जनवरी २०१०। जिल्ला इन्चार्जले त लडाकूहरूको प्रमाणीकरण प्रक्रिया सुरु हुनुअघि नजिकैको शिविरबाट पहिलेका लडाकूहरूको पटक-पटक गरी तीन जत्था ल्याएको कुरा सुनाए। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, जनवरी २०१०।

[६२] उदाहरणका लागि, बाँके जिल्लाको फत्तेपुरमा १२-१४ जना जति कार्यकर्ता एकै ठाउँमा बस्दछन् र गाउँलाई सशस्त्र डाँकाहरूबाट जोगाउन उनीहरू त्यसरी बसेको दाबी गर्छन्। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, एनेकपा (माओवादी) एरिया इन्चार्ज, २८ फेब्रुअरी २०१०। दाङमा वाईसीएलले कार्यकर्ताहरूलाई राख्न आधा बिघा जमिन भाडामा लिएको छ। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, पत्रकार, दाङ, फेब्रुअरी, २०१०। राजधानीमा वाईसीएलका कति सदस्य छन् भन्नेबारे फरक-फरक भनाइ पाइन्छ। नेपाली काङ्ग्रेस सम्बद्ध पत्रिका *देशान्तर साप्ताहिक* मा अप्रिल २००९ मा निक्लेको एउटा लेखमा गृह मन्त्रालयको हवाला दिँदै काठमाडौं उपत्यकामा करिब एक सयओटा वाईसीएलका शिविरहरूमा झन्डै ८,००० सदस्यहरू बस्ने गरेको दाबी गरिएको छ। "युवा कम्युनिस्ट लिगबारे गृहको गोप्य प्रतिवेदन", केदार सुवेदी, २६ अप्रिल २००९। *कान्तिपुर*को पछिल्लो समाचारमा चाहिँ काठमाडौंवरिपरि वाईसीएलका २८ ओटा (काठमाडौंमा २० ओटा, ललितपुरमा एउटा र भक्तपुरमा सातओटा) शिविरहरू छन् र यी शिविरहरूमा करिब २००० कार्यकर्ताहरू बस्दन्। "युवा कम्युनिस्ट लिग अर्धसैनिक संरचनामा" २२ जनवरी २०१०।

[६३] उदाहरणका लागि, भोजपुरमा वाईसीएलका एक सय जनाभन्दा धेरै पूर्णकालीन कार्यकर्ताहरू हुँदाहुँदै पनि (हेर्नुहोस् पादटिप्पणी ६७) दुईओटा गाविसहरूमा मात्र केही कार्यकर्ताहरू एकसाथ बसेका छन्। धनकुटामा वाईसीएलको गतिलो सक्रियता छ, तर त्यहाँ उनीहरूको शिविर रहेको कुनै सङ्केत पाइँदैन। पाँचथरमा माओवादी नेताहरूको भनाइमा वाईसीएलका एक हजारभन्दा धेरै सदस्यहरू भए पनि पूर्णकालीन कार्यकर्ताहरू भने १५ जना मात्र छन्। क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, जनवरी-फेब्रुअरी २०१०।

[६४] उदाहरणका लागि, मातृकाको नेकपा (माओवादी) का धनुषा इन्चार्जको दाबीअनुसार माओवादीका हालका जिल्ला इन्चार्जलगायत धेरै माओवादी कार्यकर्ताहरूले पार्टीबाट अस्पताल र रेलवे प्रशासन जस्ता ठाउँमा जागिर पाएकाले उनीहरू मातृका समूहमा नआएका हुन्। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, जनकपुर १६ अक्टोबर २००९। मातृका यादव एनेकपा (माओवादी) बाट फेब्रुअरी २००९ मा फुटेर गएका हुन् र उनले आफ्नो पुनर्गठित पार्टीलाई असली नेकपा (माओवादी) भएको जोड दिँदै आएका छन्। क्राइसिस ग्रुपसँग टेलिफोन अन्तर्वार्ता, नेकपा (माओवादी) केन्द्रीय नेता, जून २००९। यस रिपोर्टमा नेकपा (माओवादी) भन्नाले एकता केन्द्र (मसाल) सित मिलेर एनेकपा (माओवादी) बन्नुअघिको नेकपा (माओवादी) नभई (हेर्नुहोस् पादटिप्पणी ७१) मातृका यादवको पार्टीलाई जनाउँछ।

[६५] क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, भोजपुर र बाँके, जनवरी-फेब्रुअरी २०१०।

[६६] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, एमाले जिल्ला अध्यक्ष, ताप्लेजुङ, ४ फेब्रुअरी २०१०।

[६७] उदाहरणका लागि, भोजपुरमा माओवादीहरू आफूहरूले द्वन्द्व ताका कब्जा गरेको जग्गाको उब्जनीमा निर्भर रहेकाले जग्गा फिर्ता गर्न नसक्ने तर्क दिन्छन्। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, वाईसीएल जिल्ला नेता, भोजपुर, जनवरी २०१०। तर समग्रमा जनवरी २०१० सम्ममा थोरै मात्र जग्गा फिर्ता गर्न बाँकी थियो। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, प्रजिअ, जनवरी २०१०। नेपाली काङ्ग्रेसका नेताहरूले फिर्ता नभएका केही जग्गा मात्र देखाउन सके। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, जनवरी २०१०। दाङमा माओवादीहरूले कब्जा गरेका जग्गा अँधियामा लगाएका छन्। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, पत्रकार, दाङ, फेब्रुअरी २०१०।

[६८] क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, एमाले जिल्ला नेता, लमजुङ, अप्रिल २००९। एमाले उपाध्यक्ष , भोजपुर, जनवरी २०१०। नेका सचिव, सल्यान, फेब्रुअरी २०१०।

लागि छुट्टै चन्दा उठाउने गरिन्छ।[६९] माओवादीहरूले नियमित आयस्ताका कानुनी स्रोतहरू पनि फेला पारेका छन्।[७०]

माओवादी पार्टीमा नेकपा (मार्क्सवादी-लेनिनवादी-माओवादी), एकता केन्द्र (मसाल) र नेकपा (एकीकृत) को विलयले उनीहरूको देखिएको शक्ति र टिकाउपनलाई नै पुट दिएको छ।[७१] माओवादी पार्टीमा समाहित हुने तीनओटा साना वामपन्थी पार्टीहरूका लागि यो बहुतै राम्रो कुरा हो, किनभने उनीहरूका दृष्टिमा माओवादी पार्टीले अधिकांश वामपन्थी भोट प्राप्त गर्न सक्नेछ। माओवादीहरूका लागि यसो गर्नु सैद्धान्तिक भिन्नतालाई व्यावहारिक ढङ्गले सल्ट्याउन सक्ने उनीहरूको क्षमता प्रदर्शन गर्न सक्नु हो र क्रान्तिमा छुट्टाछुट्टै पाराले भाग लिए पनि त्यसभन्दा माथि उठेर अगाडि बढ्नु हो।

## ४. बदलिसकेको वा बदलिँदै गरेको?

माओवादीहरूको रूपान्तरण अरू पार्टीहरूका लागि प्रमुख चासोको विषय हो। उनीहरू एनेकपा (माओवादी) "सामान्य" पार्टीमा रूपान्तरित भएको हेर्न चाहन्छन्।[७२] सङ्क्षेपमा यसको अर्थ हो माओवादीहरूले विद्यमान राजनीतिक अभ्यासका चलनलाई स्वीकार्नुपर्छ, क्रान्तिकारी लक्ष्य छाड्नुपर्छ र हिंसालाई सदाका लागि परित्याग गर्नुपर्छ।

तर माओवादीहरूले खोजेका राज्यको रूपान्तरणको प्रश्न पनि कम महत्त्वको छैन। अरू राजनीतिक पार्टीका नेताहरूले बुझ पचाए पनि वास्तविकता के हो भने शान्ति प्रक्रियाले माओवादीहरूको मात्र होइन राज्य र राजनीतिक संस्कारको पनि रूपान्तरण खोजेको थियो। माओवादीबिना गणतन्त्र आउने थिएन, संविधानसभा हुने थिएन, सङ्घीयता हुने थिएन र नेपाली राजनीतिमा आधारभूत परिवर्तनको कुनै आशा हुने थिएन। तर के माओवादीहरूले आफूहरूले खोजेका रूपान्तरणका एजेन्डालाई बिर्सेका हुन् त?[७३]

## ग. युद्धको पुनरावृत्ति हुने डर

शान्ति सम्झौतामा हस्ताक्षर भएको चार वर्ष नाघिसकेको छ र यसअघि राजनीतिक वातावरण यतिविघ्न ध्रुवीकृत थिएन जति अहिले भएको छ। ठूला पार्टीभित्रका गुटहरूका साथै ससाना समूहहरू शान्ति प्रक्रियाका मुख्य-मुख्य बुँदाहरूमा संशोधन हुनुपर्ने माग खुलेरै गरिरहेछन्।[७४] रक्षामन्त्री विद्या भण्डारी नेपाली सेनाका अति चर्को र आज्ञाकारी प्रवक्ताका रूपमा देखिएकी छन् र उनले कुनै पनि प्रकारको सैन्य समायोजनको विरोध गर्दै आएकी छन् तथा सेनाले नयाँ भर्ना लिन थालेकोमा त्यसको प्रतिरक्षा गर्दै आएकी छन्।[७५] माओवादी नेता मोहन वैद्य पनि पार्टीको वर्तमान रणनीतिको पुनरावलोकन हुनुपर्ने कुरामा जोड

---

[६९] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, गैरसरकारी संस्थाका निर्देशक, ताप्लेजुङ, फेब्रुअरी २०१०।

[७०] बाँकेका एक मानवअधिकारकर्मीका अनुसार बाबुराम भट्टराई अर्थमन्त्री हुँदा उनले ल्याएको कमाएको सम्पत्तिको स्रोत नखोजिने स्वयं कर घोषणाको नीतिबाट लाभ उठाएर माओवादीहरूले द्वन्द्व कालमा जम्मा पारेका पैसालाई वैध तुल्याए र अहिले उनीहरू त्यही पैसा लगानी गरिरहेछन्। नेपालगन्जको एउटा अस्पताललाई देखाउँदै उनले भनेः "उनीहरूका बुटवल, धनगढी जहाँसुकै अस्पतालहरू छन्। माओवादीहरूसित पैसा छ र उनीहरू घर, जग्गा र अरू थोक किनिरहेछन्।" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, नेपालगन्ज, फेब्रुअरी २०१०।

[७१] नेकपा (मा) र नेकपा (मालेमा) २००७ मा मिसिएर एउटै भए। "CPN-M, CPN-MLM to unite today", ekantipur.com, २४ सेप्टेम्बर २००७। नेकपा (मा) को नाम एकीकृत नेकपा (मा) भयो र जनवरी २००९ मा एकता केन्द्रसँग मिलेपछि भने एनेकपा (माओवादी) भयो। क्राइसिस ग्रुप रिपोर्ट, *नेपालको धर्मराउँदो शान्ति प्रक्रिया,* माथि उल्लेखित, पाद टिप्पणी २। नेकपा (एकीकृत) पनि अप्रिल २०१० मा माओवादीमा विलय भयो। "CPN (Unified) in Maoist fold", *The Kathmandu Post*, ४ अप्रिल २०१०।

[७२] राजनीतिक दलका रूपमा माओवादीलाई आम रुपमा स्वीकारिएको बारे हेर्नुहोस् क्राइसिस ग्रुप रिपोर्ट, *नेपाको भविष्यः कसको हातमा?,* माथि उल्लेखित, पृ. ३७। हिमाल मिडियाले सन् २०१० मा गरेको सर्वेक्षणअनुसार ७५.३ प्रतिशत उत्तरदाताहरूले माओवादी र वाईसीएलको बानीबेहोरा सुध्रिएको बताए, २४.१ प्रतिशतले उनीहरूलाई अरू पार्टीझैं शान्तिपूर्ण पार्टी बताए, २३.७ प्रतिशतले माओवादीहरूलाई अझै पनि हतियारमै विश्वास प्रयोग गर्ने पार्टी बताए। ६७.५ प्रतिशतले कुनै न कुनै रूपमा माओवादीहरूले हतियार र हिंसा त्यागिसकेका विश्वास व्यक्त गरेका छन्। "जनता परिवर्तन चाहन्छन्", माथि उल्लेखित।

[७३] पक्कै पनि यस सवालले सबै तहका माओवादी कार्यकर्ताहरूलाई पिरोलेको छ। धेरैले संविधानसभा र गणतन्त्र जस्ता युद्धपछिका परिवर्तनलाई महत्त्वपूर्ण उपलब्धिका रूपमा हेरेका छन् र के विश्वास गर्छन् भने माओवादी पार्टी अझसम्म मूलभूत रूपान्तरणको पक्षमा अडिग छ। वाईसीएलका एक जना इन्चार्जले भनेः "हामीले क्रान्तिलाई परित्याग गरेका छैनौं। हामीहरू अझै आधारभूत परिवर्तनका लागि सङ्घर्षरत छौं। हामीले संविधानसभा र गणतन्त्र प्राप्त गरिसकेका छौं।" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, वाईसीएल नेता बाँके, फेब्रुअरी २०१०। तर गहिरो विवाद अझै छ। उदाहरणका लागि, सल्यानमा एक जना माओवादी विद्यार्थी नेताले युवा कार्यकर्ताहरू राष्ट्रिय तहका नेताहरूले क्रान्तिकारी मुद्दा समातिरहेका छन् वा छैनन् भनी चनाखो भइरहनु जरुरी छ। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, फेब्रुअरी २०१०।

[७४] मार्च २०१० मा निक्लेको नेपाली काङ्ग्रेस सम्बद्ध एउटा साप्ताहिक पत्रिकाले माओवादी र अन्य पार्टीहरूबीच भएको गतिरोध सुल्झाउन असम्भव भएबाट सन् १९९० को संविधानलाई बिउँताएर संवैधानिक रिक्तता समाप्त गर्नुपर्छ भन्ने सुझाउ दिँदै मुख्य समाचार छापेको थियो "२०४७ को संविधान नै विकल्प हो" *पुनर्जागरण,* ३० मार्च २०१०। सोही सवालमा *नेपाली टाइम्स* अनलाइनको पाठक सर्वेक्षणले सम्झौताबारे सुरुका आशङ्काहरू सत्य साबित भएको देखाएको छ भनेको छ। त्यस सर्वेक्षणका ६२ प्रतिशत उत्तरदाताहरूले माओवादीहरूसित सन् २००५ मा बाह्र बुँदे सम्झौता गर्नु गलत थियो भनेका थिए।" ६२ प्रतिशत जनताले भने गिरिजाले माओवादीसँग गरेको सम्झौता गल्ती थियो", ऐ.ऐ.। बाह्र बुँदे सम्झौता हुनुअघि त्यस उपर छलफल चलिरहेका बेला बाबुराम भट्टराईका निजी सहयोगी रहेका विश्वद्वीप पाण्डेले सम्झौताका विरोधीहरूको आलोचना गर्दै त्यो सम्झौता सम्बन्धित राजनीतिक नेताहरूबाट गरिएको सच्चा प्रयत्नमा आधारित छ (र उनले आफ्नै ल्यापटपमा त्यसको मस्यौदा गरेको स्मरण पनि गराए)। "बाह्र बुँदेका विरोधी", *नागरिक,* ७ जनवरी २०१०।

[७५] उदाहरणका लागि, रक्षामन्त्री भण्डारीले सेना समायोजनका बारेमा प्रधानमन्त्री नेपाललाई सार्वजनिक रूपमा नै चुनौती दिए। "Defence Minister defies PM-led Special Committee", *The Kathmandu Post*, २० जनवरी २०१०। On army recruitment: "Defense Minister wants CPA reviewed", *Republica*, ८ अक्टोबर २००९।

दिइरहेका छन्।[७६] खुला राजनीतिप्रतिको माओवादीहरूको प्रतिबद्धता उपर धेरैको शङ्का छ।[७७] कोही-कोही त हिंसात्मक द्वन्द्वको पुनरावृत्ति हुने विचार प्रकट गर्न लागेका छन्। पहिले-पहिले सेनाभित्र र काठमाडौंका मध्य र उच्च वर्गमाझ मात्र सेना परिचालनको कुरा गर्ने राजनीतिक नेताहरू अहिले खुलेरै त्यस्ता कुरा गरिहिँडेका छन्।[७८] प्रेसमा "श्रीलङ्का मोडेल" र "बाङ्लादेशी मोडेल" बारे चर्चा हुन थालेको छ।[७९] प्रधानमन्त्री नेपाल र कतिपय मन्त्रीहरूले माओवादी आन्दोलनलाई दबाउन सेना परिचालन गरिने धम्की अनेक अवसरहरूमा दिँदै आएका छन्।[८०]

माओवादी र राज्य दुवैका तर्फबाट भइरहेको सैनिकीकरणले के कुराको चिन्तापूर्ण स्मरण गराउँछ भने पहिले लडाइँमा भिडेका यी दुई पक्ष द्वन्द्व फेरि सुरु हुने सम्भावना देखेर आफूलाई तम्तयार राखिरहेछन्। शिविरहरूमा रहेका जनमुक्ति सेनाबाहेक अहिले यङ कम्युनिस्ट लिग हाँक्ने समूह सजिलै सशस्त्र जत्थाहरूमा परिणत हुन सक्नेछन्। राज्यले आफ्नो सुरक्षा बलको क्षमतामा वृद्धि गरिरहेको छ, खासगरी विद्रोहको प्रतिकार गर्ने दिशामा। सन् २०१० को मार्च र अगस्ट महिनाको बीचमा सशस्त्र प्रहरी बलले आफ्नो सङ्ख्या बढाएर २५,००० बाट ३१,००० पुऱ्यायो।[८१] यसले भारतबाट हातहतियार र गोलीगट्टाहरू पनि आयात गऱ्यो।[८२] सेनाले हालको आफ्नो सङ्ख्यात्मक शक्ति कायम राख्न पदिकको भर्ना खोलेको छ।[८३] सेनाध्यक्ष गुरुङले यसअघि "नेपाली सेनालाई सुदृढ बनाउन द्वन्द्व भएको अवस्थामा शान्ति सुरक्षा कायम गर्नका लागि तयारी हो" भनेको उद्धृत गरिएको छ।[८४] सेनाले आफ्नो दस वर्षे रणनीतिक योजनाका लागि ११८ अर्ब रुपियाँको थप रकम माग गरेको छ, त्यसमा दसओटा हेलिकोप्टर खरिद गर्ने योजना पनि समावेश छ।[८५] नेपाली सेनाले त्यस्तो कुनै पनि संरचनात्मक परिवर्तनलाई स्वीकार्ने छैन जसका कारण आफ्नो स्वायत्ततामा कटौती हुन्छ भन्ने उसलाई लाग्दछ।

तथापि न माओवादी न त सेना नै फेरि युद्ध थाल्न तत्पर देखिन्छन्। माओवादीले युद्ध थाल्नुपर्ने कुनै कारण छैन। उनीहरू स्थानीय राजनीतिमा बलियोसित स्थापित भएका छन् र भविष्यमा हुने निर्वाचनहरूमा पनि उनीहरूले राम्रै स्थान बनाउन सक्ने सम्भावना छ। नेपाली सेनालाई अनुदार पार्टीका केही नेताहरूको र काठमाडौंका उच्च वर्गको निकै ठूलो हिस्साको समर्थन प्राप्त भएको होला, तर दिल्लीको इसारा बेगर नेपाली सेना युद्ध सुरु गर्ने काममा तम्सिँदैन। अनि अति चरम परिस्थिति नआई दिल्लीले पनि मुन्टो हल्लाउने छैन। दिल्लीले माओवादीहरूलाई आफ्नो सुरक्षाका लागि खतराकै रूपमा हेरिरहेको छ। तैपनि दिल्लीले सैनिक कार्बाहीको समर्थन त्यतिखेर मात्रै गर्दछ जतिखेर सरकारबाहिर रहेका माओवादीहरू तथा राज्यबीच अति उच्च तहको राजनीतिक भिडन्त हुन्छ र त्यसमा माओवादीहरू विजयी हुने बलियो सम्भावना रहन्छ। भारतमा नक्सलवादी समस्या बढ्ने क्रममा भए पनि त्यसका कारण नेपालका माओवादी उपरको दिल्लीको नीतिमा अहिलेसम्म परिवर्तन आएको छैन, तर नक्सलवादीहरूसितको वास्तविक वा काल्पनिक सम्बन्धलाई कारण बनाएर सैनिक हस्तक्षेप हुन बेर पनि लाग्दैन।

माओवादीहरूलाई युद्ध फेरि नथाल्नुमै फाइदा छ र उनीहरूले सेनालाई युद्धनिम्ति जानाजान ठेलेर कुनामा पुऱ्याउने छाँट पनि देखिँदैन। तर उनीहरू एकताबद्ध रहिरहेसम्म र पूर्णतः हतियारविहीन नभएसम्म हिंसात्मक प्रतिक्रिया ननिम्त्याई कतिन्जेल उनीहरूलाई पाखा लगाइराख्न सकिन्छ त्यो पनि विचारणीय छ। संविधानसभामा सबभन्दा ठूलो पार्टी भएकाले जनताबाट सरकारको नेतृत्व गर्ने अनुमोदन पाएको दाबी उनीहरूको छ र शान्तिपूर्ण विकल्पहरू बाँकी नरहेपछि उनीहरूले हालको रणनीति उपर पुनर्विचार गर्नेछन्। स्थानीय तहमा भएको उनीहरूको

[७६] उदाहरणका लागि, बहुदलीय लोकतन्त्रमार्फत जनगणन्त्रतर्फ जाने अक्टोबर २००५ को केन्द्रीय कमिटीको निर्णयको उनी आलोचक रहेका छन्। "माओवादीको आन्तरिक द्वन्द्वः अलमलमा शान्तिपूर्ण कार्यनीति", *मूल्याङ्कन,* अगस्ट २०१०। अक्टोबर २००५ को चुनवाङ बैठक र सन् २००५ को बाह्र बुँदे सम्झौता सम्बन्धमा त्यसको महत्त्वबारे हेर्नुहोस् क्राइसिस ग्रुप रिपोर्ट, *नेपालका माओवादीहरू विशुद्धतावादी कि व्यवहारवादी?,* माथि उल्लेखित, पृ. ५।

[७७] उदाहरणका लागि, पुरुषोत्तम काफ्ले, "अर्को शक्तिखोर प्रकरणः विद्रोहबाट सत्ता र सेनामाथि नियन्त्रण गर्न प्रचण्डको निर्देशन", *राजधानी,* ८ मार्च २०१०। नेका समर्थक एउटा साप्ताहिक पत्रिकाले माओवादीहरूले मे २०१० मा काठमाडौंमा गर्न लागेको विरोध कार्यक्रमा उनीहरूले "नापाम बम" को प्रयोग गर्ने तयारी गरेको चेतावनी दिएको थियो। "नापा बमको प्रयोग गरिने", *घटना र विचार,* २८ अप्रिल २०१०। प्रचण्डलाई पोलपोटको रूपमा प्रस्तुत गर्दै प्रदीप नेपालले लेखेका थिए, "एक्काइसौं शताब्दीका पोलपोटहरू", *नयाँ पत्रिका,* ३ मे २०१०।

[७८] यो विशेषतः माओवादीहरूको मे २०१० को विरोध कार्यक्रम हुनअघि चलेको कुरा थियोः "सेना परिचालन हुन सक्छ", शङ्कर पोखरेलसँगको अन्तर्वार्ता, *दृष्टि,* २७ अप्रिल २०१०। राजेन्द्र थापा, "सेना परिचालन संवैधानिक? असंवैधानिक?", *राजधानी,* २७ अप्रिल २०१०।

[७९] हेर्नुहोस् क्राइसिस ग्रुप रिपोर्ट, *नेपालको भविष्यः कसको हातमा?,* माथि उल्लेखित, पृ. १६। "बाङ्लादेश मोडेल" आवश्यक छ भन्दै *पुनर्जागरण* ले मुखपृष्ठमा लेखेको थियोः "चाहिन्छ सकरात्मक सैनिक हस्तक्षेप", १८ मे २०१०। सेनाको हस्तक्षेपको माग *Spotlight* को बहुलट्ठी प्रकाशकीयमा र दक्षिणपन्थी ठिस विचारको प्रतिनिधित्व गर्ने *पिपुल्स रिभ्यु* मा बरोबर आउने गर्थ्यो। तर त्यस्तो माग पुनर्जागरण र पार्टीहरूसित सम्बद्ध मूलधारका अरू प्रकाशनहरूबाट हुनुले नैराश्यको निराशाको चरमलाई देखाउँछ।

[८०] उदाहरणका लागि, "Govt tells army to brace itself", *The Kathmandu Post*, २८ अप्रिल २०१०।

[८१] "MoF okays APF recruitment", *Republica*, १० मार्च २०१०। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, सशस्त्र प्रहरी बलका अधिकारी, सेप्टेम्बर २०१०।

[८२] "Arms import not against CPA: Rawal", *Republica*, २१ फेब्रुअरी २०१०। *नयाँ पत्रिका* का अनुसार अप्रिल २००८ देखि यता नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका निम्ति हातहतियार र सुरक्षा सामग्रीहरू माओवादी नेतृत्वको सरकारका बेला कम्तीमा तीन पटक समेत गरिकन जम्मा १३ पटक आयात गरिएको छ। "दुई वर्षमा १३ पटक हतियार खरिद", *नयाँ पत्रिका,* १३ मे २०१०।

[८३] २ अगस्ट २०१० मा नेपाली सेनाले ३,४६४ जना जवानका लागि भर्ना खोल्दा ५० हजारभन्दा बढी उम्मेदवारहरूले आवेदन दिएका थिए। "57,513 apply for 3,464 NA vacancies", *Republica*, ९ सेप्टेम्बर २०१०।

[८४] "NA recruitment must continue: CoAS", *Republica*, १७ फेब्रुअरी २०१०।

[८५] "Army seeks Rs. 118b for strategic plan", *Republica*, ११ मार्च २०१०।

हकडक र त्यससित गाँसिएर आउने उनीहरूको सङ्गठनलाई भरथेग गर्ने आर्थिक पक्षमाथि चुनौती आउने अवस्थामा उनीहरूले हिंसात्मक प्रतिक्रिया जनाउन सम्भव छ।

## ३. अब हुने लडाइँ

शान्ति सम्झौता भएपछि लडाकू समूहहरू झनै बढी टड्कारो गरी सामुन्ने आएका छन्। जातीय सङ्गठनका लडाकू कार्यकर्ताहरू र राजनीतिक पार्टीका युवा दस्ताहरू बलमिचाइ गरेर हडताल गर्नेदेखि लिएर जबर्दस्ती चन्दा असुली, अपहरण, हत्या र ठेक्कापट्टाका लागि हुने भिडन्तमा संलग्न छन्। जातीय राजनीति बोकेका ससाना सशस्त्र समूहहरू प्रायः स्वतन्त्र रूपमै क्रियाशील छन्, तर त्यसबाहेकका अधिकांश हिंसाका घटनाहरूमा मूलधारका राजनीतिक पार्टीहरूको या त अप्रत्यक्ष सहमति रहेको पाइन्छ या होइन भने उनीहरूको प्रत्यक्ष समर्थन रहेको हुन्छ।

नेपालमा सबै कुरा राम्रा छैनन्, तर सबै नराम्रा कुरा नयाँचाहिँ होइनन्। अपराधी र राजनीतिको साँठगाँठ द्वन्द्वपश्चात् उत्पन्न भएको नौलो घटना होइन। विशेषतः तराईमा रैथाने नेताहरू र जमिन्दारहरूले स्थानीय राजनीतिमा आफ्नो पकड राखिराख्न पहिल्यैदेखि अपराधी समूहहरूलाई उपयोग गर्दै आएका छन्।[८६] राष्ट्रव्यापी तवरमा राजनीतिक पार्टीहरूद्वारा आफ्ना प्रतिद्वन्द्वीलाई तर्साउन, चुनाव आफ्नो पक्षमा पार्न र सरकारी ठेक्कापट्टा हात पार्न हिंसाको सीमित प्रयोग सन् १९९० को दशकको सुरुदेखि नै हुने गरेको हो। मध्य पश्चिमको एउटा जिल्लाका एक जना काङ्ग्रेसी नेताको भनाइ यस्तो थियोः "हामी सबैले हिंसाको सहारा लिएका छौं। एमालेले पनि लिएको छ। सन् १९९७ को स्थानीय निर्वाचनमा त एमाले माओवादीहरूभन्दा पनि खतम थियो। उनीहरूले मलाई मेरो निर्वाचन क्षेत्रको कुनै पनि गाउँमा जान दिएनन्।[८७] त्यसै जिल्लाका एमालेका युवा नेताले यस कुरालाई सकार्दै भनेः "चुनावका बेला सबैले हिंसाको सहारा लिन्छन्।"[८८] तसर्थ प्रमुख प्रश्न के हो भने सन् २००६ पछि राजनीतिक हिंसा गुणात्मक र परिमाणात्मक हिसाबले के कति फरक छ जसले गर्दा नयाँ सशस्त्र द्वन्द्वको सम्भावना बढ्न गएको छ।

परम्परागत उच्च वर्गले सिमान्तीकृत समूहहरू आफ्ना हकअधिकारका लागि जागेका र आफ्ना विशेषाधिकार खस्केको देखेर यस प्रक्रियालाई नकारात्मक रूपमा हेर्नु नौलो कुरा होइन। यसप्रकारका सामाजिक परिवर्तन र कमजोर हुँदै गएको सार्वजनिक सुरक्षालाई उनीहरूले जोडेर हेर्नु पनि स्वाभाविक हो। केही हदसम्म ती दुईको सम्बन्ध नभएको होइन, तर हिंसाका अत्यन्त खराब घटनाहरू दुवैतर्फका उच्च वर्गबीचको सङ्घर्षमा भएका कुरालाई बिर्सन हुँदैन।

---

[८६] Frederick Gaige, *Regionalism and National Integration in Nepal* (बर्कले, १९७९), पृ. १४५-१४६।

[८७] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, नेपाली काङ्ग्रेस जिल्ला सचिव, सल्यान, फेब्रुअरी २०१०।

[८८] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, प्रजातान्त्रिक राष्ट्रिय युवा सङ्घ नेता, सल्यान, २० फेब्रुअरी २०१०।

## क. राजनीतिक भूचित्र

हिंसाका घटनाहरू निकै धेरै भएका छन्, तर सर्वेक्षणहरूले त्यस्ता घटना वृद्धि नभएको देखाएका छन्।[८९] इन्सेकका अनुसार सन् २००९ मा ४७३ जना मारिएका थिए, जसमध्ये अधिकांश तराईमा मारिएका थिए। कतिपय अवस्थामा अपराधीहरूको पत्ता लाग्दैन, तर धेरैजसो हत्याका घटनामा राजनीतिक समूहहरू जिम्मेवार थिए। तराईका सशस्त्र समूहहरू २५ ओटा हत्याका जिम्मेवार थिए भने माओवादीहरू तीनओटामा र एमालेको युथ फोर्स तथा थरुहट स्वायत्त राज्य परिषद् एक-एकओटा हत्यामा। धेरै मान्छे मार्नेमा राज्य नै पहिलो स्थानमा थियो, ४१ हत्यामा राज्य जिम्मेवार थियो।[९०] संयुक्त राष्ट्र मानवअधिकार उच्चायुक्तको कार्यालयले जनवरी २००८ देखि जून २०१० सम्ममा सङ्कलन गरेको तथ्याङ्कअनुसार राज्यद्वारा गरिएको गैरन्यायिक हत्याको सङ्ख्या ५७ थियो।[९१]

स्थानीय र क्षेत्रीय स्तरमा असुरक्षाको आआफ्नै खाले परिस्थित छ। उदाहरणका लागि, सशस्त्र समूहहरू र माफिया शैलीको हिंसा पूर्वी र मध्य तराईमा व्याप्त छ। युद्धविरामपछिको समयमा अन्य भाग हेरी यस क्षेत्र हिंसाबाट बढी आक्रान्त बनेको छ तथा हत्या, जबर्दस्ती चन्दा असुली र फिरौतीका लागि गरिने अपहरणका घटनाहरू छ्यास्छ्यास्ती भएका छन्।[९२] पूर्वी नेपालका पहाडी क्षेत्र र पश्चिम नेपालको तराई इलाकाचाहिँ जातीय आन्दोलनबाट उत्पन्न अशान्तिको सिकार बनेका छन्। विद्यार्थी चुनावका कारण पार्टीगत झडपहरूको प्रभाव देशभरि नै परेको थियो, विशेषतः नगर तथा शिक्षण संस्थाहरू थुप्रिएका जिल्ला सदरमुकामहरूमा यसको प्रभाव बढी रह्यो। बन्द र चक्काजामले यात्रा गर्ने जनसाधारण र राजमार्ग छेउछाउ बसोबास गर्नेहरूलाई नराम्रो असर पार्छ।[९३] बन्द र चक्काजामको अवधि तन्किएमा चाहिँ वस्तु आपूर्तिमा कमी हुन गई जनसङ्ख्याको निकै ठूलो हिस्सासमेत प्रभावित हुन्छ।

शान्ति प्रक्रियामा यस हिंसाको कस्तो प्रभाव पर्ला भनी मूल्याङ्कन गर्न गाह्रो छ। एउटा सानो नपत्याउने समूहबाट माओवादीहरूको जुन ढङ्गको अनपेक्षित उत्थान भयो त्यसलाई सङ्केत मान्ने हो भने अहिले देखा परेका १०० भन्दा बढी सशस्त्र समूहमध्ये कुनै पनि समूह सम्भावित द्वन्द्वको कारण बन्न सक्छ। धेरै जना यसैलाई आधार बनाएर विश्लेषण गर्दछन्। तर माओवादीसँग यी समूहहरूको तुलना हुन सक्तैन। यी नयाँ समूहहरूका लक्ष्य र रणनीतिहरू आधारभूत रूपमा फरक छन्। त्यसैगरी तिनका कार्यकर्ताहरूको अपेक्षा पनि फरक छन्, चर्किएको हिंसालाई उनीहरू कसरी हेरिरहेछन् त्यो यकिन भन्न सकिन्न।

### १. नयाँ देखा परेका पात्रहरू

**राजनीतिक पार्टीका युवा दस्ताहरू।** सन् २००६ पछि निकै पार्टीहरूले आफ्ना युवा दस्ताहरूको विस्तार गरे तथा उनीहरूलाई जुझारु स्वरूप दिने प्रयास गरे।[९४] तिनमध्ये यङ कम्युनिस्ट लिग र युथ फोरम अत्यधिक सक्रिय युवा सङ्गठन मानिन्छन्। सन् २००८ को संविधानसभाको चुनाव र सन् २००९ को उपचुनावमा यी दुवै सङ्गठन आक्रमक देखिए र आपसी झडपका सिकार पनि भए।[९५] राजनीति प्रेरित

---

[८९] तल हेर्नुहोस्, खण्ड ४.क।

[९०] "नेपाल मानवअधिकार वर्ष पुस्तक २०१०", इन्सेक, फेब्रुअरी २०१०।

[९१] "Investigating allegations of extra-judicial killings in the Tarai", ओएचसीएचआर नेपाल, जुलाई २०१०।

[९२] सन् २००७ मा भएका ५४५ मृत्युका घटनाहरूमध्ये २९७ (५४.५ प्रतिशत) र १,००७ अपहरणका घटनाहरूमध्ये ५२१ (५१.७ प्रतिशत) तराईका चितवनदेखि झापासम्मका १२ जिल्लाहरूमा भएका थिए। सन् २००८ मा भएका ५४१ मृत्युका घटनाहरूमध्ये २८२ (५२.१ प्रतिशत) र ७२९ अपहरणका घटनाहरूमध्ये ३६८ सो क्षेत्रहरूमा भएका थिए। सन् २००९ मा भएका ४७३ मृत्युका घटनाहरूमध्ये २१३ (४५ प्रतिशत) र २८१ अपहरणका घटनाहरूमध्ये १५८ (५६.२ प्रतिशत) उक्त बाह्र जिल्लाहरूमा भएका थिए। "नेपाल मानवअधिकार वर्ष पुस्तक २००८", इन्सेक, फेब्रुअरी २००८", "नेपाल मानवअधिकार वर्ष पुस्तक २००९", इन्सेक, फेब्रुअरी २००९ र "नेपाल मानवअधिकार वर्ष पुस्तक २०१०, इन्सेक, फेब्रुअरी २०१०।

[९३] "बन्द" लागू गरिने क्षेत्र र किसिम हेरी "बन्द" का किसिम धेरै छन्। "चक्काजाम" हुँदा खास-खास ठाउँमा यातायातका साधन चलाउन पाइँदैन। स्थानीय वा क्षेत्रीय "बन्द" हुँदा यातायातका साधन चलाउन नपाउनेदेखि बन्दव्यापार पनि ठप्प हुन्छन्। "नेपाल बन्द" हुँदा पूरा मुलुक नै ठप्प हुने गर्छ। "बन्द" बारे थप छलफलका लागि, हेर्नुहोस् खण्ड ३.ख.४।

[९४] एमालेको युथ फोर्स र मधेसी जनअधिकार फोरमको मधेसी स्वयंसेवकहरू (अहिले युवा मधेशी मञ्च) वाईसीएलको तर्फबाट आउन सक्ने खतराको जवाफमा खडा गरिएका हुन्। नेकाले "तरुण दस्ता" नामको लडाकू युवा सङ्गठन बनाउनेबारे लामो समयदेखि कुरा चलिरहेको छ। तर यसबारे पार्टीभित्र यथेष्ट विवाद छ। "Tarun Dasta against NC principle: Koirala", ekantipur.com, ११ जून २०१०; "Cong at variance over new squad", *The Kathmandu Post*, १३ जून २०१०। नेपाली काङ्ग्रेसका एक जना जिल्ला नेताले भनेः "हामी तरुण दस्ता खोल्ने कुराको विरोध गर्छौं। यस्ता कुरा तत्कालका लागि फाइदाजनक भए पनि यो विनाशकारी हुन्छ। अरूले पनि यही सिक्छन्।" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, धनकुटा, जनवरी २०१०। अधिकांश युवा दस्ताले आफूहरूले सार्वजनिक सुरक्षा दिएको दाबी गर्छन् र उनीहरूले सो उद्देश्य पूरा गरेकामा श्रेय दिने खालका समाचारहरू पनि आएका छन्। उदाहरणार्थः "Nepal at a crossroads: the nexus between human security and renewed conflict in rural Nepal", International Alert, अक्टोबर २००७; "YCL to help authorities nab crooks", *The Himalayan Times*, ९ मार्च २०१०। कहिलेकाहीं स्थानीय बासिन्दाहरूले समानान्तर ढङ्गबाट गरिने रखवारीको कामलाई राम्रो मान्ने गर्छन्। तर पनि त्यस्ता समूहहरूद्वारा गरिने हिंसात्मकलगायत अधिकांश क्रियाकलापहरू आफ्ना पार्टीका तात्कालिक उद्देश्य परिपूर्ति गर्ने खालका हुन्छन्।

[९५] डेमोक्र्याटिक एन्ड इलेक्सन एलाएन्स नेपाल (डीन) का अनुसार सन् २००८ मा भएको संविधानसभाको निर्वाचनको सिलसिलामा भएका ६४ प्रतिशत हिंसाका घटनाहरूका लागि राजनीतिक दलहरू प्रत्यक्षतः जिम्मेवार थिए। त्यसमा माओवादी र वाईसीएल ५९ प्रतिशत घटनाका जिम्मेवार थिए। १८ प्रतिशत घटनाका लागि एमाले जिम्मेवार थियो। ६७ प्रतिशत घटनाका सिकार यथार्थमा राजनीतिक पार्टीहरू नै भए। त्यसमा सबभन्दा धेरै नेका (३१ प्रतिशत), त्यसपछि एमालेका कार्यकर्ता (३० प्रतिशत) र त्यसपछि नेकपा (माओवादी) र वाईसीएलका कार्यकर्ता (२० प्रतिशत) हिंसाको सिकार भएका थिए। हेर्नुहोस् "संविधानसभाको निर्वाचन पर्यवेक्षणः मूल प्रतिवेदन" डीन, १० अप्रिल २००८। अप्रिल २००९ मा दुई जिल्लामा उपनिर्वाचन हुनुभन्दा अगाडि त्यहाँ वाईसीएल र युथ फोर्सबीच झडपहरू भएका संयुक्त राष्ट्रसङ्घीय निकाय मानवीय मामिला संयोजनसम्बन्धी

हिंसात्मक झडपहरू चुनावका बेला मात्र हुँदैनन्, राज्यको स्रोत साधन उपयोग गर्ने विषयमा पनि अक्सर झगडा हुने गर्छ। उदाहरणका लागि ठेक्कापट्टामा हुने हस्तक्षेपलाई लिन सकिन्छ।[९६] कुनै कुनै मामिलामा पार्टीको स्वार्थ के हो प्रस्ट हुँदैन। युवा दस्ताहरूबीचका कतिपय झैझगडा व्यक्तिगत खिचलोका कारण उत्पन्न भएका हुन्छन्, जसले पछि गएर संस्थागत रूप लिन्छ।[९७]

**तराईका सशस्त्र समूहहरू।** तराईमा अधिकांश हिंसात्मक घटनाहरू विभिन्न सशस्त्र समूहहरूका नाममा भएका छन्। तर ती कुनै पनि समूहहरूले ठूलो राजनीतिक एजेन्डा बोकेका छैनन्। सन् २००७ मा भएको पहिलो मधेसी आन्दोलनमा यस्ता दुई-चार समूहहरू मात्र सक्रिय थिए। तिनमा उल्लेखनीय जयकृष्ण गोइतको जनतान्त्रिक तराई मुक्ति मोर्चा (जतमुमो) र त्यसबाट फुटेर बनेको ज्वालासिंहको घटक थिए।[९८] अहिले आएर दर्जनौं समूहहरू उम्रेका छन्। ती कहिले आपसमा मिल्छन् कहिले फुट्छन्, जसले गर्दा उनीहरूबारे हिसाब राख्न असम्भव प्रायः छ।[९९]

**पूर्वी पहाड।** पूर्वी नेपालका पहाडी इलाकाहरूमा किराँत, खम्बुवान, लिम्बूवान स्वायत्त सङ्घीय राज्यहरूको माग राखेर चलेका जातीय आन्दोलनहरूमा अचेल अनेक थरी आवाजहरू सुनिन थालेका छन्। यिनमा सबभन्दा सक्रिय समूहमा सङ्घीय लिम्बूवान राज्य परिषद् (सलिराप) का अनेक गुटहरू पर्दछन्।[१००] अनि सर्वाधिक लडाकू आन्दोलनचाहिँ किराँत जनवादी वर्कर्स पार्टी देखिएको छ, तर यो पनि घटीमा तीन गुटहरूमा बाँडिएको छ।[१०१]

---

कार्यालय (ओचा) ले जनाएको छ। "OCHA Nepal Situation Overview", UN OCHA, १६ अप्रिल २००९।

[९६] युवा सङ्गठनहरूमा विशेष गरिकन वाईसीएल र युथ फोर्स सरकारी ठेक्कापट्टा "कब्जा गर्ने" काममा लागेका छन्। ठेक्कापट्टा उपर बारम्बार झगडा हुने गर्छ, तर प्रायः विभिन्न पार्टी र ठेकेदारहरूले कमिसनको भागबन्डा शान्तिपूर्वक मिलाउँछन्। हेर्नुहोस् खण्ड ३.ख.२ र ३.ख.३।

[९७] हेर्नुहोस् खण्ड ३.ख.३।

[९८] तराईका सशस्त्र समूहरूको प्रारम्भिक पृष्ठभूमिबारे हेर्नुहोस् क्राइसिस ग्रुप एसिया रिपोर्ट नं. १३६, *हिंसाको तापमा तराई*, ९ जुलाई २००७।

[९९] जिल्लास्तरका धेरै नेता र कार्यकर्ताहरूले पार्टी छाडेर आफ्नै डफ्फा बनाएका छन् वा राजनीतिक आवरणबिना नै काम गरिरहेका छन्। "प्रत्येक दिनजसो 'राजन समूह' र 'रणवीर समूह' जस्ता नयाँ-नयाँ समूहहरू देखा पर्ने गर्छन्। चार-पाँच जना मिल्यो, एउटा पिस्तोल लिएर मान्छे मार्‍यो अनि आफूलाई 'समूह' भनेर चिनायो।" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, पथलैया, ५ अप्रिल २००९। गोइत जस्ता सुरुका केही नेता र केही हदसम्म ज्वाला सिंह जस्ता नेताको अहिले पनि महत्त्वपूर्ण स्थान छ। तर ती नेता र तिनका कार्यकर्ताहरूबीचको सङ्गठनात्मक सम्वन्ध बडो फितलो छ। विलयनको माध्यमद्वारा गुटबन्दी हुन नदिने प्रयासबारे आउने समाचारहरू प्रायः विरोधाभासपूर्ण हुने गर्छन्। तिनले फितलो गठबन्धन, संयोजनको अभाव र नेतृत्वको अस्पष्ट संरचनालाई प्रतिबिम्बित गर्दछन्। गोइतको नेतृत्वमा १३ ओटा समूहहरूलाई एकै ठाउँमा ल्याएर संयुक्त तराई मुक्ति मोर्चा (संतमुमो) बनाउने गम्भीर प्रयत्न भएको बुझिएको छ। त्यसमा ज्वाला सिंह नपरे पनि उनका धेरै कार्यकर्ताहरू रहेका बताइन्छ। सशस्त्र समूहका समर्थकसित क्राइसिस ग्रुपको अन्तर्वार्ता, काठमाडौं, फेब्रुअरी २०१०। अहिलेसम्म संतमुमोले कुनै पनि राजनीतिक क्रियाकलाप गरेको पाइएको छैन र त्यसका घटकहरूको सङ्गठनात्मक कमीकमजोरीलाई हेर्दा व्यवहारमा त्यस्तो एकता हुने नहुने प्रस्ट छैन।

[१००] अहिले तीनओटा सङ्घीय लिम्बूवान राज्य परिषद्हरू छन्: एउटा सङ्जुहाङ पालुङ्वाले नेतृत्व गरेको संलिराप (पी), अर्को कुमार लिङदेनले नेतृत्व गरेको संलिराप (एल) र तेस्रो मिसेक हाङले नेतृत्व गरेको संलिराप (क्रान्तिकारी)। यिनीहरू मूलतः झापा, इलाम, पाँचथर र ताप्लेजुङमा क्रियाशील छन्, जहाँ उनीहरूले चर्को हडताल गर्ने गरेका छन् र यातायात क्षेत्र तथा खास गरिकन अलैंची व्यापारमा (प्रतिट्रक करिब ६० हजार रुपियाँ) कर उठाउँछन्। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, पाँचथर, अगस्ट २००९ र फेब्रुअरी २०१०। तीनओटै समूहका लिम्बूवान स्वयंसेवकहरू भनेर चिनिने युवा सङ्गठनहरू छन्। तिनीहरूलाई चन्दा उठाउन र विशेषतः झापामा स्थानीय वादविवादमा बाहुबल प्रदान गर्न उपयोग गरिन्छ। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, सेप्टेम्बर २००९। संलिराप (पी) र संलिराप (क्रान्तिकारी) संसदीय प्रणालीबाहिर सञ्चालित छन् भने संलिराप (एल) ले सङ्घीय लोकतात्रिक राष्ट्रिय मञ्च (संलोरामं) नामक छाता सङ्गठनअन्तर्गत संविधानसभाको चुनाव लडेको थियो। त्यसका साथै संलिराप (पी) का कार्यकर्ताहरू आफूलाई लिम्बूवान आन्दोलनको संस्थापन पक्षको प्रतिनिधि भएको दाबी गर्दछन्। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, संलिराप (पी) का कार्यकर्ताहरू, झापा, फेब्रुअरी २०१०। तीनओटै संलिरापहरूले चर्का लडाकू नारालाई क्रमिक रूपमा छाड्दै गएका छन् र जातीय मेलमिलापमा जोड दिन थालेका छन्। तिनका अगुवाहरू स्वायत्त लिम्बूवान प्रदेशमा सबै जातीय समूहहरूलाई समान अधिकार प्रदान गरिने कुरा बताउँछन्। क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, झापा, पाँचथर, ताप्लेजुङ, सेप्टेम्बर २००९-फेब्रुअरी २०१०। केही गैरलिम्बूहरू पनि लिम्बूवान आन्दोलनमा सामेल भएका छन्। संलिराप (पी) केन्द्रीय समितिका सचिव एक जना मगर छन्। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, संलिराप (पी) का कार्यकर्ताहरू, झापा, फेब्रुअरी २०१०। यस समावेशी नीतिका व्यावहारिक कारणहरू छन्। झापाका एक जना मानवअधिकारकर्मीले भनेः "लिम्बूवान कार्यकर्ताहरूको रवैया उनीहरूको पहिलो पटकको विरोध कार्यक्रमदेखि नै फेरियो। लिम्बूवानको मागलाई समावेशी बनाइयो। किनभने अन्य समुदायको सहयोग पनि चाहिन्छ भन्ने कुरा उनीहरूले बुझे। उनीहरूसँग गैरलिम्बू गुन्डाहरू पनि सामेल भएका छन्।" क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, सेप्टेम्बर २००९। हालसालै संयुक्त लिम्बूवान मञ्च (संलिमं) अन्तर्गत सबै मिलेर काम गर्ने कोसिस भएको छ। त्यसमा सबै पार्टीका लिम्बू सङ्गठनहरूले हस्ताक्षर समेत गरेका छन्। हेर्नुहोस् संलिमंका सदस्य सङ्गठनका सबै जिल्ला कार्यालयहरूलाई जारी गरिएको पत्र, जसमा स्वायत्त लिम्बूवान राज्यको माग राखी विरोध कार्यक्रम गर्न निर्देशन दिइएको छः "जनप्रदर्शन कार्यक्रमहरू आयोजना गर्ने सम्बन्धमा" संलिमं, २६ जनवरी, २०१०।

[१०१] किराँत जनवादी वर्कर्स पार्टी सन् २००८ मा एक पटक सुरक्षा बलसित भिडेको थियो र त्यससित केही बन्दुकहरू पनि छन्। तर त्यसको मुख्य काम व्यापारी र गाविस सचिवहरूबाट चन्दा असुल्ने तथा यातायात कर उठाउने थियो। हुन त यस पार्टीले चन्दाका लागि लेखेका पत्रहरू पूर्वी पहाड र तराईमा पनि पाइएका छन्, तैपनि यसको खास प्रभाव भने खोटाङ र उदयपुरमा सीमित छ। क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, धनकुटा, भोजपुर र सुनसरी, जनवरी-फेब्रुअरी २०१०। यस पार्टीको भोजपुरमा केही उपस्थिति थियो, तर माओवादीहरूले उनीहरूलाई धपाए। खण्ड ३ मा हेर्नुहोस्। सन् २००९ मा यो पार्टी फुट्यो र एउटा समूहको नेतृत्व रविन किराँतीद्वारा गरिएको छ भने अर्को समूहको नेतृत्व विनोद राई (जसको उपनाम विश्वास विद्रोही हो) द्वारा। फुटको कारण पार्टी कोषको बाँडफाँड भएको बुझिन्छ। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, मानवअधिकारकर्मी, झापा, सेप्टेम्बर २००९। विनोद राईका भाइ अनन्त क्रान्तिले संयुक्त जातीय मुक्ति मोर्चा खोलेपछि दोस्रो पटक पार्टी फुट्यो। क्राइसिस ग्रुप,

**थारू आन्दोलन।** मधेसी आन्दोलनमा नमिसिएका र पहिले छुट्टाछुट्टै रहेका विभिन्न थारू सङ्गठनहरूले मध्य तथा पश्चिम तराईमा थरुहट प्रान्त खडा गरिनुपर्ने माग राख्दै सन् २००८ मा संयुक्त रूपमा आन्दोलन छेड्ने तयारी थाले।[१०२] तिनमा चर्का नारा दिएर लडाकू देखिएको चाहिं लक्ष्मण थारूद्वारा नेतृत्व गरिएको थारू स्वायत्त राज्य परिषद् थियो,[१०३] यद्यपि त्यस्तो लडाकू कार्बाही उनीहरूबाट भएन।[१०४] सन् २००९ मा आह्वान गरिएको बन्द कार्यक्रम सफल रह्यो र अप्रिलमा अनिश्चितकालीन हडताल दस दिनभन्दा बढी चल्यो। तर मे २००९ पछाडि विरोध कार्यक्रमहरू भएका छैनन्।[१०५] फेरि उठ्नलाई यस आन्दोलनले अर्को कुनै लोकप्रिय मुद्दा पर्खन पर्ने देखिन्छ। लक्ष्मण थारूले फेब्रुअरी २०१० मा मधेसी जनअधिकार फोरमसित गरेको गठबन्धन उपर उठेको विवादले पनि यो आन्दोलन कमजोर देखिएको छ, हुन त त्यो गठबन्धन धेरै समय टिकेन।[१०६]

**मातृका यादवको पार्टी।** मातृका यादवले फेब्रुअरी २००९ मा नेकपा (माओवादी) खडा गरे। एनेकपा (माओवादी) बनेपछि माउ पार्टीका नेताहरूले क्रान्तिकारी लक्ष्यहरूलाई लत्याएको भनी आलोचना गर्दै उनले यो पार्टी खडा गरेका थिए।[१०७] जिल्लास्तरीय धेरै माओवादी नेताहरू मातृका र उनलाई साथ दिने कार्यकर्ताहरूले बाटो बिराएका ठान्छन्। उनीहरूका विचारमा आखिर सिद्धान्त र लक्ष्य उही हुन्।[१०८] केही सुरक्षा अधिकारीहरू भने नेकपा (माओवादी) लाई गम्भीरतासाथ हेर्छन् र भविष्यमा यस सङ्गठनबाट समस्या आउन सक्ने आशङ्का गर्छन्।[१०९]

## २. माओवादीको सिको

माओवादीहरूको सफलताले गर्दा जातीय मुद्दा बोकेका सशस्त्र समूहहरू उम्रने कार्यले प्रोत्साहन पाएको हो भनी ठान्नेहरू धेरै छन्। सशस्त्र समूहहरूबारे टिप्पणी गर्दै एक जना प्रहरी अधिकृतले भनेः "उनीहरू माओवादीहरूकै नकल गरिरहेछन्। माओवादीहरूले पनि मान्छे मारे, लुटे, तर उनीहरू अहिले सरकारमा छन्।"[११०] जनमुक्ति सेना समायोजनबारे पनि यस्तै प्रकारको तर्क अघि सारिएको पाइन्छ। सेना समायोजन गरिएमा अरू समूहहरू पनि आफ्ना सशस्त्र दस्तालाई समायोजन गराउन खोज्नेछन् भन्ने उनीहरूको तर्क छ। अहिलेका सशस्त्र समूहहरूलाई पनि माओवादी आन्दोलनकै निरन्तरताका रूपमा हेर्ने गरिन्छ र कतिपय समूहहरूमा पहिलेका माओवादीहरू नै लागेका छन् र कतिले त आफ्नै समूह खडा गरेका छन्। ती प्रहरी अधिकृतले बताए: "माओवादीहरूले मानिसलाई हतियार उठाउन सिकाए — केही सशस्त्र समूहहरूमा पहिलेका माओवादीहरू छन्।"[१११]

---

काठमाडौं, जुलाई २०१०। सबभन्दा क्रियाशील समूहको रूपमा देखिएको विनोद राईले नेतृत्व गरेको किराँत जनवादी वर्कर्स पार्टी पछिल्लो पटक भएको धरपकडपछि कमजोर बनेको छ। मे २०१० मा खोटाङको प्रहरी चौकीमाथि गरिएको आक्रमणपछि भएको धरपकडमा यसका वरिष्ठ नेताहरूसहित चौबीस-पच्चीस जना कार्यकर्ताहरू समातिएका थिए। त्यो आक्रमण सम्भवतः एक जना नेताको रिहाइका लागि दबाब दिन गरिएको थियो। "Big KJWP fish in net", *The Kathmandu Post*, 7 June 2010; "Cops nab 20 KJWP men", *The Kathmandu Post*, ९ जून २०१०।

[१०२] "एक मधेसः एक प्रदेश" को माग लामो समयदेखि विवादको विषय बनेको छ। सन् २००९ मा निजामती सेवाका लागि तय गरिएको कोटा प्रणालीमा थारूहरूलाई मधेसी श्रेणीभित्र समावेश गर्ने मन्त्रिपरिषद्को निर्णयले ठूलो विरोध जन्मायो। ती विरोधहरू विशेषतः संयुक्त थारू सङ्घर्ष समिति (संथासंस) नामक छाता सङ्गठनद्वारा आयोजना गरिएका थिए।

[१०३] संयुक्त थारू सङ्घर्ष समितिभित्रको सबभन्दा ठूलो घटक थरुहट स्वायत्त राज्य परिषद् हो। त्यसले नोभेम्बर २००८ मा समानान्तर सरकारी संरचना र थरुहट मुक्ति सेना निर्माण गरेको घोषणा गऱ्यो। यस्तो स्वयंसेवक दस्ता बनिसकेको छ छैन भन्नेबारे थरुहट स्वायत्त राज्य परिषद्का नेताहरूका भनाइ फरक-फरक छन्। स्वयंसेवक दस्ताको मुख्य उद्देश्य आत्मरक्षा गर्नु हो भन्ने उनीहरूको दाबी छ। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं र बाँके, जुलाई २०१०। परम्परागत रूपमा काठमाडौंको संस्थापनासित हिमचिम भएका ठूलाबडा थारूहरूको बोलवाला रहेको थारू कल्याणकारी सभा (थाकस) थरुहट स्वायत्त राज्य परिषद्सित निकै नजिक रहेर काम गरिरहेको छ। औपचारिक रूपमा उनीहरूबीच कुनै सम्बन्ध नदेखिए पनि थरुहट स्वायत्त राज्य परिषद्का अध्यक्ष योगेन्द्र थारू लगायत केही थारू कार्यकर्ताहरू दुवै सङ्गठनका सदस्य रहेका छन्। योगेन्द्र थारूले सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्च (संलोरामं) को तर्फबाट सन् २००८ मा संविधानसभाको चुनाव लडेका थिए। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, थरुहट स्वायत्त राज्य परिषद्का नेता, काठमाडौं २०१०।

[१०४] सन् २००९ मा भएका केही घटनामा थरुहटका कार्यकताहरूले गाविस कार्यालयहरू भत्काएका थिए र प्राकृतिक स्रोतहरू प्रयोग गरे वापत सरकारले उठाउने कर उनीहरू लिएका थिए।

[१०५] क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, दाङ, बाँके, कैलाली, फेब्रुअरी २०१०। एउटा अपवाद के थियो भने मधेसी जनअधिकार मञ्च (लोकतान्त्रिक) का कार्यकर्ताहरूबाट आफ्ना तीन जना कार्यकर्ताहरू कुटिएपछि थरुहट स्वायत्त राज्य परिषद्ले अप्रिल २०१० मा बन्द आह्वान गरेको थियो। "Tharuhat calls transport strike in Dang, vehicles vandalised", ekantipur.com, २३ अप्रिल २०१०।

[१०६] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, कार्टर सेन्टर कर्मचारी, काठमाडौं, २६ मार्च २०१०।

[१०७] "Matrika Yadav to announce 'restructured CPN-Maoist' Wednesday", myrepublica.com, १० फेब्रुअरी २००९। त्यति बेलादेखि नेकपा (माओवादी) ले तराईमा माओवादीहरूबाट फिर्ता गरिएको जमिन पुनः कब्जा गरे र आर्थिक अनियमितताको आरोप लागेका सरकारी कार्यालयहरूमा ताला लगाइदिए। "Matrika locks DDC", *Republica*, १ मे २००९। नेकपा (माओवादी) का कार्यकर्ताहरूले पूर्वी तराई र पहाडका गाविस सचिवहरूबाट चन्दा पनि असुले। "Matrika's group in extortion drive", १६ मार्च २०१०।

[१०८] क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, एनेकपा (माओवादी) जिल्ला नेताहरू, धनकुटा, जनकपुर, जनवरी २०१०। एनेकपा (माओवादी) कार्यकर्ताहरूसित विरलै झडप भएका छन्। अप्रिल २००९ मा उपनिर्वाचनको सिलसिलामा विराटनगरमा भएको एउटा झडप अपवाद मात्र थियो। "Situation turning to normalcy in Biratnagar after shootout", myrepublica.com, ९ अप्रिल २००९। More recently in Syangja: "Six injured in YCL attack", *The Kathmandu Post*, ७ अप्रिल २०१०।

[१०९] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, प्रहरी अधिकृत, धनगढी, २५ फेब्रुअरी २०१०।

[११०] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, पथलैया, ५ अप्रिल २००९।

[१११] ऐ.ऐ.।

नभन्दै यी नयाँ समूहहरू आफूलाई माओवादी जस्तै ठान्छन् र माओवादीकै नकल गरेर त्यस्तै भाषा, तौरतरिका र प्रतीकहरूको प्रयोग गर्छन्। उनीहरूमध्ये केही आफ्नो सशस्त्र दस्ता भएको दाबी गर्छन् र आफ्ना मागहरू पूरा नगरिएमा उनीहरू हिंसात्मक हुन सक्ने धम्की दिन्छन्।[११२] धेरैले आफ्ना सङ्गठनात्मक संरचना गाउँदेखि, जिल्ला र केन्द्रीय तहसम्मै फैलेको दाबी गर्छन्। कुनै कुनैले माओवादी "जनसरकार" कै शैलीमा समानान्तर सरकारहरू पनि गठन गरिटोपलेका छन्।[११३] कतिपयले आफूलाई "भूमिगत" रहेको पनि बताउँछन्, जसको अर्थ राज्यसित उनीहरूको आधारभूत विरोध छ भन्ने हो।

उनीहरूले आफैबारे दिने यस्ता खालका परिचयबाट उनीहरूको वास्तविक क्षमता र रणनीतिको पत्तो पाउन सकिन्न। हो, उनीहरूबाट हिंसा भएको छ र त्यसपछाडि उनीहरूको तर्क पनि छ। तर उनीहरू माओवादीसरह पक्कै होइनन्। मातृका समूहलाई छाडेर अरू कुनै पनि समूहहरूले माओवादीका झैं बुझ्न सकिने किसिमका रूपान्तरणकारी उद्देश्यहरूको सानो अंश पनि बोकेका छैनन्। जसरी माओवादीहरूले सन् १९९५-१९९६ तिर राज्यसित जोरी खोजे त्यस्तो गर्न सक्ने योजना र हैसियत यिनीहरूमध्ये कसैमा भएको प्रमाण फेला पर्दैन। केही समूहहरूले बर्दी लगाएर हतियार भिरेका कार्यकर्ताहरूको सार्वजनिक परेड देखाएका छन्, तर उनीहरूसित बन्दुक भने नगण्य मात्रामा पाइन्छ। माओवादीहरूले केवल एउटा कामलाग्ने राइफलका भरमा त्यत्रो प्रसिद्ध "जनयुद्ध" थालेका थिए, तर उनीहरूले रोल्पा र रुकुममा आफ्नो जनाधार खडा गर्न वर्षौं लगाएर सङ्गठन बनाइराखेका थिए। माओवादीहरू यी नयाँ समूहहरूका हिंसात्मक कार्य आफूहरूको भन्दा मूलभूत रूपमा फरक रहेको र उनीहरूको हिंसाले राज्यलाई तारो नबनाएको हुनाले त्यसलाई अवैधानिक समेत ठान्छन्। पूर्वी नेपालमा सक्रिय किराँत समूहहरूलाई लक्ष्य गर्दै एक जना माओवादीले बताए: "उनीहरूसित केही हातहतियार छन्, तर तिनलाई उनीहरूले राज्यविरुद्ध उपयोग गरेका छैनन्। तिनलाई त उनीहरूले जनताविरुद्ध उपयोग गरेका छन्।"[११४]

हिंसात्मक गतिविधिको राजनीतिक उद्देश्य रहेसम्म त्यस उपर वार्ता गर्न सकिने ठाउँ रहन्छ। नयाँ उम्रिएका धेरै समूहहरूको प्रमुख उद्देश्य जातीय आधारमा सङ्घीय राज्य खडा गर्ने रहेको देखिन्छ। तर धेरै अवस्थामा उनीहरूका क्रियाकलाप यस उद्देश्यअनुरूप देखिन्न, अपितु आफ्ना क्रियाकलापलाई वैधानिकताको आवरण दिन र प्रशासनबाट केही हदसम्म जोगिन मात्रै उनीहरूले त्यस्ता घोषणा गरेका देखिन्छन्। वास्तवमा हिंसाका धेरै घटना विशुद्ध आपराधिक खालका छन्। तराईका सशस्त्र समूहहरू र पूर्वमा किराँत जनवादी वर्कर्स पार्टीद्वारा गरिएका हत्या, अपहरण र विस्फोटका काण्डहरूको मकसद आतङ्क सृजना गरेर जबर्जस्ती चन्दा असुलीको वातावरण तयार गर्नु मात्रै देखिएको छ।[११५]

गुरिल्ला युद्धको व्याबहारिक अनुभव भएका नेताहरू थोरै छन्। नयाँ समूहहरूमध्ये माओवादी छाडेर जानेहरूले खडा गरेका समूहको सङ्ख्या थोरै छ।[११६] अनि मातृकाको नेकपा (माओवादी) बाहेक अरू कुनै पनि समूहमा ठूलो सङ्ख्यामा माओवादीहरूले प्रवेश गरेका छैनन्। पार्टी परित्याग गरी माओवादी कार्यकर्ताहरू अरू समूहमा लागेको बेलाबखतमा आउने समाचार वास्तवमा तिनै समूहबाट प्रसारित भएका हुन्छन् र त्यस्ता समाचारको स्वतन्त्र तवरमा पुष्टि गर्न पनि गाह्रो छ।[११७] थारू आन्दोलनका साथै पूर्वी नेपालका पहाडी इलाकामा सकृय जातिय आन्दोलनसित सम्बन्धित समूहका धेरैजसो नेताहरूको राजनीतिक पृष्ठभूमि हेर्दा उनीहरू माओवादीभन्दा पनि विशेषतः नेका र एमालेबाट गएका पाइन्छन्।[११८]

यी नयाँ समूहहरू माओवादी विद्रोहको प्रतिकृतिभन्दा पनि उप-उत्पादन हुन्। पहिलेका विद्रोहीहरू जातीय न्याय तथा वर्गसङ्घर्षका नाममा आफ्ना हिंसापूर्ण कार्यको औचित्य प्रमाणित गर्न समर्थ भए, त्यसो गरेर उनीहरूले अन्य समूहहरूद्वारा गरिने राजनीतिक हिंसालाई पनि वैधानिक बनाउने बाटो बनाइदिए।[११९] माओवादीहरूले विद्रोहको बलमा सरकारमा पुग्न सकिन्छ भन्ने दृष्टान्त पनि खडा गरे। सतही र जानाजान देखाउन खोजिएका समानताहरू हुँदाहुँदै पनि यी नयाँ समूहहरूका क्षमता र कार्यशैली बेग्लाबेग्लै किसिमका छन् र उनीहरूका उद्देश्यहरू पनि त्यतिकै फरक किसिमका छन्।

---

[११२] तराईका सशस्त्र समूहहरूले सुरुदेखि नै आफूहरूलाई सैन्य शक्तिका रूपमा प्रस्तुत गरे। किराँत जनवादी वर्कर्स पार्टीले आफ्ना केही वर्दीधारी कार्यकर्ताहरू र हतियार प्रदर्शन सन् २००९ को वर्षभरि नै गरिरह्यो। "Kirat outfit's press meet at gunpoint", *The Himalayan Times*, २८ अगस्ट २००९। संलिराप (क्रान्तिकारी) का नेताहरू आफ्नो पार्टी अहिले निसशस्त्र भएको बताउँछन्, तर स्वायत्त लिम्बूवानको माग पूरा नभए युद्धका लागि तयार हुने दाबी गर्छन्। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, अगस्ट २००९।

[११३] माओवादीहरूको "जनताको सरकार" बारे हेर्नुहोस् क्राइसिस ग्रुप रिपोर्टहरू, *नेपालका माओवादीः तिनका लक्ष्य, संरचना र रणनीति*, माथि उल्लेखित; *नेपालका माओवादीः विशुद्धतावादी कि व्यवहारवादी?*, माथि उल्लेखित, पृ. १३।

[११४] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, एनेकपा (माओवादी) जिल्ला सचिव, झापा, १० फेब्रुअरी २०१०।

[११५] "पहिला उनीहरूले व्यापारी र सरकारी अधिकारीहरूलाई मार्न सुरु गरे [...] उनीहरूको मुख्य उद्देश्य जनतालाई आतङ्कित पार्नु थियो, उदाहरण देखाउनु थियो। त्यसपछि उनीहरूले अपहरण गर्न र चन्दा असुल्न थाले।" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, मानवअधिकारकर्मी, धनुषा, १५ अक्टोबर २००९।

[११६] तर केही बलिया समूहहरू पहिलेका माओवादीहरूले स्थापना गरेका थिए। तिनमा ज्वालाकृष्ण गोइत र ज्वालासिंहले नेतृत्व गरेको जनतान्त्रिक तराई मुक्ति मोर्चा, किराँत जनवादी वर्कर्स पार्टी, थारू स्वायत्त राज्य परिषद् र मातृका यादवको नेकपा (माओवादी) पर्दछन्।

[११७] "Combatants join Limbuwan", *People's Review*, ५ अगस्ट २००९।

[११८] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, संलिराप (एल) का कार्यकर्ताहरू फिदिम, २ फेब्रुअरी २०१०। अन्तर्वार्ता दिने तीनै जना कार्यकर्ताहरू काङ्ग्रेस वा एमाले त्यागेर संलिरापमा प्रवेश गरेका थिए। एक जनाका अनुसार लामो समयसम्म नेपाली काङ्ग्रेसको स्थानीय अगुवा भएर काम गरेका उनका पिता पनि लिम्बूवान आन्दोलनमा लागेका थिए। थारू संयुक्त सङ्घर्ष समितिका अध्यक्ष योगेन्द्र चौधरी पनि पहिला नेकामै थिए। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, थारू संयुक्त सङ्घर्ष समितिका अगुवाहरू, काठमाडौं, जून २०१०।

[११९] प्रमोद मिश्रले निकै घतलाग्दो तर्क अघि सारेका छन्: "Banda, violence and grocery", *The Kathmandu Post*, १० मार्च २०१०। माओवादीहरूले आफूबाट भएका हिंसालाई वैधता दिने गरेकोबारे हेर्नुहोस् क्राइसिस ग्रुप रिपोर्ट, *नेपालः शान्ति र न्याय*, माथि उल्लेखित, पृ. ११।

### ३. भर्ना, जोखिम र परिणाम

उनीहरूको यस आत्म-प्रस्तुति पछाडि रहेका सङ्गठनात्मक र भर्नासम्बन्धी संरचनाको आफ्नै कहानी छ। उनीहरूबाट सीमित रूपमा भएका जनसमर्थन प्राप्त गर्ने र सङ्गठनात्मक आधार निर्माण गर्ने प्रयासबाट यसबारे केही बुझ्न सकिन्छ।[१२०] धेरै नयाँ समूहहरूमा समर्पित कार्यकर्ताहरूको एउटा सानो भित्री वृत्त रहेको छ, तर तिनीहरू सबैले आफ्नो सङ्ख्यात्मक शक्ति बढाउनका लागि अवसरवादीहरूको यस्तो जमातलाई भित्र्याएका छन् जसलाई समूहको उद्देश्यमा भन्दा त्यसमा लागेबापत हुने फाइदामा बढी चासो छ। परिणामस्वरूप गैरकानुनी तर फाइदाजनक काममा संलग्न हुनुमै सबैको ध्याउन्न रहन्छ। यसको अर्थ के पनि हो भने यी नयाँ समूहहरूको राजनीतिक उद्देश्यका लागि द्वन्द्व चर्काउन सक्ने सम्भावना पनि सीमित हुन जान्छ। गृहयुद्ध सुरु हुनुअघि र सुरु भइसकेपछि माओवादी पार्टीमा लाग्नेहरूको तुलनामा अहिले पार्टीका युवा दस्ता अथवा सशस्त्र समूहहरूमा प्रवेश गर्नेहरूको जोखिमको तह कम छ र राज्यसँग हिंसात्मक मुठभेड बढेको अवस्थामा उनीहरूको प्रतिक्रिया कस्तो हुनेछ त्यो अहिले यकिनसाथ भन्न सकिन्न।[१२१]

माथि उल्लेख गरिएझैं यङ कम्युनिस्ट लिगले अवसरवादी नव-आगन्तुकहरूलाई सङ्गठनमा भित्र्याएर आफ्नो सङ्ख्यात्मक शक्ति बढायो, खासगरी सन् २००९ अघिसम्म कुनै उनीहरुको विशेष उपस्थिति नभएका जिल्ला सदरमुकामहरूमा त्यस्तो देखियो।[१२२] युथ फोर्सको हकमा पनि यही कुरा लागू हुन्छ। आफ्नो युवा दस्ताको आयतन बढाउने प्रयासमा एमालेले आपराधिक रेकर्ड भएका व्यक्तिहरूलाई समेत यसमा हुल्यो। ती नवप्रवेशीहरूमा गुन्डाहरू पनि टन्न परेका छन्[१२३] जसले यसअघि औपचारिक तवरमा पार्टीको ब्याज भिरेका थिएनन्।

जबर्जस्ती चन्दा र गैरकानुनी कर असुलीको धन्दाका कारण किराँती समूहहरूतर्फ पनि धेरै अवसरवादीहरू तथा केही पहिलेका वाईसीएल कार्यकर्ताहरू आकर्षित भएका छन्, यद्यपि तिनमा राजनीतिक मुद्दालाई गम्भीरतासाथ लिनेहरू पनि केही छन्।[१२४] सङ्घीय लिम्बूवान राज्य परिषद् (लिङदेन) सङ्घीय लिम्बूवान राज्य परिषद् (पालुङ्वा) र खम्बुवान राष्ट्रिय मोर्चाको हकमा पनि यो कुरा लागू हुन्छ, हुन त ती समूहका आन्तरिक कार्यकर्ताहरूमा राजनीतिक रूपले प्रतिबद्ध व्यक्तिहरू रहेका छन् र उनीहरूले उठाएका राजनीतिक आवाज आम राई र लिम्बू समुदायका साथै तिनका उच्च वर्गमा समेत प्रतिध्वनित भएको पाइन्छ।[१२५] तिनका तुलनामा किराँत जनवादी वर्कर्स पार्टीलाई बदमास र अपराधीहरूको सङ्गठन मानिन्छ र उनीहरूप्रति जनसमर्थन पनि खासै केही छैन। त्यो समूह खासमा माओवादी समर्थित किराँत राष्ट्रिय मोर्चा (किरामो) बाट फुटेर बनेको हो, तर त्यसमा अहिले सुरुका सदस्यहरू कोही बाँकी रहेका छैनन्।[१२६] भोजपुरमा किराँत जनवादी वर्कर्स पार्टीका

---

[१२०] तराईका सशस्त्र समूहहरूले पत्रकार सम्मेलन र केही सशस्त्र कार्यकर्ताहरूको प्रदर्शन गर्नबाहेक अन्य सार्वजनिक कार्यक्रमहरू गर्दैनन्। पूर्वी पहाडका किराँत जनवादी वर्कर्स पार्टीका हकमा पनि त्यही कुरा लागू हुन्छ। अन्य किराँती समूहहरूले भने निकै मिहिनेत गरेका छन्। उदाहरणका लागि संलिराप (एल) ले र्‍याली र सम्मेलनहरूको आयोजना गरेको छ र ती कार्यक्रमहरूमा हजारौं समर्थकहरू उपस्थित भएको प्रेसमार्फत दाबी गरेको छ। “बिर्तामोड, झापामा लिम्बूवानको विशाल आमसभा”, सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्चले ११ डिसेम्बर २००९ मा सबैतिर पठाएको इमेल। कुमार लिङदेनको हस्ताक्षर भएको प्रेस विज्ञप्तिमा २८ जनवरी २०१० का लागि बिर्तामोड, दमक, धरान र धनकुटामा एकसाथ र्‍यालीहरू गरिने घोषणा गरिएको थियो। प्रेस विज्ञप्ति संलिराप (एल), २६ जनवरी २०१०। http://groups.google.com/ group/dfnblog/browse_thread/ thread/bb8ad600cda5135b मा उपलब्ध छ। थरुहट स्वायत्त राज्य परिषद्ले मध्य र सुदूर पश्चिमाञ्चल तराईका गाउँहरूमा सचेतना अभियान चलाउने दाबी गरेको छ। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, थरुहट स्वायत्त राज्य परिषद्का जिल्ला नेताहरू, बाँके, १५ जुलाई २०१०।

[१२१] विद्रोहीहरूको सङ्गठनहरूले सुरुमा गर्ने भर्नाको तरिकाको महत्त्वबारे हेर्नुहोस् Jeremy M. Weinstein, *Inside Rebellion* (न्युयोर्क, २००७); पृ. ३०१-३०५ नेपालका माओवादीहरूसँग गरिएको कुराकानी।

[१२२] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, प्रजातान्त्रिक राष्टिय युवा सङ्घका नेता, सल्यान, २० फेब्रुअरी; मानवअधिकारकर्मी, रुकुम, २१ फेब्रुअरी २०१०।

[१२३] 'गुन्डा' शब्द राजनीतिक सम्बन्ध भएका आपराधिक व्यक्तिका लागि प्रयोग गरिन्छ जो हिंसाको लागि कुख्यात मानिन्छ। गुन्डाले राजनीतिज्ञहरूलाई थिचोमिचो गर्न मद्दत गर्छ र त्यस बापत राजनीतिक संरक्षण प्राप्त गर्छ खासगरी उसले चलाउने गैरकानुनी र अर्ध-कानुनी धन्दाका लागि। मारामारी गर्न सक्ने उनीहरूको हैसियत भएकाले गुन्डाहरूको भूमिका गैरकानुनी भए पनि उनीहरूको भूमिका सार्वजनिक रूपमै देखिन्छ। गुन्डाहरूको शक्ति भनेको उनीहरूले कमाएको कुख्याति हो। आफैले गुन्डा हुँ भन्दैमा कोही गुन्डा हुँदैन। उसलाई अरूले मानिदिएपछि ऊ गुन्डा कहलिन्छ।

[१२४] उदाहरणका लागि, पाँचथर, इलाम र झापामा गाडीहरूसित कर असुल्ने लिम्बूवान स्वयंसेवकहरूसँग माओवादीहरूले अवैध कर उठाउन बन्द नगरुन्जेल वाईसीएलअन्तर्गत त्यही काम गर्थे। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, पत्रकार, झापा, फेब्रुअरी २०१०। लिम्बूवान पक्षधरहरूबीच झडप भइरहने बिर्तामोड नजिकैको एक ठाउँ एक जना बासिन्दले भनेः “लिङदेन समूहबाट जबर्जस्ती चन्दा उठाउने काम रोकिएको छैन। यिनका माग लिम्बूहरूका लागि होइनन्। यो गुन्डागर्दी हो। सबै जातका मानिस लिम्बूवान आन्दोलनमा लागेका छन्। उनीहरूलाई जाँडपानी खान र मोज गर्न पैसा चाहिएको हो।” क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, चारपानी, ४ सेप्टेम्बर २००९।

[१२५] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, भोजपुर, जनवरी २०१०। पूर्वी पहाडका जिल्लाहरूमा जातीय विद्रोह नौलो घटना होइन। बीसौं शताब्दीको पूर्वार्द्धमा जातीय किपट प्रथा हटन लागेपछि लिम्बूहरूले मिलेर त्यसको मुकाबिला गरेका थिए र हालसालै आएका हिन्दू आप्रवासीहरूविरुद्ध चर्को विरोध उर्लिएको थियो। हिंसात्मक विद्रोह हुने देखिएपछि भूमि व्यवस्थासम्बन्धी ऐन-कानुनलाई उल्टाइयो। Rex Jones, “Sanskritization in Eastern Nepal”, *Ethnology*, १९७६, अङ्क १५; Lionel Caplan, *Land and Social Change in East Nepal: A Study of Hindu-Tribal Relations* (लन्डन, १९७०)। लिम्बूहरूको सङ्गठित जातीय आन्दोलन पञ्चायत कालमा पूरै हरायो, तर विशेष गरिकन गरिब किसानहरूमाझ जातीय भावनासित जोडिएर रहेको आर्थिक असमानता उपरको सिकायत अझै बाँकी छ। “From Tribe to Peasant? The Limbus and the Nepalese State”, *Journal of Peasant Studies*, १९९१, अङ्क १८, नं. २।

[१२६] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, एनेकपा (माओवादी) जिल्ला सचिव, झापा ३ सेप्टेम्बर २००९। किराँत राष्ट्रिय मोर्चाका नेता गोपाल खम्बुले सन् २००७ मा आफ्नो समूहलाई नेकपा (माओवादी) सित मिसाएपछि मोर्चा टुक्रियो। उनी पछि

दुई प्रमुख कार्यकर्ताहरू पूरापूर अराजनीतिक र विशुद्ध अपराधीका रूपमा चिनिन्छन्। उनीहरूलाई वाईसीएलले निष्कासन गरेकामा धेरैतर्फबाट स्वागत भएको थियो र स्वागत गर्नेमा किराँत कार्यकर्ताहरू पनि थिए। किनभने किराँत जनवादी वर्कर्स पार्टीले मचाएको चन्दा आतङ्कबाट उनीहरूको राजनीतिक वैधता समेत धरापमा पर्ने डर उनीहरूलाई थियो।

तराईका सशस्त्र समूहहरूलाई अन्य समूहहरूबाट छुट्ट्याउने मुख्य आधार के छ भने उनीहरू ग्रामीण उच्च वर्गप्रति बफादार छन्। सुरुका नेताहरूमा पढालेखा व्यक्तिहरू थिए र उनीहरूका प्रस्ट राजनीतिक एजेन्डा थिए।[१२७] तर अहिले जिल्लास्तरका नेताहरूमा धेरैजसो स्थानीय राजनीतिक नेताहरू तथा जमिन्दारहरूसित साठगाँठ भएका र पहिल्यैदेखि अपराध कर्ममा संलग्न व्यक्तिहरू छन्। उनीहरूका मनमा मधेसी आन्दोलनप्रति साँच्चिकै असल भावना हुन सक्ला, तर उनीहरूले आफ्ना स्थानीय ठालुहरूसितको आफ्नो सम्बन्धलाई प्रस्ट्याउनुपर्ने हुन्छ, जुन ठालुहरूसित उनीहरूको पारिवारिक सम्बन्ध समेत रहेको हुन्छ र तिनलाई उनीहरू आफ्ना संरक्षक पनि ठान्ने गर्छन्।[१२८]

यसप्रकार बेग्लाबेग्लै पृष्ठभूमि र बफादारी राख्ने कार्यकर्ताहरू भएबाट तराईका सशस्त्र समूहहरूमा गुट-उपगुटमा टुक्रिने र उनीहरू अराजनैतिक बन्दै जाने अवस्था सृजना भएको छ। जिल्ला तथा केन्द्रीय नेताहरूबीचको सङ्गठनात्मक सूत्र एकदमै कमजोर छ। धेरैजसो अवस्थामा उनीहरूको सम्बन्ध-सूत्र भनेको स्थानीय कार्यकर्ताहरूले अरूलाई थर्काउनलाई नेताहरूको नाम लिने र बेलाबखत आफ्नो आम्दानीको केही अंश नेताहरूलाई चढाउने कुरामा मात्र सीमित छ।[१२९] तल्ला तहका कार्यकर्ताहरूले आफूखुसी काम गर्न थाल्नाले सशस्त्र समूहका नयाँ नेताहरू जन्मेका देखिन्छन्। प्यादा भई काम गर्नेहरू प्रायःजसो तल्ला जातका मानिस हुन्थे र केही कमाइ हुन सक्ने देखेर ती समूहहरूमा लागिटोपलेका थिए।[१३०] अचेल अपराधको पनि लोकतान्त्रिकरण भएको स्थानीय पर्यवेक्षकहरू बताउँछन्। उनीहरूको भनाइमा पहिले-पहिले अपराध गराउनेहरू तराईका मध्यम जातका हुने गर्थे।[१३१]

सशस्त्र समूहका नेताहरूको आआफ्ना इलाकामा निकै दबदबा रहेको पाइन्छ। उनीहरू आफूलाई आफ्ना इलाकाका संरक्षक भन्ठान्छन्।[१३२] तर तिनका आपराधिक क्रियाकलापले गर्दा अनि पहाडियालाई जति नै मधेसीलाई पनि उनीहरूले सिकार बनाउनाले गर्दा उनीहरूप्रतिको जनसमर्थन खुम्चिन गएको छ।[१३३] गोइत र ज्वालासिंह तथा माथ्ला तहका केही मुठीभर नेताहरूलाई मात्र राजनीतिक कित्तामा राखिन्छ। जिल्लामा सक्रिय धेरै सशस्त्र समूहहरूको स्थानीय साँठगाँठ र बफादारीका कारण मधेसी आन्दोलनमै हानि पुगेको तिनका समर्थकहरू बताउँछन्।[१३४] गैरन्यायिक हत्याको चक्र चलेको हुनाले कुनै सशस्त्र समूहमा सामेल हुने वा नयाँ समूह खोल्ने कुरा त्यति आकर्षक विकल्प रहेन।[१३५]

सन् २००९ ताका थारू आन्दोलनले निकै खैलाबैला मचायो। पूर्व-पश्चिम राजमार्गमा अवरोध खडा गर्नु उति गाह्रो काम होइन। त्यसबाट देशभरिकै आवतजावत र आवश्यक उपभोग्य वस्तुहरूको आपूर्तिमा असर पर्न जान्छ।[१३६] भौगोलिक अवस्थितिको कारणले गर्दा थारू आन्दोलन या तराईमा हुने विरोध आन्दोलनहरूको असर आन्दोलनको आफ्नै शक्तिभन्दा धेरै ज्यादा हुन्छ। त्यसमा वास्तविक जनसमर्थन कति रहन्छ भन्नचाहिँ मुस्किल छ। पूर्वी पहाडका जातीय र पूर्वी तथा मध्य तराईका अन्य आन्दोलनमा संलग्न कार्यकर्ताहरू हेरी थारू आन्दोलनका कार्यकर्ताहरूले माओवादीहरूको तगडा सङ्गठनात्मक शक्ति र उनीहरूका

---

माओवादीका संविधानसभा सदस्य भए र माओवादी नेतृत्वको सरकारमा संस्कृति तथा राज्य पुनर्संरचना मन्त्री पनि बने। किराँत राष्ट्रिय मोर्चाका पूर्वज सङ्गठनहरू धेरै छन्, तिनीहरूमा गोपाल खम्बुको खम्बुआन राष्ट्रिय मोर्चा सबभन्दा जेठो हो। त्यो सन् १९९० को दशकको सुरुतिरै स्थापना भएको थियो, तर सन् १९९७ मा खम्बुले माओवादीलाई समर्थन गर्ने घोषणा नगर्दासम्म त्यो मोर्चा भारेभुरे रूपमै थियो। डम्बरकृष्ण श्रेष्ठ, "पूर्वमा जातीय स्वायत्तता", *युद्धमा जनता* (काठमाडौं, २००४)।

१२७ गोइत र सिंहको पृष्ठभूमिबारे हेर्नुहोस् क्राइसिस ग्रुप रिपोर्ट, *हिंसाको तापमा तराई*, माथि उल्लेखित, पृ. ९।

१२८ क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, सुनसरी, जुलाई २००८ सप्तरी, ९ फेब्रुअरी २०१०।

१२९ क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, प्रहरी अधिकारी, जनकपुर, १० फेब्रुअरी २०१०।

१३० उदाहरणका लागि, कहिलेकाहीं कमिसनको आधारमा अपहरण कार्य गरिन्छ। त्यस्तोमा अपहरण गर्ने व्यक्तिले फिरौती रकमको ५० प्रतिशतसम्म रकम पाउने गर्छ। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, सशस्त्र समूहका सदस्य, सुनसरी, जुलाई २००८।

१३१ क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, लाहान, ९ फेब्रुअरी २०१०।

१३२ उदाहरणका लागि, २० जुलाई २००९ मा गाउँलेहरूद्वारा मारिएका अविनाश मुक्ति र २१ जुलाई २००९ मा प्रहरीको गोलीबाट मारिएका आकाश त्यागी, उनीहरूका गाउँ धनुषाको लक्ष्मीपुरमा हिरोका रूपमा पुजिन्छन्। उनीहरूका घरगाउँलेहरूले जनकपुर-ढल्केबर सडक खण्डमा उनीहरूका सालिक बनाउन सुरु गरेका छन्। क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, लक्ष्मीपुर, १० फेब्रुअरी २०१०।

१३३ क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, सप्तरी, सिराहा, धनुषा, अक्टोबर २००९। मधेसी मुक्ति टाइगर्सका एक जना नेताले भनेः "हामी भूमिगत भएका बेला चन्दा उठाइन्थ्यो, तर चन्दाको पैसा कार्यकर्ताहरूले आफ्नो निजी काममा मनलागी खर्च गर्थे।" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, सेप्टेम्बर २००९। गोइत समूहका पहिलेका जिल्ला नेता सशस्त्र समूहलाई पुनः राजनीतिकरण गर्न नसकिने बताउँछन्ः "उनीहरूको रवैया आपराधिक नै रहनेछ। मैले यो गोइतको बेलादेखि नै देखेको छु। उनीहरू मधेस मधेस भन्छन्, तर उनीहरूले खोजेको पैसा पैसा मात्र हो।" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, सेप्टेम्बर २००९।

१३४ आन्दोलनलाई एकीकृत पार्ने प्रयासमा ती समूहहरूलाई सामेल नगरेको उनीहरू बताउँछन्। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, सशस्त्र समूहप्रति सहानुभूति राख्नेहरू, काठमाडौं, फेब्रुअरी २०१०।

१३५ क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, सुनसरी, लक्ष्मीपुर, सेप्टेम्बर २००९-फेब्रुअरी २०१०।

१३६ २२ अप्रिल २००९ मा तराई संयुक्त सङ्घर्ष समितिले आह्वान गरेको एउटा हडताल तेह्र दिनसम्म चल्यो। त्यसले तराईभर यातायात ठप्प बनायो र काठमाडौंमा उपभोग्य वस्तुहरूको मूल्य चर्कायो।

पक्षमा रहेको व्यापक जनसमर्थनको तागतसित भिड्नुपर्ने हुन्छ।[१३७] तर तराई बन्दको प्रभावकारिता नै थारूहरूका माग उपर ध्यान आकर्षित गर्न मनग्गे हुने हुनाले कुनै थारू समूहले त्यसभन्दा अघि बढेर कुनै हिंसात्मक तरिकाको अवलम्बन गर्नुपरेको छैन।

मातृका यादवको नेकपा (माओवादी) भने नयाँ भर्नाको आधार र जनाधार दुवै हिसाबले निकै राम्रो अवस्थामा छ। मातृकालाई सबैले झडङ्गी स्वभावका भन्छन्, त्यसका साथै सिद्धान्तवादी र असल आचरणका भनेर पनि मान्दछन्।[१३८] क्रान्तिलाई जारी राख्ने उनको राजनीतिक अठोटले एनेकपा (माओवादी) ले लिएको सम्झौता परस्त बाटो देखेर निरास बनेका धेरै प्रतिबद्ध माओवादी कार्यकर्ताहरूलाई आकर्षित गर्न सकेको छ। त्यसको परिणामस्वरूप नेकपा (माओवादी) ले विगत वर्षमा केही सुस्त गतिमा भए पनि निरन्तर रूपमा आफ्नो सङ्गठनात्मक शक्ति बढाउँदै लगेको छ। यो पार्टी पूर्वी र मध्य तराईमा सबभन्दा बलियो छ, पश्चिम तराईमा यसको केही उपस्थिति रहेको छ र पूर्वी पहाडमा पनि ठाउँ बनाउने प्रयास थालेको छ।[१३९] मातृका आफ्नो पार्टी क्षेत्रीय पार्टी नभएको दाबी गर्छन्, तर उनको मधेसी पृष्ठभूमिका कारण उनको पार्टीले पहाडी क्षेत्रमा कति विस्तार गर्न सक्ला त्यो चाहिँ शङ्काकै विषय छ।[१४०] तराईमै पनि जातीय राजनीति उनको बाटोमा रोडा बन्न सक्छ। यसै पनि उनको पार्टीका बहुतायत कार्यकर्ता र नेतृत्वमा रहेका धेरैजसो व्यक्तिहरू यादव समुदायका छन्। नेकपा (माओवादी) का माथ्ला तहका नेताहरू आफ्नो पार्टीको सशस्त्र विद्रोह गर्ने कुनै तयारी नभएको कुरामा जोड दिन्छन्,[१४१] तर जिल्ला तहका नेताहरूको भने भिन्नै आकाङ्क्षा हुन बेर छैन, किनभने उनीहरूमध्ये धेरै जना निकै जुझारु कुरा गर्छन्।[१४२]

## ख. अव्यवस्थाभित्रको व्यवस्था

सन् २००६ पछिका राजनीतिक हिंसा धेरै हदसम्म विद्यमान राजनीतिक घेराभित्रै रहेर गरिएका छन्। घरीघरीको बन्द र हडताल, जबर्जस्ती चन्दा असुली अनि सरकारी ठेक्का तथा अरू स्रोतहरूका लागि भएका भिडन्तहरू वस्तुतः कमजोर शान्ति सुरक्षाका लक्षणहरू हुन्, अराजकताका होइनन्। अपितु अहिलेको असुरक्षाको वातावरण राजनीतिक पार्टीहरू, सुरक्षा बलहरू, सशस्त्र समूहहरू, अपराधीहरू र युवा दस्ताहरूबीचको अनौपचारिक सम्बन्धका कारण सृजित परिस्थिति हो। त्यसको एकमुष्ठ परिणाम हो दण्डहीनता। स्थापित राजनीतिक शक्तिहरूसित हिंसाको निकट सम्बन्ध रहेकै कारणले अल्पकालीन हिसाबले हिंसा भड्किने सम्भावना कम छ। तर अपराध र राजनीतिको गठजोड संस्थागत हुँदै जानाले मध्यावधिक दृष्टिले केही खतरा ल्याउन पनि सक्छ र जुन किसिमको तौरतरिकालाई हालमा मलजल गरिँदैछ त्यसलाई पछि उखेल्न धेरै गाह्रो हुनेछ।

अहिलेका केही खाले असुरक्षाका लागि राजनीतिक पार्टीहरू प्रत्यक्षतः जिम्मेवार छन्। राजनीतिक पार्टीहरू वा तिनका भ्रातृसङ्गठनहरूद्वारा सन् २००९ भरिमा कम्तीमा पनि चारओटा हत्या गरिएका थिए र इन्सेकले अभिलेख राखेको त्यसै वर्षमा भएका १३२७ ओटा कुटपिटका घटनामा आधाजसो घटना (७५०) उनीहरू जिम्मेवार थिए।[१४३] हिंसाका यी घटनाहरूको जड राज्य तथा आपराधिक स्रोतहरू कब्जा गर्नका लागि हुने प्रतिस्पर्धा हो। तिनै स्रोतहरूका आधारमा संरक्षणमुखी सन्जालहरू सञ्चालित हुने गर्छन्। त्यसको केही अंशलाई एक हिसाबले राजनीतिक ठाउँ बनाउनका लागि गरिने प्रयास भन्न सकिन्छ। व्यक्तिगत र पार्टी उद्देश्यहरू बहुधा एकअर्कासित छुट्ट्याउन नसकिने गरी जेलिएका पाइन्छन्। पार्टीहरूले बाहिरफेरका हिंसालाई सघाउने र प्रोत्साहित गर्ने गर्दछन्, किनभने अपराधी गिरोहहरू र सशस्त्र समूहहरूलाई संरक्षण प्रदान गर्छन्। त्यस्ता समूहहरूले आफ्नै तालले काम गर्ने भए पनि परेका बेला पार्टीहरूलाई बाहुबलको सहयोग दिन्छन्।

हिंसा मच्चाउनेमा माओवादीहरू मात्रै छैनन्। आफ्ना विद्यार्थी कार्यकर्ताहरूले काठमाडौंमा एक जना एमाले विद्यार्थीका औँला छिनाएको दुई दिनपछि र आफ्ना कार्यकर्ताहरूको आक्रमणमा परेर बाँकेमा एक जना एमाले कार्यकर्ताको मृत्यु भएकै दिन नेपाली काङ्ग्रेसले आफ्नो कार्यबाट उत्पन्न विडम्बना यादै नगरी राष्ट्रिय सरकारको गठनका लागि

---

[१३७] थारू कल्याणकारी सभा सधैँ ठूलाबडाहरूको सङ्गठन रहँदै आएको छ र थरुहट स्वायत्त राज्य परिषद् बलियो सङ्गठन बनाउन अहिलेसम्म असफल देखिन्छ। आफ्नै कार्यक्षेत्रमा यो आफ्नो पकड राख्न असमर्थ छ। उदाहरणका लागि, वाईसीएलले परिषद्लाई प्राकृतिक स्रोतहरूको कर उठाउनबाट रोक्दा यसका कार्यकर्ताहरूले त्यसको विरोध गर्न सकेनन्। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, कार्टर सेन्टरका कर्मचारी, काठमाडौं, २६ मार्च २०१०।

[१३८] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, एनेकपा (माओवादी) जिल्ला नेता, जनकपुर, फेब्रुअरी २०१०।

[१३९] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, सिराहा, अक्टोबर २००९। मोरङका एनेकपा (माओवादी) का जिल्ला नेताले नेकपा (माओवादी) बलियो भएको बताए। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, फेब्रुअरी २०१०। नेकपा (माओवादी) को जनकपुर कार्यालयमा कर्मचारी टन्न रहेका देखिन्थे। क्राइसिस ग्रुपको अवलोकन, अक्टोबर २००९। धनकुटामा रहेको उनीहरूको टोली तुलनात्मक रूपमा अलि सानो छ। दसदेखि पन्ध्र जना कार्यकर्ताहरूको टोलीमा पहिलेका जनमुक्ति सेनाका लडाकूहरू पनि थिए । क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, पत्रकारहरू धनकुटा, जनवरी २०१०। जिल्लाका नेता जनमुक्ति सेनाका पहिलेका कमान्डर हुन्। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, नेकपा (माओवादी) जिल्ला नेता र केन्द्रीय कमिटी सदस्य, धनकुटा, फेब्रुअरी २०१०। नेकपा (माओवादी) को सङ्गठन निर्माण टोलीले धनकुटा र भोजपुरको भ्रमण गरेको थियो। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता। धनकुटा हेरी भोजपुरमा केही व्यक्तिहरूले मात्र पार्टी प्रवेश गरेको देखिन्छ र त्यहाँ कुनै सङ्गठनात्मक संरचना बन्न सकेन। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, वरिष्ठ प्रहरी अधिकृत, जनवरी २०१०।

[१४०] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, विश्लेषक, विराटनगर, फेब्रुअरी २०१०।

[१४१] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, नेकपा (माओवादी) केन्द्रीय कमिटी सदस्य, गोलबजार, अक्टोबर २००९।

[१४२] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, एनेकपा (माओवादी) जिल्ला नेता र केन्द्रीय कमिटी सदस्य, धनकुटा, जनवरी २०१०। हेर्नुहोस् "Yadav-led faction to launch 'people's war'", myrepublica.com, ६ अक्टोबर २००९।

[१४३] "नेपाल मानवअधिकार वर्ष पुस्तक २०१०", इन्सेक, फेब्रुअरी २०१०।

माओवादीहरूले हिंसाको परित्याग गर्नुपर्ने पूर्वसर्त राखेको थियो।[१४४] प्रेसले पनि त्यस एमाले कार्यकर्ताको मृत्युबारे समाचार दिने जाँगर देखाएन।[१४५]

## १. पार्टीहरू, संरक्षणको जालो र हिंसाको प्रयोग

राजनीतिमा हिंसाको प्रयोग र राजनीतिज्ञहरूद्वारा अपराधीहरूको संरक्षण गरिने कार्य दुवै कुरा नौला होइनन्। पार्टीविहीन पञ्चायत कालमा दरबार केन्द्रित सरकार हुँदादेखि नै र खासगरी सन् १९८० मा जनमत सङ्ग्रह भएदेखि सरकारले प्रजातान्त्रिक प्रतिपक्षलाई दबाउन गुन्डाहरूको जमातलाई परिचालित गर्ने गरेको थियो।[१४६] सन् १९९० को परिवर्तनपछि राजनीतिक पार्टीहरूले पनि यही बनिबनाउ संयन्त्रमाथि भर पर्दै चुनावहरूमा गुन्डाहरूलाई मनग्गे परिचालित गरे। पूर्वी तराईमा दस्यु दलहरूले लामो समयदेखि स्थानीय राजनीतिक नेताहरूको धाक राख्नलाई मद्दत पुऱ्याउँदै आएका थिए र अहिले आएर आफै नेता पनि बन्न पुगेका छन्।[१४७] पार्टीको इसारामा हुने हिंसाका बारदातहरू पछाडि चुनावी प्रतिस्पर्धा मात्र होइन स्थानीय तवरमा उपलब्ध सरकारी स्रोत-साधनहरूमाथि कब्जा जमाउने नियत रहेको हुन्छ।

जुन चरित्रको प्रजातान्त्रिक प्रतिस्पर्धा सन् १९९० पछिको नेपालमा देखा पऱ्यो त्यो मूलभूत रूपमा राजनीतिक संरक्षणका भरमा राज्यका स्रोत साधनहरूको अनौपचारिक वितरणमा आधारित थियो।[१४८] सन् १९९० पछाडिको समयमा सबभन्दा बढी समय सरकारमा रहेको नेकाले स्थानीय पद र प्रतिष्ठा बाँडेर, ठेकेदारहरूसित नजिकको सम्बन्ध गाँसेर तथा प्रहरीभित्र रहेको पुरानो सन्जाललाई प्रयोग गरेर आफ्नो शक्तिको आधार बलियो तुल्यायो। उता एमालेले चाहिँ गैसस क्षेत्रमा आफ्नो पकडलाई बलियो बनायो। त्यसो गरेर गैरसरकारी क्षेत्रमा विकासे कार्यका लागि आउने आर्थिक स्रोतमा आफ्नो पहुँच र धेरै हदसम्म नियन्त्रण बढायो। राज्यमाथि नियन्त्रण गर्नु भनेको आफ्नै हित गर्नु र हरेक तहमा रहेको संरक्षणवादलाई टेवा दिनु हो। राजनीतिक पार्टीहरूले यसलाई स्वाभाविक तवरमा लिन्छन्। सबै पार्टीका माथ्ला तहका नेताहरूमा सत्तासुख भोग गर्ने प्रस्ट इच्छा देखिन्छ।[१४९] अनौपचारिक तहको संरक्षणवाद पनि जनताको चाहनामै हुर्केको पाइन्छ।[१५०] घुमिरहने चक्रझैं चल्ने प्रशासनको राजनीतिकरणको परिप्रेक्ष्यमा जनता पनि आफ्ना कामहरू गराउन राज्यको नभई पार्टीको सहारा लिने गर्छन् र राज्यबाट सेवा प्राप्त गर्नका लागि पार्टीलाई दबाब दिन लगाउँछन्।[१५१]

---

[१४४] अप्रिल २०१० मा काठमाडौंको त्रिचन्द्र क्याम्पसमा नेकाको विद्यार्थी सङ्गठन नेपाल विद्यार्थी सङ्घ (नेविसं) का कार्यकर्ताहरूले एमालेको विद्यार्थी सङ्गठन अखिल नेपाल राष्ट्रिय विद्यार्थी युनियन (अनेरास्ववियु) का नेतालाई खुकुरी प्रहार गरे। नेविसंका नेता तथा त्रिचन्द्र कलेजका स्ववियुका उपसभापतिलाई सो आक्रमण गरेको आरोपमा गिरफ्तार गरिएपछि नेविसंका कार्यकर्ताहरूले काठमाडौंका सरकारी क्याम्पसहरूमा प्रदर्शन गरे। सूर्यप्रसाद पान्डेः "प्रहरी र नेविसंका विद्यार्थीहरूबीच झडप", *अन्नपूर्ण पोष्ट,* २३ अप्रिल २०१०। उनीहरूका माग पूरा नभएपछि उनीहरूको विरोध हिंसात्मक बन्यो। नेविसंका कार्यकर्ताहरूले सरकारका छओटा गाडीहरूमा आगो लगाए एक जना प्रहरी अधिकृतलाई घाइते तुल्याए। प्रतिमा बास्कोटा, "नेविसंद्वारा सरकारी गाडी तोडफोड" *कान्तिपुर,* २७ अप्रिल २०१०।

[१४५] *काठमाण्डू पोष्ट* ले भित्री पानामा "UML cadre dies", भन्ने हल्का शीर्षक दिएर सोबारे समाचार छाप्यो, १५ अप्रिल २०१०। त्यसको भगिनी अखबार, *कान्तिपुर* ले मारिने विद्यार्थीबारे थप समाचारहरूसहित तस्बिर पनि छाप्यो, तर पृष्ठ ८ मा। "काङ्ग्रेससँग झडपमा घाइते एमाले कार्यकर्ताको मृत्यु", *कान्तिपुर,* १५ अप्रिल २०१०।

[१४६] यस्ता गिरोहलाई प्रायः मण्डले भनिन्थ्यो र पञ्चायती राजनीतिमा उनीहरूलाई प्रयोग गरिन्थ्यो। पञ्चायती विद्यार्थी सङ्गठन राष्ट्रवादी स्वतन्त्र विद्यार्थी मण्डल (रास्वविम) बाट त्यो नाम जन्मेको हो। पञ्चायती सरकारले सन् १९७९ मा पञ्चायत विरोधी विद्यार्थी प्रदर्शनहरूलाई बलपूर्वक दबाउन मण्डलेहरूलाई प्रयोग गरेको थियो। सन् १९७९ मै रास्वविममाथि प्रतिबन्ध लाग्यो। तर पञ्चायत सम्बद्ध युवा समूह या ग्याङसित सो नाम जोडिइरह्यो। त्यस्ता युवाहरू धेरैजसो स्थानीय खेलकुद क्लबहरू र विशेषतः काठमाडौंमा पञ्चायती सरकारअन्तर्गतको खेलकुद परिषदसँग सम्बन्धित मार्शलआर्ट क्लबका सदस्यहरू हुने गर्थे।

[१४७] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, सप्तरी, ९ फेब्रुअरी २०१०।

[१४८] राजनीतिशास्त्री कृष्ण हाछेथुले पार्टी र स्थानीय धनीमानीहरूबीचको बढ्दो सम्बन्धलाई "बजार-विनिमय प्रणाली" को नाम दिएका छन् र "भोटका लागि सहयोग" वा "सहयोगका लागि भोट" भनेर व्याख्या गरेका छन्। "Nepali Politics: People-Parties Interface", in David Gellner (ed.), *Resistance and the State: Nepalese Experiences* (नयाँ दिल्ली, २००३), पृ. १५४। "राजनीतिक प्रतिस्पर्धा सकारात्मक खेल नभएर शून्यताको खेल बन्न पुग्यो। त्यसले गर्दा यसलाई संसदमा बहुमत ल्याउनेले जे पनि गर्न पाउने युद्धको खेल बनाइदियो। निर्वाचन प्रक्रिया असल शासन लागू गर्ने साधनको सट्टा राज्य कब्जा गर्ने साधन बन्यो।" ध्रुव कुमार, "Obstacles to Local Leadership and Democracy", in David Gellner and Krishna Hachhethu (eds.), *Local Democracy in South Asia* (New Delhi, 2008), पृ. २८।

[१४९] "माछाले पानी नखाएर के खान्छ?" सार्वजनिक लेखा समितिले भ्रष्टाचारको आरोप लगाउँदा पूर्व शिक्षामन्त्री रामचन्द्र कुशवाहाको जवाफ। "Relief teacher quotas for current FY annulled", *Republica*, २४ फेब्रुअरी २०१०। भ्रष्टाचारको आरोपका कारण कुशवाहा राजीनामा दिन बाध्य पारिए। राष्ट्रपति, प्रधानमन्त्री र माओवादी नेता प्रचण्ड जस्ता प्रभावशाली व्यक्तित्वहरू समेतले युनिटी लाइफ इन्स्युरेन्सलाई सार्वजनिक रूपमै समर्थन जनाउनु आश्चर्यको कुरा भएन। "राष्ट्रपति, प्रधानमन्त्री र विपक्षी नेता नै युनिटीका समर्थक", *नयाँ पत्रिका,* १९ मे २०१०। युनिटीले एउटा पिरामिड योजना चलाएर पाँच लाख ग्राहकहरूलाई ६ अर्ब रुपियाँभन्दा धेरै रुपियाँको लगानीमा फँसाएको थियो। लगानीको आकर्षक लाभ दिने बचनसहित त्यस कम्पनीले "एस्योरेन्स पोलिसी" अन्तर्गत मृत्यु बिमा र स्वास्थ्य योजना पनि ल्याएको थियो जसअनुसार स्वास्थ्य उपचारको प्याकेज र कम्पनीका अस्पतालहरूमा आजीवन निःशुल्क स्वास्थ्य परीक्षणका सुविधाहरू दिइने बताइएको थियो। "Unity's illegal operation rakes in Rs. 6 billion", *Republica*, २१ अप्रिल २०१० र "Unity scam: Our collective failure", *Republica*, २५ मे २०१०।

[१५०] हाछेथु, "Nepali Politics: People-Parties Interface", माथि उल्लेखित, पृ. १६१-१६६।

[१५१] "समाजमा ठूलो परिवर्तन भएको छ। ६० प्रतिशत जनता पार्टीमा लागेका होलान्। जनसाधारणको कुनै सुरक्षा छैन त्यसैले उनीहरूलाई पार्टीको मद्दत चाहिन्छ। सबै शिक्षक र विद्यार्थी राजनीतिमा छन्। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, कलैया, ५ अप्रिल २००९। सिराहाका एक जना मानवअधिकारकर्मीले एउटा उदाहरण पेस गरेः "छ दिन अगाडि उनलाई (नाम उल्लेख गरेर) अपहरण

स्रोतसाधनमाथिको हानाथाप क्षेत्रीय र जिल्ला सदरमुकामका साथै गाविसमा हुने गर्छ[१५२] जसमा बाहुबलको काम धेरै आउँछ। अति महत्त्वका स्रोतसाधनहरूमा गाविस र जिविसका बजेट, सरकारी ठेक्कापट्टा, मानवीय राहतबापत दिइने भुक्तानी र स्थानीय तवरमा गरिने फाइदाजनक नियुक्तिहरू पर्दछन्।[१५३] मन्दिरको धार्मिक गुठीदेखि स्कुल व्यवस्थापन समितिमा गरिने मनोनयनहरू फाइदाजनक नियुक्तिअन्तर्गत पर्दछन्। यस्ता ठाउँमा नियुक्ति दिलाएर आफ्ना बफादार कार्यकर्ताहरूलाई थामथुम पारी राख्न सकिन्छ, त्यसका साथै भारेभुरे खालको भ्रष्टाचार गर्नका लागि उनीहरूलाई मौका दिन सकिन्छ र उनीहरूलाई संरक्षण पनि प्रदान गर्न सकिन्छ। यी सबै कुराको बाँडफाँड मिलिजुली पनि हुन सक्छ र कहिलेकाहीँ त्यही कुरामा डरलाग्दो मारामार पनि हुन सक्छ।[१५४]

धेरैजसो अवस्थामा ठेक्कापट्टा र नियुक्तिका विषयमा पहिलेबाटै पार्टीहरू, प्रशासन तथा ठेकेदारहरूमाझ समझदारी भइसकेको हुन्छ।[१५५] तर यस्ता कुरामा गुन्डा र पार्टीका युवा दस्ताहरूको पार्श्वभागमा भूमिका रहेको हुन्छ। उनीहरूले कहिलेकाहीँ ठेक्कामा भाग नलिएका बाहिरका ठेकेदारहरूलाई पनि धाप दिइरहेका हुन सक्छन्।[१५६]

## २. माफिया बजार

राजनीतिक स्थान र राज्यका स्रोतसाधनहरूमा हिस्सा खोज्ने एउटा नयाँ प्रतिस्पर्धीका रूपमा माओवादीहरू पहिलेबाटै चलिरहेको खेलमा प्रवेश गरे।[१५७] उनीहरू आउनाले भागबन्डाको अंशियारीमा पनि उथलपुथल भयो।[१५८] स्थानीय शक्ति सन्तुलनलाई पुनर्संयोजन गर्ने कार्य हिंसात्मक बन्यो र अहिले पनि त्यो हिंसात्मक नै रहेको छ। धेरैजसो भिडन्तहरू प्रायः पार्टीका युवा दस्ताहरू या पार्टीसित सम्बन्ध भएका गिरोहहरूबीच

गरियो। उनलाई हिजो मात्र छाडियो। नचिनेका मान्छेहरूले उनलाई राजमार्गको दक्षिणतिर राखेका थिए। उनलाई ठाउँ सार्ने क्रममा स्थानीय बासिन्दाले माओवादीहरूलाई खबर गरेकाले माओवादीहरूले उनलाई छुटाउन आफ्ना कार्यकर्ता परिचालन गरे। उनका पिता स्थानीय माओवादी कार्यकर्ता हुन्।" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, अक्टोबर २००९। हेर्नुहोस् खण्ड ४.ख.४।

[१५२] स्वास्थ्य, शिक्षा, यातायात र सिँचाइका निर्देशनालयहरू रहेका सरकारी ठेक्कापट्टाको गढ मानिने क्षेत्रीय सदरमुकामबाट ठूल्ठूला ठेक्कापट्टा दिइएका छन्। क्राइसिस ग्रुपसँग, अन्तर्वार्ता, भोजपुर, जनवरी २०१०। गाविस र जिल्लास्तरका ठेक्काहरूभन्दा क्षेत्रीयस्तरका ठेक्काहरूमा बढी फाइदा मिल्दछ। किनभने गाविस र जिल्लास्तरका ठेक्काहरूमा उपभोक्ता समिति जस्ता स्थानीय समूहको निगरानी रहने गर्दछ। क्राइसिस ग्रुपसँग, अन्तर्वार्ता, काठमाडौं, अगस्ट २०१०। एक जना नेका नेताको भनाइ थियो, "हामी खानेपानीका लागि आएको एक लाख रुपियाँको बजेटमा १० देखि १२ हजार रुपियाँ लिन्छौं।" क्राइसिस ग्रुपसँग, अन्तर्वार्ता, सल्यान, फेब्रुअरी २०१०। तर, गाविसका साना बजेटहरूले पनि महत्त्व राख्दछन्। "विकासको समस्या अझै छ। पैसा गाविसमा पठाइएको हुन्छ ,तर के कामका लागि भनेर खुलाइएको हुँदैन। त्यस हिसाबले राजा हुँदाको बखतमा र अहिले कुनै फरक छैन।" क्राइसिस ग्रुपसँग, अन्तर्वार्ता, एनेकपा (माओवादी), जिल्ला सचिव राजविराज, अक्टोबर २००९।

[१५३] सन् २००२ मा स्थानीय निकायहरूको विघटन गरिएपछि जिविस र गाविसका बजेटमा पार्टी प्रतिनिधिहरूको अनौपचारिक प्रभाव उल्लेखनीय रूपमा बढेको छ। उदाहरणका लागि, उपभोक्ता समितिहरू अथवा स्थानीय सर्वदलीय संरचनाहरूको प्रभावलाई लिन सकिन्छ। हेर्नुहोस् पादटिप्पणी १५५।

[१५४] ठेक्कालाई जबर्जस्ती आफ्नो पक्षमा पार्ने चल्तीको तरिकाचाहिँ बोलपत्र दिनुपर्ने कार्यालयमा प्रतिस्पर्धीहरूलाई जानबाट रोक्नु हो। यस्तो अवस्थामा विभिन्न पार्टी अथवा प्रतिस्पर्धी ठेकेदारहरूले भाडामा ल्याएका समूहहरूबीच हात हालाहाल हुन सक्छ। बोलपत्र प्रक्रियाको अघि र पछि पनि डरधम्की दिनेलगायत अनेक किसिममा हतकन्डा अपनाउने गरिन्छ। क्राइसिस ग्रुपसँग, अन्तर्वार्ता, रूपन्देही, डिसेम्बर २००९; विराटनगर, फेब्रुअरी २०१०। यसका गुप्ती तरिका पनि अनेक छन्। उदाहरणका लागि, गुन्डा लगाउन नसक्ने ठेकेदारहरूले सम्बन्धित कार्यालयका कर्मचारीहरूलाई घुस ख्वाएर उनीहरूको हातमा आफ्नो बोलपत्रका कागजात सुटुक्क पठाउँछन् र पछि अरू प्रतिस्पर्धीहरूसित हिस्सा माग्छन्। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, ठेकेदार, रूपन्देही, डिसेम्बर २००९। यस्ता काममा पूर्वी तराईका केही जिल्लाहरूमा सशस्त्र समूहहरूको पनि संलग्नता रहेको पाइन्छ। "ठेक्कापट्टा आफ्नो हातमा पार्न सशस्त्र समूहहरूको जोड निकै चल्छ। राजनीतिज्ञहरू पनि यस कामका लागि उनीहरूलाई नै रोज्छन्। गुन्डाहरूले केहीलाई मात्र थर्काउन सक्छन्, सशस्त्र समूहहरूले धेरैलाई थर्काउन सक्छन्। सशस्त्र समूहहरूले टेन्डर हुनुभन्दा अगाडि नै फोनबाट काम गर्छन्।" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, पत्रकार, लाहान, अक्टोबर २००९

[१५५] सिराहाका एक जना मानवअधिकारकर्मी भन्छन्, "राजनीतिक पार्टीहरू जिल्लास्तरमा मोलतोल गरेर गाविसका बजेट वितरण गर्छन्। हरेक नेता आफ्नो गाविसमा जतिसक्यो बढी बजेट लैजाने कोसिस गर्छन्।" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, लाहान, अक्टोबर २००९। "YCL, YF bury hatchet for tender moolah", *The Kathmandu Post*, १७ नोभेम्बर २००८।

[१५६] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, रूपन्देही, डिसेम्बर, २००९। अनलाइन टेन्डर पेस गरेमा हिंसा र भ्रष्टाचार नियन्त्रण हुन सक्छ। बलराम बानियाँ, "अब सबै ठेक्कामा इलेक्ट्रोनिक बिडिङ" *कान्तिपुर*, २७ मार्च २०१०; अच्युत वाग्ले, "आई प्रोक्योरमेन्ट र आर्थिक सुशासन" *नेपाल*, १७ अप्रिल २०१०। दाङमा पहिलो पटक इ-टेन्डर गरिएपछि हिंसामा कमी आएको बताउँछन् एक जना पत्रकार। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, दाङ, फेब्रुअरी २०१०। तर, इ-टेन्डर प्रक्रियाले समस्या समाधान गर्नेभन्दा पनि त्यसलाई पन्छाउने काम मात्र गरेको देखियो। किनभने अनलाइनबाट ठेक्का जितेपछि पनि ठेकेदारलाई धम्क्याउन सकिन्छ। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, मधेसी जनअधिकार फोरम (एन) जिल्ला सभापति मोरङ, फेब्रुअरी २०१०।

[१५७] हिमाल मिडियाले सन् २०१० मा लिएको जनमत सर्वेक्षणमा ३५.९ प्रतिशतले भ्रष्टाचार बढिरहेको बताए भने ३१.१ प्रतिशतले यो घटिरहेको विचार व्यक्त गरे। बहुसङ्ख्यकले राजनीतिक हिंसा घटेको बताए (६४.२ प्रतिशत)। यस्तै, सङ्गठित अपराध घटेको छ भन्नेमा ५४.२ प्रतिशत थिए भने र बन्दका घटनाहरू घटेको विश्वास गर्नेमा ५८.८ प्रतिशत थिए। "जनता परिवर्तन चाहन्छन्", माथि उल्लेखित। ट्रान्सपरेन्सी इन्टरन्यासनलको भ्रष्टाचारसम्बन्धी पछिल्लो तथ्याङ्कअनुसार नेपाल १ सय ८० राष्ट्रहरूमध्ये १४३ औं स्थानमा झरेको छ। सन् २००८ मा नेपालको स्थान १३८औं थियो। दक्षिण एसियामा नेपालभन्दा तल्लो स्थानमा रहनेमा अफगानिस्तान मात्रै छ। अफगानिस्तानको स्थान १७९औं छ। भ्रष्टाचारसम्बन्धी सन् २००८ र २००९ को तथ्याङ्क www.transparency.org/policy_research/ surveys_indices/cpi/2009/ मा उपलब्ध छ। स्वास्थ्य क्षेत्रको भ्रष्टाचार र राजनीतीकरणका परिणामहरू बुझ्न हेर्नुहोस्ः शरणप्रसाद शर्मा, "Politics and corruption mar health care in Nepal", *The Lancet*, अङ्क ३७५, नं. ९७३१, १२ जून २०१०।

[१५८] म्याग्दीमा सरकारी जग्गा बेचेर वाईसीएललाई लिजमा दिइएपछि माओवादीविरुद्ध सबै पार्टी एक भएका थिए। सन् २००८ मा माओवादीलगायत सबै पार्टीहरू म्याग्दी खाद्य संस्थानको जग्गा नबेच्ने कुरामा सहमत भएका थिए। तर पनि खाद्य संस्थानले एउटा दलालमार्फत चल्ती मूल्यभन्दा धेरै कम मोलमा एक जना माओवादी समर्थकलाई जग्गा बिक्री गर्‍यो। घनश्याम खड्का, "माओवादीविरुद्ध सबै दल", *कान्तिपुर*, १४ फेब्रुअरी २०१०।

स्कुल या अस्पताल र राज्य संशाधनसित जोडिएका अन्य विषयहरूसित सम्बन्धित हुन्छन्।[१५९] सरकारमा हुँदा माओवादीहरूले प्रशासनमाथि आफ्नो प्रभाव थोपरे। एमालेका जिल्लास्तरका एक जना नेताको यस्तो गुनासो थियोः उनीहरूले "स्थानीय विकासका लागि छुट्ट्याइएको रकम अर्थ मन्त्रालयबाट सोझै पाउने गर्छन् र टेन्डरमा पनि उनीहरूले पूरै कब्जा जमाएको देखिन्छ। हामी यस्तो एक तर्फी व्यवहार मात्र तयार छैनौं।"[१६०] अप्रिल २००९ मा सरकारबाट बाहिरिएपछि पनि स्थानीय मामिलामा उनीहरूकै भनाइ चल्थ्यो र उनीहरूले स्थानीय स्रोतसाधनमा आफ्नो हिस्सा दाबी गर्न छाडेका थिएनन्।

तत्कालै कुनै भौतिक उपलब्धि नहुने विषयमा पनि हिंसाको स्थिति आउँछ, तर त्यो संरक्षणजनित मामिलासित सम्बन्धित हुन्छ। उदाहरणका लागि, पार्टी कार्यकर्ताहरूबीचको ससाना झैझगडालाई पनि कहिलेकाहीँ तन्काएर अन्तरपार्टी झडपको अवस्थामा पुऱ्याउने गरिन्छ।[१६१] दैनन्दिन सुरक्षाको चासो संरक्षणको केन्द्रीय विषय हो र पार्टीहरूले आफ्ना समर्थकहरूको प्रतिरक्षा गर्न सक्छन् भन्ने कुरा व्यवहारमा देखाउन सक्नुपर्छ। आफ्ना कुनै समर्थकमाथि आक्रमण भएमा पार्टीहरूले प्रतिकारमा हमला गर्नुका पछाडि यही कारण रहेको छ, चाहे त्यस कार्यकर्ताको पार्टीसितको सम्बद्धता जतिसुकै अस्पष्ट वा नाम मात्रको किन नहोस्।[१६२]

माओवादीले प्रस्तुत गरेको चुनौती उपरको प्रतिक्रिया एमालेले युथ फोर्स खडा गरेर देखायो। माओवादी र एमाले दुवैले आआफ्ना युवा दस्ताहरूमा अपराधी गिरोहका सदस्यहरूलाई हुलेको हुन सक्ने बलिया सङ्केतहरू देखिएका छन्।[१६३] पूर्वी र मध्य तराईमा माओवादीहरूलाई टक्कर दिन अरू पार्टीहरूले सशस्त्र समूहहरूलाई सघाउन थाले।[१६४] यस्ता युवा दस्ताहरूको बढ्दो उपयोगले गर्दा पार्टीहरूको उनीहरूप्रतिको निर्भरता बढ्न गएको छ। त्यसले गर्दा गैरकानुनी कार्यमा ती दस्ताहरूको संलग्नतालाई ढाकछोप गर्नुपर्ने पार्टी उपरको दबाब पनि बढेको छ। यस्तो पहिलेदेखि नै हुँदै आएको भए तापनि वाईसीएल र युथ फोर्स तथा अन्य समूहहरूबीचको आपसी प्रतिस्पर्धालाई यसले निकै गति दिएको छ। मध्य पश्चिम जिल्लाका युथ फोर्सका एक जना नेताले भनेः "वाईसीएलले धेरै गुन्डाहरूलाई भर्ती गरेको छ। तिनलाई उनीहरूले अरूले ख्वाउन नसक्ने गरी पालेर राखेका छन्। ठेक्कापट्टाबाटै उनीहरूले त्यसो गर्न सकेका छन्।"[१६५]

पार्टी र सशस्त्र समूहहरूको अन्तरसम्बन्ध बाध्यता र परस्पर निर्भरताको हो, साथै सुविधाको पनि। अपहरण र जबर्जस्ती चन्दा असुली पूर्वी र मध्य तराई तथा पश्चिम नेपालका नगर इलाकाहरूमा एकदमै चम्केको व्यापार हो। सशस्त्र समूहहरू र अपराधी गिरोहहरू जबर्जस्ती चन्दा असुलीका लागि जिम्मेवार छन्। तर राजनीतिक वृत्त र प्रहरीसित साठगाँठ भएका कारण तिनीहरू बिनाधुनछेक आफ्नो कार्य सञ्चालन गर्छन्।[१६६] राजनीतिज्ञहरू प्रायः पैसा हात पार्नका लागि सशस्त्र समूहहरूलाई संरक्षण दिँदैनन्। ती गिरोहहरूले उनीहरूलाई चुनावको समयमा, टेन्डर खुलेका बेला र सामान्यतया उनीहरूको हैकम कायम गर्न मद्दत पुऱ्याउँछन्। त्यसको बदलामा ती गिरोहले कानुनको पन्जाबाट जोगिन पाउँछन्। एक जना स्वतन्त्र मधेसी विश्लेषकको भनाइमाः "पार्टीहरूलाई पनि सशस्त्र समूह चाहिएको छ र सशस्त्र समूहलाई पनि पार्टी चाहिन्छ। सशस्त्र समूहको काम दबाब दिने हो, पार्टीको काम

---

[१५९] क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, विभिन्न जिल्लाहरू, अगस्ट २००९-फेब्रुअरी २०१०। ठेक्कापट्टासम्बन्धी विवादमा बन्दुकको प्रयोग हुनु चिन्ताको विषय हो। "Students go berserk over college tender", *The Kathmandu Post*, ६ जुलाई २००९। "विराटनगरका गुन्डाहरूबीचमा निकै तनावयुक्त वातावरण छ। ठेक्कापट्टाका कारण धेरैको हत्या भएको छ। अहिले सबै संत्रस्त छन्।" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, विराटनगर, सेप्टेम्बर २०१०।

[१६०] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, लमजुङ, २४ अप्रिल २००९।

[१६१] "धेरै हिंसा राजनीतिक कारणले भएका हुँदैनन्। तर, तिनलाई राजनीतीकरण गरिन्छ।" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, एमाले जिल्ला अध्यक्ष, ४ फेब्रुअरी २०१०। तर राजनीतिक स्थान बनाउनका लागि पनि हिंसा गरिन्छ। अर्को खण्ड हेर्नुहोस्।

[१६२] उदाहरणका लागि, सन् २०१० अप्रिलमा हुम्लामा माओवादी र नेका कार्यकर्ताबीचको व्यापारिक विवादले पछि दुई पार्टीका कार्यकर्ताहरूबीच नै झडप हुन पुग्यो। "Curfew in Simkot after NC, Maoists clash", *The Kathmandu Post*, ८ अप्रिल २०१०। सन् २००९ को सुरुमा लमजुङमा माओवादी र एमाले कार्यकर्ताहरूबीचमा झडपको शृङ्खला नै चल्यो। स्थानीय माओवादीहरूले एक जना ठेकेदारलाई हमला गरेपछि झडप सुरु भएको थियो। त्यस ठेकेदारलाई माओवादीहरू एमाले कार्यकर्ता नभएको दाबी गर्छन्, तर एमाले उसलाई आफ्नो कार्यकर्ता बताउँछ। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, माओवादी र एमाले जिल्ला सचिवहरू, अप्रिल २००९।

[१६३] क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, मोरङ, दाङ, सल्यान, रुकुम, जनवरी-मार्च २०१०। भाग ३.क.३ मा हेर्नुहोस्।

[१६४] "पहिला पार्टीहरू आफूलाई माओवादीबाट जोगाउन चाहन्थे, त्यसपछि माओवादीको प्रभाव घटाउनेतिर लागे। सशस्त्र समूहहरूलाई पार्टीहरूले नै जन्माएका हुन्। तर, नेताहरूले उनीहरूमाथिको नियन्त्रण गुमाए।" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, मानवअधिकारकर्मी, धनुषा, १५ अक्टोबर २००९।

[१६५] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, सल्यान, २० फेब्रुअरी २०१०।

[१६६] नेपालगन्जका नागरिक समाजका एक कार्यकर्ताका अनुसार एमालेले स्थानीय सशस्त्र समूहका एक जना कुख्यात नेतालाई संरक्षण दिएको छ र उसलाई जेलबाट पनि छुटाएको छ। यसैगरी, नेकाले स्थानीय सशस्त्र समूहको अर्को एक जना नेतालाई प्रहरीले गिरफ्तार गरेपछि छुटाएको थियो। क्राइसिस ग्रुपसँग, अन्तर्वार्ता, फेब्रुअरी २०१०। धनुषाका एक जना मानवअधिकारकर्मी यसमा प्रमुख दलहरू र प्रशासन दुवैको हात रहेको बताउँछन्, "पोहोर साल राजनीतिक दलहरूले सशस्त्र समूहलाई संरक्षण दिएका थिए भन्ने प्रस्ट छ। नेका, मधेसी जनअधिकार फोरम, नेपाल सद्भावना पार्टी र माओवादी पनि एक वा दुई घटनामा संलग्न रहेका छन्। तिनीहरू प्रत्यक्ष रूपमा प्रजिअ र एसपीबाट पनि संरक्षित थिए। एसपीले सशस्त्र समूहलाई बोलाएर आफ्नो भाग नपाए उनीहरूलाई सिध्याउने कुरा गर्थ्यो। सन् २००८ को ८ देखि ९ महिनासम्म प्रशासन केवल पैसाको पछाडि दौडिरह्यो।" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, अक्टोबर २००९। तराईका अरू जिल्लाहरूमा पनि यस्तै अवस्था पाइएको थियो। राजविराजका एक पत्रकारको भनाइमा "जबर्जस्ती उठाइएको चन्दा रकमको हिस्सा स्थानीय प्रहरीलाई समेत बाँडिन्छ। नत्र तिनका कार्यकर्ताहरू तुरुन्त पक्राउ पर्छन्।" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, सेप्टेम्बर २००९। लाहानका एक जना पत्रकारका अनुसार "सशस्त्र समूहका मानिसहरू भन्छन्, 'हामीले प्रहरी प्रमुखलाई पनि पैसा ख्वाएको हुनाले प्रहरीले हामीलाई सहयोग गर्छ।'" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, २००९।

संरक्षण दिने हो।"[१६७] गुन्डाहरूझैं गिरोह र सशस्त्र समूहहरू पनि संस्थागत भएका छन्। उनीहरूबिना कुनै पनि राजनीतिज्ञले काम चलाउन असम्भव नभए पनि एकदमै दुष्कर कार्य हो।

प्रहरीका लागि यो कुरा सुविधा मात्र होइन उनीहरूको आवश्यकता पनि हो। सशस्त्र समूह र अपराधी गिरोहहरू उपर कार्बाही गर्न खोजेमा राजनीतिक हस्तक्षेप हुने गरेको उच्चपदस्थ प्रहरी अधिकृतहरू प्रायः सिकायत गर्छन्। वास्तवमै उनीहरूमाथि दबाब पर्छ। राजनीतिज्ञहरू सरुवा गरिदिने धम्की दिन्छन् र सरुवा गरिदिन पनि सक्छन्। जबर्जस्ती चन्दा असुलीको धन्दाका गढ मानिने तराईका जिल्लाहरू तस्करीका लागि पनि नामुद छन्। त्यसैले ती जिल्लाहरूबाट माथ्ला तहका अधिकृतहरूले गलत तरिकाले भए पनि कमाउने मौका पाउँछन्। उनीहरूले त्यहाँ सरुवा पाउन निकै ठूलो धनराशि खर्चेका हुन्छन्।[१६८] त्यसै हुनाले सरुवा गर्ने धम्कीले काम गर्छ। आफूले लगानी गरेको पैसा उठाउनका लागि उनीहरू अपराधी गिरोहलाई संरक्षण दिन पुग्छन् र नाफाबाट पाइने हिस्सा पनि लोभलाग्दो नै हुन्छ।[१६९] प्रहरी र चन्दा असुल्ने अपराधीहरूबीचको सम्बन्ध सधैं सुमधुर हुँदैन। सबै प्रहरी अधिकृतहरूलाई किन्न सकिन्न। कोही भने बरु सशस्त्र समूहको सिकार बनेकाहरूबाट पैसा लिन्छन्। सन् २००९ मा व्यापारीहरूबाट पैसा लिएर प्रहरीले धनुषामा सशस्त्र समूहका कैयौं नाइकेहरूलाई मारेको थियो। यस्ता गैरन्यायिक हत्याको मूल्य दुई लाखदेखि तीन लाख रुपियाँ हुने गर्छ।[१७०]

प्रशासनिक नियुक्ति, सरुवा र बढुवाको राजनीतिको सिरानमा मन्त्रीहरू बसेका हुन्छन्। आपराधिक क्रियाकलापबाट उनीहरूलाई प्राप्त हुने मुनाफा अप्रत्यक्ष प्रकृतिको हुन्छ। पहिलो कुरा त कमाउ जिल्लामा सरुवा हुनाका लागि तिरेको धनराशि उपर गर्न प्रहरीले अपराधीहरूबाट घुस लिनुपर्ने हुन्छ। अपराधीहरूसित मन्त्रीहरूको सम्बन्ध जतिसुकै अप्रत्यक्ष भए पनि उच्चपदस्थ प्रहरी अधिकृतहरूलाई आम्दानी हुने अपराधविरुद्ध कडा कार्बाही गर्न दबाब दिनका लागि मन्त्रीहरूको कुनै चासो (वा नैतिक बल) हुँदैन। कहिलेकाहीं सशस्त्र समूह र राष्ट्रिय स्तरका राजनीतिज्ञहरूको सोझो साठगाँठ रहेको हुन्छ। उदाहरणका लागि, सिराहामा सशस्त्र समूहका दुई जना नाइके प्रहरीद्वारा मारिएपछि त्यहाँका प्रहरी प्रमुखलाई सरुवा गरिएको थियो। सम्भवतः प्रहरीले गैरन्यायिक तरिकाले तिनलाई मारेको थियो र मारिनेहरू एक जना राज्यमन्त्रीको निकट रहेको बताइन्छ।[१७१]

जानेमानेका पत्रकार तथा नागरिक समाजका अगुवाहरू पनि सम्पर्क र कृपादृष्टिको अर्थतन्त्रमा सशस्त्र समूहहरूको मध्यस्थकर्ताको भूमिकाबाट लाभान्वित हुने गर्छन्।[१७२] कुनै कुनै अवस्थामा घुसको लेनदेन वा बन्धक व्यक्तिलाई छुटाउने काम गरेबापत उनीहरूले पैसा पाउँछन्।[१७३] उनीहरूको यस कार्यले सामान्य दलालको भूमिकालाई उजागर पार्छ। तराई सीमाको एक प्रमुख नाकाका एक जना भन्सार अधिकृतले भनेः "मकहाँ व्यापारीहरू सोझै आउँदैनन्। मलाई त पत्रकारहरूले दिक्क पार्छन्। हरेक दिन स्थानीय पत्रकारहरू बिचौलियाका रूपमा र सहुलियत मिलाइदिन या खास काम गरिदिन सिफारिस गर्न आउँछन्।"[१७४]

राजनीतिक पार्टीहरू, गुन्डाहरू र सशस्त्र समूहहरूबीचको सङ्गठनात्मक विभाजन रेखा गजमज हुँदै गएको तथ्य झल्काउने धेरै सङ्केतहरू पाइन्छन्। उदाहरणका लागि, मोरङमा पहिले ठूला पार्टीहरूसित अनौपचारिक सम्बन्ध मात्र भएका कुख्यात गुन्डाहरूले सन् २००९ मा

[१६७] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, विराटनगर, सेप्टेम्बर २००९।

[१६८] "प्रहरीभित्रै टेन्डर चल्छ", नेपालगन्जका एक जना मानवअधिकारकर्मी भन्छन्। उनी भन्छन्, "जिल्ला प्रहरी प्रमुख हुनलाई रु. २० लाखको बोलकबोलबाट सुरु हुन्छ। बाँकि जस्ता कमाउ जिल्लामा रु. ५० लाखबाट सुरु भई करोडौं रुपियाँसम्म पुग्छ। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, फेब्रुअरी २०१०। त्यसो त प्रहरी बलमा प्रवेश पाउन पनि लगानी गर्नुपर्छ। एउटा ज्वलन्त उदाहरण, सेप्टेम्बर २०१० एमाले सभासद डोलबहादुर कार्कीलाई प्रहरी इन्सपेक्टरमा जागिर खुवाउन रु. ४ लाख ५ हजार घुस लिएको पाइएपछि सभासदको पदबाट निलम्बन गरियो। "'Crooked' Karki loses CA berth", *The Kathmandu Post*, २२ सेप्टेम्बर २०१०।

[१६९] "तपाईं बढुवा चाहनुहुन्छ भने तपाईंले पैसा तिर्नुपर्छ। पैसा कहाँबाट आउँछ त? पूर्वी क्षेत्रका डीआईजीले मासिक रूपमा पैसा पाउँछन्। अनि उनीहरूले मन्त्रीलाई पनि पैसा पुऱ्याउनुपर्छ।" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, पत्रकार, राजविराज, सेप्टेम्बर २००९। उदाहरणका लागि, स्थानीय सडक निर्माणका लागि उपभोक्ता समिति गठन गर्ने सिलसिलामा भएको विवादमा नेका जिल्ला नेताको नेतृत्वमा हुल्याहाहरूको आक्रमणबाट एक जनाको हत्या हुँदा समेत प्रहरीले केही नगरेको आरोप बाँकेका गाउँलेहरू लगाउँछन्। "गाउँ कब्जा गरी आतङ्क मच्चाउनेहरूलाई प्रहरीको संरक्षण", *नयाँ पत्रिका*, २० अप्रिल २०१०; जे पाण्डे, "डाँका आक्रमणमा एकको मृत्यु, गाउँभर त्रास", *कान्तिपुर*, २० अप्रिल २०१०।

[१७०] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, प्रहरी अधिकृत, जनकपुर, फेब्रुअरी २०१०।

[१७१] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, पत्रकार, लाहान, अक्टोबर २००९। एक जना उच्चपदस्थ सिनियर प्रहरी अधिकृतको भनाइमा राज्यमन्त्रीलगायत एक सभासदको समूहले प्रधानमन्त्री र गृहमन्त्रीलाई प्रहरी प्रमुखलाई सरुवा नगरे सरकार ढाल्नेसम्मका धम्कीहरू दिए। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, सेप्टेम्बर २००९।

[१७२] तराईका जिल्लाहरूमा मानवअधिकारकर्मी र नागरिक समाजका कार्यकर्ताहरू जबर्जस्ती चन्दा असुली र अपहरणका मामिलामा बिचौलियाको काम गर्दछन्। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, नागरिक समाज कार्यकर्ता नेपालगन्ज, फेब्रुअरी २०१०। ससरीका एक जना माओवादी नेता भन्छन्, "कुनै मानिसको अपहरण भएपछि प्रायः म सशस्त्र समूहसँग कुरा मिलाउने काम गर्छु।" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, राजविराज, अक्टोबर २००९। सुनसरीमा सशस्त्र समूहका नेताहरूसँग क्राइसिस ग्रुपले अन्तर्वार्ता लिने इन्तजाम स्थानीय पत्रकार र मानवअधिकार कार्यकर्ताहरूले मिलाएका थिए। क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, सेप्टेम्बर २००९।

[१७३] पूर्वी तराईका एक जना उच्चपदस्थ प्रहरी अधिकृतले भने, "मानव अधिकारकर्मीहरू अपहरणका घटनामा सधैं कुरा मिलाउने काम गरिरहेका हुन्छन्। मलाई त उनीहरूले पनि हिस्सा पाउँछन् भन्ने शङ्का लाग्छ।" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, राजविराज, फेब्रुअरी २०१०। यसको एउटा ठूलो र विवादास्पद उदाहरण चर्चित पत्रकार ऋषि धमलाको हो, जसलाई काठमाडौंका व्यापारीसित पैसा असुल्ने काममा लागेको र सशस्त्र समूहसँग मिलेमतो भएको आरोपमा अन्य तीन जनासहित पक्राउ गरिएको थियो। पछि मन्त्रिमण्डलले ती आरोप फिर्ता लियो। हेर्नुहोस क्राइसिस ग्रुप रिपोर्ट, *नेपालः शान्ति र न्याय,* माथि उल्लेखित, पादटिप्पणी १२।

[१७४] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, वीरगन्ज, अप्रिल २००९।

जिल्लास्तरीय नेतृत्व तहमा प्रवेश पाएका छन्।[१७५] तराईमा पार्टी र सशस्त्र समूहहरूको सम्बन्ध अनौपचारिक तर सबैको जानकारीमा रहेको हुन्छ।[१७६] नेपालगन्जमा सशस्त्र समूहका एक जना कुख्यात नाइके जनवरी २००९ मा एक जना गाविस सचिवको हत्यापश्चात् भूमिगत हुनुअघि एमालेको कार्यालयमा बरोबर जाने-आउने गर्थ्यो।[१७७] यस सशस्त्र होडबाजीको आधारशिलामा पार्टीहरूले जसरी आफ्ना युवा दस्ताहरूको निर्माण गरेका छन् र आपराधिक गिरोहहरूसित जसरी साठगाँठ बढाएका छन् त्यसबाट अझ उच्च तहको राजनीतिक हिंसा बढ्ने खतरा छ।

## ३. राजनीतिक स्थानका लागि लडाइँ

पार्टीहरूबीच भिडन्तको एउटा मुख्य कारण आआफ्नो राजनीतिक स्थान बनाउनका लागि हुने हानाथाप हो जसमा पार्टी अथवा उनीहरूका वारिसे सङ्गठनहरूबीच संलग्न हुन्छन्। पार्टी गतिविधि खुला रूपमा सञ्चालन गर्न सक्नु विशेषतः चुनावका बेला सान्दर्भिक हुन्छ, तर राजनीतिक स्थानको महत्त्व त्यसभन्दा धेरै बढी छ। स्थानीय सामाजिक जीवनको सन्दर्भमा पार्टी गतिविधिको निकै ठूलो महत्त्व छ। मानिसहरूलाई पार्टीको अँगालोभित्र राखिराख्ने काममा नियमित रूपमा सञ्चालन गरिने गतिविधि र कार्यक्रमहरूको अहम् भूमिका हुने गर्छ। पार्टीको नेतृत्वकारी तहमा ठाउँ बनाउनका लागि जिल्लास्तरका नेताहरूले राष्ट्रियस्तरका नेताहरूलाई आफूप्रति रहेको स्थानीय समर्थनको आधार र हैसियत देखाउन सक्नुपर्छ। महत्त्वपूर्ण अतिथिहरू जिल्ला भ्रमणमा आएका बेला आयोजना गरिने जनसभाहरू त्यस्ता अवसर हुन सक्छन्, तर कहिले-कहिले त्यस्ता बेला धोती खुस्कन पनि सक्छ।[१७८] राजनीतिक स्थान अविभाज्य तवरले राज्यको स्रोतसाधनमा हुने पहुँच र अरूलाई प्रश्रय दिने कुरासित पनि जोडिएको छ। त्यसैगरी हिंसात्मक मुठभेड चलेको बखतमा समेत स्थानीय शक्ति सन्तुलन कायम राख्ने कामसित पनि यो जोडिएको छ।

जुन कारणहरूबाट राजनीतिक स्थान बनाउने कुराको त्यतिविघ्न महत्त्व रहेको छ तिनै कारणहरूबाट विषम हिंसा पनि पैदा हुन्छ। तर यो पनि कुनै नौलो घटना होइन। एकअर्काको राजनीतिक प्रभावलाई बढ्न नदिनका लागि हिंसाको उपयोग सन् १९९० को दशकमै हुन थालेको थियो। स्थानीय स्तरमा नेका र एमालेको सम्बन्ध हदैसम्म खराब थियो। राजनीतिक प्रभाव क्षेत्रका लागि सानोतिनो हिंसा हुनुलाई सामान्य हिसाबले लिने गरिन्छ। माओवादीहरूले धम्की दिएकामा नेकाले गरेको उजुरी उपर टिप्पणी गर्दै एक जना प्रहरी अधिकृतले भनेका थिए: "माओवादीहरूले हतियार प्रयोग गरेका छैनन्। उनीहरूले दिमाग र हात मात्रै चलाएका छन्। अरू पार्टीहरूले पनि त्यसरी नै जवाफ फर्काउन सिक्नुपर्‍यो।"[१७९]

"जनयुद्ध" र त्यसपश्चात् उत्पन्न परिस्थितिले राजनीतिक प्रभाव क्षेत्रको अवस्थालाई पूरै बदलिदिएको छ। एमाले र त्यसभन्दा पनि बढ्ता नेकाको पार्टी संरचना द्वन्द्व कालमा निकै नै कमजोर हुन पुग्यो। त्यस बेला माओवादीहरूले दुवै पार्टीका धेरै प्रतिनिधिहरूलाई तारो बनाएका थिए। त्यसको दूरगामी प्रभाव पर्‍यो। सल्यानका एक जना नेका नेताले भनेः "युवाहरूले अब नेकाका कुनै अनुहार नै चिन्दैनन्। माओवादी मात्र चिन्दछन्।"[१८०] पहिले माओवादी आधार इलाका रहिसकेका केही ठाउँहरूमा माओवादीहरूको प्रभुत्त्व यति जब्बर छ कि त्यहाँ फेरि जोड दिइरहनुपर्ने आवश्यकता नै छैन। यी जिल्लाहरू अहिले शान्त छन्, तर त्यहाँ राजनीतिक चलखेल गर्ने ठाउँ भने साँघुरिएको छ। रुकुमका एक जना नेका नेताले बताएअनुसार जिल्ला सदरमुकाममा पार्टी गतिविधि गर्नमा कुनै अवरोध छैन र पार्टी कार्यकर्ताहरू पनि जिल्लामा घुम्न पाउँछन्, तर गाउँहरूमा भने पार्टी कार्यकर्ताहरूले आफ्ना राजनीतिक विचार खुला रूपमा राख्न पाउँदैनन्।[१८१] "माओवादीहरूको पूरै दबदबा छ", एक जना प्रहरी अधिकृतले थपे।[१८२]

आआफ्नो राजनीतिक ठाउँ बनाउनलाई सन् २००६ पछि वाईसीएल र युथ फोर्सबीच हिंसात्मक भिडन्तहरू भएका थिए। माओवादी र

---

[१७५] क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, विराटनगर, जुलाई, २००८; अक्टोबर २००९ र फेब्रुअरी २०१०। विगतका कुन गुन्डाले कुन पार्टीका लागि काम गर्छ भन्ने जानकारी सामान्यतया हुने गर्थ्यो। तर उस बेला त्यस्तो सम्बन्ध अनौपचारिक हुने गर्थ्यो या उनीहरूको औपचारिक सम्बन्ध युवा र विद्यार्थी सङ्गठनहरूसित मात्र सीमित रहन्थ्यो।

[१७६] यसका अपवादहरू पनि छन्। हुन त सशस्त्र समूहका सदस्यहरू सामान्यतयाः पार्टी पदमा बस्दैनन् तर उनीहरू पार्टीका सदस्यहरू भने हुन्छन्। किनभने राजनीतिक सहयोग प्राप्त गर्नलाई त्यो आवश्यक हुन्छ। एक जना प्रजिअ भन्छन्, "एक जना कार्यकर्ताका दुईओटा परिचय हुन्छन् — एउटा जनतान्त्रिकको र अर्को ठूलो दलको।" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, जिल्ला प्रशासक, लाहान, अक्टोबर २००९।

[१७७] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, नागरिक समाज कार्यकर्ता, नेपालगन्ज, १४ फेब्रुअरी २०१०।

[१७८] उदाहरणका लागि, भोजपुरका एक माओवादी नेताका अनुसार स्थानीय नेका नेताहरूलाई नेका उपसभापति सुशील कोइराला आउँदा करिब ६० जना बूढापाका मानिसहरू मात्र भेला भएकामा हुनसम्म लाज भएको थियो। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, भोजपुर, फेब्रुअरी २०१०। यस भनाइमा वास्तविकता छ। नेका भोजपुर पूरै लथालिङ्ग छ। नेकाका एक नेताले पार्टीभित्रको विवाद र अकर्मण्यताबारे साह्रै दुःखेसो पोखे। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, भोजपुर, जनवरी २०१०। जनवरी २०१० मा क्राइसिस ग्रुपका अनुसन्धानकर्ताहरूको समेत उपस्थिति रहेको भोजपुरको एउटा रेस्टुरेन्टमा राती बसेको नेकाको बैठकमा केही वर्षअघि एउटा कार्यक्रममा चियापानमा खर्च भएको पैसाको भुक्तानी दिने विषय जस्ता झिना-मसिना कुरामा कार्यकर्ताहरूले रडाको मचाइरहेका पाइयो। क्राइसिस ग्रुपको अवलोकन, भोजपुर, जनवरी २०१०।

[१७९] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, भोजपुर, जनवरी २०१०।

[१८०] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, नेका जिल्ला सचिव, सल्यान, २१ फेब्रुअरी २०१०।

[१८१] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, नेका जिल्ला नेता, रुकुम, फेब्रुअरी २०१०। यसको विपरीत एउटा एमाले सम्बद्ध साप्ताहिक पत्रिकाले रुकुम, रोल्पा र सल्यानमा अन्य दलका गतिविधिहरूलाई रोक्न माओवादीले हिंसा प्रयोग गरेको आरोप लगायो। उदाहरणका लागि त्यस पत्रिकाले जनवरी २०१० मा एमाले रुकुम जिल्ला कमिटी सदस्यहरूमाथि अकारण आक्रमण गरिएको समाचार छापेको थियो। लोकेन्द्र केसी, "रुकुममा माओवादीद्वारा बर्बर हमला", *बुधबार*, २१ जनवरी २०१०।

[१८२] क्राइसिस ग्रुपसँग, अन्तर्वार्ता, फेब्रुअरी २०१०।

एमालेबीचको सङ्घर्ष वस्तुतः एमालेको अस्तित्वसित गाँसिएको छ। यी दुई पार्टीहरू भोटका लागि मात्र नभई पार्टी कार्यकर्ताहरूका लागि पनि लड्छन्। सन् २००९ मा माओवादीका जिल्लास्तरीय नेताहरूमा आधा जति पहिलेका एमाले कार्यकर्ताहरू थिए।[१८३] उदाहरणका लागि, ताप्लेजुङमा धेरै एमाले कार्यकर्ताहरू द्वन्द्व चर्केको बेलामा पार्टी छाडेर माओवादी पार्टीमा लागेका थिए।[१८४] यसले केही हदसम्म सैद्धान्तिक प्रतिबद्धतालाई देखाउँछ। यसैको प्रतिक्रियास्वरूप एमालेले आफ्नो हिंसात्मक क्षमतामा वृद्धि गरेको हो।

एमाले नेताहरूका लागि ठूलो सङ्ख्यामा रहेका माओवादीका पूर्णकालीन कार्यकर्ताहरू टाउको दुखाइको विषय हो।[१८५] खासमा माओवादीहरूको थेग्नै नसकिने शारीरिक शक्तिबाट तर्सिएरै एमालेले युथ फोर्स खडा गरेको हो।[१८६] माथ्ला तहका एमाले नेताहरूले जिल्ला भ्रमणमा जाँदा खुलेआम हिंसाको समर्थन गर्ने गरेका बुझिएको छ।[१८७] एमालेले चालेको अर्को दाउ भनेको माओवादीहरूलाई एक्ल्याउने कोसिस हो। त्यसलाई माओवादीहरूले चाहिँ आफूहरूलाई हिंसा निम्ति उक्साउने चेष्टाका रूपमा बुझेका छन्।[१८८] केही पहाडी जिल्लाहरूमा एमालेले एकता मञ्चहरू खडा गर्न खोजेको बताइएको छ।[१८९] उदाहरणका लागि, स्कुल व्यवस्थापन समितिमा नेकासित मिलेर त्यस्तो प्रयास गरिएको थियो।[१९०]

युवा दस्ताहरूबीच हुने झडपहरू केवल एमाले-माओवादी प्रतिद्वन्द्वितामा सीमित छैन।[१९१] नेकाका कार्यकर्ताहरू संलग्न भएका केही घटनाहरू नीतिगत कारणले भन्दा पनि सङ्गठनात्मक कमजोरीका कारण भएका हुन्। स्थानीय संरचना बलियो भएको ठाउँमा नेकाका समर्थकहरूले पनि बल प्रयोग गरेका छन्।[१९२] सन् २००८ को चुनाव र सन् २००९ को उपचुनावमा नेका कार्यकर्ताहरू केही पहाडी र तराईका जिल्लाहरूमा बुथ कब्जा गर्न सफल भएका थिए।[१९३] तर द्वन्द्वपछाडिको समयमा नेकाले आफ्ना जिल्ला संरचनाहरूको पुनर्निर्माण गर्न सकेन र गाउँ तहमा त उसको प्रतिनिधित्व अत्यल्प छ। जिल्ला तहका नेताहरू युवाहरूलाई आकर्षित गर्न नसकेकामा खिन्नता प्रकट गर्छन्।[१९४] नेकाको पैसा खर्चिने शक्तिले संविधानसभाको चुनावमा सायद उसलाई अझ नराम्रो परिणाम पाउनबाट जोगायो।[१९५] चुनावअगाडि पार्टीभित्र रहेको खोक्रो आत्मविश्वास अब रहेन। केही टिप्पणीकारहरू सन् २००९ मा गरिएको महासमितिको विधान संशोधन र गिरिजाप्रसाद कोइरालाको निधनबाट नेकाको सङ्गठनको ढोका नवागन्तुकहरूका लागि खुलेकाले नयाँ युवाहरू आउने कुरामा आशावादी छन्।[१९६]

प्रमुख ठूला पार्टीहरू आफूहरूले बनाएको राजनीतिक स्थान उपर पुनर्दृष्टि दिने प्रक्रियामा छन्। यसबारेको तानातानी सकिएर एउटा नयाँ सन्तुलन

---

[१८३] हेर्नुहोस् क्राइसिस ग्रुप रिपोर्ट, *नेपालको भविष्यः कसको हातमा?*, माथि उल्लेखित, पृ. १२। उनीहरूको चिन्ता एक जना एमाले जिल्ला नेताको यस भनाइसँग प्रतिबिम्बित भएको छः "हामी वार्ताबाट समस्या समाधान गर्न सक्छौं, तर एकअर्काको अस्तित्वलाई स्वीकार्नुपर्छ।" क्राइसिस ग्रुपसँग, अन्तर्वार्ता, लमजुङ, २४ अप्रिल २००९।

[१८४] क्राइसिस ग्रुपसँग, अन्तर्वार्ता, ताप्लेजुङ, फेब्रुअरी २०१०।

[१८५] भोजपुरका एक जना एमाले नेताले १३५ जना वाईसीएल पूर्णकालीन कार्यकर्ताहरूको तुलनामा युथफोर्सका पाँच जना मात्र पूर्णकालीन कार्यकर्ता भएको बताए। क्राइसिस ग्रुपसँग, अन्तर्वार्ता, भोजपुर, जनवरी २०१०।

[१८६] एक जना एमाले जिल्ला सचिवले भने, "हामीले वाईसीएलको प्रतिकार गर्नलाई युथफोर्स स्थापना गरेका हौं। गाउँमा जनता माओवादीहरूबाट अझै तर्सिन्छन्। वाईसीएल गाउँमा आउँदा उनीहरूलाई छटपटी हुन्छ।" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, लमजुङ, २४ अप्रिल २००९।

[१८७] सञ्चारमन्त्री शङ्कर पोखरेल समेतको उपस्थिति रहेको प्रजातान्त्रिक राष्ट्रिय युवा फेडेरेसनको जिल्ला सम्मेलनमा युथ फोर्सका केन्द्रीय संयोजक महेश बस्नेतले फोर्सका कार्यकर्ताहरूलाई वाईसीएलका अतिवादी क्रियाकलापको साहसका साथ प्रतिकार गर्न आह्वान गरे। "Youth Wing would be managed soon: Pokharel", *The Rising Nepal*, ४ अगस्ट २००९।

[१८८] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, एनेकपा (माओवादी) जिल्ला इन्चार्ज, ताप्लेजुङ, ४ फेब्रुअरी २०१०।

[१८९] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, नेका जिल्ला नेता, सल्यान, फेब्रुअरी २०१०।

[१९०] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, पत्रकार, काठमाडौं, फेब्रुअरी २०१०।

[१९१] अहिले वाईसीएल नै मुख्य खतरा हो भन्ने जुन बुझाइ छ त्यसले अन्य दलहरूबीचको विगतको सम्बन्धलाई ओझेलमा पारिदिन सक्छ। चुनावअघि क्राइसिस ग्रुपका स्टाफले देखेको एमाले र नेका कार्यकर्ताबीचका हिंसाबारे एक वर्षपछि जिज्ञासा राख्दा एक जना एमाले जिल्ला नेताले भने, "निर्वाचनअघि नेकासँग कुनै समस्या भएको मलाई सम्झना छैन। माओवादीसित भने अवश्य थियो। नेकासँगको सम्बन्ध सधैं राम्रो थियो।" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, लमजुङ, २४ अप्रिल २००९।

[१९२] उदाहरणका लागि, नेविसङ्घका सदस्यमाथि वाईसीएलद्वारा भएको आक्रमणबारे अनुसन्धानका लागि अनुरोध गर्न जाँदा जिल्ला प्रशासन कार्यालयमा छिर्न नदिएपछि नुवाकोटमा नेका समर्थकहरू र प्रहरीबीच अप्रिल २०१० मा झडप भएको थियो, जसमा बाह्र जना घाइते भएका थिए। "प्रहरी-काङ्ग्रेस कार्यकर्ता झडप, १२ घाइते" *कान्तिपुर*, १६ अप्रिल २०१० नेविसङ्घ हिंसात्मक कार्यबारे हेर्नुहोस् पादटिप्पणी १४४।

[१९३] क्राइसिस ग्रुपको अवलोकन, लमजुङ (संविधानसभा निर्वाचन प्रचार चलिरहेको बेला, अप्रिल २००८) र सप्तरी, धनुषा (संविधानसभा उपनिर्वाचनको बेला अप्रिल २००९)।

[१९४] क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, नेका जिल्ला नेताहरू, सल्यान र रुकुम, फेब्रुअरी २०१०। भोजपुरका तरुण दलका एक जना कार्यकर्ताले तालिम र गतिशीलता दुवैको अभाव भएकोमा गुनासो गरे। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, भोजपुर, जनवरी २०१०।

[१९५] "नेकाको खर्च गर्ने शक्तिसित हामीले मुकाबिला गर्न सकेनौं" संविधानसभाको निर्वाचन सम्बन्धमा ताप्लेजुङका एक जना एमाले नेताले भने। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, फेब्रुअरी २०१०।

[१९६] नेकाका एक जना जानेमाने युवा नेता सन् २०१० को सेप्टेम्बर १७ देखि २० तारिखसम्म हुन लागेको काङ्ग्रेसको बाह्रौं महाधिवेशनले बढी समावेशी केन्द्रीय समिति बनाउने र नयाँ नीतिहरूमा महत्त्वपूर्ण परिवर्तन ल्याउने अवसरहरूको सिर्जना गर्न सक्नेछ भन्ने आशा व्यक्त गर्दै भनेः "नयाँ अनुहारहरू देखा परेका छन्, तर पुरानो सन्जाल यथावत् छ। नयाँले आफ्ना पुराना सन्जाललाई तोड्न सक्तैनन्। तिनीहरूले आफ्नो सुरक्षाका बारेमा सोच्नुपर्ने हुन्छ र पार्टीभित्र पनि आफ्नो ठाउँ सुरक्षित राख्नुपर्ने हुन्छ। नयाँ व्यक्तिका रूपमा आएर तपाईं सोझै पुरानो नेतृत्वविरुद्ध जान सक्नुहुन्न। तर, तिनीहरूमाथि निकै दबाब पर्नेछ ... उनीहरूबाट परिवर्तन आउला भन्ने अपेक्षा गर्नुपर्ने हुन्छ।" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, सेप्टेम्बर २०१०।

कायम भएपछि तत्सम्बन्धी हिंसा पनि समाप्त हुन सक्नेछ। तर यस्तो खालको तालमेल निप्टारा हिंसाको सम्भावित खतरामा आधारित हुनेछ। तसर्थ कुनै पनि ठूला पार्टीले आफ्ना युवा दस्ताहरूलाई सुऱ्याउन छाड्ने छैनन् वा अपराधी गिरोहसितको साठगाँठ पनि त्याग्ने छैनन्।

## ४. विरोधको संस्कार

बन्द र अन्य खालका विरोधहरू आफ्ना आवाज र सिकायतलाई सुनाउने उपायहरू हुन्, त्यो पनि यस्तो राजनीतिक सङ्क्रमणको बेलामा जतिखेर राजनीतिक सेलरोटीको नयाँ भागबन्डा भएको छ। खासगरी, जातीय र क्षेत्रीय आन्दोलनकारीहरूले विरोधको माध्यमलाई सकेसम्म उपयोग गरेका छन्।

नेपालको राजनीतिक संस्कारमा विरोध प्रदर्शनका पूर्ण परिभाषित नियमहरू रहेका छन्। आन्दोलन गर्न चाहने समूहहरूले कि ती नियमहरूलाई मान्नुपर्ने हुन्छ कि तोड्नुपर्ने हुन्छ। पहिलो विकल्प भनेको मूलधारको राजनीतिमा आफ्ना कुराहरू राखेर प्रवेश गर्नु हो। त्यसले पहुँच पनि सहज बनाउँछ। पछिल्लो विकल्प भनेको स्थापित संरचनालाई पन्छाउने प्रयास गर्नु हो, जसका कारण आन्दोलनले अवैधानिकताको लान्छना बेहोर्नुपर्ने खतरा पनि छ। विरोधका धेरैजसो उपायहरू सारतः नरम र घिसेपिटे खालका छन्। तर पाखुरामा कालो पट्टी बाँध्ने वा आमरण अनसन गर्ने (जुन अनसनबाट कोही मर्दैन) जस्ता कसैलाई हानि-नोक्सानी नपुऱ्याउने खालका विरोधहरूलाई पनि उदेकलाग्दो गरी बडो गम्भीरतापूर्वक लिने गरिन्छ। सीमाको घेरालाई नतोडिकन त्यसलाई घचेट्दै लैजाने यथेष्ट सम्भावना छ। नाराहरू चर्का हुन सक्छन् तर अतिशय चर्का होइनन्। शारीरिक रूपमा धक्का पुऱ्याउने काम पनि चोट पुऱ्याउनका लागिभन्दा पनि बेइज्जतीको उद्देश्यले गरिन्छ। जे होस्, त्यसप्रकार जानीबुझी गरिएको बलमिचाइमा केही अस्पष्टताको ठाउँ रहन्छ। त्यसका साथै विद्यमान नियमहरूको जानकारी र तिनको पालनाका साथै तिनलाई तोडेर पूरै भत्काउने सम्भावना पनि रहन्छ।

नयाँ समूहहरू पार्टी संरचनालाई नाघ्न मात्रै होइन सङ्घर्ष चर्काउन चालिनुपर्ने पाइलाहरू पनि पछ्याउन चाहँदैनन्। माओवादीहरूले आखिरमा हतियार उठाए, तर त्यसो गर्नुभन्दा अघि उनीहरू दशकौंसम्मको शान्तिपूर्ण कम्युनिस्ट आन्दोलनमा संलग्न थिए र आफ्ना पकड रहेका भित्री इलाकाहरूमा कार्यकर्ताहरूको परिचालन गर्नमा लागेका थिए। तीन वर्षसम्म संसदीय राजनीतिको अभ्यास पनि उनीहरूले गरे। धेरै समूहहरूले आफ्ना विरोधलाई सोझै चर्काएका छन् र कतिले प्रारम्भिक रूपमा चालिने शान्तिपूर्ण कदमहरूलाई बिल्कुलै वास्ता गरेका छैनन्। यो बदलिँदो राजनीतिक संस्कारको परिणाम हो जसले राज्यबाट प्राप्त हुने संरक्षणलाई मौलिक हकका रूपमा फराकिलो पार्नमा जोड दिएको छ। हालको सशस्त्र सङ्घर्ष हेरी यो परिवर्तन त्यति जोडदार छैन, किनभने यो सङ्घर्षले राज्यको संरक्षकत्व फराकिलो पार्न मात्र खोजेको छ राज्यकै रूपान्तरण खोजेको छैन।[१९७] तर यसले पनि माओवादीसहित अन्य राजनीतिक उच्च वर्गलाई खिन्न तुल्याएको छ, किनभने यी नयाँ आन्दोलनमा लागेका समूहहरूले बराबरीको हैसियतमा सम्झौतावार्ताको माग गरिरहेछन्।

बन्दलाई एउटा उदाहरणका रूपमा लिन सकिन्छ। बन्द गर्ने कार्य नयाँ होइन, तर हालको राजनीतिक परिस्थितिले विरोधको यस माध्यमलाई आकर्षक बनाएको छ।[१९८] कतिका लागि आफ्ना राजनीतिक अभीष्ट पूरा गर्नका लागि बन्द एकदमै प्रभावकारी उपाय हो। कतिका लागि बन्द गर्नु नै एक मात्र उपाय हो। राज्यलाई आफ्ना कुरा सुनाउन असमर्थ रहेका कतिपयका लागि बन्द उपयोगी उपाय हो।[१९९] पार्टी सम्बद्धता कमजोर भएका समूहहरूले सरकारलाई दबाब दिनका लागि अब पार्टीप्रति आश्रित रहनु पर्दैन। यस अर्थमा ती समूहहरूले पार्टीलाई पन्छाएर राज्यको लाभांशको वितरणका लागि पार्टी संयन्त्रको सहारा लिनुपर्ने स्थितिलाई चुनौती दिएका छन्। उदाहरणार्थ, पूर्वका पहाडी इलाकामा राई र लिम्बू समूहहरू तथा तराईको विरोध आन्दोलनलाई लिन सकिन्छ।

अहिले बन्दको हतियार प्रयोग गर्नेहरूले जान्नेरै गरेका छन्।[२००] बन्दले सार्वजनिक जीवनमा खलल पुऱ्याउँछ, असुविधा उत्पन्न गर्छ र धेरैलाई आक्रोसित तुल्याउँछ। तर त्यसका साथै बन्द एकदमै प्रभावकारी देखिएको छ, चाहे त्यो सडक दुर्घटनाको मुआब्जा लिनलाई होस् या सरकारलाई निचोरेर कुनै सुविधा लिनु पर्दा होस्। यसको आयोजनामा जोखिम पनि न्यूनतम छ, प्रहरीले यसमा विरलै हस्तक्षेप गर्दछ।[२०१] बन्दले अहिलेको राजनीतिक वातावरणमा देखाउनुपर्ने राजनीतिक शक्तिलाई पनि राम्रैसित प्रदर्शित गर्दछ। राम्रोसित सम्पन्न बन्दले त्यसको आयोजक समूह वा मागप्रति जनसमर्थन रहेको जनाउँछ। यसले कुनै समूहले मच्चाउन सक्ने हिंसाको खतरालाई कति गम्भीरतासाथ लिइएको छ त्यसलाई पनि देखाउँछ। हिंसा मच्चाउन सक्ने क्षमता र जनसमर्थन दुवै थोक राजनीतिक आवाजका लागि अत्यावश्यक आधार हुन्।

---

[१९७] यसैगरी मानवशास्त्री जेनेभिम लेकर भन्छन्, "नेपालमा बन्द र हडताल प्रजातान्त्रिक प्रणालीलाई उल्ट्याउन नभई यसैअन्तर्गत काम गर्नका लागि गरिन्छन्।" "Illiberal Democracy and the Problem of Law: Street Protest and Democratization in Multiparty Nepal", in Mahendra Lawoti (ed.), *Contentious Politics and Democratization in Nepal* (नयाँ दिल्ली, २००७), पृ. २५४।

[१९८] बन्दका तथ्याङ्कका लागि हेर्नुहोस्, पादटिप्पणी ५। विभिन्न प्रकारका बन्दहरूको परिभाषाका लागि हेर्नुहोस् पादटिप्पणी ९३।

[१९९] लेकरको भनाइमा सन् १९९० पछाडिका धेरै राजनीतिक विरोध कार्यक्रमहरू जबर्जस्ती र उदार प्रजातन्त्रको मर्म विपरीत भएका थिए, तर तिनका कारणबाट निमुखा समूहहरूले आफ्ना आवाज सुनाउन पाए। लेकर, "Illiberal Democracy and the Problem of Law", माथि उल्लेखित।

[२००] पञ्चायत कालमा बन्दहरू विरलै हुने गर्थे र बन्दको प्रयोग जनविरोधका अन्तिम अस्त्रका रूपमा हुने गर्थ्यो। असन्तुष्टि प्रायः व्यक्तिगत तवरमा सुरु भएर सार्वजनिक प्रदर्शनको दिशातर्फ उन्मुख हुन्थ्यो। सरकारले सुनवाइ नगरेर विरोधलाई बलपूर्वक दबाउन खोजेमा मात्र 'बन्द' आवश्यक हुन्थ्यो। त्यति गर्दा पनि बन्द आयोजना गर्नेले निकै ठूलो जोखिम उठाउनुपर्ने हुन्थ्यो। Richard Burghart, "The Conditions of Listening: The Everyday Experience of Politics in Nepal", in Richard Burghart (Christopher John Fuller and Jonathan Spencer, eds.), *The Conditions of Listening* (नयाँ दिल्ली, २००८ [१९९६])।

[२०१] स्थानीय प्रशासन ऐन (संवत् २०६४ मा संशोधित) अनुसार राजमार्गमा सवारी साधनमाथि अवरोध पुऱ्याउनु दण्डनीय कार्य हो। "2065 BS: A Year of Strikes", myrepublica.com, १४ अप्रिल २००९।

यस्ता खललकारी विरोधले असमान राजनीतिक खेलको मैदानलाई केही हदसम्म सम्याउने काम गरेको छ। यस प्रक्रियाको जितुवा र हरुवा को हुन् भन्ने विषयमा मतमतान्तर हुन सक्ला। यसैगरी यसले सामाजिक र राजनीतिक शक्ति संरचनामा कति वास्तविक र दूरगामी प्रभाव छाड्न सक्छ त्यो हेर्न बाँकी नै छ। तर यो धेरै टिक्न नसक्ने सङ्केतहरू देखिएका छन्। विडम्बना नै मान्नुपर्छ, बन्दको सफलता र यसको नियमितताले बन्दको शक्तिलाई नै घटाउने काम गरेको छ, अनि खललकारी नहुने जनविरोधका अन्य उपायहरूलाई झनै प्रभावहीन तुल्याएको छ।

## ५. नियन्त्रित गडबडी

सशस्त्र समूहहरू, राजनीतिज्ञहरू र प्रशासकहरूबीचको अन्तरसम्बन्धले के बताउँछ भने विशेषगरी स्रोतसाधनहरूको वितरणका कारणले राजनीतिक हिंसा यहाँ सधैं भइरहनेछ। तर विधिको शासनको दृष्टिकोणबाट हेर्दा स्रोतसाधन उपर हुने भिडन्तको मात्रा बढ्ने छैन। किनभने दाताहरूको अनुदानमा आधारित बजेटको वितरणमा देखादेखी हिंसात्मक लुछाचुँडी बढ्न गएमा त्यसको स्रोत काटिने खतरा छ र स्रोत नियन्त्रणका लागि झगडा गर्नेहरूले त्यसो भएको हेर्न चाहँदैनन्। हिंसा अनियन्त्रित हुँदै गएमा स्थानीय नेताहरूले पनि आफ्नो राजनीतिक आधारक्षेत्र गुमाउन सक्ने खतरा छ। सशस्त्र समूहहरू पनि त्यो हेर्न चाहँदैनन्। किनभने उनीहरूको सङ्गठनात्मक परिचालनको रणनीतिक जग भनेको नै दबाबको राजनीति र आपराधिक कारोबारको मिश्रण हो। तिनका धेरैजसो सदस्यहरू जोखिम कम भएका कारण नै तिनीहरूप्रति आकर्षित भएका हुन् राज्यसित सोझै भिड्नलाई होइन। यो विरोधाभासपूर्ण सुनिन्छ तर अहिलेका अति जुझारु र (आपराधिक रूपमा) सक्रिय समूहहरू नयाँ र विस्तारित हिंसाका सहभागी बन्ने सम्भावना अत्यन्त कम छ।

शक्तिशाली पात्रहरूले लक्ष्मण-रेखा कोर्छन् र नयाँ समूहहरूका लागि सीमा तोक्ने गर्छन्। खासगरी माओवादीहरूले के कुरा प्रस्ट गरेका छन् भने राजनीतिक व्यवहारको अलिखित नियमलाई उनीहरू गम्भीरतापूर्वक पालना गर्छन् र त्यसको उल्लङ्घन भएको अवस्थामा उनीहरू जहाँ-जहाँ बलियो अवस्थामा छन् त्यहाँ कार्बाही गर्छन्। उदाहरणका लागि, वाईसीएलले पाँचथरमा पल्लो किराँतका कार्यकर्ताहरूलाई विखण्डनकारी माग राखेकामा र भोजपुरमा किराँत जनवादी वर्कर्स पार्टीका कार्यकर्ताहरूलाई उनीहरूले स्थानीय व्यापारीलाई चन्दाका लागि धम्क्याएमा पिटे र लखेटे। जातीय राजनीतिमा उति बढी नलागेका कार्यकर्ताहरूलाई ध्रुवीकृत गर्नको सट्टा माओवादीको यस कार्यले दुवै जिल्लामा स्वागत पायो।[२०२]

धेरैजसो आपराधिक हिंसा पहिलेबाटै विचारेर गरिएको हुन्छ, परिणाम नविचारी कसैलाई सिकार बनाइएको हुँदैन। तराईमा जबर्जस्ती चन्दा असुली र अपहरणका निसानामा साना व्यापारी र बाहिरबाट पैसा आउने परिवार परेका हुन्छन्।[२०३] स्थानीय झैझगडामा धेरैजसो तल्ला जातका भूमिहीन किसानहरू उपर हिंसाको प्रयोग गर्ने गरिन्छ।[२०४] त्यसको तुलनामा ठूला व्यापारी वा राजनीतिज्ञ जस्ता प्रभावशाली व्यक्तिहरूलाई निसाना बनाउने काम जोखिमपूर्ण हुन सक्छ।[२०५] जनकपुरका व्यापारीहरूले सन् २००९ मा प्रहरीलाई पैसा खुवाएर चन्दा असुली कार्यमा संलग्न एक जना खुँखार नाइकेको हत्या गराएको बताइन्छ।[२०६] प्रहरीद्वारा गरिने गैरन्यायिक हत्यालाई प्रायः मुठभेडको नाम दिइने गरिन्छ र त्यस्ता मुठभेडका सिकार भएका सशस्त्र समूहका सदस्यहरू त्यस्ता व्यक्ति हुन्छन् जसप्रति जनताको कुनै सहानुभूति हुँदैन र उनीहरूको पहुँच माथ्लो तहसम्म हुँदैन।[२०७] गोइत र ज्वाला सिंह त्यसप्रकारले मारिन सक्दैनन्।[२०८] यसर्थ सशस्त्र समूहका नेताहरू पार्टी सम्बन्धलाई गाँसिराख्ने गर्छन्।

खाँट्टी राजनीतिक उद्देश्य बोकेका सशस्त्र समूहका नेताहरू विद्यमान राजनीतिक प्रणालीभित्रै रहेर आफ्ना खास मागहरूलाई अघि बढाउँछन्। स्वीकृत राजनीतिक हिंसाको चौहद्दी अतिक्रमण भएको खण्डमा मूलधारको राजनीतिमा प्रवेश वा पुनःप्रवेश पाउने मौका गुम्न सक्छ। सरकारसित

[२०२] पाँचथरका सङ्घीय लिम्बूवान राज्य परिषद् (एल) का एक जना कार्यकर्ताले भने, "हामी पल्लो किराँतको कडा विरोध गर्छौं। उनीहरू देशको एउटा भागलाई टुक्र्याउन चाहन्छन्। त्यसैले वाईसीएलले उनीहरूलाई जिल्लाबाट लखेट्दा पनि हामीले विरोध गरेनौं। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, सेप्टेम्बर २००९। क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, भोजपुर, फेब्रुअरी २०१०। भोजपुरबारे खण्ड ३.क.३ पनि हेर्नुहोस्।

[२०३] राजविराजका एक जना पत्रकारले उदाहरण दिँदै भनेः "केही दिनअगाडि नाकतिराइपुर गाविसका ६० वर्षीय (नाम) मियालाई अपहरण गरियो। उनीहरूले हालसालै विदेशबाट फर्किएको उनको छोरासँग १० लाख रुपियाँ फिरौती मागे। त्यही हप्ता मल्हनिया गाविसमा एउटा प्राविधिक सहायक (नाम) यादवलाई अपहरण गरियो।" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, पत्रकार, राजविराज, अक्टोबर २००९।

[२०४] दलित कार्यकर्ताहरूलगायत स्थानीय पर्यवेक्षकहरूको भनाइमा रैथाने राजनीतिज्ञहरू र जमिन्दारहरू माछापालन अथवा सार्वजनिक जमिन जस्ता स्थानीय स्रोतहरूको उपयोग अथवा दैनिक ज्यालासम्बन्धी विवादमा तल्ला जातका कृषि मजदुरहरूलाई कुट्ने-पिट्नेदिखि लिएर उनीहरूका घरबास जलाउने गर्छन्। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, सप्तरी, सिराहा, अक्टोबर २००९ र फेब्रुअरी २०१०।

[२०५] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, प्रहरी अधिकृत, जनकपुर, १० फेब्रुअरी २०१०।

[२०६] प्रहरीमाथि आकाश त्यागीलाई मार्ने दबाब जनकपुरका व्यापारी समुदायबाट पर्न गएको देखिन्छ। पत्रकार र मानवअधिकारकर्मीहरू भन्छन् उसबाट धम्की पाएका र उसका आक्रमणमा परेका धेरै व्यापारीहरूले २१ जून २००९ मा उसलाई मार्न पैसा दिएका थिए। क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, जनकपुर, अक्टोबर २००९ र फेब्रुअरी २०१०।

[२०७] बलात्कारी र अपहरणकारी भनेर चिनिएका दुई जना अपराधीहरूलाई प्रहरीले मार्दा स्थानीय मिडियाले त्यसबारे कुनै समाचार नदिएको धनुषाका एक जना पत्रकार बताउँछन्। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, फेब्रुअरी २०१०। तर माथिमाथि गाँसिएका सम्बन्धले पनि सशस्त्र समूहका नेताहरूलाई सधैं जोगाउन सक्दैन। प्रहरीद्वारा जून २००९ मा सिराहामा मारिएका दुई सशस्त्र समूहका नेताहरू "म्यानेजर" महतो र परशुराम यादवको म.ज.फो. (प्रजातान्त्रिक) का सहायक मन्त्रीसँग साठगाँठ रहेको थियो भन्ने भनाइ छ। नभन्दै पछि मजफो (प्र) ले त्यहाँका डीएसपीलाई सरुवा गर्न दबाब दियो। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, पत्रकार, सिराहा, अक्टोबर २००९।

[२०८] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, पत्रकार, जनकपुर, फेब्रुअरी २०१०।

सम्झौतावार्ता चलाउने कारण पनि यही हो। सुरक्षाको प्रत्याभूति वा बन्दी रिहाइ जस्ता फाइदाबाहेक त्यस्ता वार्ताबाट सशस्त्र समूहहरूले आफूलाई मूलधारको राजनीतिमा वैधानिक पात्रका रूपमा स्थापित गर्ने मौका पाउँछन्। त्यसैले वार्ताको कस्तो परिणाम निस्कन्छ भन्ने कुरा प्राथमिक महत्त्वको विषय हुँदैन। सन् २००६ मा बहत् शान्ति सम्झौता भएपछि यता सरकार र सशस्त्र समूहहरूबीच त्यस्तो सङ्कटपूर्ण समय आएको छैन। सम्झौतावार्ता असफल भए पनि वा रोकिए पनि त्यसले हिंसालाई वैधानिकता प्रदान गर्ने काम गरिरहेको हुन्छ।

यस पृष्ठभूमिमा हेर्दा तत्काललाई हिंसा नाटकीय तवरमा भड्किने सम्भावना ज्यादै कम छ। तर अपराध र राजनीतिको साठगाँठ संस्थागत भएबाट मध्यावधिक हिसाबले हिंसा फैलने जोखिम पनि नरहेको होइन। किनभने अहिंसात्मक रणनीतिहरू बेकामे हुँदै जानेछन् र ससाना समूहहरू राजनीतिक हिंसाका सिकार बन्ने छन् अनि उनीहरूका सामुन्ने आफ्नो आवाज सुनाउनका लागि हतियार उठाउनु एक मात्र विकल्प हुन सक्नेछ।

### ग. अराजकता कि सांस्कृतिक सामेली ?

अहिले भएकामध्ये धेरै सशस्त्र समूहहरू त्यस्तो प्रकारको हिंसामा लाग्न चाहँदैनन् जसबाट उनीहरूलाई राज्यसित मुकाबिला गर्नुपर्ने स्थिति आउँछ। उनीहरूका उद्देश्य र सङ्गठनात्मक संरचना नै स्थानीय राजनीतिक प्रयोजनका लागि बनेका छन् र उनीहरूसित कुनै लोकप्रिय माग पनि छैनन्। यस सन्दर्भमा पूर्वी तराईकै उदाहरण लिन सकिन्छ, जहाँ सशस्त्र समूहहरू जनतामाझ बदनाम भएका छन्।

मूलधारको राजनीतिबाट छुट्टै र सापेक्षित राजनीतिक स्वायत्तता भएका र साथै केही जनसमर्थन पनि पाएकाले खतरनाक हुन सक्ने समूहहरू केवल पूर्वी पहाडहरूमा छन्। राई तथा लिम्बू समूहहरूले राखेका सङ्घीय प्रणालीअन्तर्गत खम्बुवान र लिम्बूवान राज्यहरूको निर्माणलगायतका मागहरूका केही जनाधार छन् र किराँती उच्च वर्गको पनि यसमा केही समर्थन रहेको छ। अहिलेको अवस्थामा सशस्त्र विद्रोहप्रति अति थोरै जनसमर्थन छ, तर नयाँ बन्ने संविधानले उनीहरूका मागलाई सम्बोधन गर्न नसकेमा विरोधको समर्थन व्यापक हुन सक्ने सम्भावना छ। त्यस बेला प्रशासनको रवैया कस्तो रहन्छ त्यसैमा धेरै कुरा भर पर्नेछ। विरोधलाई प्रहरी लगाएर होस् या जसरी होस् दबाउने नीति प्रशासनले लिएमा त्यसले हिंसात्मक विद्रोहप्रतिको जनसमर्थनलाई मात्रै उकास्नेछ। त्यसमाथि आर्थिक परिस्थितिले पनि भूमिका खेल्न सक्नेछ। हुन त धेरै क्षेत्रहरू हेरी पूर्वी पहाड आर्थिक दृष्टिले राम्रो अवस्थामा रहेको छ, तर पनि त्यो मात्रै नेपालको यस्तो क्षेत्र हो जहाँ गरिबीको दरमा वृद्धि भइरहेको छ।[२०९]

अरू समूहहरूका सामुन्ने मातृका यादवको पार्टी अपवादका रूपमा देखिन्छ। प्रतिबद्ध र अनुभवी नेतृत्व तथा कार्यकर्ता भएको यो मात्र त्यस्तो पार्टी हो जसले यथार्थमा पूर्ण सशस्त्र विद्रोह सञ्चालन गर्न सक्छ। तर यसले आफूलाई कति विस्तार गर्न सक्छ त्यो अरूसित यसले कस्तो नाता गाँस्न समर्थ हुन्छ त्यसमा भर पर्ने कुरा हो। मधेसी राजनीतिमा तराईका जमिन्दार वर्गको वर्चश्व छ, जुन वर्ग क्रान्तिकारी एजेन्डासित सहमत हुन सक्दैन। भूमिसुधार लागू गर्ने मातृकाको एजेन्डाले भूमिहीन र तल्ला जातका मधेसी समुदायको समर्थन पाउन सक्छ, तर जात र वर्गका आधारमा उनीहरूलाई सफलतासाथ परिचालित गरिएको उदाहरण विगतमा पाइँदैन। तराईभन्दा पर्तिर मातृकाको क्षेत्रीय र जातीय पृष्ठभूमि व्यापक परिचालनको मार्गमा अवरोध हुन सक्छ। तर पनि निराश माओवादीहरूको अर्को लहरले मातृकाको पार्टीमा प्रवेश गरेको खण्डमा त्यस पार्टीको शक्ति बढ्नेछ र विशेषतः पूर्वका किराँती समूहहरू त्यस पार्टीसित सम्बन्धको गाँठो कस्न लालायित हुन सक्छन्।[२१०]

शिक्षाको स्तर वृद्धिका साथै युवाहरूको बढ्दो आकाङ्क्षा र सीमित अवसर महत्त्वपूर्ण कुरा हो, तर त्यतिले मात्रै हिंसा उत्पन्न गराउँदैन। गृहयुद्धका बेला युवाहरूमाझको असन्तुष्टिले माओवादी भर्ती बढाउनमा मद्दत गरेको थियो। त्यसपछिको परिस्थतिमा खासै परिवर्तन आएको छैन[२११] र राजनीतिक चेतना भने बढेको छ।

नेपालमा भूमिहीनताको समस्या निकै ठूलो छ। तर भूमिहीनहरूलाई परिचालित गर्ने पार्टीहरूको प्रयास तदर्थ किसिमको छ। त्यो भोट प्राप्त गर्ने कुरामा मात्र सीमित छ र वर्गआधारित आन्दोलनलाई चर्काउने हदसम्म पुग्दैन। यसको अर्थ यसो गर्नु सम्भव छैन भन्ने होइन। माओवादीहरूद्वारा डिसेम्बर २००९ मा दुदेझारीमा गरिएको जग्गा कब्जा अभियानले भूमिहीन जनतालाई क्रान्तिकारी परिवर्तनका लागि परिचालित गर्न सकिन्छ भन्ने देखाएको छ।[२१२] तर माओवादीलगायत कुनै पनि ठूला पार्टी साङ्केतिक कार्बाहीभन्दा अघि बढेर शक्तिशाली स्थानीय उच्च वर्गलाई चिढाउन चाहँदैनन्।

---

[२०९] Magnus Hatlebakk, "Inclusive Growth in Nepal", CMI, Bergen, जून २००८। सन् १९९५ देखि २००३ सम्म पूर्वी पहाडमा गरिबी बढ्ने कारणमा अन्य क्षेत्रको तुलनामा त्यहाँ कम बसाइँसराइ रहेको ह्याटलव तर्क दिन्छन्।

[२१०] जस्तो विगतमा भएको थियो, हेर्नुहोस् पादटिप्पणी १२६।

[२११] क्राइसिस ग्रुपसँग रिपोर्ट, *नेपालको भविष्यः कसको हातमा?*, माथि उल्लेखित, पृ. ३२। बेरोजगारीको दर धेरै उच्च नभए पनि अर्ध-रोजगारी एउटा ठूलो समस्या हो। देशको समग्र बेरोजगारी दर २.१ प्रतिशत छ, तर सहरी बेरोजगारी दर ७.५ प्रतिशत छ। सहरी युवाहरूमा (१५ र २० वर्ष उमेरका) बेरोजगारी दर सबभन्दा उच्च छ — १३ प्रतिशत । अर्ध-बेरोजगारी (प्रतिहप्ता ४० घण्टाभन्दा कम समय काम गर्ने) को दर ६.७ प्रतिशत छ जुन सन् १९९८-१९९९ मा ४.१ प्रतिशत थियो। अर्ध-बेरोजगारी २० देखि २९ वर्ष उमेर समूहका युवाबीच सबैभन्दा उच्च अर्थात् करिब ८ प्रतिशत छ। "Report on the Nepal Labour Force Survey 2008", केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय योजना आयोग सचिवालय, नेपाल सरकार, अगस्ट २००९। विगत केही वर्षहरूमा नेपालको श्रम शक्ति उल्लेखनीय रूपमा वृद्धि भएको छ। विश्व बैंकको पछिल्लो तथ्याङ्कअनुसार श्रम शक्ति सन् २००५ देखि २००६ को अवधिमा ३७५,०००, सन् २००६ देखि २००७ को अवधिमा ३७०,००० र सन् २००७ देखि २००८ को अवधिमा ४१६,००० वृद्धि भएको थियो। "Labor force, total", World Bank, http://data.worldbank.org/indicator/SL.TLF.TOTL.IN मा उपलब्ध छ।

[२१२] दाङका एक जना पत्रकारको भनाइमा "माओवादीहरू विशेषगरी जमिनको विषयमा ५ हजारदेखि १० हजार मानिसहरूलाई कुनै पनि दिन परिचालन गर्न सक्छन्।" क्राइसिस ग्रुपसँग, अन्तर्वार्ता, फेब्रुअरी २०१०।

केही समूहहरूले बोकेका एजेन्डाले गर्दा जातीय तवरमा स्थानीय ध्रुवीकरण बढ्न गएको छ। तर साम्प्रदायिक हिंसा भइहाल्ने खतरा तत्काललाई छैन। तराईका केही प्रमुख सशस्त्र समूहहरू जातीय सफाया गर्ने डिङ हाँक्छन् र बेलाबखत पहाडे कर्मचारीहरू र समग्रमा पहाडे मूलका मानिसहरूलाई मधेस छाडेर जान धम्की दिन्छन्।[२१३] भित्रभित्रै तनाव त नरहेको होइन, तैपनि चर्को जातीय ध्रुवीकरण गर्ने प्रयासका बाबजुद तराईले आफूलाई त्यस्तो ध्रुवीकरणबाट जोगाउन सकेको छ।[२१४] सन् २००६ मा नेपालगन्जको दङ्गापछि "ईँटको जवाफ पत्थरले दिने" कार्य भएको छैन र त्यहाँ पहाडे प्रतिरक्षा समूह बनाउने प्रयासहरू प्रायः विफल भएका छन्।[२१५] अतीतमा पूर्वी पहाडमा उठेका राई-लिम्बूका आन्दोलनपछाडि बाहुन-छेत्री विरोधी भावनाको प्रबलता थियो। तर हाल यता आएर भएका किराँती आन्दोलनहरूमा जातीय सद्भावमा जोड दिने गरेको पाइएको छ र ती आन्दोलनमा जुनसुकै जातीय पृष्ठभूमिका व्यक्तिहरू पनि सहभागी हुन सक्छन्।[२१६]

गम्भीर खतरा त भविष्यमा हुन सक्ने सङ्घीयताका समर्थक र विरोधीबीच हुन सक्ने घम्साघम्सीबाट हुन सक्छ। समग्रमा सङ्घीयता र विशेषतः जातीय आधारको सङ्घीयता विरोधी आन्दोलनहरूको जोड बढिरहेको छ। हाललाई त्यस्ता समूहहरू खण्डित छन् र एकअर्कासित बिल्कुलै नमिल्ने खालका छन्। तिनमा उग्र वामपन्थी राष्ट्रवादीहरूदेखि अनुदारवादी समूहहरू छन्। अनुदारवादीहरू राजतन्त्रको पुनःस्थापना गर्न र धर्म निरपेक्षतालाई उल्टाउन प्रयत्नशील छन्।[२१७] तर संयुक्त मोर्चा बन्नलाई यसले छेक्दैन। राष्ट्रिय जनमोर्चाले मार्च २०१० मा थालेको अन्तरपार्टी गठजोडमा नेका र एमालेका ठूला हस्तीहरू सामेल छन्।[२१८] राजावादी राष्ट्रिय प्रजातन्त्र पार्टी (नेपाल) ले आयोजना गर्ने विरोध प्रदर्शनहरूमा उल्लेखनीय सहभागिता रहने गरेको छ।[२१९]

सङ्घीयता विरोधी अनुदारवादीहरूको आफ्नै जुझारु फाँट छ। नेपाल डिफेन्स पार्टी नेपाललाई हिन्दू अधिराज्यका रूपमा पुनःस्थापित गर्न चाहन्छ र उसले कैयौं आतङ्ककारी हमला गराएको छ।[२२०] जनवादी हिल टाइगर्स धेरैले नचिनेको एउटा सानो समूह हो जसले सङ्घीय प्रणाली स्थापना गर्ने प्रयास भएमा त्यसको प्रतिकार हिंसात्मक तरिकाले गरिने चेतावनी दिएको छ।[२२१] खस-छेत्री एकता समाजले एउटा अर्ध-सैनिक सङ्गठन खडा गरेको घोषणा गरिसकेको छ।[२२२] अहिलेसम्म सङ्घीयताका

[२१३] "Terror in Nepal's Terai as armed group's ultimatum ends", thaindian.com, 20 December 2008; "Jwala warning to judges", *The Kathmandu Post*, २९ जुलाई २००९।

[२१४] उदाहरणका लागि, विराटनगरमा सन् २००७ को पहिलो मधेसी आन्दोलनपछि पहाडी पार्टीका कार्यकर्ता र व्यापारीहरूको एउटा सानो समूहले पहाडी आत्मसुरक्षा सङ्गठन बनाउने उद्देश्यले पहाडी मूलका प्रभावशाली व्यक्तिहरूको एउटा बैठक बोलाएको थियो। बैठकमा त्यस्तो विचार खतरनाक भएको भन्दै धेरैजसो सहभागीहरूले अस्वीकार गरेपछि त्यो कुरा अघि बढ्न सकेन। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, विराटनगर, जुलाई २००८।

[२१५] एउटा अपवाद चुरे भावर एकता समाज हो, तर अहिले यो लगभग निष्क्रिय छ। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, धनुषा, अक्टोबर २००९। सिराहा एउटा अपवाद हो, जहाँ त्यस समूहको एउटा सक्रिय कमिटी रहेको छ। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, लाहान, अक्टोबर २००९। मधेसी आन्दोलनको जवाफमा तराईमा पहाडियाहरूको हित संरक्षण गर्ने उद्देश्यले यसको स्थापना भएको थियो। हेर्नुहोस् क्राइसिस ग्रुप रिपोर्ट, *हिंसाको तापमा तराई*, माथि उल्लेखित।

[२१६] भाग ३ क. हेर्नुहोस्।

[२१७] वामपन्थीहरूमा राष्ट्रिय जनमोर्चाले स्पष्ट रूपमा सङ्घीयताविरुद्ध आवाज उठाउँदै आएको छ। "Unite to dispose of imposed federalism: K.C.", ekantipur.com, ७ मार्च २०१०; "Masal for alliance against federalism", *Republica*, १४ मार्च २०१०। राप्रपा (नेपाल) हिन्दूराज्य र राजतन्त्रको पुनःस्थापना चाहन्छ र यसले सङ्घीयताबारे जनमत सङ्ग्रह गरिनुपर्ने माग राखेको छ। "Royalist party brings life to halt", *The Kathmandu Post*, २३ फेब्रुअरी २०१०। यसैगरी, हिन्दु राज्यको माग गर्ने सुदूरपश्चिम नेपालमा सक्रिय भीष्म एकता परिषद्ले जातीय आधारमा हुने सङ्घीयताको विरोध गरेको छ। "Bandha for Hindu State: Mid, Far-West hit", *The Kathmandu Post*, २२ मार्च २०१०।

[२१८] "Anti-federalists form joint front", *Republica*, १८ मार्च २०१०। सङ्घीयता विरोधी विचार मूलधारका र पार्टी सम्बद्ध प्रकाशनहरूमा खुला रूपमा आउने गरेको छ। उदाहरणका रूपमा क्षेत्री समाजका अध्यक्ष प्रा. दिलबहादुर क्षेत्रीको अन्तर्वार्तालाई लिन सकिन्छः "We are not a communal body: Chhetri Samaj", *Newsfront*, १५ फेब्रुअरी २०१०; "जातीय राज्यले गृहयुद्ध निम्त्याउँछ" *राजधानी*, १८ फेब्रुअरी २०१०। हेर्नुहोस् *पुनर्जागरण* को सम्पादकीय, "क्षेत्री समाजले राजधानीमा बजाएको खतराको घण्टी कसका लागि बजेको हो?" १६ फेब्रुअरी २०१०।

[२१९] सन् २००९ मा गरिएको एउटा सर्वेक्षणमा एक चौथाइभन्दा बढी (२६.७ प्रतिशत) उत्तरदाताले सङ्घीयताको विरोध गरेका थिए भने करिब आधा (४८.१ प्रतिशत) ले सङ्घीयताको समर्थन गरेका थिए र १९.५ प्रतिशतले मात्र जातीय वा भाषिक आधारको सङ्घीयता चाहेको बताएका थिए। "Public opinion of federalism", सुधीन्द्र शर्मा, *The Kathmandu Post*, ८ डिसेम्बर २००९।

[२२०] हेर्नुहोस् क्राइसिस ग्रुप रिपोर्ट, *हिंसाको तापमा तराई*, माथि उल्लेखित। मे २००८ मा विराटनगरको एक मस्जिदमा बम हमला गरेपछि नेपाल डिफेन्स आर्मीका कार्यकर्ताले मे २००९ मा काठमाडौंको चर्चमा पनि बम विस्फोटन गराउनुका साथै जुलाई २००९ मा जेजुइट स्कुलका हेडमास्टरको हत्या गरे। "2 dead in Biratnagar mosque bomb blasts", *The Kathmandu Post*, ३० मार्च २००८; "School principal shot dead", *The Kathmandu Post*, २ जुलाई २००८; "Bomb rocks Dhobighat church; two killed, dozen others injured", nepalnews.com, २३ मे २००९।

[२२१] तिनीहरूका अहिलेसम्मका क्रियाकलाप भोजपुरमा सीमित रहेको छ, जहाँ त्यस समूहले थुप्रै ठाउँहरूमा बम पड्काएका थिए, पर्चा छरेका थिए र व्यापारीहरूबाट चन्दा असुल्न सुरु गरेका थिए। सो समूहद्वारा निकालिएको विज्ञप्तिमा माओवादीलाई विरोधीका रूपमा प्रस्तुत गरिएको छ। "OCHA situation overview: covering period 16 April to 04 May, 2009", OCHA Nepal, ५ मे २००९। एक पत्रमा उक्त समूहले लेखेको छः "दस वर्षे जनयुद्ध र सङ्घीय गणतन्त्रले पनि नेपाली जनतालाई मुक्ति दिन नसकेकाले नेपाली जनतालाई मुक्ति दिनका लागि जनवादी हिल टाइगरको स्थापना गरिएको छ।" "Donation terror in Bhojpur", *The Kathmandu Post*, ५ जून २००९।

[२२२] क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, खस क्षेत्री एकता समाजका नेताहरू, सुनसरी र झापा, सेप्टेम्बर २०१०।

पक्षधर र विरोधीहरूबीच सुनियोजित तरिकाको मुठभेड भएको छैन, यद्यपि केही झडपहरू भने अवश्य भएका छन्।[२२३]

सङ्घीयताको कार्यान्वयनको बेला जब आउँछ त्यस बेला पार्टी, समुदाय र व्यक्तिहरू नयाँ बन्ने राज्यका अधिकार र स्रोतहरू आफ्नो हातमा पार्न लड्डी गर्नेछन्। सङ्घीयताको विरोधमा बढ्दो आवाज र प्रस्तावित राज्यहरूका भौगोलिक सिमानाबारे उठिरहेका खिचोलाहरूलाई दृष्टिगत गर्दा नयाँ राजनीतिक द्वन्द्व बढ्ने र अझ गम्भीर अशान्ति हुन सक्ने आशङ्का गर्न सकिन्छ। त्यो राजनीतिक द्वन्द्वमा मात्र सीमित रहन्छ वा त्यसले गम्भीर अशान्तिको रूप लिन्छ भन्ने कुरा राज्यको प्रतिक्रियामा भर पर्छ। राज्यबाट असामान्य र मनपर्दो किसिमको प्रतिक्रिया हुन गएमा त्यसले हिंसात्मक विद्रोहप्रति फराकिलो समर्थन जन्माउन सक्छ।[२२४] तर साझा सिकायतप्रति समयमै सम्बोधन गर्न सकेमा र अलोकप्रिय तथा विध्वंसात्मक समूहहरूलाई काबुमा ल्याउन सकेमा विद्रोहको ताप बढ्न पाउने छैन।

[२२३] नेकपा माओवादीको भ्रातृ सङ्गठन किराँत नेसनल लिबरेसन फ्रन्टका कार्यकर्ताहरूले खस क्षेत्री एकता समाज भोजपुरको कार्यालयमा आक्रमण गरे। "Khas Chhetri Ekata Samaj office vandalized", myrepublica.com, १४ जुलाई २००९। राष्ट्रिय जनमोर्चाले १० जनवरी २०१० मा काठमाडौंमा आयोजना गरेको सङ्घीयता विरोधी प्रदर्शनका क्रममा नेवार कार्यकर्ताहरूले सङ्घीयताका विरोधीहरूलाई आक्रमण गरी घाइते बनाए।

[२२४] जनजाति नेताहरू यसको सम्भावनाबारे सचेत छन्: "विशेष सुरक्षा योजना (हेर्नुहोस् विशेष सुरक्षा योजना, खण्ड ४.क.५.) ले पुनः एकीकृत हुने मौका दिन सक्छ। जब घरमा आगो लाग्छ, तब तपाईंलाई छिमेकीको खाँचो पर्दछ।" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, सङ्घीय लिम्बूवान राज्य परिषद् जिल्ला इन्चार्ज, सेप्टेम्बर २००९।

## ४. दुःख झेल्न सक्ने राज्य

द्वन्द्वको पुनरावृत्ति हुने खतरालाई घटाउन र रचनात्मक सुधारलाई अघि बढाउनलाई राज्यले प्रहरी परिचालन र सुरक्षा बढाउनु अति नै जरुरी छ। स्पष्ट रणनीतिको अभाव, प्रहरी बलको राजनीतिकरण र सुरक्षा क्षेत्रमा विद्यमान आन्तरिक होडबाजीका कारण यी कुराहरूले महत्त्व पाउन सकेका छैनन्। त्यति भन्दाभन्दै पनि, सुरक्षाका चुनौतीहरू यस प्रकारको राजनीतिक संस्कारमा गहिरोसित गाडिएका हुन्छन् जसलाई कुशल प्रहरी परिचालानले मात्रै सम्बोधन गर्न सक्तैन र यस्तो परिस्थितिसित जुध्न सेना त झनै असमर्थ रहन्छ।

विशेषज्ञहरूको विचारमा सेवा उपलब्ध गराउनु राज्यको कर्त्तव्य हो र सेवा दिन नसकेमा राज्यको वैधानिकता उपर प्रश्न उठ्न थाल्छ। असफल हुन लागेको वा अत्यन्त नाजुक अवस्थामा रहेका राष्ट्रहरूको सूचीमा नेपालको स्थान निकै माथि छ। तर नेपाली राज्य नाजुकभन्दा पनि लचिलो छ। दुःख खप्न सक्ने नेपालको शक्तिलाई मान्नुपर्छ। द्वन्द्वको त्यत्रो मारलाई पनि यसले उदेकलाग्दो गरी पचायो र साबुत रहन सक्यो। यसको एउटा कारणचाहिँ के हो भने नेपाली राज्य जनतालाई सेवा सुविधा उपलब्ध गराउनमा भन्दा संरक्षणवादको माखेसाङ्लो बुन्नमा र भ्रष्टाचारलाई पोस्ने हिसाबले राज्यको ढुकुटी खुला राख्ने काममा समर्पित छ। यदि राज्य बेकम्मा छ भने त्यो चाहेरै भएको हो। यो सुध्रिने नाम लिँदैन, किनभने उच्च वर्गको भलाई यथास्थिति कायम राख्नमै निहित छ र राज्यलाई सुधार्नका लागि चाहिने चर्को जनदबाबको अभाव छ।

### क. जनसुरक्षा, प्रहरी परिचालन र राजनीतिकरण

हिंसासम्बन्धी यकिन तथ्याङ्कको कमी छ र जे जति तथ्याङ्क उपलब्ध छन् तिनले असुरक्षाको जुन अनुभूति अहिले भइरहेको छ त्यसलाई प्रतिबिम्बित गर्दैनन्। एक जना अन्तर्राष्ट्रिय सुरक्षाविद्ले भने, "हामीले तथ्याङ्कहरू हेर्ने प्रयास गऱ्यौं, तर ती भरपर्दा छैनन्। सबै अपराधहरूबारे प्रशासनमा उजुरी नै पर्दैन र प्रहरी पनि राजनीतिक प्रभाव पर्न सक्ने घटनाहरूलाई सकेसम्म दबाउन चाहन्छ। स्थिति पहिलेभन्दा सुध्रेको छ, बिग्रेको छ या उस्तै छ त्यो बुझ्न सकिने कुनै आधार छैन।"[२२५] जनताले सुरक्षित महसुस गर्नुपर्छ भन्ने कुरा प्रशासनले पनि नबुझेको होइन। "सुरक्षा भन्ने कुरा अरू थोकका साथै मनोवैज्ञानिक भावना पनि हो। तथ्याङ्कबाट धेरै खाले अपराधका घटना भएका छन् भन्ने देखिन्छ। तर हामीले जनतालाई सुरक्षाको भाव दिन सक्नुपर्छ", एक जना सरकारी अधिकारीले भने।[२२६]

तर सुरक्षा कसका लागि?[२२७] यसको विवेकसम्मत उत्तर हो — नेपाली जनताका लागि। राज्यको यावत् सुरक्षा व्यवस्था नागरिकहरूको

[२२५] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, १६ अप्रिल २००९।

[२२६] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, कलैया, ५ अप्रिल, २००९।

[२२७] This is also the title of Charlotte Watson and Rebecca Crozier's, "Security for whom? Security sector reform and public security in Nepal", International Alert, जनवरी २००९।

आवश्यकतालाई बुझेर बनाइएको हुनुपर्छ।[२२८] तर शान्ति प्रक्रिया उच्च वर्गको स्वार्थरक्षाको मिहिन सन्तुलनमा टिकेको छ। सुरक्षा नीतिहरू शक्तिशाली संस्थाहरू, प्रभावशाली सहरी वर्ग र वर्तमान सुरक्षा संयन्त्रहरूबाट हर्दै प्रभावित हुने गरेका छन्।[२२९] नयाँ सुरक्षा संरचना खडा गर्ने कुरा सिद्धान्तमा आकर्षक देखिन्छ, तर व्यवहारमा सम्भवतः त्यो काम नलाग्ला। यसमा सुधार ल्याउने कुनै पनि प्रयास हुनुअघि विभिन्न खाले निहित स्वार्थका जटिलतालाई बुझ्नु र सम्बोधन गर्नुपर्ने हुन्छ।

नेपालमा जनसुरक्षा कहिले पनि समान स्तरको थिएन। राज्यबाट कहिल्यै सुरक्षा नपाएकाहरूले गुमाउनुपर्ने केही छैन, बरु उनीहरूले अहिलेको रूपान्तरणलाई खतराभन्दा पनि मौकाका रूपमा हेरेको हुन सक्छ। तर राज्यबाट पहिले बलियो सुरक्षा पाएर बसेकाहरू भने असुरक्षाको नयाँ उत्पन्न परिस्थितिबाट डराएका छन्। तराईका एक जना मानवअधिकारकर्मीले भनेः "मैले इन्सकेसित काम गरेको बाह्र वर्ष भयो। जनयुद्ध चलेको बेलामा मैले कहिल्यै असुरक्षित महसुस गरिनँ। तर अहिले म असुरक्षित महसुस गर्छु।"[२३०]

शासक वर्गले ती मानिसका विचार र दृष्टिकोण बुझ्न सक्दैनन् जुन मानिस राज्यद्वारा पीडित र उपेक्षित भएका हुन्छन्। राजनीतिझैं प्रहरी परिचालन पनि बहुधा स्वाङ पार्न मात्रै गरिन्छ। शक्तिमा पहुँच भएका मानिसहरूले कानुनको पन्जामा कहिल्यै पनि पर्नुपरेन र कानुनको निष्पक्ष परिपालना प्रहरीले विरलै गर्ने गरेको छ।[२३१] वास्तविक शक्तिको परिचालन देखिने संरचनाबाट नभई त्यसभन्दा बाहिरबाट हुने अवस्थामा प्रहरी बलको उपयोग केवल औपचारिकता हुनु आश्चर्यको कुरा होइन।

आम सुरक्षा त्यति खराब छैन, जति टिप्पणीकारहरू बताउँछन्। केही तथ्याङ्क उत्साहवर्द्धक छन्।[२३२] प्रतिपक्षी पार्टीहरू शान्ति सुरक्षाको विषयलाई जहिले पनि सरकारलाई प्रहार गर्ने हतियारका रूपमा प्रयोग गर्दछन्। माओवादी सरकारले चाहिनेभन्दा बढ्तै लान्छना पायो।[२३३] त्यसैगरी एमाले गृहमन्त्री भीम रावलको कार्यकाल पनि उत्तिकै दुष्कर रहेको छ। संचार जगतका दुई जना ठूला हस्तीहरूको हत्याकाण्डका कारण उनको राजीनामाको माग चर्केको थियो।[२३४] तैपनि उनका आलोचकहरूले बताए जसरी उनको कार्यकालको रेकर्ड त्यति खराब छैन, त्यसमा सफलताहरू निकै छन्।[२३५]

नेपाली समाजमा हिंसा र क्रूर न्यायको परम्परा व्याप्त रहँदै आएको छ। यो द्वन्द्वका कारण जन्मिएको र हालै सुरु भएको परम्परा होइन। सरकारी धापमा गरिने गुन्डागर्दीको खतरा छँदैछ। सङ्क्रमण कालमा भीडले पिटेर मान्छे मारेका घटनाहरू भएका छन्। धनुषामा केटाकेटीहरूलाई चोरेर लगेको शङ्कामा एउटी आइमाईलाई जिउँदै

[२२८] क्राइसिस ग्रुपद्वारा विगतमा प्रकाशित निम्न रिपोर्टहरू सान्दर्भिक छन्ः क्राइसिस ग्रुप एसिया रिपोर्ट नं. १५७, *Reforming Pakistan's Police*, १४ जुलाई २००८; क्राइसिस ग्रुप एसिया रिपोर्ट नं. १३८, *Reforming Afghanistan's Police*, ३० अगस्ट, २००७; क्राइसिस ग्रुप एसिया रिपोर्ट नं. ८५, *Policing in Afghanistan: Still Searching for a Strategy*, १८ डिसेम्बर २००८; क्राइसिस ग्रुप एसिया रिपोर्ट नं. १५०, *Congo: Five Priorities for a Peacebuilding Strategy*, ११ मे, २००९; क्राइसिस ग्रुप एसिया रिपोर्ट नं. १८०, *Handing Back Responsibility to Timor-Leste's Police*, ३ डिसेम्बर २००९; क्राइसिस ग्रुप एसिया रिपोर्ट नं. १८२, *Bangladesh: Getting Police Reform Back on Track*, ११ डिसेम्बर २००९।

[२२९] काठमाडौं र अन्य भागका बासिन्दाहरूमा असुरक्षाबारे आआफ्नै र फरक खाले अनुभूति पाइन्छन्। ग्रामीण इलाकाका अधिकांश बासिन्दाका लागि अहिलेको असुरक्षाको अवस्था द्वन्द्व कालको त्रास र रातोदिनको सुरक्षा जाँचको तुलनामा राम्रो छ। काठमाडौंका अधिकांश मानिसहरू भने सहरी क्षेत्रमा अहिले खस्केको शान्ति सुरक्षाको स्थितिलाई पहिले हेरी धेरै नराम्रो पाइरहेछन्। किनभने सहरवासीहरूले शान्ति सम्झौता हुनुअघि यतिविधि कष्ट अनुभव गरेका थिएनन्।

[२३०] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, १५ अक्टोबर २००९।

[२३१] हेर्नुहोस्, "दण्डहीनताको संस्कृति" क्राइसिस ग्रुपको प्रतिवेदन, *नेपालः शान्ति र न्याय*, माथि उल्लेखित, पृ. ५-१३।

[२३२] नेकपा एमालेको समर्थक साप्ताहिक पत्रिका *बुधवार*ले तुलनात्मक तथ्याङ्क प्रस्तुत गर्दै वर्तमान सरकार ठूला अपराधका घटना कम गराउन सफल भएको बताएको छ। "तथ्याङ्कले भन्छ — सर्वाधिक सफल शान्ति सुरक्षा", *बुधवार*, ३१ मार्च २०१०। तर थुप्रै अपराधबारे जानकारी नगराइएको हुन सक्छ र जानकारी गराइएको अवस्थामा पनि प्रहरीले जाहेरी दरखास्त लिन मान्दैन। इत्यादि कारणले गर्दा अपराधका घटनाहरूको सही रेकर्ड गरिएको हुँदैन। अपराधबारे जाहेरी गर्नाका धेरै बेफाइदाहरू छन् — महिनौं वा वर्षौं कानुनी चक्करमा पर्नुपर्ने हुन्छ वा अपराधीलाई खोज्नुको सट्टा प्रहरीले पीडितलाई नै झैझन्झट र दुःख दिन्छन् वा उनीहरूसितै घुस माग्छन्।

[२३३] उदाहरणका लागि, माओवादीहरूको शासन अन्त्य हुनै लाग्दा माओवादी विरोधी भावना चुलिएका बेला नेपाली सेनाका एक क्षेत्रीय कमान्डरले भने, "यस क्षेत्रको सुरक्षा स्थिति पहिलेको भन्दा राम्रो छ। हेर्नुहोस् (हालैका घटनाहरूको) नक्सा। खै कहाँ छन् बमहरू? खै कहाँ छन् धम्की र त्रास? खासमा यस्ता केही घटना भएकै छैनन्। तर चिफ साहेबले सोधेमा मैले उहाँलाई अवस्था राम्रो छैन भन्नुपर्ने हुन्छ, किनभने उहाँ यस्तै कुरा सुन्न चाहनुहुन्छ। तर वास्तवमा अवस्था राम्रो छ।" उनले थपे, "गिरिजाबाबु र खड्गप्रसाद ओली अराजकता भयो भनेर ठूलो स्वरमा कराउँछन् तर त्यो खालि राजनीति मात्रै हो। उनीहरू हरेक कुरा नराम्रो भइरहेको मात्र देख्छन्। जहाँसम्म मैले बुझेको छु साँचो अर्थमा सुरक्षा समस्या भनेको पूर्वी तराईमा छ र अहिले पूर्वी पहाडमा पनि त्यो समस्या देखिएको छ। देशका बाँकी भागहरूमा सुरक्षा स्थिति नराम्रो अवस्थामा छैन। नेका र नेकपा (एमाले) का लागि देश खत्तम भयो भनेर कराउनुमै फाइदा छ। तर वास्तवमा माओवादी आफूभन्दा बढी लोकप्रिय भएकोमा उनीहरू थर्कमान छन्। स्वरोजगार ऋण जस्ता लोकप्रिय कार्यक्रमहरूबाट उनीहरू झनै तर्सेका छन्।" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, नेपाली सेनाका उच्च अधिकृत, अप्रिल २००९।

[२३४] "UML asks Rawal to quit", *The Kathmandu Post*, ५ मार्च २०१०। "FNJ asks Nepal, Rawal to quit", *Republica*, ६ मार्च २०१०। विवादास्पद सञ्चार व्यवसायी तथा पूर्व प्रकाशक जमीम शाहको ७ फेब्रुअरी २०१० मा दिउँसै लाजिम्पाटमा गोली हानी हत्या गरियो। थुप्रै विदेशी राजदूतावासहरू रहेका लाजिम्पाटलाई काठमाडौंको अति सुरक्षित क्षेत्रमध्ये मानिन्छ। सञ्चार व्यवसायी तथा *जनकपुर टुडे* का प्रकाशक अरुण सिंघानियाँको २४ सै घण्टा प्रहरीको उपस्थिति रहने जनकपुरको अत्यन्त व्यस्त चोकमा १ मार्च २०१० मा हत्या गरियो।

[२३५] हेर्नुहोस् पादटिप्पणी २३३।

जलाइयो,[२३६] राजधानीको छेवैमा तीन जना किशोर विद्यार्थीहरू गाउँलेहरूको पिटाइबाट मारिए र पहाड तथा तराईका विभिन्न ठाउँमा हिंसात्मक घटनाहरू भएका छन्।[२३७] विद्यमान कतिपय ऐनकानुन सामाजिक परम्परा र आचरणसङ्गत रहेका छैनन् र त्यस्तो अवस्थामा सामाजिक मान्यता कानुनभन्दा माथि रहने गर्दछ।

सङ्क्रमण कालमा सार्वजनिक सुरक्षा निकै ठूलो चिन्ताको विषय बन्यो। शान्ति सम्झौतामा सुरक्षाको प्रश्नलाई सम्बोधन नगरिएको होइन। यसले पहिलेबाटै केही दृष्टिकोण पनि बनाएको थियो।[२३८] तर राज्यको सुरक्षा संयन्त्रले द्वन्द्वपश्चात्को परिवर्तित परिस्थितिलाई आत्मसात् गर्न सकेको छैन — खासगरी आफूले युद्ध हारेको भनी मान्न कोही तयार छैन।

प्रहरीले "साबिकको" काम गर्ने अपेक्षा गरिएको थियो। तर द्वन्द्व कालमा प्रहरीको साख नराम्रोसित घट्न गएको र पछि पनि वाईसीएलको समानान्तर गतिविधि बेहोर्नुपरेकोले त्यसो हुन सकेन। सशस्त्र प्रहरी बलको स्थापना विद्रोहलाई प्रतिकार गर्नका लागि र सेनाको तोडका रूपमा भएको थियो। यसको सङ्ख्यात्मक शक्तिमा पनि वृद्धि गरिएको छ, तर शान्ति कालमा यसको भूमिका कस्तो हुनुपर्ने त्यो प्रस्ट छैन। सन् २००१ र २००६ को अवधिमा पूर्ण शक्तिको उपभोग गरेको सेनाले आफ्नो वैधानिकता किञ्चित् घटेको ठान्दैन र माओवादीहरूका राजनीतिक ध्येयको विरोधमा डटेको छ। सेनाले आफ्नो पथप्रदर्शक संस्था राजतन्त्र गुमाए पनि एकात्मक र हिन्दू राज्यको अवधारणामा झुन्डिएर बसेको छ।

माओवादीहरूले सङ्क्रमणका विविध चुनौतीहरू बेहोर्नु परेको छ। द्वन्द्व कालमा माओवादी मिलिसियाहरूले महत्त्वपूर्ण राजनीतिक भूमिका निर्वाह गरेका थिए। धेरैजसो मिलिसियाहरूलाई वाईसीएलले आफूसित मिसाएको छ, तर शान्ति प्रक्रियामा खलल पार्ने समानान्तर क्रियाकलापबाट वाईसीएलले आफूलाई हटाउने कोसिस गरिरहेको छ। जनमुक्ति सेना जनयुद्धको अग्रपङ्क्तिमा थियो र त्यसले धेरै क्षति पनि बेहोर्नु परेको थियो। तैपनि युद्ध चलेका बेला उनीहरूको सामुन्ने प्रस्ट उद्देश्य रहेको थियो र आफ्नो बलिदानी क्रान्तिकारी छविबाट उत्प्रेरित थिए। शिविरहरूमा बन्द रहनु परेबाट उनीहरू किनारा लागेका छन्। उनीहरूको भविष्य अनिश्चित छ।[२३९]

### १. पञ्जाबिनाको बाघ

*"मानिसहरू अचेल हामीसित डराउँदैनन्। हामी पञ्जाबिनाका बाघ भएका छौं।"*[२४०]

प्रहरी परिचालनका समस्या छन् भन्ने सबैले स्वीकारेका छन्, तर कुन हदसम्मको समस्या भन्ने व्याख्या भने गरिएको छैन। शान्ति सुव्यवस्थाको अवस्था जरुर कमजोर छ, तैपनि सञ्चारमाध्यमले प्रचार गरे जस्तो खराब हुँदै गएको स्थिति भने तथ्याङ्कहरूबाट देखिँदैन।[२४१] न त जनताको दृष्टिकोण नै त्यसमा प्रतिबिम्बित भएको छ।[२४२] सङ्क्रमणकालीन परिस्थितिका कारण समग्र प्रहरी सङ्गठनको राजनीतिकरण हुन गएको छ। त्यो नीतिगत कुरा देखि सरुवा, बढुवा र अभियुक्तको रिहाइ निम्ति पर्ने दबाब तथा मुद्दा फिर्ता लिने यावत् कुरामा देखिन्छ। यो धेरैले सोचेभन्दा निकै जटिल विषय हो (तल हेर्नुहोस्) र यस समस्याको तत्काल निदान छैन।

जनपद प्रहरीले जनसाधारणसित नजिक रहेर काम गर्नुपर्ने हुन्छ। उनीहरूलाई सूचना चाहिन्छ र उनीहरू जनताको पहुँचभित्र हुनुपर्छ। तर

---

[२३६] "Woman burnt to death in Dhanusha", सुरेश यादव, myrepublica.com, १२ अप्रिल २००९।

[२३७] बच्चा अपहरणको शङ्कामा भक्तपुरका बासिन्दाले तीन जना युवकलाई कुटेर मारे। "Kin receive lynching victims' bodies", *Republica*, १८ अगस्ट २००९। सन् २००९ को सुरुमा भीडको कुटाइबाट मानिस मारिएका घटनाहरूबारे हेर्नुहोस्, "Innocent", *Himalayan Times* सम्पादकीय २८ अप्रिल २००९।

[२३८] बृहत् शान्ति सम्झौताले मुख्यतया नेपाल प्रहरी र सशस्त्र प्रहरीलाई मौजुदा नियम-कानुनका आधारमा शान्ति सुव्यवस्था कायम गर्न र आपराधिक क्रियाकलापहरूको अनुसन्धान गर्ने जिम्मेवारी दिएको छ। बृहत् शान्ति सम्झौता, धारा ५.१.६। अन्य सम्झौताहरूमा पनि सङ्क्रमण कालको शान्ति सुव्यवस्थाबारे उल्लेख गरिएको छ। डिसेम्बर २००७ मा सात पार्टीका शीर्ष नेताहरूद्वारा हस्ताक्षरित २३ बुँदे सहमतिअनुसार "देशमा शान्ति सुरक्षा तथा अमनचयन कायम गर्नु अन्तरिम सरकारको प्राथमिकताहरूमा पर्नेछ।" २३ बुँदे सहमति २३ डिसेम्बर २००७, धारा १६। अन्तरिम संविधानले थप व्याख्या गर्दै भनेको छः "समाजमा शान्ति र व्यवस्था कायम गरी मानवअधिकारको संरक्षण र संवर्द्धन गर्दै सार्वजनिक हितको प्रवर्द्धन गर्न र स्वायत्त शासनको माध्यमद्वारा जनतालाई शासनमा अधिकाधिक मात्रामा सम्मिलित हुने अवसर जुटाई लोकतन्त्रका लाभहरूको उपयोग गर्न सक्ने व्यवस्था कायम गर्नु राज्यको उद्देश्य हुनेछ" अन्तरिम संविधान, धारा ३४(२)।

[२३९] जनमुक्ति सेनालाई राष्ट्रिय सेनामा समायोजन गर्ने काममा खासै प्रगति भएको छैन। सेना समायोजनको सवाल सार्वजनिक सुरक्षासँग प्रत्यक्ष सरोकार राख्ने विषय हो जसलाई धेरैले अहिलेको ठूलो समस्या मानेका छन्। सेना समायोजनलाई अघि बढाउनु भनेको अन्ततः सार्वजनिक सुरक्षासित जोडिएको सवाल हुँदाहुँदै पनि शान्ति सम्झौताको एक अभिन्न अङ्ग रहेको यस विषयको सहमतिलाई लागू गर्नमा दुवै पक्ष अनिच्छुक देखिएका छन्।

[२४०] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, पथलैया, ५ अप्रिल २००९।

[२४१] हेर्नुहोस् पादटिप्पणी २३३।

[२४२] अधिकांश मानिसहरूले द्वन्द्व कालमा भन्दा अहिले आफूलाई बढी सुरक्षित महसुस गरेका छन्। जुन र जुलाई २००९ मा ३००४ जना उत्तरदाताको सहभागिता रहेको एउटा सर्वेक्षणमा ७५ प्रतिशत उत्तरदाताहरूले आफ्ना इलाकामा अघिल्लो वर्षभन्दा अहिले बढी सुरक्षित महसुस गरेको बताए। त्यस सर्वेक्षणले के पनि देखाएको छ भने मानिसले सोचेभन्दा अपराधका वास्तविक घटना कम भएका छन् र अनुमान गरेभन्दा अपराध हुने खतराको सम्भावना पहाडमा भन्दा तराईका जिल्लाहरूमा निकै धेरै रहेको छ। "Treading water? Security and justice in Nepal in 2009", Interdisciplinary Analysts and Saferworld, मार्च २०१०, पृ. २१-२२, २४। मे २००९ मा ७० प्रतिशत उत्तरदाताहरूले अप्रिल २००६ को जनआन्दोलन हुनअघिको बेलामा भन्दा बढी सुरक्षित महसुस गरेको बताए। "Public safety and policing in Nepal: An analysis of public attitudes towards community safety and policing across Nepal", Saferworld, जनवरी २००८, पृ. ७। यसअघि उल्लेख गरिएको सन् २०१० मा हिमाल मिडियाले गरेको सर्वेक्षणमा ६४ प्रतिशत उत्तरदाताले शान्ति सुरक्षामा सुधार भएको बताए; बहुसङ्ख्यक उत्तरदाताहरूले जबर्जस्ती चन्दा असुली, राजनीतिक हिंसा र सङ्गठित अपराध घटेका छन् भने (पृ. ३३)।

समुदायसित नजिक रहेर काम गर्दाका आफ्नै समस्याहरू छन्। एउटा जिल्लाका प्रहरी प्रमुखले यसो भने, "अहिले जनसाधारण पहिले हेरी धेरै सचेत भएका छन्। उनीहरू टाढाका गाउँबाट आफ्नो मुद्दाबारे के हुँदैछ भनी बुझ्न आउँछन्। यो राम्रो कुरा हो र हामी यस कुराको स्वागत गर्छौं। तर त्यसबाट हामीमा दबाब आउँछ। जनता र पार्टीहरू तत्काल नतिजा चाहन्छन्। हामीलाई आफ्नै सुरमा काम गर्न दिने धैर्य उनीहरूमा छैन।"[२४३] जनताको अधीरताबाट उत्पन्न दबाबलाई सबैतिर अनुभूत गर्न सकिन्छ।[२४४] प्रहरीले बडो तदारुकतासाथ मुद्दाहरूलाई अघि बढाए पनि न्यायिक प्रक्रियाबाट पीडितले साथ पाउँदैन।[२४५]

प्रहरी अधिकृतहरू स्थिति आफ्नो काबुबाहिर गएको ठान्छन्। धेरै अधिकृतहरू समुदाय आफैबाट प्रहरीको काम हुनुपर्छ भन्ने विचार राख्छन् (यसबारे केही परीक्षणहरू पनि गरिएका छन्, तर त्यसको प्रभाव र सीमा भने सीमित देखिएको छ[२४६])। डर र त्रास उत्पन्न गराउन सक्ने सामर्थ्य प्रहरीले गुमाइसकेको छ भन्ने धारणा प्रहरी सङ्गठनभित्रै धेरैमा पाइन्छ। सशस्त्र प्रहरी बलका एक जना कनिष्ठ अधिकृतले भने, "मानिसहरू प्रहरी देखेर डराउँथे। हाम्रो ब्यारेक छेउ कोही केही गर्ने आँट गर्दैनथे।"[२४७] त्यसमा सही थाप्दै अर्का प्रहरी अधिकृतले भने, "मानिस प्रहरीलाई सम्मान गर्थे र प्रहरीसित डराउँथे। एक्लो प्रहरी जवान सिङ्गो गाउँमा गस्ती लगाउँथ्यो र मानिसहरू उसबाट थर्किन्थे।"[२४८]

नेपालले औपनिवेशिक शैलीको प्रहरी सङ्गठन भारतबाट भित्र्याएको हो। भारतको प्रहरी सङ्गठनचाहिँ ब्रिटिस सरकारले आयरल्यान्डको खुँखार प्रहरी सङ्गठनको ढाँचामा खडा गरेको थियो। प्रहरीको काम भनेको समुदायसित मिलेर काम गर्नु नभई आफ्नो अधीनको इलाकाका बासिन्दामाथि कठोर नियन्त्रण गर्नु थियो।[२४९] भारतको स्थिति बुझेका केही प्रहरी अधिकृतहरू त्यहाँका प्रहरीले लागू गर्न सक्ने अनुशासनको तारिफ गर्छन्।[२५०] यस्तो अभिव्यक्तिबाट शक्तिहीन भएर उनीहरू निराश बनेका छन् भनी सहजै बुझ्न सकिन्छः

> सुरुमा यसको आधारशिविर यहाँ खडा हुँदा सहरमा (वीरगन्जमा) अब त होसियार हुनुपर्छ, त्यहीँ मास्तिर सशस्त्र प्रहरीको पूरै बटालियन बस्न आएको छ भन्ने भावना पैदा भएको थियो। तर अचेलभरि हाम्रै नाक अघिल्तिर बदमासी गर्छन् र उनीहरूमा अब त्यो डर बाँकी रहेन। यस्तै हो भने उनीहरूले हाम्रो मूल गेटकै सामुन्ने टायर बाल्न पनि बेर छैन, किनभने उनीहरूलाई थाहा छ हामी केही गर्न सक्तैनौं।[२५१]

अरू ठाउँ हेरी शान्तिपूर्ण र कम झमेला भएको एउटा जिल्लाका प्रहरी प्रमुखले भने, "मेरा कुरा टेर्ने कोही छन् भने ती मअन्तर्गतका जवानहरू हुन्, अरू कसैले टेर्दैनन्। हामीले ठूला काम गरेका छौं भनेर सोच्नु बेकार छ।"[२५२]

प्रहरीहरू आफू आक्रमणको तारो र असुरक्षित भएको ठान्छन्। प्रहरी अधिकृतहरू र प्रहरी चौकीहरूमाथि आक्रमण भएका छन्।[२५३] किराँत

---

[२४३] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, गुल्मी, २१ अप्रिल २००९। त्यस जिल्लाका प्रजिअको यस्तो टिप्पणी थियोः "प्रजातन्त्रमा जनताले आफ्नो आवाज उठाउन पाउनुपर्छ। त्यसो हुनु राम्रो कुरा हो। जनताको आवाज नसुनेकै कारण जनताले आन्दोलनको बाटो समाते। यदि हामी पारदर्शी भयौं भने जनताले धैर्य गर्नेछन्। उदाहरणका लागि, द्वन्द्व सकिएपछि राहत बाँड्ने काममा निकै ढिलो भइरहेको छ, तर पनि जनताले काम भइरहेको छ भन्ने त बुझेका छन्।"

[२४४] उदाहरणका लागि, "जनता नै वास्तवमा हामीबाट कानुनको परिपालना भएको हेर्न चाहँदैनन्। कुनै ठाउँमा कार दुर्घटना भयो 'रे म ड्राइभरलाई पक्रेर उसका विरुध्द मुद्दा दायर गरी अदालत लैजान खोज्छु, मैले यसो गरेको जनता स्वीकार्छन्? स्वीकार्दैनन्। उनीहरू त तत्काल कार्बाही गरिएको हेर्न चाहन्छन्।" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, २३ अप्रिल २००९।

[२४५] मुद्दा चलिरहेको बेला पीडितले कुनै प्रकारको सहयोग पाउँदैन। अपराधीले दण्ड पाउनाले पीडित उजुरीकर्तालाई केही फाइदा हुँदैन। असल न्याय व्यवस्थामा पीडितले सहायता पाउने हुनुपर्छ। परिवारलाई कमाएर ख्वाउने व्यक्ति मारियो भने दोषीलाई दण्ड दिँदैमा मारिने व्यक्तिको परिवारले खान पाउँदैनन्, उनीहरूले मागेर खानुपर्ने अवस्था हुन्छ। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, लमजुङ, २१ अप्रिल २००९।

[२४६] इन्टरडिसिप्लिनरी एनालिस्ट्स् र सेफरवर्ल्डले आफ्नो सर्वेक्षणबाट के पत्ता लगाए भने ३००४ उत्तरदातामध्ये केवल ९ प्रतिशतलाई सामुदायिक प्रहरी परिचालनबारे थाहा थियो र ३००४ जनामध्ये ४२ जनाले मात्र उनीहरूका इलाकामा सामुदायिक प्रहरी परिचालनको अगुवा कार्यक्रम लागू गरिएको थाहा पाएका थिए। "Treading Water?", माथि उल्लेखित, पृ. ३९।

[२४७] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, पथलैया, ५ अप्रिल २००९।

[२४८] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, पथलैया, ५ अप्रिल २००९।

[२४९] "नेपाल प्रहरी भारतीय प्रहरी पद्धतिबाटै सिको गरेर खडा गरिएको कुरा कसैबाट छिपेको छैन। भारतीय प्रहरी पद्धति आफैचाहिँ ब्रिटिसहरूले औपनिवेशिक राज्यमा आफ्नो स्वार्थ पूर्तिका लागि सिर्जिएका हुन् भन्ने तथ्य भने थोरैलाई थाहा छ। उन्नाइसौं शताब्दीको मध्यतिर भारतीय प्रहरीको पुनर्संरचना हुँदाखेरि ब्रिटिसहरूसित पहिल्यै अर्को औपनिवेशिक अवस्थामा प्रयोग गरेर सफलसिद्ध भइसकेको मोडेल थियो। त्यो थियो आयरल्यान्ड ...। सैनिक संरचनामा बनेको आइरिस प्रहरी पद्धतिको कलम काटेर ल्याई भारतीय जनतामाझ काम गर्नुपर्ने प्रहरी बलमा रोपियो। अनि हामीले सन् १९५० मा हाम्रो राष्ट्रिय प्रहरी बल त्यसैको सोझो नकल गरेर बनायौं। त्यसप्रकार आफ्ना उपनिवेशका जनतालाई तह लगाउन बनाइएको प्रहरी पद्धतिको नकल गरेर खडा गरिएको यस्तो अर्ध-सैनिक प्रहरी बललाई आफ्नै नागरिकमाथि जाइलाग्ने खालको बनाउनु कतिको उपयुक्त हुन्छ भन्नेबारे कसैले विचार पुऱ्याउन सकेको देखिँदैन।" Deepak Thapa, "Army of cops", *The Kathmandu Post*, ४ फेब्रुअरी २०१०।

[२५०] उदाहरणका लागि, सशस्त्र प्रहरी बलका एक कनिष्ठ अधिकृतले यस्तो गुनासो गरेः "सीमापारि हेर्नुहोस् त! त्यहाँ कुनै झन्झट छैन। त्यहाँ कुनै बन्द हुँदैन र एक जना निहत्था प्रहरी अधिकृत मानिसलाई थर्काउन पर्याप्त छ। प्रहरीलाई सबैले मान्छन् र प्रहरीदेखि मानिसहरू डराउँछन्। यहाँ भने प्रहरीले कुटाइ खान्छन्।" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, पथलैया, ५ अप्रिल २००९।

[२५१] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, पथलैया, ५ अप्रिल २००९।

[२५२] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, लमजुङ, २३ अप्रिल २००९।

[२५३] प्रहरीमाथि आक्रमण गरिनु नौलो कुरा होइन। उदाहरणका लागि, "छ महिना पहिले लिम्बूवान कार्यकर्ता र प्रहरीबीच घम्साघम्सी भएको थियो। लिम्बूवानका कार्यकर्ताहरूले खुकुरी निकालेर प्रहरीहरूलाई लखेटेका थिए। उक्त घटना लिङदेन समूहको राष्ट्रिय सम्मेलनका बेला भएको थियो। स्थानीय शान्ति समितिले कुनै पनि समूहले हतियार बोकेर हिँड्ने छैन भनेर पहिले नै सहमति जनाएको थियो। छ महिना पहिले त्यहाँ सशस्त्र प्रहरी बलको आधार शिविर खडा गरियो। त्यसपछि

जनवादी वर्कर्स पार्टी र मङ्गोल रिभेन्ज ग्रुपले प्रहरीमाथि हमला गरेका छन्।[२५४] हमलामा पर्साका सहायक प्रजिअका प्रहरी अङ्गरक्षकको गोली लागेर मृत्यु भएको छ।[२५५] हत्या, अपहरण र अन्य गम्भीर अपराधको लहर चलेका बेला बाँकेका प्रहरी प्रमुखले उनी आफै असुरक्षित रहेको बताएका थिए।[२५६] त्यस भनाइबाट उनले स्थानीय तवरमा धेरैको आलोचना खेप्नु पनि पर्‍यो।[२५७] यस्तो देख्दा तल्ला तहका अधिकृतहरू र जवानहरूप्रति सहानुभूति जागेर आउँछ। एक जना प्रहरी अधिकृतले भने, "हेर्नुहोस् हामीले कति भुक्तमान खप्नुपर्छ। मानिस हामीलाई सराप्छन्, हामीमाथि जाइलाग्छन् ... संसारको अरू कुन मुलुकका प्रहरीले यस्तो भोग्नुपर्छ? तर हामीले यो दुःख चुपचाप सहेर बसका छौं।"[२५८]

उनीहरूको नजरमा मानवअधिकार बाटाको तगारो होः "मानवअधिकारले गर्दा हामी केही गर्न सक्दैनौं। हामीसित बन्दुक र लाठी छ तर तिनलाई थर्काउन पनि प्रयोग गर्न सक्दैनौं। किनभने यसो गर्ने अनुमति हामीलाई छैन।"[२५९] तर मानवअधिकारको निहुँ पारेर आफ्नो अक्षमतालाई प्रहरीले लुकाउने गरेको आरोप लगाउनेहरू पनि छन्। मानवअधिकारकर्मीहरूको दबाब परेको अत्तो थापेर अभियुक्तलाई यसै छाड्ने गरेको दोष पनि प्रहरीमाथि केहीले लगाउँछन्।[२६०]

प्रहरीसित आधारभूत साधनस्रोतको पनि अभाव छ। उनीहरूको तालिम पनि राम्रो छैन र हातहतियारबाट सुसज्जित पनि छैनन्। जनसङ्ख्या र देशको भौगोलिक अवस्था हेरी उनीहरूको सङ्ख्या थोरै पनि छ।[२६१] धेरै जिल्लामा द्वन्द्वपछि हुनुपर्ने पुनर्निर्माणको कार्य सुरु भएकै छैन। देशभरिका प्रायः सबै ठाउँका प्रहरी चौकीहरूको पुनःस्थापना गरिएको छ, तर तिनीहरू भाडामा लिइएका वा अरूसित सापटमा लिइएका घरहरूबाट सञ्चालित छन्।[२६२] यति हुँदाहुँदै पनि कैयौं अधिकृतहरूले हातहतियार र सङ्ख्यात्मक अल्पतालाई प्रहरी बलको मुख्य समस्या भनी बताएनन्।[२६३] उनीहरूको विचारमा सबभन्दा ठूलो समस्या भनेको राजनीतिक र संस्थागत सन्दर्भ हो।

प्रहरी बृहत्तर प्रशासनिक संयन्त्रको एउटा भाग हो। उनीहरूले के गर्नु हुन्छ र हुँदैन भन्ने कुरा गृह मन्त्रालयका अधिकारीहरूमा, खासगरी प्रजिअमा भर पर्दछ। जिल्लामा प्रजिअले सुरक्षा सम्बन्धमा प्रमुख भूमिका खेल्छ। प्रजिअले नै प्रहरीलाई बाटो देखाउँछ, नेतृत्व दिन्छ र प्रहरीको भूमिका तय गर्दछ।[२६४] सुरक्षाबारे महत्त्वपूर्ण निर्णयहरू प्रजिअले नै लिने

---

चाहिँ गस्ती गर्ने काम बन्द भयो।" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, फिदिम, अगस्ट २००९।

[२५४] किराँत जनवादी वर्कर्स पार्टीले सन् २००८ मा दुई पटक र मे २०१० मा एक पटक खोटाङका प्रहरी चौकीहरूमा आक्रमण गर्‍यो। हेर्नुहोस् पादटिप्पणी १०१। मङ्गोल रिभेन्ज ग्रुपले प्यूठानको प्रहरी चौकीमा फेब्रुअरी २००९ मा गरेको आक्रमणमा एक प्रहरी अधिकृत मारिएका थिए। "Police reinforcements sent to Syaulibang", myrepublica.com, ७ फेब्रुअरी २००९; "Mongol behind Pyuthan attack", ekantipur.com, १२ फेब्रुअरी २००९।

[२५५] "Asst CDO attacked, bodyguard dead", *Republica*, १२ जनवरी २०१०।

[२५६] "Banke SP threatened", *The Kathmandu Post*, फेब्रुअरी २०१०।

[२५७] एक मानवअधिकारकर्मीले भनेः "उनी सशस्त्र प्रहरीद्वारा घेरिएर बसेका छन्। उनले त्यस्तो कुरा गर्ने? त्यसबाट कस्तो सन्देश जान्छ? कसरी जनसाधारणले सुरक्षाको अनुभूति पाउन सक्छन्?" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, नेपालगन्ज, फेब्रुअरी २०१०।

[२५८] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, लमजुङ, २३ अप्रिल २००९।

[२५९] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, पथलैया, ५ अप्रिल २००९। ताप्लेजुङका नागरिक समाजका एक कार्यकर्ताले भनेः "कुनै कुनै अवस्थामा मानवअधिकारले पनि कुरा बिगारेको छ। यसले गर्दा प्रहरीको हात बाँधिन्छ र अपराधी उम्कन्छ।" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, फेब्रुअरी २०१०।

[२६०] "प्रहरीले नयाँ रणनीति अपनाएका छन्। उनीहरू अपराधीहरूबाट पैसा लिन्छन् र मानवअधिकारकर्मी अथवा 'जनवादीहरू' ले अपराधी छाड्न दबाब दिए भन्छन्। स्वतन्त्र ढङ्गले काम गर्न पाइँदैन भन्छन्।" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, मानवअधिकारकर्मी, नेपालगन्ज, फेब्रुअरी २०१०।

[२६१] "हामीलाई थप जनशक्ति चाहिएको छः म दुईओटा थप चौकी खडा गर्न चाहन्छु तर पर्याप्त स्रोत छैन; जनता अझ बढी प्रहरीको माग गरिरहेछन्। सबै गाविसमा सडक पुगेको भए तापनि अझै नजिकको प्रहरी चौकी पुग्न सात-आठ घण्टा हिँड्नुपर्ने ठाउँहरू पनि छन्। अहिले हामीले एक जनालाई समात्न दस जना प्रहरी खटाउनुपर्छ, पहिले सोही कामका लागि दुई जना काफी हुन्थे। त्यसैले हामीमा कामको दबाब बढी परेको छ।" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, गुल्मी, २१ अप्रिल २००९।

[२६२] क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, विभिन्न जिल्लाका प्रहरी अधिकृतहरू र जिल्ला प्रशासनका अधिकारीहरू, जनवरी-मार्च २०१०। भोजपुर जिल्लाका एक प्रहरी अधिकृतले भनेः "९५ प्रतिशत प्रहरी चौकीहरू भाडाका घरमा या सरकारी भवनमा रहेका छन्। कुनै चौकीको पनि पुनर्निर्माण भएको छैन।" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, जनवरी २०१०। त्यस्तै ताप्लेजुङका एक अधिकृतका अनुसार, "अधिकांश चौकीहरू भाडाका घरमा छन्। ३० ओटा चौकीमध्ये १० ओटा मात्र हाम्रो आफ्नै घरमा छन्। बाँकी सबै कि त भाडाका हुन् कि सहयोगस्वरूप उपलब्ध गराइएका हुन्।" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, फेब्रुअरी २०१०। उनीहरू बस्ने घरको अवस्था अक्सर दयनीय हुने गर्छः "यो जिल्ला प्रहरी कार्यालय द्वन्द्व कालमा दुई पटक आक्रमणमा परी ध्वस्त भएको थियो। हेर्नुहोस् हामी बस्ने ठाउँ। यस्तो खराब हालत छ। मेरा जवानहरूभन्दा त जेलका कैदीहरू बढी आरामदायी तरिकाले बसिरहेका छन्। हाम्रो हेरविचार सरकारले गर्नुपर्छ। हामी चौबीसै घण्टा काम गर्छौं र अत्यन्त कठिन चुनौतीको सामना गरिरहेका हुन्छौं, तर सरकारले हामीलाई हेर्दैन। जस्तो अवस्थामा पनि काम गरिहाल्छन् भनेर हामीलाई हेला गरेका हुन्। यो नैतिक बलको मात्र कुरा होइन। यो त आधारभूत कुरा हो। यी आधारभूत आवश्यकताका कुरा हुन्।" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, अर्घाखाँची, २१ अप्रिल २००९।

[२६३] एक प्रहरी अधिकृतले भने, "हाम्रा सबै प्रहरी कार्यालयहरू साबुत छन्। १२ ओटा चौकी, तीनओटा इलाका प्रहरी कार्यालय छन् र एउटा जिल्ला प्रहरी कार्यालय छ। ती सबैमा कर्मचारी खटिएका छन्। हो, जनशक्ति पर्याप्त छैन तर यो त्यति ठूलो समस्या होइन। यस जिल्लामा सशस्त्र प्रहरी बल आएको छैन।" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, अर्घाखाँची, २१ अप्रिल २००९। तर केही ठाउँहरूमा प्रहरी सङ्ख्या थपिनाले राम्रो भएको बताउँछन् प्रहरी अधिकृतहरू। उदाहरणका लागि, "बढ्दो खतराका कारण सरकारले हाम्रो जनशक्ति बढाएको छ। पश्चिमबाट सरुवा भएर आएका जनशक्तिबाट हामीलाई केही सहयोग पुगेको छ।" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, पथलैया, ५ अप्रिल २००९।

[२६४] जून २०१० सम्ममा ७५ जिल्लाकै प्रजिअहरू पुरुष थिए।

गर्दछ र उससित मेजिस्ट्रेटको अख्तियार पनि रहेको हुन्छ। कम्तीमा तीनओटा ऐनका आधारमा उसले कुनै व्यक्तिलाई मुद्दा चलाउन र थुनामा राख्न सक्छ।[२६५] प्रजिअको व्यक्तिगत आचरण र शैलीले सुरक्षा मामिलामा धेरै फरक पार्छ। साथै जिल्ला प्रहरी प्रमुखसितको उसको सम्बन्धले पनि उल्लेखनीय भूमिका खेल्छ।

## २. पछि हट्ने काम

यस्तो किसिमको अप्ठेरो वातावरण र नियन्त्रण गुमेको अवस्थालाई झेल्न धेरै प्रहरी अधिकृतहरूले पछाडि हट्ने र सकेसम्म कुनै पनि झमेलामा नपर्ने नीति लिएका छन्।[२६६] जोखिम नउठाउने यस्तो प्रवृत्ति आलोचनाको विषय बन्नु स्वाभाविक हो। जस्तो तराईको एउटा अशान्त जिल्लाका एक जना सामाजिक कार्यकर्ताले बताए, "प्रशासन 'टाइम पास' गरेर बसिरहेको छ; उनीहरूलाई शान्ति सुरक्षासित कुनै मतलब छैन।"[२६७] यस कुरालाई धेरै प्रहरी अधिकृतहरू इन्कार गर्न सक्दैनन्। एक जना जिल्ला प्रहरी प्रमुखले आफ्नो दिक्दारी प्रकट गर्दै भने, "हामी त म्यानेजर मात्रै हौँ। हामीले शान्ति सुव्यवस्था कायम गर्ने होइन।"[२६८]

अरू अधिकृतका मूल्याङ्कन त अझ कठोर थिए। जिल्लाका एक जना प्रहरी प्रमुखले भने, "तपाईं गएर व्यापारी, कलेजकी छात्रा, कृषकलाई सोध्नोस् मैले आफ्नो काम गरेको छ कि छैन भनेर। उनीहरूले भन्नेछन् 'मेरो पुलिस छ'। तर जनताकहाँ गएर सोध्नोस् उनीहरूले त्यसो भन्ने छैनन्। जनताले हामीलाई विश्वास गर्दैनन् र हामीले भनेको पनि मान्दैनन्।"[२६९] अर्का अधिकृतले भने, "यहाँ तपाईं कसैलाई गएर सोध्नोस् 'तपाईंको देशमा विधिको शासन छ?' कसैले पनि छ भनेर भन्ने छैनन्।"[२७०] प्रहरी अधिकृतहरू प्रायशः पीडित पक्षलाई सम्झौता गर्न प्रेरित गर्छन्, जसले गर्दा उनीहरूले औपचारिक तहकिकात गरिरहने झन्झट पर्दैन र यो कुरा नौलो पनि होइन। ती अधिकृतको भनाइमा, "नढाँटी भन्ने हो भने सङ्गीन अपराधबाहेक अरू कुरालाई हामी त्यति वास्ता गर्दैनौँ। अरू खाले मुद्दाहरूमा हामी दोषीलाई पीडित पक्षसित कुरा मिलाउन प्रोत्साहित गर्छौं। आवश्यक परे पार्टीका नेताहरूलाई पनि गुहार्छौं।"[२७१]

प्रहरीले खुबै गर्ने भनेको दोषी र पीडित पक्षबीच मिलापत्र गराउने हो। कतिपय ठाउँमा प्रहरीले हतारिएर यस्तो मिलापत्र गराउँछ, तर सम्बन्धित पक्षको इरादा आफ्नो वचन पूरा गर्ने हुँदैन। त्यसले समस्या उत्पन्न गराउँछ र त्यस्तो धेरै ठाउँमा देखिएको पनि छ। सिद्धान्तनिष्ठ र कर्त्तव्यपरायण अधिकृतहरू यस्ता कार्यबाट विधिको शासनमा बल पुगेको मान्दैनन्। आलोचकहरूले जतिसुकै कुरा काटे पनि प्रहरी सङ्गठनमा त्यस्ता कर्त्तव्यनिष्ठ अधिकृतहरूको कमी छैन। जस्तो एक जना अधिकृत भन्छन्,

> हामीले गर्ने काम टालटुले मात्रै हो। हामी कुनै समस्यालाई टाल्ने काम गर्छौं, त्यसले दिगो समाधानको काम गर्छ गर्दैन हामीलाई थाहा छैन। शान्ति सुरक्षाका लागि हामीले साँच्चि नै गर्नुपर्ने काम गऱ्यौं भने त्यसलाई समुदाय र हाम्रा हाकिमहरूले पचाउन सक्ने छैनन्। विधिको शासन छ भनेर हामी स्वाङ पार्न सक्तैनौं।[२७२]

अकर्मण्यता नै प्रतिरक्षाको सबभन्दा राम्रो उपाय भएपछि विधिको शासनको सम्भावना दयनीय बन्न पुग्छ। हालका वर्षहरूमा बनेका सबै सरकारले देखाएका कुरा प्रस्ट छन्: दण्डहीनताबारे केही कार्बाही नगर्ने,

---

[२६५] सार्वजनिक सुरक्षा ऐन २०१८ ले प्रजिअलाई कुनै पनि व्यक्तिले राष्ट्रिय अखण्डता र शान्ति खल्बल्याउन सक्ने शङ्का लागेमा उसलाई गिरफ्तार गरी थुनामा राख्ने अधिकार दिएको छ। हतियार तथा खरखजाना ऐन, २०१९ र केही सार्वजनिक (अपराध तथा नियन्त्रण) ऐन, २०२७ ले प्रजिअलाई गैरकानुनी रूपमा हातहतियार राख्नेलाई गैरकानुनी हातहतियार राखेकोमा र सार्वजनिक शान्तिमा खलल पुऱ्याएकोमा गिरफ्तार गर्ने र दण्ड-जरिवाना गर्ने अधिकार दिएको छ। स्थानीय स्वायत्त शासन ऐन २०२८ अनुसार सार्वजनिक अशान्ति मचाएमा बल प्रयोग गर्ने र गोली हान्ने अधिकार समेत प्रजिअले पाएको छ।(तल हेर्नुहोस्)। नेपालका सबै ऐनकानुनहरू (अधिकांशको अङ्ग्रेजी अनुवादसहित) नेपाल कानुन आयोगको www. lawcommission.gov.np/ मा उपलब्ध छन्।

[२६६] स्थानीय प्रशासन सम्बन्धमा सर्वदलीय संयन्त्रलाई दिइएको अधिकारबारे हेर्नुहोस् खण्ड २.क.अ.। राज्यले आफ्ना अभिभाराहरू स्थानीय ठूलाठालुलाई हस्तान्तरण गर्ने गरेको इतिहास छ। उदाहरणका लागि, पूर्वी नेपालको पहाडी इलाकामा "सुब्बाहरू" लाई कर उठाउने जिम्मेवारी दिइएको थियो र त्यस बापत उनीहरूले न्याय-निसाफ दिने, झारा लगाउने र सानोतिनो सेना खडा गर्ने अधिकार पाएका थिए। Sagant, *The Dozing Shaman* (दिल्ली, १९९६), अध्याय ५। सन् १८६१ बाट तराईका जिमिन्दारहरूलाई पनि त्यस्तै अधिकार र जिम्मेवारी दिइएको थियो। हेर्नुहोस् महेशचन्द्र रेग्मी, *Landownership in Nepal* (दिल्ली, १९७७), अध्याय ७।

[२६७] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, कलैया, ५ अप्रिल २००९। सिराहाका एक मानवअधिकारकर्मीका अनुसारः "प्रहरीहरू अकर्मण्य देखिन्छन्। यस वर्षभरिमा १२ जना जति अपहरणमा परे। तिनमध्ये प्रहरीले सहयोग गरेकाले नभई नागरिक समाजको दबाबमा ११ जना मुक्त भए। यस्ता कार्यमा प्रहरीले आफ्नो कुनै जिम्मेवारी नभएको ठान्छन् क्यार! कुनै माओवादी कार्यकर्ता अपहरणमा परे उनीहरूको पार्टीले वाईसीएल लगाएर होस् या जे गरेर भए पनि छुटाइछाड्छन्।" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, अक्टोबर २००९।

[२६८] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, अर्घाखाँची, २१ अप्रिल २००९। अर्का एक प्रजिअको शब्दमा, "प्रशासनले संयोजकको भूमिका मात्र खेल्न सक्छ। धेरै कुरा निर्णय गर्ने तरिकामा भर पर्छन्। हामीले एकतर्फी निर्णय गरेर लाद्न मिल्दैन। जनताले त्यसलाई ठाडै अस्वीकार गर्छन्। तर यदि व्यापक समूहसित छलफल गरी निर्णय गरियो भने जनताले त्यसको सम्मान गर्नेछन्। यदि हामीले जनतालाई आफ्ना भनाइ राख्न बोलायो भने उनीहरूले पनि आफूलाई बढी जिम्मेवार ठान्नेछन्।" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, स्याङ्जा, २० अप्रिल २००९।

[२६९] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, लमजुङ, २३ अप्रिल २००९।

[२७०] भारतीय विश्वविद्यालयमा अध्ययन गरेका ती अधिकृतले टिप्पणी गरेः "हाम्रा कानुनहरू राम्रा छन्, तर ती कागजमा मात्र सीमित छन्। हामीले तिनलाई लागू गरिरहेका छैनौं। तपाईं र मैले लेख्ने प्रतिवेदनहरूमा मात्र शान्ति र सुव्यवस्थामा सुधार भएका छन्। मैले त्यस्तो लेखिन भने मेरा हाकिम बेखुसी हुनेछन्।" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, लमजुङ, २३ अप्रिल २००९।

[२७१] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, अर्घाखाँची, २१ अप्रिल २००९।

[२७२] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, लमजुङ, २३ अप्रिल २००९।

जघन्य अपराधबारे पनि खोजी नगर्ने, शक्तिशाली संस्थाहरूले (खासगरी नेपाली सेनाले) कानुनको खिल्लि उडाए पनि त्यसबाट लाज नमान्ने।[२७३]

## ३. प्रहरी परिचालनको राजनीति

निर्वाचनपछिको समयमा “अपराधको राजनीतिकरण र राजनीतिको अपराधीकरण” भन्ने उक्तिको अति नै धेरै प्रयोग भयो। केही अपराधहरू निश्चय पनि राजनीतिसित गाँसिएका थिए भने राजनीतिको पनि सङ्गठित अपराध, भ्रष्टाचार र अन्य गैरकानुनी कार्यसित सम्बन्ध रहेको हुन्छ।[२७४] तर माथि उल्लेख (खण्ड २.ख) भएझैं अपराध र राजनीतिको गुजुल्टो जटिल छ र यसो हुनु नौलो कुरा पनि होइन।

राजनीतिज्ञहरू प्रहरीमाथि दबाब दिन रुचाउँछन्। यस्तो दबाबले प्रहरी परिचालन तथा कानुनसम्मत व्यवहारमा प्रतिकूल असर पार्दछ भन्नेमा शङ्का छैन। एक जना प्रहरी प्रमुखको सिकायत यस्तो थियो, “कानुनसम्मत व्यवहारको बाटोमा हामीलाई राजनीतिक वृत्तबाटै समस्या आउँछ। अपराधको दुनियाँ हामीले बुझेका छौं र हामी त्यसलाई ठीक पार्न पनि सक्छौं, तर पार्टीहरूसित व्यवहार गर्न भने साह्रै गाह्रो छ।”[२७५] अर्का अधिकृतले झनै ठाडोसित भनेः “अलिकति पनि राजनीतिक साइनो भएको कुनै व्यक्तिलाई पक्रानुअघि हामीले निकै सोच्नुपर्छ। हामी केही गर्नै सक्तैनौं।”[२७६] सानातिना झैझगडाले पनि राजनीतिक रङ लिन पुग्छः

> राजनीतिले कसरी प्रहरी परिचालनमा असर पार्छ? कल्पना गरौं, कुनै दुई व्यक्ति मिलेर अपराध गर्छन्। त्यसपछि उनीहरूबीच फाटो हुन्छ र आपसमा झगडा गर्छन्। एक जनाको सम्बन्ध एमालेसित हुन्छ र अर्काको नेकासित। अब उनीहरूको झगडाले “एमाले-नेका झडप” को रूप लिन्छ र दुवै पार्टीहरू एकअर्काको विरोधमा जुलुस निकाल्छन्। अथवा कुनै डिस्कोमा दुई ठिटाबीच एउटी ठिटीका बारेमा झगडा पर्छ, एउटा ठिटाले अर्कोमाथि हात छाड्छ ... त्यसपछि त्यस घटनाले दुई राजनीतिक समूहबीचको द्वन्द्वको रूप लिन्छ र भनिन्छ “युथ फोर्सद्वारा वाईसीएलमाथि आक्रमण।”[२७७]

त्यसका साथै राजनीतिक पार्टीलाई संलग्न गराउनाले प्रहरीलाई पनि फाइदै हुन्छ। प्रहरीले उनीहरूलाई स्थानीय झैझगडा मिलाउने कामको जिम्मा दिन सक्छ। एक जना जिल्ला प्रहरी प्रमुखले भने, “राजनीतिकरण भएको छ, तर त्यो नरम किसिमको छ। तीन ठूला पार्टी र जनमोर्चा बलिया छन् , धेरैजसो उनीहरूले आपस्तमा कुरा मिलाउँछन्। त्यसलाई नराम्रो भन्न मिल्दैन। हामीलाई नतानिकनै उनीहरू शान्ति कायम गर्छन् भने त्यो राम्रै कुरा हो।”[२७८] उनले त्यस्तो तारतम्य कसरी मिल्छ त्यो बताएः

> हामीले यस जिल्लाबाट संविधानसभामा गएका राम्रा सभासद पाएका छौं। दुवै जना बडा असल र सज्जन छन्। जिल्ला पार्टीका नेताहरू पनि असल छन् र उनीहरूले हामीलाई स्थिति नियन्त्रणमा राख्न सघाउँछन्। पार्टीहरूबीच पनि तिक्तता छैन। निजी रूपमा सबै नेताहरू बुझकी र सहयोगी भावनाका छन् ...। हामीले यसप्रकार काम गर्न नहुने हो, तर के गर्ने। उदाहरणका लागि, विद्यार्थी युनियनको चुनाव ताका माओवादीहरूले उत्पात मचाइराखेका थिए। अनि मैले माओवादीका सभासदलाई भेटेर कुरा मिलाइदिन आग्रह गरें। उनले जिल्लाका इन्चार्जलाई खटाए र कुरा सल्टियो। हामी यसरी नै काम गर्छौं।[२७९]

एक जना प्रजिअले औंल्याएझैं चाप जतिसुकै भए पनि त्यसमा सम्झौताको केही न केही ठाउँ रहेको हुन्छ। उनले भने, “मुख्य कुरा पार्टीहरूबीच सहयोग हुनुपर्छ र हामीले कसैलाई समातेमा या कार्बाही गरेमा हस्तक्षेप हुनुभएन। हामीमा दबाब पर्छ, तर उनीहरूसित कुरा गर्नुपर्छ।”[२८०] त्यसबाहेक राजनीतिज्ञहरू तिनका समर्थकहरूले चाहेझैं सधैं नै हस्तक्षेप गर्दैनन्। वाईसीएलसितको भिडन्तपछि समातिएका आफ्ना कार्यकर्ताहरूलाई छुटाउन गृहमन्त्री भीम रावललाई अनुरोध गर्दा उनले नमानेको गुनासो एमालेका एक जना जिल्लास्तरीय नेताको थियो।[२८१] नेकाका एक जना जिल्लास्तरीय नेताका अनुसार एमालेले प्रहरीलाई वाईसीएल उपर गोली चलाउन दबाब दिएको थियो, तर त्यो सफल भएन।[२८२]

प्रहरी र जिल्ला प्रशासनले आफ्ना शक्ति र कमजोरी दुवैलाई राम्ररी बुझेका छन्। प्रहरी परिचालन पूर्णतः राजनीतिकरण भएको अवस्थामा पार्टीहरूसित सकेसम्म राम्रो समबन्ध कायम राख्नु र स्थानीय शक्ति सन्तुलनलाई मानेर त्यसै अनुरूप काम गर्नु नै बुद्धिमानी हुन्छ, उनीहरूसित जोरी खोज्नु होइन। प्रहरी र प्रशासनले माओवादीहरूको पकड रहेका जिल्लाहरूमा उनीहरूको सहयोग लिने गरेको वा परेका

---

[२७३] हेर्नुहोस् क्राइसिस ग्रुप रिपोर्ट, *नेपालः शान्ति र न्याय,* माथि उल्लेखित। त्यसपछि आयोग (हेर्नुहोस् पादटिप्पणी २८) वा पुराना मुद्दाबारे खासै प्रगति भएको छैन। उदाहरणका लागि, नेपाली सेनाले मैना सुनुवारको हत्याको मुद्दाका आरोपी मेजर निरन्जन बस्नेतलाई नागरिक अदालतमा हस्तान्तरण गर्न अदालत र प्रधानमन्त्री नेपालले दिएको आदेशको टेरपुच्छर नलाई नेपाली सेनाले आन्तरिक अनुसन्धान गरी निजलाई सबै आरोपबाट सफाइ समेत दियो। “Army acquits Niranjan Basnet; Claims UN violated norms”, *Republica*, १४ जुलाई २०१०।

[२७४] प्रहरीमा मौलाउँदो भ्रष्टाचार र एसएसपी तथा एसपीहरूमाथि गरिएको कार्बाहीबारे हेर्नुहोस् नवराज मैनाली, “प्रहरीमा कार्बाही” *दृष्टि;* २५ मे २०१०।

[२७५] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, अर्घाखाँची, २१ अप्रिल २००९।

[२७६] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, लमजुङ, २३ अप्रिल २००९।

[२७७] ऐ.ऐ.।

[२७८] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, अर्घाखाँची, २१ अप्रिल २००९।

[२७९] ऐ.ऐ.।

[२८०] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, स्याङ्जा, २० अप्रिल २००९। जिल्ला तहका अधिकृतहरूलाई मात्र होइन उपल्ला तहका अधिकारीहरूलाई समेत राजनीतिक दबाब आउने कुरा यहाँ उल्लेखनीय छ। हेर्नुहोस् अवकाशप्राप्त गृहसचिव उमेश प्रसाद मैनाली, “कर्मचारीहरूमाथि राजनीतिक प्रहार”, *कान्तिपुर,* २८ अप्रिल २०१०।

[२८१] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, एमालेका युवा नेता, सल्यान, २० फेब्रुअरी २०१०।

[२८२] एमालेले पनि प्रजिअलाई हटाउन चाहेको बुझिएको छ। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, सल्यान, २१ फेब्रुअरी २०१०।

बेला उनीहरूलाई झन्डै-झन्डै प्रहरी सरह नै काम गर्न छुट दिएको दृष्टान्तहरूको कमी छैन।[२८३]

## ४. अपराधसितको लडाइँ र आफूभित्रको लडाइँ

सुरक्षा क्षेत्रका विभिन्न निकायहरू एकअर्काका परिपुरक हुनुपर्ने हो र उनीहरूबीच राम्रो कार्यगत सम्बन्ध तथा उनीहरूको जिम्मेवारी पनि प्रस्ट हुनुपर्ने हो।[२८४]

मन्त्रिमण्डल र गृह मन्त्रालयबीच विद्यमान तनाव कसैबाट छिपेको छैन।[२८५] सेना आफूलाई पाखा लगाइएको ठान्छ र उसप्रति गरिएको गलत व्यवहारले गर्दा असुरक्षा भएको भन्छ।[२८६] सेनाभित्रै पनि व्यवस्थापनको समस्या र मनोमालिन्य रहेको छ।[२८७] सशस्त्र प्रहरी बलभित्र बगावत भइसकेको छ।[२८८] सशस्त्र प्रहरी बलको भूमिकालाई राम्रो गरी प्रस्ट्याइएको छैन।[२८९] नेपाल प्रहरीले खराब परिस्थितिमा अति नै गाह्रो काम गर्नु परिरहेको छ।[२९०] प्रायः सबैजसो सुरक्षा अधिकारीहरू बजेट अपर्याप्त भएको सिकायत गर्छन्। अन्य सरकारी निकाय र गैससहरूलाई मुक्तहस्तले सहयोग गर्ने दाताहरूले पनि उनीहरूलाई भने बेवास्ता गरेको उनीहरूको गुनासो छ।[२९१]

विभिन्न सुरक्षा निकायहरूबीचको आपसी सम्बन्ध रिसारिसको छ। सेनाले प्रहरीलाई नीचो दृष्टिले हेर्ने गर्छ। किनभने सेनाले प्रहरीलाई एकदमै भ्रष्ट (कतिपय अवस्थामा त्यो सत्य पनि हो) र राजनीतिमा मुछिएको मान्छ। उता प्रहरीचाहिँ द्वन्द्व कालमा सेनाले गरेको दुर्व्यवहारको दोष पनि आफ्नो टाउकामा बोक्नु परेको ठान्छः "झन्डै ८०० जना मानिस बेपत्ता छन् र त्यसको मुख्य दोष सेनालाई जान्छ। हाम्रा हातबाट पनि मानिस मारिएका छन्, तर भिडन्तमा र कानुनसम्मत तरिकाले। हामीले शवपरीक्षण गराएका छौं र लास सम्बन्धितलाई बुझाएका छौं। सेनाका अधिकारीहरूले अब पश्चात्ताप गर्ने बेला आएको छ।"[२९२] प्रहरीको नजरमा सशस्त्र प्रहरी बल पैसा र ठाउँको खति मात्र हो।[२९३] जहाँसम्म घरेलु गुप्तचर निकाय राष्ट्रिय अनुसन्धान विभागको प्रश्न छ त्यो संस्था पहिलेदेखि नै गृहमन्त्रीहरूले आफ्ना पार्टीका आसेपासेहरूलाई मह चटाउने ठाउँ रहँदै आएको छ।[२९४]

---

[२८३] जतिसुकै गैरकानुनी भए पनि यस्ता कुरालाई व्यवहारमा अनुमोदन गरिएको देखिन्छ। उदाहरणका लागि माओवादीका ट्रेड युनियन कार्यकर्ताहरूले बुटवल नजिकको राजमार्गमा फेब्रुअरी २०१० मा प्रहरी सँगसँगै मिलेर सवारी लाइसेन्स जाँच गरिरहेका भेटिएका थिए। क्राइसिस ग्रुपको अवलोकन।

[२८४] आदर्श अवस्थामा सशस्त्र प्रहरीका तल्ला स्तरका एक अधिकृतको यस सुझाउलाई मनन गर्न सकिन्छः "तत्काल सेवा प्रदान गर्ने टोली खडा गर्न सकेमा एकदम राम्रो हुने थियो। नेपाल प्रहरी, सशस्त्र प्रहरी र जिल्ला प्रशासनका कर्मचारीहरूको संयुक्त टोली बनाउन सके त्यसले ठाउँका ठाउँ मुद्दा किनारा लगाउनेछ।" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, पथलैया, ५ अप्रिल २००९।

[२८५] उदाहरणका लागि, एमाले समर्थक एक साप्ताहिक पत्रिकाले गृहमन्त्री र गृहसचिवबीच बोलचाल बन्द भएको कुरा लेखेको छ। "गृहमन्त्री र सचिवबीच बोलचाल बन्द" *दृष्टि*, १६ फेब्रुअरी २०१०।

[२८६] "आन्तरिक सुरक्षामा प्रशासनले आफू पछाडि प्रहरी छ कि भनेर हेर्छ, प्रहरीले आफू पछाडी सशस्त्र प्रहरी बल छ कि भनेर हेर्छ, सशस्त्र प्रहरी बल आफ्नो पछाडी सेना छ कि भनेर हेर्छ। तर हामी त्यहाँ हुँदैनौं र हामीलाई नपाउँदा उनीहरूमा आत्मविश्वास कम हुनु स्वाभाविक हो। जब जनसाधारणले सरकार र सेना एकआपसमा झगडा गर्नमा व्यस्त देख्छन्, तब उनीहरूमा कानुन तोड्ने आँट आउँछ र उनीहरूले सजाय पनि पाउँदैनन्। राज्य लथालिङ्ग अवस्थामा रहेको उनीहरूलाई थाहा छ।" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, नेपाली सेनाका उच्च अधिकृत, अप्रिल २००९।

[२८७] नेपाली सेनाका मध्यम तहका अधिकृतहरूको बढुवाबाट सृजित तनावबारे हेर्नुहोस् दीपक रिजाल, "सैनिक अधिकृतमा चरम असन्तोष" *नेपाल समाचारपत्र*, १५ अप्रिल २०१०। *जनआस्था* साप्ताहिकको पहिलो पृष्ठमा नेपाली सेनाका उपल्ला दर्जामा पहाडी जनजाति समूहको प्रभाव बढेको विषयलाई लिएर नेपाली सेनाका दुई मेजर जनरलबीच रक्सीको सुरमा झगडा परेको समाचार छापिएको थियो। १० अप्रिल २०१० मा नयाँ वर्षको उपलक्ष्यमा नेपाली सेनाको मुख्यालयमा आयोजित भोजमा उनीहरूबीच ठूलो भनाभन भएको थियो र जर्नेलका पत्नी र साथीहरूले नछुट्ट्याएका भए मुक्कामुक्की नै पर्ने पक्का थियो। "जर्नेलहरू श्रीमतीका कुरामा जङ्गिँदा", *जनआस्था*, २१ अप्रिल २०१०।

[२८८] खाना र बस्ने ठाउँ नराम्रो भएको भनेर जून २००८ मा नेपालगन्जमा सशस्त्र प्रहरी बलको ब्यारेकका तल्ला तहका प्रहरी अधिकृतहरूले उपल्ला तहका अधिकृतलाई कुटे। सशस्त्र प्रहरी बलमा त्यस्तै खालको अर्को विद्रोह त्यसै बेलातिर पर्वतमा पनि भएको थियो। "सशस्त्र प्रहरीद्वारा विद्रोह", *नेपाल समाचारपत्र*, २३ जून २००८।

[२८९] सशस्त्र प्रहरी बल सन् २००१ मा खडा गरिएको थियो। यो खडा गर्नुको एउटा उद्देश्य यसलाई सेनाको तोडका रूपमा दरबारको नभई सरकारको मातहतमा रहने गरी राख्नु थियो। पार्टीहरू र नेपाली सेनाबीचको असजिलो सम्बन्धका विषयमा हेर्नुहोस् प्रकाश नेपाली र फणिन्द्र सुब्बा, "Civil-Military Relations and the Maoist Insurgency in Nepal", *Small Wars and Insurgencies*, २००५, अङ्क १६, नं. १। नेपाली सेना र नेपाल प्रहरीका अधिकृतहरूलाई मिसाएर बनाइएको यस सङ्गठनको आचार-व्यवहार मिश्रित भए तापनि सेनाको मोडेल नै त्यसभित्र हावी रह्यो। प्रहरीबाट आएकाहरूलाई जुन तरिकाले सेनाको रणनीतिबारे विस्तृत तालिम दिइएको थियो त्यही हिसाबले सेनाबाट आएकाहरूलाई प्रहरी रणनीतिबारे तालिम दिइएन। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, सशस्त्र प्रहरी बल अधिकृत, सेप्टेम्बर २०१०।

[२९०] तीन सुरक्षा सङ्गठनलाई दिइने बेग्लाबेग्लै रासन (जसमा प्रहरीले सबभन्दा तल्लो दर्जाको रासन पाउँछ) ले थप गुनासो बढायो। सागर पण्डित, "सेना र पुलिसमा खानामै विभेद", *नयाँ पत्रिका*, १३ जनवरी २०१०।

[२९१] एक जना डिएसपीले भने, "विदेशी सहयोग प्रहरी र सेनाले बाहेक सबैले पाउँछन्। हाम्रो भागमा केही छैन।" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, अर्घाखाँची, २३ अप्रिल २००९।

[२९२] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, लमजुङ, २३ अप्रिल २००९।

[२९३] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, ताप्लेजुङ, फेब्रुअरी २०१०; लमजुङ, अप्रिल २००९। एक प्रहरी अधिकृतले गुनासो गरे, "कसले निर्वाचन गरायो? त्यो हामीले गरायौं। हामीले बुथहरू खडा गर्‍यौं, जनतासँग व्यवहार हामीले गर्‍यौं, मतदातालाई सुरक्षित तरिकाले भोट दिने स्थानमा ल्यायौं, अस्थायी प्रहरीहरूलाई झेल्यौं र यावत् समस्याहरूको सामना गर्‍यौं। सोध्नुहोस् सशस्त्र प्रहरीलाई, उनीहरूले के गरे? खालि केही मान्छेहरूलाई बुथ पछाडिको डाँडामा राख्दैमा केही हुँदैन। तर कसैले हामीलाई एक गिलास पानी दियो? राजनीतिक पार्टीका नेताहरू मासु भात खाइरहेका थिए, तर हामी भने निट्ठाराम।" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, लमजुङ, २३ अप्रिल २००९।

[२९४] हालैको एक उदाहरण, *अन्नपूर्ण पोष्ट* ले आफूसँग सबुद प्रमाण भएको दाबी गर्दै मुखपृष्ठमा दिएको समाचारअनुसार राष्ट्रिय अनुसन्धान विभागमा अनेकौंलाई निवेदनु दिनुपर्ने प्रक्रिया समेत नपुर्‍याई गृहमन्त्री भीम रावल, गृहसचिव गोविन्द कुसुम र राष्ट्रिय अनुसन्धान विभागका प्रमुख अशोक देव भट्टले प्रतिव्यक्ति १२ लाख रुपियाँ

न्यायपालिकाको कुरा आफ्नो ठाउँमा छँदैछ। नयाँ नियुक्ति पाउने सबै प्रमुख न्यायाधीशहरू भ्रष्टाचारको जरा उखेलेर न्यायपालिकालाई जिम्मेवार र कार्यकुशल बनाउने बाचा गर्छन्।[२९५]

यस्तो तानतानी हुँदाहुँदै पनि सुरक्षा क्षेत्रले काम गरिरहेको छ, त्यो कुराचाहिँ मान्नैपर्छ। तर केचाहिँ प्रस्ट छ भने केही गरी राजनीतिज्ञहरूका घैँटामा घाम लागे पनि सुरक्षा क्षेत्रको सुधार सजिलो र सोझो भने हुने छैन।

## ५. क्यान्सर र उपचार

प्रहरी परिचालनले प्रस्तुत गरेको चुनौती र कानुनको परिपालनामा देखिएको कमीकमजोरीले नीतिगत परिवर्तन खोजेको छ। हुन त माओवादी नेतृत्वको सरकार र एमाले नेतृत्वको सरकारका गृहमन्त्रीहरूले अनेक प्रकारका "विशेष" नीतिहरू लागू गराएका थिए। तिनका मिश्रित परिणाम देखिएका छन्। तर ती कुनै पनि नीतिहरू पारदर्शी छैनन्। "विशेष" भन्नु नै तिनलाई गोप्य राख्नु हो कि भन्ने भान कतिलाई पर्न सक्छ। गृहमन्त्री रावलको नयाँ विशेष सुरक्षा योजनाबारे खुलासा गर्न एक जना अनुभवी प्रहरी प्रमुखलाई जोड गर्दा उनले भने, "वास्तवमा यसमा 'विशेष' केही छैन। यो यथार्थमा शान्ति सुव्यवस्था कायम गराउने र द्वन्द्व कालमा हुन गएका त्रुटिहरूलाई हटाउने उपाय मात्रै हो।"[२९६]

विशेष सुरक्षा योजनाले केही परिणाम जरुर ल्याएको छ, जस्तो यसअघिका गृहमन्त्री वामदेव गौतमले सन् २००९ को सुरुतिर विशेष सुदृढीकरण कार्यक्रमअन्तर्गत पूर्वी तराई र पहाडी इलाकामा प्रहरी परिचालन बढाउँदा भएको थियो।[२९७] हिंसात्मक राजनीतिक घटना र अपराधका बारदात धेरै भएका एउटा जिल्लाका प्रजिअले भने, "बितेका दुई-तीन महिनामा हामीले प्रहरी परिचालन बढाएका छौँ, प्रहरीको सङ्ख्याका साथै चौकीहरू पनि थपेका छौँ। पोहोर साल हेरी अवस्थामा धेरै सुधार भएको छ। तथ्याङ्कहरूले पनि यस कुराको पुष्टि गर्दछन्। सुरक्षा बलमा वृद्धि हुनाले अपराधीहरू हच्किन्छन्।"[२९८]

यति भएर पनि यी कुनै पनि योजनाले प्रशासनिक पद्धति र संस्कारको त कुरै छाडौं प्रहरी परिचालनमा व्यवस्थित सुधार ल्याउने समेत जमर्को गरेको छैन। न त यी योजनाले प्रहरी परिचालनमा हस्तक्षेप गर्ने राजनीतिक परिपाटीको विकल्प प्रस्तुत गर्ने चेष्टा नै गरेका छन्। "सुदृढीकरण" को अर्थ विशेषतः सशस्त्र प्रहरी बलमा जनशक्ति थप्ने कुरामा टुङ्गिने गर्छ त्यो पनि थपिएको जनशक्तिको कस्तो उपयोग गर्ने भन्ने उपाय र कुनै योजना बेगर। समग्र सशस्त्र प्रहरी बलको आयतनमा भएको नाटकीय अभिवृद्धिले सैनिकीकरणलाई बढावा मिलेको छ, तर सशस्त्र एकाइहरू थपिने कारण उपर प्रश्नचिह्न लागेको छ।[२९९] विशेष सुरक्षा नीतिप्रतिको टिप्पणी सुरु-सुरुमा सकारात्मक रहे पनि अपेक्षाअनुरूपको परिणाम नआएकोमा पछि गएर ती नकारात्मक हुँदै गए।[३००]

नीतिगत परिवर्तनको कुरा त छँदैछ तर खटिएका प्रहरीहरू रणनीतिक दिग्दर्शन र नेतृत्व पाउन छटपटाइरहेका छन्। सत्तामा माओवादी नेतृत्वको सरकार रहेका बेला एक जना प्रहरी प्रमुखले भने, "दोषीहरूमाथि कार्बाही गर्नका लागि हामीलाई सर्वदलीय प्रतिबद्धता चाहिएको छ र एक जना इस्पाती गृहमन्त्रीको खाँचो छ। त्यसो भएमा केही गर्न पनि असम्भव हुने छैन। हामी शान्ति र सुव्यवस्था कायम गरिछाड्छौँ। बाबुराम भट्टराईले जसरी वित्तीय मामिलामा ढिव्री कसेका छन् गृहमन्त्रीले पनि त्यसै गर्ने हो भने परिस्थिति नै अर्को हुन्छ।"[३०१] नेतृत्व छ भन्ने कुरामा विश्वस्त भएमा र मन्त्री तथा उच्चपदस्थ अधिकारीको धाप पाएमा तल्ला तहमा खटिएका प्रहरीहरू ढुक्क हुनेछन् र विवादास्पद कार्बाही गर्नमा पनि पछि पर्ने छैनन्। "हामीलाई चाहिएको

---

घुस लिई ठाडै नियुक्ति दिएका थिए। "गुप्तचर भर्ना गर्दा १२ लाखसम्म लेनदेन", १८ मे २०१०।

[२९५] मार्च २०१० मा नियुक्ति पाएपछि हालका प्रधान न्यायाधीश रामप्रसाद श्रेष्ठले न्यायपालिकामा विगतमा भएका प्रयासबाट सोचेजस्तो परिणाम आउन नसकेकोले आफूले अझै प्रयास बढाउने प्रतिबद्धता व्यक्त गरे। "New CJ promises justice for all", *Republica*, २९ मार्च २०१०। उनीभन्दा अघिका प्रमुख न्यायाधीश अनुपराज शर्माले नोभेम्बर २००९ मा पदको शपथ लिएपछि फैसला हुन बाँकी मुद्दाहरूलाई एक जना न्यायाधीशले एक दिनमा कम्तीमा तीनओटा मुद्दा हेर्नैपर्ने गरेर सकेसम्म छिटो किनारा लगाउने वचन दिएका थिए। "Sharma recommended for CJ", *Republica*, १ डिसेम्बर २००९। मीनबहादुर रायमाझी मे २००९ मा प्रधान न्यायाधीश नियुक्त हुँदा नयाँ आचारसंहिता लागू गरेर भ्रष्टाचार नियन्त्रण गर्ने प्रतिज्ञा गरेका थिए। नयाँ आचारसंहिताले न्यायपालिका र न्यायाधीशहरू उपरको ९९ प्रतिशत सिकायत हटाउने आशा उनले गरेका थिए। "Parliament confirms Rayamajhee as new Chief Justice", myrepublica.com, ७ मे २००९।

[२९६] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, फेब्रुअरी २०१०।

[२९७] "आईजीपीले अपराधविरुद्ध लड्ने रणनीति सार्वजनिक गरे", कान्तिपुर समाचार, १३ अप्रिल २००९। उदाहरणका लागि, अप्रिल २००९ को सुरुतिर मध्य तराईको एक जिल्लाका सशस्त्र प्रहरीका एक अधिकृतले भने, "सीमा सुरक्षा गर्ने नयाँ प्रयासअनुसार सीमा चौकीहरू राखिएका छन्। त्यसले गर्दा तस्करीको बाटो साँघुरिएको छ र राजस्व असुली बढ्न गएको छ।" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, पथलैया। सुनसरीका एक पत्रकारको टिप्पणी तिखो छ, "सीमा सुरक्षा चौकी भनेको उनीहरूको कमाउने थलो भएका छन्। उनीहरू तस्करहरूबाट पैसा असुल्छन्। जस्तै रासायनिक मल वा जिराको प्रतिबोरा १० रुपियाँ लिन्छन्।" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, सेप्टेम्बर २००९।

[२९८] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, कलैया, ५ अप्रिल २००९। सिराहाका एक मानवअधिकारकर्मीले भने, "नयाँ आएको विशेष सुरक्षा योजनाले समग्रमा सुरक्षा अवस्थामा सुधार ल्याएको छ। तर यसको दुरुपयोग पनि अक्सर हुने गरेको छ। जनतान्त्रिक मधेसी मुक्ति टाइगरका तीन जना कार्यकर्ता हालै मारिएका छन्। हामी त्यस घटनाको छानबिन गरिरहेका छौँ। हडताल र बन्द कम भएका छन्। स्थानीय प्रशासन सक्रिय भएको छ, मानिसमा डर पसेको छ। अहिले सुरक्षा बलको उपस्थिति धेरै राम्रो छ। १२-१५ सुरक्षा आधार शिविरहरू स्थापना भएका छन्, ४०-४३ प्रहरी चौकी र ९ इलाका प्रहरी चौकी थपिएका छन्, सीमा सुरक्षा बलको उपस्थिति बढाइएको छ। अहिले तपाईं प्रत्येक ५ किलोमिटरमा एउटा प्रहरी चौकी पाउनुहुन्छ।" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, अक्टोबर २००९।

[२९९] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, उच्च प्रहरी अधिकृत, ताप्लेजुङ, फेब्रुअरी २०१०।

[३००] हेर्नुहोस् "सन्तोषजनक भएन विशेष सुरक्षा कार्यक्रम", *अन्नपूर्ण पोष्ट*, १० जनवरी २०१०।

[३०१] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, पथलैया, ५ अप्रिल २००९।

राजनीतिक नेतृत्व हो, 'यो गर÷ भन्ने र हामीलाई आड दिने मान्छे चाहिएको छ। बन्दलाई तोड्नका लागि हामीले बल प्रयोग गर्नुपर्ने हुन्छ, तर हामीलाई कसले मद्दत गर्ने?"[३०२]

अन्ततोगत्वा, सुरक्षाका समस्याहरू मूलतः जरा गाडेर बसेका राजनीतिक र संस्थागत संस्कारका कारण उब्जिएका प्रणालीगत चुनौतीका अभिव्यक्तिहरू हुन्।[३०३] यी समस्याहरूसित प्रहरी एक्लै जुध्न सक्दैन। यस्तो परिस्थितिजन्य सीमाभन्दा पर्तिर गएर प्रहरीले काम गर्ने अपेक्षा गर्नु विवेकपूर्ण हुँदैन। "स्थितिलाई नियन्त्रण गर्न"[३०४] सेना परिचालन गरिनुपर्छ भन्नेहरू जति नै चिच्च्याए पनि सेना यस कार्यका लागि पटक्कै उपयुक्त छैन। नेपालको असुरक्षालाई सैनिक कार्बाहीबाट ठीक पार्न सकिँदैन।

## ख. नभई नहुने घाँडो[३०५]

शान्ति प्रक्रियासम्बन्धी धेरै प्रश्नको केन्द्रबिन्दुमा राज्य रहेको छः राज्यको पुनर्संरचना कसरी हुनेछ? राज्यले आधारभूत सेवा प्रदान गर्न नसकेमा र नागरिकहरूका आकासिएका आकाङ्क्षाहरू यसले पूरा गर्न नसकेमा के हुन्छ? के माओवादीहरूले राज्य कब्जा गर्नेछन्? राज्य नाजुक अवस्थामा छ, असफल हुँदैछ या असफल भइसक्यो? मुलुकभरि राज्यको उपस्थिति छ या छैन? राजधानीका सडकमा थुप्रेका फोहर तह लगाउन धौ धौ पर्ने राज्यले सङ्घीयता, राजनीतिक हिंसा र बाह्य दबाबलाई कसरी थेग्न सक्ला?

सरकारमा बसेका पार्टीहरूका लागि सत्ता हात पार्नु, राज्यमाथि नियन्त्रण गर्नु र राज्यका दबाबकारी शक्ति प्रयोग गर्नु अहम् महत्त्वको विषय हो। सरकारबाहिर रहेका पार्टीहरूका लागि सत्ता प्राप्ति रहरको विषय होला, तर उनीहरूका दृष्टिमा राज्य शोषणको स्रोत पनि हो र सम्पूर्ण सामाजिक, आर्थिक र राजनीतिक विसङ्गतिका लागि जिम्मेवार अमूर्त निकाय पनि हो। दातृ समुदाय र विकासे वर्गका लागि "राज्य निर्माण" र "राज्य सुदृढीकरण" फेसन जस्तो भएको छ अनि धर्मराउँदै बढिरहेको शान्ति प्रक्रियाले नयाँ चुनौती पैदा गर्दैछ र राज्य संयन्त्रमा अन्तरनिहित कमजोरीहरूलाई पनि अगाडि ल्याउँदैछ।

नेपाली राज्यको परस्परविरोधी प्रकृतिप्रति गम्भीर ध्यान दिने प्रयास विरलै भएको छ।[३०६] जतिसुकै गडबडी भए पनि यो धराशायी बिल्कुलै भएको छैन। कमजोर सेवाप्रणाली र अप्रतिनिधिमूलक चरित्रको भईकन पनि राज्यले दस वर्ष लामो द्वन्द्व, जनआन्दोलन र गणतन्त्रतर्फको सङ्क्रमणलाई सहजै धान्यो। राज्य सामर्थ्यहीन देखिन्छ, तर विविध समूहहरूका मागको केन्द्रबिन्दु राज्य नै रहेको छ। यद्यपि ती समूहहरूलाई राम्रोसित थाहा छ तिनका मागहरूप्रति राज्य कहिल्यै पनि सकारात्मक थिएन र सम्भवतः कहिल्यै सकारात्मक नहोला पनि। राजनीतिक र आम जनताको कल्पनामा राज्यको यथार्थ र आदर्शको बलियो पकड रहेको छ।

कसैकसैले भने जस्तो राज्य छलकारी छैन। राज्यको अस्तित्व र व्यवहारका आफ्नै औचित्य छन्। हो, जनतालाई सेवा प्रदान गर्ने कुरा बेलाबखत यसको व्यवहारबाट ओझेल पर्न जान्छ। यस्तो उपेक्षाबाट कसरी विभिन्न समूहहरूको सम्बन्धबाट राज्यको निर्माण भएको छ त्यो देख्न सकिन्छ। ती समूहहरूमा राज्यका सेवकहरू, राजनीतिक पार्टीहरू, उच्च वर्गीय समाज, बाह्य शक्तिहरू र सबैभन्दा पुछारमा सामान्य नागरिकहरू पर्दछन्।

---

[३०२] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, पथलैया, ५ अप्रिल २००९। उनका एक जना सहकर्मीले थपेः "हस्तक्षेपबिना कानुन लागू गर्नलाई हाम्रा सुरक्षा निकायहरू वास्तविक रूपमा स्वायत्त हुनपर्छ र बलियो कानुन हुनुपर्छ। राजमार्ग बन्द गर्ने कामलाई प्रतिबन्ध लगाउने र दुर्घटनामा परेकालाई क्षतिपूर्ति दिनेबारे प्रस्ट कानुनी व्यवस्था हुनुपर्छ र त्यसलाई कडाइसाथ लागू गरिनुपर्छ।" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, पथलैया, ५ अप्रिल २००९। वास्तवमा यस्ता कानुन अहिले पनि छन्, तर प्रतिबद्ध नेतृत्व र पूर्ण राजनीतिक समर्थनबिना कानुन भएर पनि तिनलाई लागू गर्न नसकिएको हो।

[३०३] हेर्नुहोस् खण्ड ३।

[३०४] "चाहिन्छ सकारात्मक सैनिक हस्तक्षेप", *पुनर्जागरण*, १८ मे २०१०। (त्यसैको भित्री पृष्ठमा "अब सह्याल्ने पालो सेनाको", २७ अप्रिल २०१०) नेपाली सेना परिचालन हुन सक्ने सम्भावनाबारे हेर्नुहोस् खण्ड २.ग। नेपाली सेनाको जनसम्पर्क बढाउने नयाँ प्रयासबारे आकांक्षा शाह, "Army: PR & beyond", *Republica*, ६ जनवरी २०१०।

[३०५] नभई नहुने घाँडो" थोमस पेनको निम्न पङ्क्तिबाट उद्धृत गरिएको होः "हरेक राज्यभित्रको समाज एउटा बरदान हो भने जतिसुकै असल भए पनि सरकारचाहिँ नभई नहुने घाँडो मात्र हो; त्यसमाथि सरकार खराब भएमा त त्यो असहनीय बन्न जान्छ।" Thomas Paine, Isaac Kramnick (ed.), *Common Sense* (लन्डन, १९८६ [१७७६]), पृ. ६५। पेनले सरकार र समाजलाई फरक गरेर हेरेका छन्, तर यहाँ उल्लेख गरिएको राज्यले दुवैलाई समेटेको छ। यहाँ सापट लिइएको यो शब्दावली सौभाग्य शाहप्रति एक किसिमको श्रद्धाञ्जली पनि हो। उनको असामयिक निधन डिसेम्बर २००९ मा भएको थियो। उनको मृत्यबाट नेपालको प्राज्ञिक क्षेत्रले एउटा मौलिक आवाज गुमायो। हेर्नुहोस् सौभाग्य शाह, "From Evil State to Civil Society", in Kanak Mani Dixit and Shastri Ramachandaran (eds.), *State of Nepal* (ललितपुर, २००२)।

[३०६] अधिकांश प्राज्ञहरूका लागि रिचार्ड बरघार्ट प्राथमिक सन्दर्भ बिन्दु रहँदै आएका छन्: "The Formation of the Concept of Nation-State in Nepal", *Journal of Asian Studies*, अङ्क ४४, नं. १ (१९८४), पृ. १०१-१२५। सबैले बरोबर उल्लेख गर्ने अर्को सन्दर्भसामग्री आन्द्राश होफरको *The Caste Hierarchy and the State in Nepal: A Study of the Muluki Ain of 1854* (इनन्सब्रुक, १९७९) नेपालको राष्ट्रियता र जातीयताबारेको अति महत्त्वपूर्ण एउटा पुस्तकमा ९ जना विद्वान्ले आफ्ना लेखमा बरघार्टलाई उद्धृत गरेका छन् र ११ जनाले होफरलाई उद्धृत गरेका छन् भनेर प्रतिष्ठित विद्वान् हर्क गुरुङले औँल्याएका छन्। हर्क गुरुङ, "State and Society in Nepal", in David Gellner, Joanna Pfaff-Czarnecka and John Whelpton (eds.), *Nationalism and Ethnicity in a Hindu Kingdom. The Politics of Culture in Contemporary Nepal* (आम्स्टर्डम, १९९७), पृ. ४९५, ५०१। डेभिड गेल्नरद्वारा सम्पादित पुस्तक *Resistance and the State*, माथि उल्लेखित, सङ्घर्षबारे धेरै कुरा उल्लेख गरिएको भए पनि राज्यबारे भने थोरै उल्लेख छ। विकाससँग सम्बन्धित अधिकांश लेखोटहरूमा नेपाली राज्यको स्वभावलाई बुझ्ने चेष्टा नगरी बाहिरबाट ल्याइएका अवधारणाहरूको उपयोग हुने गरेको पाइन्छ। क्राइसिस ग्रुपको विगतका रिपोर्टहरूमा पनि यी कमजोरीहरू पाइन्छन्। नेपाली राज्यलाई बुझ्न निम्न पुस्तकहरू उपयोगी छन्: Lionel Caplan's ethnography *Administration and Politics in a Nepalese town* (लन्डन, १९७५); Mahesh Chandra Regmi's *Imperial Gorkha: An Account of Gorkhali Rule in Kumaon (1791-1815)* (दिल्ली, १९९९); Bengt-Erik Borgström, *The Patron and the Pancha: Village Values and Panchayat Democracy in Nepal* (नयाँ दिल्ली, १९८०)।

## १. लकिरको फकिर होइन

नेपाली राज्यलाई यसका संस्थापक पृथ्वीनारायण र उनीपछिका गोर्खाली शासकहरूले ढुङ्गो बताएका छन्।[३०७] यस्तो नामकरण बेसही छ। नेपाली राज्य कडा र नरम दुवैको समिश्रण हो। यसको टिकिरहने स्वभाव यसको शक्तिमा भन्दा लचकतामा आधारित छ। घुलमिल हुन सक्ने, आत्मसात् गर्न सक्ने, अँगाल्न सक्ने, समाहित गर्न सक्ने, मेलमिलाप गर्न सक्ने इत्यादि गुण र समग्रमा झेल्न सक्ने गुण नेपाली राज्यको छ। यो एक ढिक्को छैन। यसमा रहेका अनेकन् संस्थागत संस्कारहरू यसले विभिन्न सङ्क्रमणमा कायम राख्दै आएको छ।[३०८]

नेपाली राज्यले सार्वभौमिकता र प्राधिकारको आदर्श विरलै प्राप्त गरेको छ।[३०९] नेपालको आधुनिक अस्तित्वको पूरै अवधिमा यसको राष्ट्रिय सार्वभौमिकतामा खतरा आइपरेको छ र कतिपय अवस्थामा र अहिले पनि यसले सम्झौता गर्नुपरेको छ। यसले आन्तरिक मामिलामा बाह्य हस्तक्षेप सहनुपरेको छ र दातृ समुदायप्रति निर्भर रहनुपरेको छ (तल हेर्नुहोस्)। आन्तरिक रूपमा नेपाली राज्यले पूर्ण हैकम विरलै कायम गर्न सकेको छ वा हिंसामाथि एकाधिकार पनि राख्न सकेको छैन।[३१०]

राज्यको उपस्थिति र सामर्थ्यलाई नाप्नु गाह्रो कुरा हो। औँलामा गन्न सकिने केही कुराहरूमा राज्यको पहुँच अवश्य घटेको छ। द्वन्द्व कालमा माओवादीहरूले जनपद प्रहरी र स्थानीय प्रतिनिधिहरूलाई लखेटेका थिए, जुन प्रस्ट देख्न सकिने कुरा थियो। (स्कुल र स्वास्थ्य चौकी जस्ता संस्थाहरू चलेको भए पनि तिनमा अप्रत्यक्ष नियन्त्रण राखिएको थियो र तिनीहरूबाट कर उठाउने गरिन्थ्यो)। युद्धविरामपछिको अवधिमा गाविस सचिवहरू र स्थानीय प्रशासनका अन्य अधिकारीहरू काममा जान नसकेको तथ्य (विशेषतः तराईमा) पनि त्यसैगरी प्रस्ट देख्न सकिन्थ्यो।[३११]

जे भए पनि, स्रोतसाधन वितरणको मुख्य जरिया भनेको राज्य नै हो र राजनीतिक द्वन्द्वको कारण पनि त्यही हो। स्थानीय तहको निर्वाचन पछिल्लो पटक सन् १९९७ मा सम्पन्न भएको थियो र गाविस तथा जिविस जस्ता निकायहरूलाई सन् २००२ मा अनिर्वाचित कर्मचारीहरूको जिम्मा लगाइएको थियो। अहिले पनि यिनै निकायहरूको माध्यमबाट बजेट रकमको निकासा हुन्छ। ती निकायहरूको देखरेखका लागि या त तदर्थ व्यवस्था गरिएको छ या सर्वदलीय संयन्त्र खडा गरिएको छ। यसका साथै राज्यको आंशिक भूमिका रहेको वा अर्ध-स्वायत्त संस्थाहरू जस्तै स्कुल व्यवस्थापन समिति, वन उपभोक्ता समिति, पानी र बिजुली उपभोक्ता सङ्घ आदिमार्फत स्थानीय राजनीतिक प्रतिस्पर्धालाई जीवित राखिएको छ। किनभने तिनका धेरैजसो पदहरूमा पार्टीका उम्मेदवारहरू लड्ने गर्छन्।

## २. सार्वभौम या अधीनस्थ ?

द्वन्द्व निराकरण र द्वन्द्वको खतराको सन्दर्भमा दुईओटा अप्ठ्याराहरू छन् जो नेपालको सार्वभौमिकतासित सम्बन्धित छन्। ती हुन्, आन्तरिक राजनीतिमा बाह्य हस्तक्षेप र बाह्य आर्थिक सहयोगबाट अर्थ-राजनीतिमा पर्न जाने असर।

---

[३०७] इतिहासकार महेशचन्द्र रेग्मीले "ढुङ्गो" को अवधारणालाई राज्यप्रतिको बफादारी भनेर अर्थ्याएकामा हर्क गुरुङले त्यसको आलोचना गर्दै पृथ्वीनारायण शाहको दिव्योपदेशमा "ढुङ्गो" शब्द केवल दुई पटक प्रयोग गरिएको र दुवै ठाउँमा नकारात्मक अर्थमा प्रयोग गरिएको कुरा उल्लेख गरेका छन्। "State and Society in Nepal", पृ. ५००।

[३०८] उदाहरणका लागि, पञ्चायती शासनको सुरुमा यसको आयतन र आकारमा वृद्धि भएको थियो।

[३०९] नेपाली राज्यले वास्तविक राज्यबारेका धेरै अनुमानहरू गलत साबित गरिदिएको छ, खासगरी सार्वभौमिकता र प्राधिकार उपर जोड दिने दुई खाले मान्यतालाई। सत्रौं शताब्दीको वेस्टफेलिएन मोडेलले क्षेत्रीय अखण्डता र राष्ट्रिय सार्वभौमिकताको सिद्धान्त स्थापना गरेको छ। बीसौं शताब्दीका समाजशास्त्री म्याक्स वेबरले राज्यको आन्तरिक प्राधिकारबारे सबैभन्दा विश्वासिलो परिभाषा प्रस्तुत गरेका छन्: "The claim of the modern state to monopolize the use of force is as essential to it as its character of compulsory jurisdiction and of continuous operation". Max Weber, *Economy and Society: An Outline of Interpretive Sociology*, G. Roth and C. Wittich (eds.), (न्युयोर्क, १९६८), पृ. ५६, David Gellner, "Introduction: Transformations of the Nepalese State", in Gellner (ed.), *Resistance and the State: Nepalese Experiences*, माथि उल्लेखित, पृ. २।

[३१०] पञ्चायत व्यवस्था सुरु नहुँदासम्म यस्तो खालको एकाधिकार खोजिएको पनि थिएनः शाह र राणाहरूले राजस्व उठाउने र न्याय सम्पादन गर्ने राज्यका प्रमुख कार्यहरूलाई स्थानीय एजेन्टहरूको जिम्मा लगाएका थिए। हेर्नुहोस् पाद टिप्पणी २६७। संरचनात्मक सुधार गरेर आफ्नो प्राधिकार विस्तार गर्ने विकासवादी पञ्चायत राज्यको रेकर्ड निकै प्रभावशाली तर त्यो अधुरो रह्यो। उदाहरणका लागि सन् १९५० र १९६० को दशकमा गरिएको भूमिसुधार कार्यक्रमले भूमि वितरणको अत्यन्तै असन्तुलित अवस्थामा खासै ठूलो परिवर्तन ल्याउन नसके पनि यसबाट राज्यले भूमि उपरको आफ्नो स्वामित्व र प्राधिकार भने जमाउन सक्यो। हेर्नुहोस् महेश चन्द्र रेग्मी, *Landownership in Nepal* (दिल्ली, १९७७)। पुराना गुठीहरूलाई खारेज गरी राज्यले पहिले दिँदै आएको धेरै अख्तियारी पदहरू पनि हटायो। हेर्नुहोस् पादटिप्पणी २६७। देशव्यापी अदालत पद्धति भए तापनि परम्परागत रीतिरिवाजअनुसार स्थानीय समुदायले न्याय सम्पादन गर्ने चलन कतिपय अवस्थामा कायमै छ।

[३११] संयुक्त राष्ट्र मानवीय मामिलाबारेको कार्यालय (ओसीएचए) का अनुसार सन् २००६ को मध्यतिर गाविस सचिवहरूमा जम्मा ३२ प्रतिशत मात्र आफ्नै ठाउँमा बसेर काम गरिरहेका थिए। बाँकीले जिल्ला सदरमुकाममा बसेर काम गर्नुपरेको थियो। सन् २००८ को सुरुतिर ५१ प्रतिशत गाविस सचिवहरू सम्बन्धित गाविस कार्यालयमा नियमित रूपमा उपस्थित रहेका थिए, ४१ प्रतिशत सचिवहरू गाउँबाहिर रहेर काम गर्थे र कहिलेकाहीं गाविस कार्यालय जाने गर्थे (८ प्रतिशत गाविस सचिवको पद खाली थियो।) सन् २००९ को अन्त्यतिर कार्यालयमा उपस्थित हुने गाविस सचिवहरूको अनुपात ४२ प्रतिशतमा झरेको थियो; २५ प्रतिशतले जिल्ला सदरमुकामबाट काम गर्थे भने १४ प्रतिशत गाविस सचिवहरू कहिलेकाहीं गाविस कार्यालयमा उपस्थित हुन्थे। १९ प्रतिशत गाविस कार्यालयका सचिवहरू सधैं अनुपस्थित रहन्थे वा पद खाली रहेको थियो। गाविस सचिवहरूको सम्बन्धित कार्यालयमा अनुपस्थिति रहने कारण क्षेत्रपिच्छे फरक-फरक थिए। ओसीएचएले उल्लेख गरेअनुसार पूर्वी र मध्य तराईका जिल्लाहरूमा सुरक्षा प्रमुख कारण थिए, पर्वतीय जिल्लाहरूमा "दुर्गम भूभाग" लाई कारण मानिएको थियो तर भोजपुर, पाँचथर वा रुकुम जस्ता पहाडी जिल्लाहरूबारे भने कुनै कारण अघि सारिएको छैन। "VDC secretary presence in Nepal: Note on 2006, 2008 and 2009 surveys", OCHA Nepal, 2010, www.un.org.np/reports/OCHA/2010/2010-03-22-VDC-Secretary-Notes.pdf मा उपलब्ध छ।

नेपालको आन्तरिक मामिलामा बाहिरी शक्तिको संलग्नता उहिल्यैदेखि रहँदै आएको छ र यो संरचनागत प्रकृतिको छ। यहाँ "बाहिरी" भन्नाले भारत बुझ्नुपर्छ, घुमाइ-फिराइ भन्नुको कुनै अर्थ छैन। अन्य कुनै पनि देश त्यस तहमा संलग्न हुन सक्तैन जुन तहमा भारत संलग्न छ र कुनै देश भारतको जस्तो सम्बन्ध बनाउने चाहना पनि राख्दैन। किनभने भारतको सम्बन्ध इतिहास, भूगोल, संस्कृति तथा अनेकन् सामाजिक, आर्थिक र राजनीतिक गाँठाहरूबाट निर्धारित भएका छन् जो खुला सिमानाको वारपार फैलिएका छन्।[३१२]

नेपाली राजनीतिमा भारतको संलग्नता स्पष्टतः हस्तक्षेपकारी छ, जुन तथ्यलाई सबैले स्वीकारेका (र मन नपराएका) छन्। यो हस्तक्षेपकारी व्यवहार बितेको वर्षमा जति टड्कारो गरी सन् १९५० पछिको अवधिमा कहिल्यै देखिएको थिएन। तर यसलाई बाह्य हस्तक्षेप भनेर मात्र पर्घेल्न सकिँदैन। पहिलो त यसो गर्नाले ब्रिटिसहरूको विरासत र नेपालप्रति नेहरू युगको नीति बोकेका भारतीय कर्मचारीतन्त्रको दृष्टिकोणको गलत व्याख्या हुन जान्छ।[३१३] दोस्रो, भारतको संलग्नता सबै खाले राजनीतिक पार्टी र राजनीतिज्ञहरूले चाहेर तथा स्वीकार गरेरै हुन गएको हो भन्ने चुरो कुरो यसबाट ओझेलमा पर्न जान्छ। नेपालको सार्वभौमिकता उपर सम्झौता गरिएको तथ्य र त्यसका विशेष चरित्रहरूलाई नबुझी नेपाली राज्यको निरुपण गर्ने काम अधुरो हुनेछ।[३१४] शान्ति प्रक्रियालाई स्वरूप प्रदान गर्ने काममा भारतको भूमिका बडो महत्त्वपूर्ण थियो र त्यसैगरी निर्वाचनपछिको अन्योल बढाउनमा पनि यसको उत्तिकै महत्त्वपूर्ण भूमिका रहेको थियो। भारतको नीति जवाफदेहीबिनाको र फोहोरी खालको छ, तर यसको प्रभाव घट्नेवाला छैन।[३१५]

राज्यलाई पर्घेल्ने यस प्रयासमा विदेशी सहयोगले खेलेको मिश्रित भूमिकालाई पनि बुझ्नुपर्ने हुन्छ।[३१६] सन् १९५० को दशकदेखि नै विभिन्न मात्रा र नाममा आउने गरेको वैदेशिक सहायताको रकमले राज्यको व्ययभारको ठूलो हिस्सा ओगट्दै आएको छ।[३१७] अहिलेसम्मका सबै सरकारहरूले वैदेशिक सहायतालाई चालु राख्ने नीति नै कायम गरेका छन्। दातृ समुदाय पनि रहँदा-बस्दा आफ्नो योगदानलाई कसरी उपयोग गर्ने र त्यसबाट के परिणाम हासिल गर्ने भन्नेबारेमा निकै बाठा र चनाखा भएका छन्। तर वैदेशिक सहायता भनेको मूलतः पैसा हो र यसले राजनीतिक द्वन्द्व बढाउन र भ्रष्टाचारलाई संस्थागत गराउनमा धमनीको काम गरेको छ। भ्रष्टाचारले राजनीतिलाई परिभाषित गर्दछ र यो राजनीतिक प्रणालीमा गहिरोसित गाडिएको छ। आन्तरिक राजस्व उठतीको बलियो आधार नभएको र जवाफदेही निम्ति करदाताबाट जुन दबाब पर्नुपर्ने हो त्यो पनि नभएबाट उत्पन्न हुने खाडल वैदेशिक सहायताले पुर्ने गर्दछ। प्रशासनको एउटा मुख्य काम भनेको दातृ समुदायको अपेक्षा र सामाजिक अपेक्षाबीचको बेमेललाई केही नियम-कानुन बनाएर मिलाउन खोज्ने हो। दातृ समुदायले यस समस्यालाई कैयौं दशकसम्म बेवास्ता गरिरह्यो। अहिले आएर भ्रष्टाचारको समस्या दातृ समुदायका लागि ठूलो टाउको दुखाइ भएको छ, तैपनि जवाफदेहीका लागि जति जोड दिनुपर्ने हो त्यो काम दातृ समुदायबाट हुन

---

[३१२] माओवादीबाहेक अरू थोरैले मात्र नेपालको सम्झौतापरस्त सार्वभौमिकताबारे गम्भीर विश्लेषण गरेका छन्। तर पनि माओवादीहरूले प्रयोग गर्ने गरेको "अर्ध-सामन्ती तथा अर्ध-औपनिवेशिक" को रटान पूरै गलत नभए पनि छिपछिपे किसिमको छ। उनीहरूको विश्लेषण सन् १९८६ मा बाबुराम भट्टराईले विद्यावारिधि गर्दा लेखेको थेसिसको दायराभन्दा बाहिर जान सकेको छैन। जे होस्, एनेकपा (माओवादी) पार्टी अरू पार्टीहरू जस्तै नयाँ दिल्लीको ध्यान आफूतिर आकृष्ट गर्न लागिपरेको छ र भारतले उनीहरूलाई सत्तामा जाने बाटो खोलिदिए मार्क्सवादी विश्लेषणलाई उनीहरूले खासै वास्ता गर्ने छैनन्। एमाले प्रतिपक्षमा रहँदा प्रायः भारतको कुरा काट्ने गर्थ्यो, तर अहिले सत्तामा रहँदा जति आज्ञाकारी देखिएको छ त्यति यसअघि कहिल्यै देखिएको थिएन। नेकाले आफ्नो जरा भारतमा गाडिएको कुरा कहिल्यै बिर्सन सक्दैन। हुन त यसले सन् १९७० देखि भारतीय काङ्ग्रेस पार्टीसितको सम्बन्धलाई बेवास्ता गर्दै आएको छ। तैपनि भारतप्रतिको स्वामीभक्तिमा नेका रमाएको छ। दरबारप्रति बफादार राजनीतिज्ञ र पार्टीहरू जति भारत विरोधी नारा उराल्छन् त्यति नै ढोंगी पनि छन्। उनीहरूमध्ये धेरैको भारतसित वैवाहिक, आर्थिक तथा आवासीय सम्बन्ध रहेको छ। उनीहरू भारतको निगाह र संरक्षणमा भर पर्छन्। भारतको दक्षिणपन्थी हिन्दूको आडभरोसा पाउने चाहना राख्छन्। मधेसी जनअधिकार फोरमका उपेन्द्र यादवले अहिले आएर बुझेको हुनुपर्छ मधेसी पार्टीहरू राजनीतिक र आर्थिक स्वास्थ्यका लागि कसरी भारतको ठाडो आशीर्वादमा आश्रित छन् भनेर। हुन त मधेसी पार्टीका नेताहरू तिनका पहाडी समकक्षीहरूले भन्दा यस सम्बन्धलाई चतुरतापूर्वक उपयोग गर्छन्। नेपालका पत्रकार तथा प्राज्ञहरूले भारतीय प्रभावबारे उल्लेखयोग्य ज्यादै थोरै लेखेका छन्। भारतीय अधिकारीहरूले दिने "मायाको कोसेली" (नगद, ल्यापटप आदि) नलिने विद्वान्हरू समेत पूरै खुलेर भारतको आलोचना गर्न रुचाउँदैनन्। अपवादका रूपमा जलस्रोतबारे दिपक ज्ञवाली र अजय दीक्षितका लेखोटहरूलाई लिन सकिन्छ, "Mahakali Impasse: A Futile Paradigm's Bequested Travails", in Dhruba Kumar (ed.), *Domestic Conflict and Crisis of Governability in Nepal* (काठमाडौं, २०००)।

[३१३] राकेश सुदको अन्तर्वार्ता (जुन अन्तर्वार्तामा उनले माओवादीसँग वार्ता भनेको भारत के चाहन्छ भनी बताउनु मात्रै हो भन्ने छर्लङ्ग पारेका छन्): "अहिले उरालिएको भारतविरोधी लहरको परिप्रेक्ष्यमा भारतसितको सम्बन्ध राम्रो बनाउने माओवादीको चाहना मेल खान सम्भव छैन", राकेश सुदसँग अन्तर्वार्ता, *Republica*, २९ अप्रिल २०१०।

[३१४] यस रिपोर्टमा भारतीय स्वार्थबाट उत्पन्न परिणामहरूबारे विस्तारमा छलफल गरिएको छैन।

[३१५] माओवादीको सम्बन्धमा भारतीय नीति स्पष्ट छ। भारतलाई चीनको प्रभाव बढ्ला भन्ने चिन्ता छ र नेपालमा माओवादीको राजनीतिक प्रभुत्व भएको भारतलाई स्वीकार्य छैन। त्यसैगरी सुरक्षा क्षेत्रमा कुनै सुधार भएको हेर्न भारत चाहँदैन र सेनामा माओवादी लडाकूहरूको समायोजन पनि चाहँदैन। हेर्नुहोस्, क्राइसिस ग्रुप रिपोर्ट, *नेपालको भविष्यः कसको हातमा?*, माथि उल्लेखित, पृ. १८-२४।

[३१६] यस विषयमा लेख्ने नेपाली र विदेशी लेखकहरू निम्न छन्: देवेन्द्र राज पाण्डे, *Nepal's Failed Development: Reflections on the Mission and the Maladies* (काठमाडौं, २००९ [१९९९]); नन्दराज श्रेष्ठ, *In the Name of Development: A Reflection on Nepal* (ल्यानहाम, मेरील्यान्ड, १९७७); David Seddon, Piers Blakie, John Cameron र David Seddon, *Nepal in Crisis: Growth and Stagnation at the Periphery* (दिल्ली, १९८०); David Seddon, Sally Westwood र Piers Blakie, *Nepal - A State of Poverty: The Political Economy of Population Growth and Social Deprivation* (नर्वीच, १९८३); Charlie Pye Smith, *Travels in Nepal: The Sequestered Kingdom* (लन्डन, १९९०); र सेरा तामाङ, "The Politics of 'Developing Nepali Women'", in *State of Nepal*, माथि उल्लेखित।

[३१७] आर्थिक सहयोगको संस्कृति र दाताहरू (विशेषगरी भारत र अमेरिकाको सन्दर्भमा) संलग्न हुने आधारभूत सर्तहरूका सम्बन्धमा, हेर्नुहोस् Eugene Mihaly, *Foreign Aid and Politics in Nepal* (काठमाडौं, २००२ [१९६६])।

सकेको छैन। यसै पनि भारत र चीनले दिने सहायता बिल्कुलै पारदर्शी छैनन्।

## ३. राज्यको सेवक

राज्यको भौतिक स्वरूपलाई राष्ट्रसेवकहरूले प्रतिनिधित्व गर्दछन्। प्रशासक र अन्य कर्मचारीहरूका दृष्टिमा उनीहरूलाई तलब ख्वाउनु र सुरक्षा प्रदान गर्नु राज्यको मुख्य काम हो। यस मामिलामा राज्यले राम्रै रेकर्ड राखेको छ, यद्यपि त्यो खोटरहित भने छैन। गृहयुद्धमा नराम्रोसित फँसेको बेलामा समेत राज्य कर्मचारीहरूलाई तलब ख्वाउन चुकेन। राज्य असफल ठहरियो आफ्ना कर्मचारीहरूलाई सुरक्षा दिने काममा र यो कमजोरी सङ्क्रमण कालमा झनै टड्कारो भएको छ।[३१८]

पञ्चायत कालमा संस्थागत गरिएको आधुनिक राज्यअन्तर्गत व्यावहारिक उपायको अवलम्बन गरियो — त्यो थियो राज्यले जागिर दिने वा रोजगार दिने। कर्मचारी र राज्य दुवैका लागि जागिर पाउनु र जागिर दिनु नै राज्यले दिन सक्ने सबभन्दा महत्त्वको सेवा थियो। सन् १९६० र १९७० को दशकमा राज्यको द्रुततर विस्तार भइरहेको थियो र राज्य एक मात्र रोजगारदाता थियो। तर राज्यको अर्थतन्त्र यस्तो थियो जससित स्कुल पास गरेर वा कलेजबाट डिग्री लिएर बढ्दो सङ्ख्यामा निस्किरहेका र औपचारिक शिक्षा नभएका हजारौं नागरिकहरूलाई खाम्न सक्ने कुनै वैकल्पिक क्षमता थिएन।[३१९] जे जस्तो भए पनि रोजगार उपलब्ध गराउनु असन्तुष्टि र अशान्तिसित जुध्ने एक मात्र उपाय मानिएको थियो। सन् १९९० यता अर्थतन्त्रमा विविधता आएको छ, खासगरी सेवा उद्योगमा निकै बढोत्तरी भएको छ।[३२०] तैपनि रोजगार दिने, तलब र पेन्सन ख्वाउने राज्यको प्रमुख कार्य बनेको छ।

सरकारी जागिरबाट मिल्ने तलब स्तरीय जीवन यापनका लागि कहिले पनि यथेष्ठ रहेन।[३२१] त्यसैले भ्रष्टाचार हुनु अनिवार्य छ। माथ्ला तहका कर्मचारीहरू लाभदायक ठाउँमा सरुवा पाउन ठूलो रकम घुस दिन्छन्।[३२२] त्यस्तो लगानी भ्रष्टाचार गरेर तथा गैरकानुनी कार्यमा संलग्न भएर उपर गरिन्छ। नियुक्ति, सरुवा, बढुवाको खेलले एउटा यस्तो अर्थतन्त्र चलाउँछ जो नगदका साथै पार्टी र निजी सम्बन्धमा आधारित हुन्छ। राजनीतिक पार्टीहरूले राज्यको स्रोतलाई जसरी लुँड्याउँने गर्छन् त्यो एकातिर छँदैछ, त्यसबाहेक प्रशासनिक प्रणाली नै घुसखोरीलाई बढावा दिने खालको छ।

सरकारी कर्मचारीहरू राज्यको सिद्धान्तका सजीव प्रतिनिधिहरू हुन्। तिनले महत्त्वपूर्ण कार्य गर्नुबाहेक व्यक्तिगत तवरमा राज्यबाट निश्रित अधिकार बोकेका हुन्छन्। जिल्लामा प्रजिअ र प्रहरी प्रमुखसित निकै ठूलो अधिकार हुन्छ। उनीहरूका गतिविधिले राज्यलाई हेर्ने दृष्टिमा राम्रो या नराम्रो दुवै किसिमको फरक पार्न सक्छ। देशका विभिन्न जिल्लामा बसेर काम गरेको अनुभव हुनाले अरू पेसाका मानिस हेरी उनीहरूले देश र एकात्मक राज्यलाई नजिकबाट बुझेका हुन्छन्।

प्रशासक र प्रहरी सङ्क्रमण कालबाट नराम्रोसित हल्लिएका दिएको छ। अहिले प्रजिअ वा जिल्ला प्रहरी प्रमुखको पदमा पुगेका धेरैजसो व्यक्तिहरूले सरकारी सेवाको थालनी पञ्चायत कालमा गरेका थिए, जुन बखत सामाजिक र राजनीतिक तह निश्चित किसिमको थियो र त्यसै अनुरूपको मर्यादा थियो। द्वन्द कालमा समेत खतरनाकै भए पनि एक प्रकारको व्यवस्थित वातावरण थियो। सङ्क्रमण कालले भने जटिलतम् चुनौतीहरू प्रस्तुत गरेको छ।[३२३]

मनमा अव्यवस्था र विखण्डनको भावनाले घर बनाएको छ जसलाई झेल्नु सशस्त्र द्वन्द्वलाई झेल्नुभन्दा गाह्रो काम हो। पहिले पाखा परेका समूहहरू आफ्ना हकअधिकार निम्ति जुर्मुराएका देखेर एक जना प्रहरी अधिकृतले यसो भनेका थिए, "यो सबै द्वन्द्वको परिणाम हो। सबै जनाले उभिन सिके, बस्न कोही जान्दैनन्। छाडापन हो, छाडापन।"[३२४] राज्यका यी

---

[३१८] सन् २०१० मा कम्तीमा चार जना निजामती कर्मचारीहरू मारिएका छन्। विशेषगरी गाविस सचिवहरू बढी खतरामा परेका देखिन्छन्: सन् २०१० को पहिलो ६ महिनामा दुई जना मारिए र कम्तीमा एक जना अपहरणमा परेका थिए, "Bara VDC secy abducted", *The Kathmandu Post*, २६ जनवरी २०१०; "VDC Secy shot dead", *The Kathmandu Post*, २७ जनवरी २०१०; "Colleague's killing riles VDC secys", *The Kathmandu Post*, १७ जून २०१०। सन् २०१० को जून, जुलाई र अगस्ट महिनामा विशेषतः भर्खर-भर्खरै गठन भएको संयुक्त जातीय मुक्ति मोर्चाको दबाब र धम्कीका कारण देशभरिका गाविस सचिवहरूले सामूहिक राजीनामा दिने निर्णय गरे। उदाहरणका लागि, "Secys resign en masse", myrepublica.com, 18 June 2010; "Banke VDC secys quit en masse", *Republica*, २१ जून, २०१०। सहरी क्षेत्रका राष्ट्रसेवकहरू पनि निसानामा परेका छन्। पर्साका सहायक प्रजिअमाथि वीरगन्जमा आक्रमण भयो र उनका अङ्गरक्षक मारिए। "Parsa assistant CDO attacked", *The Kathmandu Post*, १२ जनवरी २०१०। A DDC office assistant was shot dead in Janakpur. "Govt employee shot dead to avenge JTMM-R arrests", The Himalayan Times online, ११ जून २०१०।

[३१९] विशेषगरी प्रशासनिक केन्द्र रहेका साना नगरहरूमा सरकारी जागिर रोजगारीको अत्यन्त महत्त्वपूर्ण स्रोत बनेको थियो। Caplan, *Administration and Politics in a Nepalese Town*, माथि उल्लेखित; Seddon र अन्य, *Nepal in Crisis: Growth and Stagnation at the Periphery*, माथि उल्लेखित। अधिकांश सरकारी कर्मचारीहरू न्यून तलबमान भएको पदहरूमा काम गर्थे। ऐ.ऐ. पृ. १११-११६।

[३२०] सेवा क्षेत्रले सन् १९८८ मा कुल गार्हस्थ उत्पादनको ३२.९ प्रतिशत हिस्सा ओगेको थियो। त्यो बढेर सन् १९९८ मा ३७.६ प्रतिशत पुगेको थियो र सन् २००८ मा ४९.६ प्रतिशत पुग्यो। "Nepal at a glance", विश्व बैंक, २००९, http://devdata.worldbank.org/AAG/npl_aag.pdf मा उपलब्ध छ।

[३२१] पञ्चायतका सुरुका दिनहरूमा सरकारी कर्मचारीहरूले आफ्नो तलब रकमलाई जीवन धान्ने तहमा चलेको कृषिको पुरक आम्दानीका रूपमा लिने गर्थे। कृषिमा आश्रित जनसङ्ख्याको अनुपातमा ह्रास आइरहेको, ठूलो मात्रामा बसाइँसराइ र सहरीकरण भइरहेको, शिक्षा र स्वास्थ्यमा खर्च बढिरहेको र उपभोक्तावाद हुर्किरहेको आजको सन्दर्भमा कानुनसम्मत तरिकाबाट आर्जेको आम्दानीबाट गुजारा चलाउन सकिन्छ भन्नेमा थोरै सरकारी कर्माचारी मात्र विश्वास गर्छन्।

[३२२] तराईका जिल्लाहरूमा सरुवा पाउनका लागि जिल्ला वन अधिकृतहरूले वन तथा भू-संरक्षण मन्त्रालयका कर्मचारीहरूलाई १५ देखि २० लाख रुपियाँसम्म तिर्ने गरेका छन् भन्ने बुझिएको छ। "DFOs queue up for Tarai transfers", *The Himalayan Times*, १५ मार्च २०१०।

[३२३] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, नेपाल प्रहरी अधिकृत र पूर्व अनुसन्धान विशेषज्ञ, मध्य विकास क्षेत्र, अप्रिल २००९।

[३२४] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, अर्घाखाँची, २१ अप्रिल २००९।

प्रतिनिधिहरू अनुदारवादी पनि छैनन्। एक जना उच्चपदस्थ अधिकारीले भने, "दस वर्षमा माओवादीहरूले चेतना फैलाए। उनीहरूले नराम्रा चलन र विचारलाई भत्काइदिए। तर पुरानाको ठाउँमा नयाँ कुरा कहाँबाट आउने?" [३२५]

उनीहरू आफैले सुरु गरेका सामाजिक रूपान्तरणको प्रक्रियालाई कसरी अघि बढाउने त्यसबारे राजनीतिक नेताहरूसित कुनै प्रस्ट दृष्टिकोण छैन भन्ने बढिरहेको आम धारणाले असजिलो भावना उत्पन्न गराएको छ। सङ्घीयताका कट्टर हिमायतीहरूले समेत सङ्घीय प्रणाली कस्तो खालको हुनेछ त्यसबारे प्रस्ट खाका अघि सार्न नसकेको अवस्थामा कर्मचारीहरूले नयाँ व्यवस्थाबाट उनीहरूको काम गर्ने तरिकामा कस्तो परिवर्तन ल्याउँछ त्यसबारे सोच्ने जाँगर नदेखाउनु कुनै आश्चर्यको कुरा होइन।

## ४. राजनीतिक पार्टीहरूः हुँदा पनि नहुने, नहुँदा पनि नहुने

राजनीतिक पार्टीहरूसित राज्यको सम्बन्ध अन्योन्याश्रित र बहुआयामिक हिसाबले गाँसिएको छ। स्रोतहरू उपरको पहुँच, रोजगारी र सत्ताका लागि पार्टीहरूलाई राज्य चाहिएको छ। राज्यलाई पनि पार्टीहरूको खाँचो छ, किनभने पार्टीहरू राज्य र नागरिकबीचको अन्तरमोहडा बनेका छन्। पार्टीहरूले आफूप्रति निष्ठावान् कर्मचारीहरू र सत्तामा रहँदा मन्त्रीहरूमार्फत राज्यलाई बिर्ता बनाउँछन्। राज्यले पनि पार्टीहरूका लागि आम्दानी र प्रभावको भरपर्दो स्रोत बनिदिएर पार्टीहरूलाई आफ्नो बिर्ता बनाएको छ।

पार्टी र राज्यबीचको यस अन्तरसम्बन्धले अस्थिरताविरुद्ध छर्राको काम गरेको छ। पार्टीहरूलाई गर्जो परन्जेल उनीहरूले राज्यलाई क्रियाशील बनाइराखे छन्। त्यसैगरी, राज्यलाई पार्टीविहीन अवस्थातर्फ फेरि उन्मुख गराउनमा जुन अप्ठेरो छ त्यसैले एकतन्त्रीय शासनविरुद्ध ढालको काम गर्नेछ। जस्तो राजा ज्ञानेन्द्रले सिके र सेनाले पनि बुझ्यो, केवल कोरा बलको भरमा पार्टीहरूले खडा गरेका संरक्षणवाद र कृपावादको विशाल सन्जाललाई बदल्न वा त्यसलाई चुनौती दिन सकिँदैन जुन सञ्जालका भरमा पार्टीहरूले राज्यलाई घेरेर राखेका छन्। तर त्यसका साथै स्थिरताका यही कारक तत्त्वहरूका कारण सुधारका समम्भावनाहरू र नागरिक वा नीतिनिर्माताहरूले सार्थक परिवर्तनका लागि दिनुपर्ने दबाबलाई सीमित तुल्याइदिन्छ।

पार्टीहरू सबै मिलेर राज्य उपर कब्जा जमाएका छन्। सन् १९९० को दशकका वर्षहरूलाई प्रजातान्त्रिक आदर्शहरू मक्काउने र प्रजातन्त्रको वेस्टमिन्स्टर पद्धति धराशायी पार्ने समयका रूपमा बुझ्न सकिन्छ। तर त्यसका साथै ती वर्षहरूमा पार्टीहरूले सेनाबाहेक राज्यका प्रत्येक शक्तिशाली संस्थाहरू उपर हमला गरेर तिनलाई कज्याउन सकेको समयका रूपमा पनि हेर्न सकिन्छ। यसलाई नेपालको सफल प्रजातान्त्रिकरण भन्न नसकिएला, तर प्रजातन्त्रको स्पष्ट नेपालीकरण चाहिँ सम्भवतः भन्न सकिएला।

पार्टीहरू एक हिसाबले राज्यको छायासरी काम गर्छन्। मानिसहरू विभिन्न सेवा प्राप्त गर्न पार्टीलाई गुहार्न जान्छन् जस्तै, कुनै निर्णय बदल्न लगाउन, कुनै निवेदनलाई अघि बढाउन, विकास र निर्माण कार्यका लागि दबाब दिन, भ्रष्टाचार वा अन्य कुनै ज्यादतीविरुद्ध उजुर गर्न, कुनै विवाद समाधान गराउन, कसैलाई समात्न लगाउन वा थुनाबाट छुटाउन। धेरैजसो राजनीतिज्ञहरू मध्यस्थको कार्य गर्छन्, तर पहुँच र शक्ति भएका नेताहरू सरकारी कर्मचारी, प्रहरी अधिकृत वा न्यायाधीशहरूले गर्नुपर्ने काम आफ्नै हातमा लिएर राज्यको अधिकार प्रयोग गर्ने गर्छन्। राजनीतिज्ञ र प्रशासकको भूमिकाबीचको फरक झन्-झन् धुमिल र अस्पष्ट हुँदै गएको छ।

राज्यको राजनीतिकरण गर्ने कार्य लुकीछिपी वा सङ्कोच मानेर गरिँदैन। कुनै व्यक्तिले अकुत सम्पत्ति कमाएको कुरामा बाहेक राजनीतिज्ञ र पार्टीहरूले आफ्ना गतिविधिलाई लुकाउने छिपाउने गर्दैनन्। सरुवा, बढुवा, थमौती वा नियुक्ति र बजेटमा उनीहरूको सोझो हात रहन्छ भन्ने कुरा देखाउँदा त उनीहरूको धाक झन् बढ्छ। कुनै बफादार समर्थकलाई जागिर दिन होस् या कुनै अलोकप्रिय प्रजिअलाई सरुवा गर्ने कुरा होस्, पार्टी र तिनका नेताहरू सदैव दबाबमा हुन्छन्। किनभने उनीहरूले आफ्नो महत्त्व जनाउन केही गरेरै देखाउनुपर्ने हुन्छ।

यसप्रकार पार्टीहरूबाट राज्यको राजनीतिकरण हुँदाहुँदै पनि राज्यमाथि कुनै पार्टीको एकाधिकार भने हुन पाएको छैन। सन् १९९० पछि बनेका सरकारहरूमा नेकाको प्रभुत्व रहेको भए पनि कर्मचारीतन्त्रमा यसको एक्लो दबदबा जम्न सकेन। एमाले मात्र होइन जनमोर्चा, नेकपा (माले) र नेमकिपा जस्ता राष्ट्रिय सरकारमा नगएका साना पार्टीहरूले समेत ससानै भए पनि आआफ्ना प्रभाव क्षेत्र कायम राखेकै छन्।

यस पृष्ठभूमिमा हेर्दा माओवादीहरूको भित्री मनसाय र सत्ता कब्जा गर्ने सम्भावित योजना रहेकोबारे जुन डर छ त्यसका पछाडि नैतिक आक्रोशभन्दा पनि पाइरहेको भागमा चित्त नबुझेर पूरै एकाधिकार पो जमाउने पो हुन् कि भन्ने आशङ्का लुकेको छ। "माओवादी रणनीति के हो? उनीहरूले सत्ता कब्जा गर्दैनन् भन्ने के ग्यारेन्टी? उनीहरूको व्यवहारले हामी ढुक्क भएर बस्न सक्दैनौं।"[३२६] त्यसबारे जिल्लास्तरका एक जना माओवादी नेताको यस्तो प्रतिक्रिया थियोः

> सत्ता कब्जालाई कसरी परिभाषित गर्ने?[३२७] उच्च वर्गका मुट्ठीभर व्यक्तिहरूले सदियौंदेखि सत्तामा कब्जा जमाएर अरूलाई पेलिरहनुचाहिँ ठीक छ? सत्ता कब्जाको कुरा यतिखेर किन उठाइएको छ? त्यो किन भएको छ भने सबै पार्टीहरूले वर्गीय स्वार्थ बोकेका हुन्छन् र

---

[३२५] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, लमजुङ, २३ अप्रिल २००९।

[३२६] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, लमजुङ, २३ अप्रिल २००९।

[३२७] "सत्ता कब्जा" शब्दावलीको थुप्रै अर्थ लाग्छ। यसले माओवादीको पूरै राज्य सत्ता आफ्नो नियन्त्रणमा लिने (शास्त्रीय मार्क्सवादी अर्थमा अन्तरिम रूपमा सर्वहाराको अधिनायकत्व कायम गर्न सत्ता कब्जा गरिन्छ र त्यसबाट वास्तविक समाजवाद निर्माण गर्ने बाटो खुल्छ) लक्ष्यलाई पनि जनाउँछ र कुनै पनि पार्टीले चुनाव जितेर अस्थायी रूपमा राज्यका स्रोतहरूमा हालीमुहाली चलाउनु वा प्रशासनयन्त्र र स्रोतमा राष्ट्रिय वा स्थानीय तहमा (विशेषतः राष्ट्रिय तहमा) पकड जमाउनुलाई पनि बुझाउँछ।

> हाम्रो पार्टीले पहिलो पटक सर्वहाराको स्वार्थलाई अगाडि ल्याएको छ र अरू डराएका छन्। उनीहरू सबैले यसअघि सत्तामा कब्जा जमाउँदै आएका छन्। अहिले आएर उनीहरू यो शब्दावली हामी विरुद्ध प्रयोग गरिरहेछन् मानौं यो एकदमै नौलो कुरा हो।[३२८]

सङ्क्रमणसित जोडिएका धेरैमध्ये एउटा महत्त्वको प्रश्न के हो भने माओवादीहरूले राज्य र पार्टीबीचको सम्बन्धको पुरानो ढाँचालाई पूरै बदल्ने हुन् वा विद्यमान प्रणालीअन्तर्गत नै रहेर ठूलो भूमिका रोज्ने हुन्? युद्धविरामपछिका साक्ष्यहरूबाट उनीहरूले पछिल्लो विकल्पलाई रोज्ने छाँट देखिन्छ, यद्यपि उनीहरूका भनाइ र रणनीतिहरू भने पहिलो विकल्पतर्फ नै लक्षित छन्। यसको परिणाम जस्तो निस्के पनि राजनीतिक पार्टीहरूले कुनै न कुनै स्वरूपमा राज्यमाथि कब्जा जमाउने क्रम चलिरहनेछ।

### ५. जनताको, जनताद्वारा र जनताका लागि?

राज्यले सामान्य नागरिकलाई जवाफ दिँदैन, न त नागरिकहरूका लागि सेवा प्रदान गर्नुलाई आफ्नो प्राथमिक कर्त्तव्य ठान्छ। तैपनि आम जनताको आशा-आकङ्क्षा राज्यप्रति नै केन्द्रित रहने गर्छ, यद्यपि ती आकाङ्क्षा पूरा गर्न राज्य असमर्थ छ भन्ने सबैले बुझेका छन्। तर राज्यको व्यवहार भोगिसकेका नागरिकहरूको अपेक्षाहरू झनै तिखारिएका छन्।

आम अपेक्षाका कारण राज्य तथा राजनीतिक पार्टीहरू उपर "केही गर्नु पर्ने" बाध्यता सृजना हुन्छ भन्ने अनुमान धेरै दातृ निकाय र राजनीतिक विश्लेषकहरूको छ। यो प्राक्कल्पना नौलो होइन। सन् १९५० को दशकमा सहायता कार्यक्रम सुरु गरिँदा "बढ्दो अपेक्षाको क्रान्तिलाई सम्बोधन गर्ने" नीति नै त्यसको आधारशिला रहेको थियो।[३२९] तर यसलाई सोचविचार नगरी यसै स्वीकार गरिएको छ। विकासका सिद्धान्तकारहरूले सोचेझैं विकासबाट सधैं राम्रै हुन्छ भन्ने छैन। विकासले सामाजिक र सांस्कृतिक परिवर्तन ल्याउँछ, उच्च वर्गको स्वार्थमा आघात पुऱ्याउँछ र शक्तिको पुनर्वितरण गराउँछ।[३३०]

राज्यको कर उठतीको आधार सानो छ जसका कारण ज्यादै थोरै नागरिकहरू राज्यप्रतिको सबभन्दा ठूलो जिम्मेवारीबाट अर्थात् प्रत्यक्ष कर तिर्नुपर्ने जिम्मेवारीबाट बाँधिएका छन्। यसले अधिकारप्रतिको धारणामा असर पारेको छ। गैससको पहलमा हुने अधिकारसम्बन्धी आन्दोलनको प्रकृति र आफूले कर तिरेको आधारमा शक्ति खोज्ने वा प्रतिनिधित्वको माग गर्ने आन्दोलन बेग्लाबेग्लै खालको हुन्छ। यस्तो मागलाई पुट दिन सक्ने आर्थिक शक्तिसम्बन्धको रूपान्तरण हुन बाँकी नै छ। बरु त्यस्तो माग नै नगर्ने प्रवृत्ति बढ्दो छ। वास्तवमा आर्थिक बसाइँसराइको उद्देश्य नै त्यही हो। उच्च वर्गको पुँजी र सन्तति पृथ्वीको कुनै पनि भागमा सजिलै स्थानान्तरण हुन सक्छन्। त्यसो गर्न सक्नेहरू शिक्षा, स्वास्थ्य र अन्य आधारभूत सेवा प्राप्त गर्न राज्यप्रति निर्भर रहँदैनन्।

राज्यको इतिहास कानमा तेल हालेर बस्ने खालको भए पनि र यसको क्षमता अति न्यून भए पनि धेरै मागहरूको केन्द्रस्थलमा राज्य नै रहने गरेको छ। यस्ता मागहरू पार्टीहरूका माध्यमबाट वा जससित केही गर्न सक्ने शक्ति भएको मानिन्छ तिनकहाँ निजी या संयुक्त रूपमा आवेदन दिएर अघि बढाइन्छ। बेलाबखत हुने आम विरोधहरूबाट जनदबाबका अघिल्तिर कहिलेकाहीं राज्य झुक्ने गर्दछ भन्ने देखिएको छ। जिन्दगीभर प्रशासनबाट थपेडा पाउँदै आएकाहरू समेत आफ्ना मागलाई नछाड्ने मात्र होइन राज्यले उनीहरूका माग उपर सुनवाइ गर्छ भन्ने आशा गर्छन्।[३३१] यस आधारमा हेर्दा एउटा आदर्शका रूपमा राज्य (जस्तो न्यायपूर्ण र अमनचैन भएको रामराज्य) र प्रशासनका रूपमा स्वार्थी र बेकम्मा मानवीय अवतारबीच सायद जानाजान भेद गर्ने गरिन्छ।

राज्यप्रति केन्द्रित अपेक्षाहरू र तिनलाई पूरा गर्न राज्यले गर्ने कामको बीचमा सोझो सम्बन्ध छैन। प्रणालीभित्र बसेर क्रियाशील रहने नागरिकहरू जतिसुकै असन्तुष्ट भए पनि उनीहरूले परिवर्तन ल्याउन सक्तैनन्। आम्दानी हुने बाटो र त्यसको वितरणलाई छेक्ने जस्ता निकै गम्भीर उपायहरूबाट मात्रै राज्यको ध्यान आकर्षित गर्न सकिन्छ।

## ग. ज्याद्रोपन र प्रतिवाद

### १. रूपान्तरणको सम्भावना र यसका लागि दबाब

उल्लेखनीय सामाजिक र आर्थिक रूपान्तरण भइरहेको छ, तर यो रूपान्तरण राज्यको नियन्त्रणभन्दा बाहिर भइरहेछ र कुनै सचेत राजनीतिक मार्गदर्शनबिना नै भइरहेछ। आर्थिक आप्रवासन बेरोजगारीबाट उत्पन्न हुने चापले निकास पाउने उपयोगी उपाय मात्र होइन यसले बिस्तारै तर निश्चित रूपमा पहिलेदेखि रहँदै आएको तहगत आर्थिक प्रणालीलाई पनि फेर्दैछ र सामाजिक गतिशीलताका नयाँ मार्गहरू पनि खोल्दैछ। त्यसमा कम ज्याला पाउने कामदारहरू पिसिएका छन् त्यो बेग्लै कुरा हो। धनुषाका एक जना मानवअधिकारकर्मीको भनाइमा "दस-बाह्र वर्षअघिसम्म ज्याला र जमिनका लागि झगडा हुने गर्थ्यो। तर अब त्यो हुँदैन। धेरैजसो कृषि मजदुरहरू विदेश गएका छन् र उनीहरूको

[३२८] क्राइसि ग्रुपसँग अन्तर्वार्ता, लमजुङ, २४ अप्रिल २००९।

[३२९] हेर्नुहोस् Mihaly, माथि उल्लेखित, पृ. ३: "Economic assistance came into use as a political device largely because of an idea … that the underdeveloped countries are being swept by a 'revolution of rising expectations'. According to this view the peoples of these countries are no longer passive in the face of poverty and misery but are demanding a better life …. The concept of rising expectations has been so widely assumed to represent historical fact that it has escaped rigorous examination. Does the revolution in fact exist?"

[३३०] हेर्नुहोस् Mihaly, माथि उल्लेखित, पृ. ४: "What was the relationship, moreover, between expectation of a better life and the willingness to experience change? … Is it not possible that men may want to improve their lot but are not prepared to pay a piece in terms of changes in position, privileges, and traditional modes of living? How important is this unwillingness to pay the price of change? How pervasive is it? And to what extent has it actually reduced the efficacy of aid?"

[३३१] एउटा ज्वलन्त उदाहरणचाहिँ सुकुम्बासीहरू हुन्। दयनीय अवस्थामा जीवन बिताइरहेका सुकुम्बासीहरूको आकाङ्क्षालाई हरेक पार्टी र सरकारी प्रशासकहरूले लत्याउँदै आएका छन्। तैपनि तिनले आफ्नो दुरावस्थाप्रति ध्यान आकर्षित गर्न र उनीहरूले कहिल्यै नपाएका (र सायद कहिल्यै पाउने आशा नराखेका) सेवासुविधा प्राप्त गर्न निवेदन दिएका थिए। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, दुदेझारी-बलिया, कैलाली, २६ फेब्रुअरी २०१०।

कमाइ राम्रो छ।"[३३२] पहिले-पहिले झैं नातागोता र पार्टी सन्जालद्वारा सुनिश्चित राजनीतिक समर्थनको ढाँचा बदलिरहेको हुन सक्छ।[३३३]

सङ्घीयताले के कस्ता नाटकीय परिवर्तनहरू ल्याउन सक्छ त्यसबारेको चर्चा अहिले नै गर्नु असामयिक ठहरिन सक्ला, तर यसबारे सोच्नु जरुरी छ। राजतन्त्रबाट गणतन्त्रतर्फको सङ्क्रमणमा (यसको महत्त्व विगत कालका सन्दर्भमा भन्दा आगत कालमा बढी हुनेछ) बाहेक सङ्घीयता एउटा यस्तो आमूल परिवर्तनकारी विषय हो जसलाई माओवादीले अझै पनि पूरा गर्न सक्नेछन्, यद्यपि त्यो उनीहरूको मौलिक योजनाअनुरूप नहुन सक्नेछ।[३३४] पुनर्संरचनाका अन्य सम्भावनाहरू क्षीण हुँदै गए पनि आफूलाई परिवर्तनुमुखी बताउने पार्टीहरूका लागि सङ्घीयता अतिशय महत्त्वको विषय बन्न जानेछ। त्यसैगरी सङ्घीयताका कारण आफ्नो वर्चश्व गुम्न जाने डर भएका समूह र आलोचकहरूबाट पनि सङ्घीयताले आक्रमण पनि सहनुपर्नेछ।

सङ्घीयताले केही नभए पनि स्थानीय जवाफदेहीलाई बढाउनेछ। यसले काठमाडौंको हैसियतलाई घटाउनेछ।[३३५] आर्थिक पक्षका गाँठी कुराहरू पक्कै पनि केन्द्रीय सरकारले वा अन्तरराज्य संयन्त्रले ठेगान गर्ला, तर खर्च गर्ने अधिकार स्थानीय शासनमा जानेछ। त्यसका साथै राजनीतिक वादविवाद र ठेक्कापट्टा र कमिसनको चक्कर पनि विकेन्द्रित हुन जानेछ। राज्य सरकारको मातहतमा रहने प्रहरीलाई उनीहरू खटिएका ठाउँहरूबारे बढी जवाफदेही बनाउन सकिन्छ।

तर राज्य सरकारको राजधानी फुच्चे काठमाडौं हुन नसक्ला भन्न सकिन्न। सङ्घीयता भनेको विकेन्द्रीकरण मात्र होइन। अहिलेको एकात्मक प्रकृतिको राजनीतिक र प्रशासनिक संस्कृतिलाई नै पछि खडा हुने अर्ध-राष्ट्रिय राज्यहरूले पछ्याउन सक्ने सम्भावनालाई नकार्न सकिन्न। राजनीतिक मोलमोलाहिजा झनै तीव्र र तत्काल असर पुऱ्याउने खालको हुनेछ। उदाहरणका लागि, लिम्बूवान राज्य सरकारले नियुक्त गरेको र लिम्बूवान राज्यसभाप्रति उत्तरदायी रहेको लिम्बूवान प्रहरी प्रमुखका लागि आन्तरिक राजनीतिबाट अछूतो रहन र शक्तिशाली स्थानीय पार्टीहरूको दबाब थेग्न निकै गाह्रो पर्नेछ।

सङ्घीयताले जिल्लास्तरीय प्रशासनमा निकै महत्त्वपूर्ण परिवर्तन ल्याउनेछ र त्यस्तो परिवर्तन सायद स्थानीय सरकारको संरचनामा पनि आउनेछ। के भविष्यमा प्रजिअहरू वा तिनका उत्तराधिकारीहरू राज्यभित्रैबाट छानिने छन्? के मेची-महाकालीको अनुभव बोकेको राष्ट्रिय प्रशासनिक सङ्गठन भङ्ग हुनेछ? प्रजिअहरू निष्पक्ष र स्थानीय राजनीतिभन्दा माथि हुनुपर्छ भन्ने आदर्शलाई कायम राखिनेछ वा तिनीहरूलाई स्थानीय विवादमा मुछिनेछ? अथवा सङ्घीयतातर्फको सङ्क्रमणले वर्तमान अवस्थामा ताकत मानिएको प्रणाली मिथ्या हो भन्ने प्रमाणित गर्नेछ र त्यसलाई स्थानीय ढाँचामा लागू गर्नेछ कि?

अहिले ठूला परिवर्तनहरूका लागि भइरहेको दबाब पहिलेको सङ्क्रमणको बेलाभन्दा निकै जोडदार रहेको छ। जनचेतनाको स्तर यति उच्च कहिल्यै थिएन। न त राज्यले माओवादी जस्तो शक्तिशाली विद्रोहीको सामना नै गर्नुपरेको थियो वा राज्यले आफ्नो राजनीतिक दर्शन र उच्च वर्गको स्वार्थ उपर यतिविघ्न चुनौती नै बेहोर्नुपरेको थियो। तर बलियो राजनीतिक र प्रशासनिक संस्कृति सृजनशील परिवर्तनका बाधक र साथसाथै एकदमै ठूलो उथलपुथललाई रोक्ने रक्षक पनि हो। विगतमा विद्रोहीहरूलाई आपसी समझदारीका आधारमा राज्य संरचनामा समाहित गरिएको थियो। उस बेलाको उच्च वर्गले आफ्नो अहम् भूमिका गुमाए पनि उनीहरूले पूर्ण तिरस्कृत बन्नुपरेको थिएन। खेलको नियमभित्र रहेर गरिने परिवर्तन सदैव सम्भव छ र त्यो सामान्यतया स्वीकार्य पनि हुन्छ। तर खेल नै फेरिने कुराले उथलपुथल ल्याउँछ र त्यसको परिणाम पहिलेबाटै अनुमान गर्न नसकिने खालको हुन सक्छ।

## २. चाहेरै लथालिङ्ग भएको

राज्यले सुध्रिनुपर्छ, पारदर्शी हुनुपर्छ, जवाफदेही तथा जिम्मेवार हुनुपर्छ र भरपर्दो आधारभूत सेवा दिनुपर्छ भन्ने कुरा अकाट्य सत्य हुन्। राज्य त्यसो गर्न असफल भएकोमा प्रायः द्वन्द्वलाई र राजनीतिक इच्छाशक्तिको अभावलाई दोष्याउने गरिन्छ। तर यसको कारण गहिरो छ। राज्यको अकर्मण्यता यसमा अन्तरनिहित र तार्किक गुण हो। यो यस्तो व्यवस्थामा आधारित छ जहाँ अदक्षतालाई पुरस्कृत गरिन्छ र सुधारका हरप्रयासलाई दण्डित गरिन्छ।

राज्यले सेवा उपलब्ध गराउन नसकेबाट फाइदा लिनेहरू धेरै छन्, वास्तवमा केही उद्योग र व्यवसायहरू यसैलाई मध्यनजर राखेर थालिएका छन्। केही गरी राज्यले अचानक स्वास्थ्य सेवा र शिक्षा प्रदान गर्ने आफ्नो वचन पूरा गरेको खण्डमा १२,००० भन्दा बढी निजी स्कुलहरू[३३६] र लगभग १५० निजी अस्पतालहरूको व्यापार समाप्त

---

[३३२] क्राइसि ग्रुपसँग अन्तर्वार्ता, १५ अक्टोबर २००९।

[३३३] फिलिप रामिरेजले गरेको गुल्मी र अर्घाखाँचीको राजनीतिक र जातीय संस्कृतिको अध्ययनले राजनीतिक पार्टी र परिवारको अन्योन्याश्रित सम्बन्ध रहने गरेको देखाएको छ। Philippe Ramirez, *De la disparition des chefs* (पेरिस, २०००)। उस बेलाका लागि त्यो कुरा सही थियो होला, तर बितेका दुई दशकमा पार्टीप्रतिको निष्ठा बडो तरल विषय बन्न पुगेको छ। हेर्नुहोस् उदाहरणका लागि, संविधानसभाको चुनावमा राजनीतिक पाटीहरूलाई दिइने समर्थनमा कसरी र कस्ता परिवर्तन आए त्यस सन्दर्भमा समाजशास्त्री र मानवशास्त्रीहरूले गरेका अध्ययन, Gellner (ed.), *Views from the Field* (काठमाडौं, २००८)। सन् २००८ को चुनावमा भोट हाल्न मतदातालाई के कुराले उत्प्रेरित गऱ्यो त्यसबारे हेर्नुहोस् सुधीन्द्र शर्मा र बालकृष्ण खड्का, "The reason why", *The Kathmandu Post*, मार्च २०१०। (यो लेख उनीहरूले गरेको सर्वेक्षणको परिणाममा आधारित रहेको छ। सर्वेक्षण परिणाम विभिन्न सञ्चारमाध्यमलाई उपलब्ध गराइएको थियो।)

[३३४] सङ्घीयतालाई अब चाल्नुपर्ने अति महत्त्वपूर्ण दोस्रो पाइलाका रूपमा हेरिएको छः "अघि बढ्नु जरुरी छ, जनतालाई विश्वास दिलाउनुपर्छ। अब हामी यसलाई फिर्ता लिन सक्तैनौं। यदि पार्टीहरूले यसको विरोध गरे भने तिनीहरू राष्ट्रद्रोही ठहरिनेछन्।" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, माओवादी थारू नेता, नेपालगन्ज, फेब्रुअरी २०१०।

[३३५] प्रारम्भिक मस्यौदामा प्रान्तीय सरकारलाई प्रहरी परिचालन र कर उठाउने लगायत धेरै अधिकार दिइएको छ। "अवधारणापत्र र प्रारम्भिक मस्यौदाबारे प्रतिवेदन", संविधानसभा, राज्य पुनर्संरचना तथा राज्य शक्ति वितरण समिति, नेपाल सरकार, जनवरी २०१०।

[३३६] सन् २००९ को आँकडाअनुसार नेपालमा सञ्चालित ३२,००० विद्यालयहरूमध्ये करिब १२,००० भन्दा बढी निजी विद्यालय छन्। निजी

